राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

सातौं वार्षिक प्रतिवेदन, २०८२

(सुदूरपश्चिम प्रदेश)

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

मंसिर २०८२

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

टेलिफोनः

९७७-१-४२००८७२, ४२००५९२

इमेलः

info@nnrfc.gov.np

वेबसाइटः

www.nnrfc.gov.np

मुद्रकः

मुद्रण विभाग, सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम
सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

सातौं वार्षिक प्रतिवेदन, २०८२

सुदूरपश्चिम प्रदेशको नक्सा
(राजनीतिक तथा प्रशासनिक)



राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प.सं.
च.नं./Ref:

विषयः सातौं वार्षिक प्रतिवेदन, २०८२ पेस गरिएको।

माननीय प्रदेश प्रमुखज्यू,
सुदूरपश्चिम प्रदेश, धनगढी।

यस आयोगले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेको सुदूरपश्चिम प्रदेश र प्रदेश भित्रका स्थानीय सरकारसँग सम्बन्धित काम कारबाहीको वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम पेश गरेका छौं।

विपिन राज निरौला
सदस्य

जुद्ध बहादुर गुरुङ
कार्यबाहक अध्यक्ष

२०८२ मंसिर

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website:www.nnrfc.gov.np

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी

जुद्ध बहादुर गुरुङ
कार्यबाहक अध्यक्ष

विपिन राज निरौला
सदस्य

आयोगका सचिव

दिनेश कुमार घिमिरे

कार्यकारी सारांश

नेपालको संविधानको धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा संविधान र कानून बमोजिम तीनै तहले नेपालको राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। संविधानको धारा २३२ मा तीनै तहका सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने प्रावधान रहनुका साथै अनुसूचीमा सङ्घीय इकाइका एकल र साझा अधिकार सूचीकृत गरिएको छ। प्रदेश सरकारले आफ्नो कार्य जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने वित्तीय स्रोत आफ्नो आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त रकम तथा सङ्घीय सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट प्राप्त गर्ने व्यवस्था छ। स्थानीय सरकारले आफ्नो कार्य जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने वित्तीय स्रोत आफ्नो आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त रकम तथा सङ्घीय र प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरणबाट प्राप्त गर्ने व्यवस्था छ।

संविधानको धारा ६० बमोजिम अन्तर सरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटलाई सन्तुलित, पारदर्शी र न्यायोचित बनाउन धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरी धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा समेत आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ।

उल्लिखित कानूनी व्यवस्था अनुसार आयोगले सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्ने, सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने, राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्ने कार्य गर्दै आएको छ।

त्यसैगरी, प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने तथा राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने, समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी सिफारिस गर्ने, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने कार्य समेत आयोगबाट हुँदै आएको छ।

प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने आयोगको जिम्मेवारी रहेको छ।

आयोगलाई तोकिएको कार्य जिम्मेवारी बमोजिम सुदूरपश्चिम प्रदेश तथा प्रदेश भित्रका स्थानीय सरकारसँग सम्बन्धित आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट भए गरेका कार्यहरूको सार संक्षेप देहाय बमोजिम प्रस्तुत गरिएको छः

१. राजस्व बाँडफाँट

सङ्घीय विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको १५ प्रतिशत रकम प्रदेश सरकारबीच र १५ प्रतिशत रकम स्थानीय सरकारबीच आयोगले सिफारिस गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने व्यवस्था छ। जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व सङ्कलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थालाई आधार लिई आयोगले प्रत्येक पाँच वर्षमा विस्तृत

आधार र ढाँचा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्ने व्यवस्था बमोजिम प्रथमपटक सिफारिस गरेको अवधि पाँच वर्ष पूरा भएकाले आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८६/८७ सम्मका लागि पुनरावलोकन गरी सिफारिस गरेको छ।

आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ सम्मका लागि गरिएको राजस्व बाँडफाँटको सिफारिसमा अपाङ्गता भएको जनसङ्ख्यालाई विशेष अवस्था सूचक अन्तर्गत समावेश गरिएकोमा आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरिएको सिफारिसमा सोलाई जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणमा समावेश गरिएको छ भने चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल र मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफललाई विशेष अवस्था सूचक अन्तर्गत समावेश गरिएको छ। यसैगरी साविकमा खर्चको आवश्यकता सूचकमा कुनैपनि उपसूचक कायम नगरी एकमुष्ट भार दिइएको थियो भने पछिल्लो सिफारिसमा खर्चको आवश्यकताको उपसूचक पहिचान गरी प्रदेशतर्फ प्रदेश सभा सदस्य सङ्ख्या र स्थानीय सरकारतर्फ स्थानीय तहको वडाको सङ्ख्यालाई उपसूचक कायम गरी सिफारिस गरिएको छ। सूचक र उपसूचकहरूको भारमा समेत परिमार्जन गरिएको छ। यसरी गरिएको पछिल्लो सिफारिसबाट सुदूरपश्चिम प्रदेश सरकार र सो प्रदेश भित्रका स्थानीय सरकारहरूको राजस्व बाँडफाँटको हिस्सा परिवर्तन हुन आएको छ। सो बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको साविकको हिस्सा ०.१२८९२८० रहेकोमा हाल ०.१२६४३२७ कायम भई ०.००२४९५३ हिस्सा घटेको छ। प्रदेश भित्रका स्थानीय सरकार तर्फ विश्लेषण गर्दा जम्मा ३१ स्थानीय सरकारको हिस्सा बढेको छ भने जम्मा ५७ स्थानीय सरकारको हिस्सा घटेको छ।

२. वित्तीय समानीकरण अनुदान

आयोगले नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारमा तथा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदान गरी तीन प्रकारका अनुदानको कूल परिमाण सिफारिस गर्ने गरेको छ।

क. सङ्घबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान

आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ। उक्त सिफारिस गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम मानव विकास सूचकाङ्क, प्रदेश र स्थानीय तहको विकासको अवस्था, आर्थिक सामाजिक विभेदको अवस्था, पूर्वाधार विकासको अवस्था, जनतालाई पुऱ्याउनुपर्ने सेवा, खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई आधारको रूपमा लिइएको छ। आयोगले सो आर्थिक वर्षका लागि नेपाल सरकारबाट सुदूरपश्चिम प्रदेश सरकारलाई रू. ८ अर्ब ९२ करोड ५६ लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रू. ९ अर्ब ८६ करोड ६ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरेकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको देखिन्छ।

आयोगले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट सुदूरपश्चिम प्रदेश सरकारलाई रू. ८ अर्ब ७२ करोड २७ लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रू. ९ अर्ब ५४ करोड ८९ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम बजेट विनियोजन भए तापनि सो प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय सरकारलाई विनियोजनको ९१.७६ प्रतिशत हस्तान्तरण भएको देखिन्छ। सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ सम्मका लागि आयोगले नेपाल सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको सिफारिसमा जनसङ्ख्यालाई एकल सूचकको रूपमा प्रयोग गरी सिफारिस गर्दै आएकोमा आर्थिक वर्ष २०८२/८३ को न्यूनतम वित्तीय समानीकरण अनुदान हस्तान्तरण थप सन्तुलित र न्यायोचित बनाउन जनसङ्ख्या र भूगोल

दुवैलाई सूचक कायम गरी सिफारिस गरिएको छ।

ख. प्रदेशबाट प्रदेशभित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान

प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने कानूनी व्यवस्था बमोजिम आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) ले तोकेका आधारलाई सूचकका रूपमा लिई आर्थिक वर्ष २०८२/८३ का लागि सबै प्रदेश सरकारलाई वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ। सो आर्थिक वर्षका लागि हस्तान्तरण गर्न सुदूरपश्चिम प्रदेश सरकारलाई रू. ९० करोड वित्तीय समानीकरण अनुदान सिफारिस गरे बमोजिम सम्बन्धित प्रदेश सरकारबाट विनियोजन भएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरणका लागि आयोगले रू. ८६ करोड सिफारिस गरेकोमा प्रदेश सरकारले सिफारिस बमोजिम विनियोजन तथा हस्तान्तरण गरेको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ सम्मका लागि आयोगले प्रदेशबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको सिफारिसमा जनसङ्ख्यालाई एकल सूचकको रूपमा प्रयोग गरी सिफारिस गर्दै आएकोमा आर्थिक वर्ष २०८२/८३ को न्यूनतम वित्तीय समानीकरण अनुदान हस्तान्तरणमा जनसङ्ख्या र भूगोल दुवैलाई सूचक कायम गरी सिफारिस गरिएको छ। यसरी सिफारिस गर्दा प्रदेशबाट प्रदेश भित्रका स्थानीय सरकारमा हुने वित्तीय समानीकरण अनुदान समेत थप सन्तुलित र न्यायोचित हुने देखिन्छ।

३. सशर्त अनुदान

राष्ट्रिय नीति तथा कार्यक्रम, मानक र पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने संवैधानिक जिम्मेवारी बमोजिम आयोगले आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणको आधार तय गरी सिफारिस गरेको छ। आयोगले अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्याङ्क उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन।

सशर्त अनुदान तर्फ आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले सुदूरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण गर्न रू. ३ अर्ब १३ करोड ३४ लाख बजेट विनियोजन गरेकोमा रू. १ अर्ब ६७ करोड ३ लाख (५३.३१ प्रतिशत) हस्तान्तरण गरेको देखिन्छ भने प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्न रू. २२ अर्ब २२ करोड २२ लाख बजेट विनियोजन गरेकोमा रू. १९ अर्ब ५३ करोड ८४ लाख (८७.९२ प्रतिशत) हस्तान्तरण गरेको देखिन्छ। साथै, सोही आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश भित्रका स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि रू. १ अर्ब २ करोड १८ लाख बजेट विनियोजन गरेकोमा रू. ४४ करोड १६ लाख (४३.२२ प्रतिशत) हस्तान्तरण भएको देखिन्छ।

४. आन्तरिक ऋण

नेपालको संविधानमा तीनै तहका सरकारले आन्तरिक ऋण परिचालन गर्न सक्ने व्यवस्था रहेको छ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी सिफारिस गर्ने संवैधानिक जिम्मेवारी आयोगलाई रहेको छ।

प्रदेश सरकार र स्थानीय सरकारले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा

आर्थिक वर्ष २०८२/८३ मा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आ-आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी लागत लाभ विश्लेषणबाट अन्तरिक प्रतिफल दर (Internal Rate of Return-IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको छ।

आर्थिक वर्ष २०८२/८३ र २०८१/८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिएन।

५. सवारी साधन कर

प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा रहेको सवारी साधन कर परिचालनको अधिकारलाई व्यवस्थित गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको व्यवस्था गरे बमोजिम आयोगले प्रदेश विभाज्य कोषमा संकलित सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण र सिफारिस गर्दै आएको छ। अघिल्लो आर्थिक वर्षमा जनसङ्ख्या, सडकको लम्बाई, वन/पर्यावरण (वनले ढाकेको क्षेत्रफल) र क्षेत्रफललाई सूचकको रूपमा कायम गरी सिफारिस गरिएकोमा आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, पूर्वाधार विकासको अवस्था र वनले ढाकेको क्षेत्रफललाई सूचक कायम गरी सम्बन्धित प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गरी सिफारिस गरिएको छ। जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण सूचक अन्तर्गत कूल जनसङ्ख्या, आश्रित जनसङ्ख्या र अपाङ्गता भएको जनसङ्ख्यालाई उपसूचक कायम गरिएको छ भने पूर्वाधार विकासको अवस्था सूचक अन्तर्गत सडकको घनत्व, खानेपानीको सुविधा, शौचालयको उपलब्धता, शहरीकरणको अवस्था, विद्युतको पहुँच र सूचना प्रविधिको पहुँच जस्ता उपसूचकहरू प्रयोग गरिएको छ। यी उपसूचकहरूको प्रयोगले प्रदेशबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने सवारी साधन कर बाँडफाँटको हिस्सा अझ न्यायोचित, सन्तुलित र पारदर्शी हुने देखिन्छ।

प्रदेश सरकारले सवारी साधन करबाट प्राप्त रकम सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारमा मासिक रूपमा बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेकोमा सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को असार महिनाको अन्त्य तिर सङ्कलन गरेको सवारी साधन कर सोही आर्थिक वर्षभित्र बाँडफाँट गरी हिसाब मिलान गरेको देखिएन।

६. प्राकृतिक स्रोत

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतबाट सङ्कलित रोयल्टी सङ्घ, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय सरकारलाई क्रमशः ५०, २५ र २५ प्रतिशत हस्तान्तरण हुने र नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था रहेको छ। सोही अनुरूप प्राकृतिक स्रोतको भौगोलिक अवस्थिति, प्रभावित क्षेत्रफल, प्रभावित जनसङ्ख्या र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा सहभागिताका आधारमा आर्थिक वर्ष २०८२/८३ का लागि पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र रेडियो फ्रिक्वेन्सीबाट सङ्कलन भएको रोयल्टी रकम सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्न रोयल्टी बाँडफाँटका हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिएको छ।

पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी सङ्घीय इकाइबीच बाँडफाँट हुँदै आएको छ भने आयोगले सिफारिस गरे तापनि दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा भएको देखिएन।

आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट कुल रोयल्टी रू. ६ अर्ब ३० करोड ४५ लाख ५६ हजार सङ्कलन भएको देखिन्छ। जसमध्ये विद्युतबाट ५४.६३ प्रतिशत, वनबाट २२.६० प्रतिशत (संरक्षित क्षेत्रबाट १०.७७ प्रतिशत र राष्ट्रिय वनबाट ११.८३ प्रतिशत), पर्वतारोहणबाट १२.२२ प्रतिशत र खानी तथा खनिजबाट १०.५५ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले प्राकृतिक स्रोतबाट प्राप्त गरेको स्रोतगत रोयल्टीको विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेश सरकारले सबैभन्दा बढी वनबाट (५१.३३ प्रतिशत) रोयल्टीको हिस्सा प्राप्त गरेको देखिन्छ। सो आर्थिक वर्षमा प्रदेश भित्रका स्थानीय सरकारबीच बाँडफाँट भएको रोयल्टीको विश्लेषण गर्दा पर्वतारोहणबाट १७, विद्युतबाट १०, वनबाट ८८ र खानी तथा खनिजबाट ५ स्थानीय सरकारले रोयल्टी प्राप्त गरेको देखिन्छ। प्रदेश भित्रका सबै स्थानीय सरकारले प्राकृतिक स्रोतका कुनै न कुनै शीर्षकबाट रोयल्टी रकम प्राप्त गरेको देखिन्छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको तीनै तहका सरकारबीच बाँडफाँट हुने अनुपात आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा नेपाल सरकारले पुनरावलोकन गरी नेपाल राजपत्रमा प्रकाशन गर्नसक्नेछ भन्ने प्रावधान अनुसार आयोगबाट मिति २०८१ फाल्गुन २ गते नेपाल सरकारलाई सिफारिस गरिएकोमा सो बमोजिम पुनरावलोकन भई नेपाल राजपत्रमा प्रकाशन भएको पाइएन।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ अनुसार सङ्घीय विभाज्य कोषमा रहेको प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँट वार्षिक रुपमा गर्ने व्यवस्था रहेकोमा नेपाल सरकारले जुन आर्थिक वर्षमा सङ्कलन भएको हो सोही आर्थिक वर्षमा सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा गरेको देखिँदैन।

आयोगले प्राकृतिक स्रोतको परियोजनागत रुपमा हिस्सा बाँडफाँटको सिफारिस गरेको तर सिफारिस बमोजिम वितरणको परियोजनागत विस्तृत विवरण नेपाल सरकारबाट आयोगमा उपलब्ध हुन नसकेको हुँदा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको हिस्सा कार्यान्वयनको अवस्था विश्लेषण गर्न सकिएन।

प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र प्राप्त हुने रोयल्टी बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानूनको अभाव रहेकाले यथाशीघ्र निर्माण गर्नुपर्ने देखिन्छ।

समग्रमा, आयोगको सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दा अधिकांश सिफारिसहरू कार्यान्वयन भएको देखिएको छ भने सुझावहरूको हकमा न्यून कार्यान्वयन भएको देखिएको छ। विगतदेखिको अन्तर सरकारी वित्त हस्तान्तरणको विश्लेषणबाट आयोगका सिफारिस तथा सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घीय इकाइहरूले थप प्रयास गर्न आवश्यक देखिएको छ, जसले नेपालको संविधानले परिकल्पना गरेको वित्तीय सङ्घीयताको सवलीकरणमा योगदान पुऱ्याउनेछ।

विषय सूची

परिच्छेद - एकः राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिचय.....१

१.१ परिचय.....१

१.२ गठन.....१

१.३ काम, कर्तव्य र अधिकार.....२

१.४ सङ्गठन संरचना र दरबन्दी.....६

१.५ प्रतिवेदन.....८

परिच्छेद - दुईः आयोगको वार्षिक कार्यसम्पादन.....९

२.१ आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई गरेको सिफारिस.....९

२.२ आयोगको वार्षिक बजेट तथा कार्यक्रम.....१०

२.३ आयोगबाट भएका अन्य कार्य.....१२

२.४ आयोगको भौतिक स्रोत साधन र उपयोग.....१२

२.५ समन्वय तथा सहजीकरण.....१३

परिच्छेद - तीनः आयोगले गरेका सिफारिस.....१४

३.१ वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस.....१४

३.२ सशर्त अनुदान सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस.....२४

३.३ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस.....३८

३.४ सवारी साधन कर सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस.....५२

३.५ नेपाल सरकारलाई गरिएको सिफारिस (सुदूरपश्चिम प्रदेश सरकार र सो प्रदेश भित्रका स्थानीय सरकारसँग सम्बन्धित) ६१

परिच्छेद - चारः सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था.....६३

४.१ वित्तीय हस्तान्तरण सिफारिस.....६३

४.२ आन्तरिक ऋणको सीमाको सिफारिस.....६५

४.३ राजस्व बाँडफाँट सिफारिस.....६६

४.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सिफारिस.....६८

४.५ सुझाव कार्यान्वयनको अवस्था.....७०

परिच्छेद - पाँचः निष्कर्ष तथा सुझाव.....७४

५.१ निष्कर्ष.....७४

५.२ सुझाव.....७५

अनुसूचीहरू **७८**

अनुसूची-१: राजस्व बाँडफाँट सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस ७८

अनुसूची-२: वित्तीय समानीकरण अनुदान सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस ९०

अनुसूची-३: वित्तीय समानीकरण अनुदान तर्फ आर्थिक वर्ष २०८१/८२ मा कार्यसम्पादन मूल्याङ्कन प्रदेश सरकार तथा प्रदेश भित्रका स्थानीय सरकारको अन्तिम नतिजा १०८

अनुसूची-४: सशर्त अनुदान सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस..... १११

अनुसूची-५: प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस १२१

अनुसूची-६: आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण १६४

अनुसूची-७: आयोगका केही गतिविधिहरू तस्विरमा..... १६६

तालिका सूची

तालिका १.१: आयोगको कार्यक्षेत्र तथा भूमिका.....५

तालिका १.२: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था.....७

तालिका २.१: आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेट र खर्चको विवरण.....१०

तालिका २.२: प्रमुख क्रियाकलाप र प्रगति ११

तालिका ३.१: आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण २१

तालिका ३.२: प्रदेश सरकारको कुल बजेट र स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजित बजेटको प्रदेशगत विवरण..... २५

तालिका ३.३: कोशी प्रदेशको कुल वित्तीय हस्तान्तरण र वित्तीय समानीकरण तथा सशर्त अनुदानको विवरण २६

तालिका ३.४: मधेश प्रदेशको कुल वित्तीय हस्तान्तरण र वित्तीय समानीकरण तथा सशर्त अनुदानको विवरण २७

तालिका ३.५: बागमती प्रदेशको कुल वित्तीय हस्तान्तरण र वित्तीय समानीकरण तथा सशर्त अनुदानको विवरण २८

तालिका ३.६: गण्डकी प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण.....२८

तालिका ३.७: लुम्बिनी प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण २९

तालिका ३.८: कर्णाली प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण..... २९

तालिका ३.९: सुदूरपश्चिम प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण ३०

तालिका ३.१०: नेपालको आन्तरिक ऋण परिचालन सम्बन्धी विगतको अभ्यास र प्रवृत्ति विश्लेषण ४१

तालिका ३.११: आयोगले विगतमा सिफारिस गरेको आन्तरिक ऋणको सीमा.....४२

तालिका ३.१२: आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति..... ४३

तालिका ३.१३: कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था ४४

तालिका ३.१४: आन्तरिक ऋण निष्काशनको वार्षिक लक्ष्यको अवस्था.....४५

तालिका ३.१५: कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था.....४५

तालिका ३.१६: वार्षिक आन्तरिक ऋणको सावाँ फिर्ताको विवरण ४६

तालिका ३.१७: आन्तरिक ऋणको ब्याज तथा कमिसन भुक्तानीको वार्षिक विवरण.....४७

तालिका ३.१८: तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण ४७

तालिका ३.१९: नगर विकास कोषबाट परिचालित ऋण दायित्वको क्षेत्रगत विवरण ४८

तालिका ३.२०: नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था..... ४८

तालिका ३.२१: आर्थिक वर्ष २०८२/८३ का लागि सुदूर पश्चिम प्रदेश सरकारले स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको हिस्सा विवरण ५८

तालिका ४.१: नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था.....६३

तालिका ४.२: प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था ६४

तालिका ४.३: आर्थिक वर्ष २०८१/८२ को राजस्व बाँडफाँटको विवरण..... ६७

तालिका ४.४: आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी र बाँडफाँटको विवरण.....६८

तालिका ४.५: आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भई सुदूरपश्चिम प्रदेश सरकारले प्राप्त गरेको रोयल्टीको विवरण.. ६९

तालिका ४.६: आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भई सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण..... ६९

परिच्छेद - एक

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिचय

१.१ परिचय

नेपालको संविधान अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र यी तीन तहका सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने व्यवस्था छ। देशमा उपलब्ध प्राकृतिक एवम् वित्तीय स्रोतको न्यायोचित, सन्तुलित, पारदर्शी रूपमा वितरण गर्न र परिचालनका लागि तीनै तहका सरकारका बीचमा वित्तीय सङ्घीयताको कार्यान्वयनमा संरक्षणकारी भूमिका निर्वाह गर्न नेपालको संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग समेतको व्यवस्था गरेको छ।

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन र धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। आयोगको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ कार्यान्वयनमा रहेका छन्। तीन तहका सरकारबीच राजस्वको अधिकार, राजस्व बाँडफाँट, प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट, अनुदान, आन्तरिक ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्न अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ समेत कार्यान्वयनमा रहेको छ।

आयोगले संविधान तथा कानूनको अधीनमा रहेर सङ्घ, प्रदेश र स्थानीय सरकारबीच मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कबाट सङ्कलित राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा निर्धारण, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण, नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई र प्रदेशले स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण, सशर्त अनुदानको आधार र तीनवटै तहका सरकारले वार्षिक रूपमा लिन सक्ने आन्तरिक ऋणको अधिकतम सीमा निर्धारण गरी सिफारिस गर्दै आएको छ। प्रदेश तथा स्थानीय सरकारको एकल अधिकारको सूचीमा रहेको सवारी साधन करको प्रशासन प्रदेशले गर्ने र सङ्कलित कर रकमलाई प्रदेश तथा सम्बन्धित स्थानीय सरकारबीच बाँडफाँट गर्ने कानूनी व्यवस्था भएअनुरूप त्यस्तो करलाई प्रदेश भित्रका स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा निर्धारण गरी सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्ने कार्य समेत आयोगबाट हुँदै आएको छ।

१.२ गठन

नेपालको संविधानको धारा २५० को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठनसम्बन्धी व्यवस्था छ। आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्यहरू रहने, राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा आयोगमा अध्यक्ष र सदस्यहरूको नियुक्ति हुने, आयोगका अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ। यसरी नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन नसक्ने व्यवस्था भए पनि सदस्यलाई अध्यक्षको पदमा भने नियुक्ति गर्न सकिने छ। त्यसरी सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिने प्रावधान रहेको छ।

नेपालको संविधानको धारा २५० को उपधारा (६) मा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुनका लागि योग्यताका रूपमा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरी प्राकृतिक स्रोत वा वित्त व्यवस्थापन, अर्थशास्त्र, कानून, व्यवस्थापनको क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशेषज्ञता हासिल गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैंतालीस वर्ष उमेर पूरा भएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने

व्यवस्था छ।

१.३ काम, कर्तव्य र अधिकार

नेपालको संविधानले आयोगलाई मूलतः सङ्घ, प्रदेश र स्थानीय सरकारबीच हुने प्राकृतिक तथा वित्तीय स्रोतको बाँडफाँटको विषयमा सिफारिस गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। आयोगको काम, कर्तव्य तथा अधिकारसम्बन्धी व्यवस्था नेपालको संविधानको धारा २५१ मा उल्लेख गरिएका छन्। त्यसैगरी, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा समेत आयोगको काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा थप व्यवस्था गरिएका छन्। आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था देहायअनुसार रहेका छन्:

१.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था छ। त्यस्तै, नेपालको संविधानको धारा २५१ को उपधारा (१) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने गरी तोकिएको छः

(क) संविधान र कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ख) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटका आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

त्यसैगरी धारा २५१ को उपधारा (२) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सो सँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस

गर्ने व्यवस्था छ।

साथै, उपधारा (३) मा आयोगको अन्य काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्व बाँडफाँट गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीको सेवाका शर्त लगायत अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुने व्यवस्था रहेको छ।

१.३.२ कानूनी व्यवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(क) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने,

(ख) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने,

(ज) आयोगले संविधान र यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिने।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था छः

(क) दफा ६ को उपदफा (४): मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्नका लागि प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको राजस्व रकम संविधान र यस ऐनको अधीनमा रही प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गर्न आधार र ढाँचा निर्धारण गर्ने,

(ख) दफा ६क. को उपदफा (४): सवारी साधन करको बाँडफाँटका लागि स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्न आधार र ढाँचा निर्धारण गर्ने,

(ग) दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-४ को द्रस्टव्य-१: प्राकृतिक स्रोतबाट प्राप्त भई सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा बाँडफाँट तथा वितरण गर्न नेपाल सरकारलाई

सिफारिस गर्ने,

(घ) दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची-४ को द्रस्टव्य-२: नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको प्रतिशत प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) दफा ८ को उपदफा (१): प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(च) दफा ८ को उपदफा (२): प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(छ) दफा ९ को उपदफा (१) र (३): प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्नका लागि प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्न आधार निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गर्ने र प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम सशर्त अनुदान प्रदान गर्न आधार निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ज) दफा १४ को उपदफा (१): नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(झ) दफा १८ को उपदफा (२) र (३): आगामी आर्थिक वर्षमा प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारले उपलब्ध गराउने अनुमानित स्रोतको विवरणका सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने र प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरणका सम्बन्धमा प्रदेश सरकारलाई परामर्श दिने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ मा आयोगले संविधान, ऐन तथा प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा देहाय बमोजिमका कार्य गर्ने गरी व्यवस्था गरिएको छः

(क) प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न, गराउनका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(ख) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण निर्धारण गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(ग) प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको पहिचान गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्ने र सोको वस्तुगत आधार एवम् मापदण्ड निर्धारण गर्ने, गराउने,

(घ) संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने आधार र ढाँचा तय गर्ने विधि स्वीकृत गर्ने,

(ङ) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक सूचना, तथ्याङ्क एवम् विवरण नियमित रूपमा प्राप्त गर्ने,

(च) राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व असुली, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको परिचालन, बाँडफाँट, संरक्षण एवम् उपयोग र प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनका बारेमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने,

(छ) प्रचलित कानून बमोजिम प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारणको आधार सम्बन्धी विधि तय गर्ने,

(ज) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबीच प्राकृतिक स्रोतको बाँडफाँट एवम् परिचालनका सम्बन्धमा उठ्न सक्ने विवाद समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,

(झ) कार्यसम्पादनको सिलसिलामा आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा अन्य सरकारी आयोग लगायतका निकायहरूबाट सुझाव वा सल्लाह लिने।

यसरी उल्लिखित ऐन तथा नियमावलीमा आयोगका संवैधानिक जिम्मेवारीहरूलाई थप प्रष्टयाउनुका साथै तीन तहका सरकारबीच स्रोतको बाँडफाँट गर्दा आयोगले लिनुपर्ने आधारहरूको समेत व्यवस्था गरिएको छ। आयोगका उल्लिखित काम, कर्तव्य र अधिकार बमोजिम आयोगको कार्यक्षेत्र र भूमिकाको सारांश तालिका १.१ मा रहेको छ।

तालिका १.१
आयोगको कार्यक्षेत्र तथा भूमिका

कार्य क्षेत्र	आयोगको भूमिका
खर्च जिम्मेवारी	सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने उपायहरूको सिफारिस गर्ने।
राजस्व जिम्मेवारी	सङ्घ, प्रदेश र स्थानीय सरकारले राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने।
राजस्व बाँडफाँट	• सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, • प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, • राजस्व बाँडफाँटका आधारहरूको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने, • प्रदेश र स्थानीय सरकारबीच हुने सवारी साधन कर बाँडफाँटको आधार र ढाँचा निर्धारण गर्ने, • सङ्घ, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेका विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने।
अन्तर-सरकारी वित्तीय हस्तान्तरण	• सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने, • प्रदेश सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने, • प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्ने।
आन्तरिक ऋण	सङ्घ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने।
प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट	• प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने, • प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विवादको विषयमा अध्ययन अनुसन्धान गरी विवाद निवारण गर्न सुझाव दिने, • प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने, • सङ्घ, प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट हुने रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गर्ने।

१.४ सङ्गठन संरचना र दरबन्दी

नेपालको संविधानको धारा २५० को उपधारा (१) ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्षसहित बढीमा पाँच जना सदस्यहरू रहने व्यवस्था गरेको छ। सम्माननीय राष्ट्रपतिबाट मिति २०७५ साल चैत्र ७ मा आयोगको अध्यक्ष, मिति २०७७ साल माघ २१ मा दुईजना सदस्य र मिति २०७८ साल असार १० मा एक जना सदस्य नियुक्त भएकोमा अध्यक्षको मिति २०८१ चैत्र ६ गते पदावधि समाप्त भएकाले कार्यबाहक अध्यक्षबाट आयोगको कार्य सम्पादन हुँदै आएको छ।

आयोगमा तीनओटा महाशाखा र १२ वटा शाखा रहेका छन्। विशिष्ट प्रकृतिको कार्यक्षेत्र भएकाले आयोगको कार्यालयमा प्रशासन, इन्जिनियरिङ्ग, वन, न्याय, आर्थिक योजना तथा तथ्याङ्क र विविध सेवाका कर्मचारी रहने व्यवस्था छ। आयोगको सङ्गठन संरचना देहायबमोजिम रहेको छः

आयोगको सङ्गठन संरचना



नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा विभिन्न सेवा समूहका ४९ जना निजामती कर्मचारी रहने गरी आयोगको सङ्गठन संरचना स्वीकृत भएको छ। साथै, कार्यालय सहयोगी र सवारी चालकका लागि २४ जना सेवा करारमा लिनसक्ने गरी दरबन्दी स्वीकृत भएको छ। आयोगको कर्मचारी दरबन्दी विवरण र पदपूर्तिको अवस्था तालिका १.२ मा देखाइएको छ।

तालिका १.२

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

क्र.सं.	पद	श्रेणी	सेवा	समूह / उपसमूह	दरबन्दी	पदपूर्ति अवस्था (२०८२ असारमा)
१.	सचिव	विशिष्ट	प्रशासन		१	१
२.	सहसचिव	रा.प.प्रथम	प्रशासन		२	२
३.	सहसचिव	रा.प.प्रथम	इन्जिनियरिङ	सिभिल / जनरल	१	१
४.	उपसचिव	रा.प.द्वितीय	प्रशासन	सामान्य प्रशासन	४	४
५.	उपसचिव	रा.प.द्वितीय	प्रशासन	राजस्व	२	२
६.	उपसचिव	रा.प.द्वितीय	न्याय	कानून	१	-
७.	वरिष्ठ तथ्याङ्क अधिकृत	रा.प.द्वितीय	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	१	१
८.	सिनियर डिभिजनल ईन्जिनियर	रा.प.द्वितीय	इन्जिनियरिङ	सिभिल / हाईड्रो पावर	१	-
९.	सिनियर डिभिजनल जियोलोजिष्ट	रा.प.द्वितीय	इन्जिनियरिङ	जियोलोजी / जनरल जियोलोजी	१	-
१०.	वरिष्ठ वन अधिकृत	रा.प.द्वितीय	वन	जनरल फरेष्ट्री	१	-
११.	वरिष्ठ अर्थशास्त्री	रा.प.द्वितीय	विविध		१	-
१२.	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	१०	१०
१३.	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	राजस्व	२	२
१४.	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	१	१
१५.	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	१	१
१६.	वन अधिकृत	रा.प.तृतीय	वन	जनरल फरेष्ट्री	१	१
१७.	इन्जिनियर	रा.प.तृतीय	इन्जिनियरिङ	सिभिल / हाईड्रो पावर	१	-
१८.	इन्जिनियर	रा.प.तृतीय	इन्जिनियरिङ	जियोलोजी / जनरल जियोलोजी	१	-
१९.	कम्प्यूटर इन्जिनियर	रा.प.तृतीय	विविध		१	-
२०.	वातावरणविद्	रा.प.तृतीय	विविध		१	-
२१.	समाजशास्त्री	रा.प.तृतीय	विविध		१	-
२२.	कम्प्यूटर अपरेटर	रा.प.अनं. प्रथम	विविध		५	५
२३.	नायव सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन	सामान्य प्रशासन	७	६
२४.	लेखापाल	रा.प.अनं. प्रथम	प्रशासन	लेखा	१	१
				जम्मा	**४९**	**३८**
२५.	हलुका सवारी चालक (करार)	श्रेणी विहीन			१२	१०
२६.	कार्यालय सहयोगी (करार)	श्रेणी विहीन			१२	१०
				कुल जम्मा	**७३**	**५८**

१.५ प्रतिवेदन

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने, उपधारा (२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानून बमोजिम हुने र उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था रहेको छ। आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका काम कारबाही र आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, रोयल्टी बाँडफाँट, आन्तरिक ऋणको सीमा निर्धारण र सवारी साधन कर बाँडफाँटका सम्बन्धमा तहगत सरकारलाई गरिएका सिफारिस र सुझावहरू, विगतमा गरिएका सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था लगायतका विषयवस्तु समावेश गरिएको सुदूरपश्चिम प्रदेशको उल्लिखित संवैधानिक व्यवस्था अनुरूपको सातौं वार्षिक प्रतिवेदन, २०८२ माननीय प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ।

परिच्छेद - दुई

आयोगको वार्षिक कार्यसम्पादन

२.१ आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई गरेको सिफारिस

आयोगले आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई देहायका विषयमा सिफारिस गरेको छः

२.१.१ राजस्व बाँडफाँट

आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको।

२.१.२ वित्तीय समानीकरण अनुदान

(क) आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान नेपाल सरकारलाई सिफारिस गरिएको,

(ख) आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सञ्चित कोषबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान प्रदेश सरकारलाई सिफारिस गरिएको।

२.१.३ सशर्त अनुदानको आधार

(क) आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आधार नेपाल सरकारलाई सिफारिस गरिएको,

(ख) आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त अनुदानको आधार प्रदेश सरकारलाई सिफारिस गरिएको।

२.१.४ प्राकृतिक स्रोतको रोयल्टी

(क) आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट संकलित रोयल्टी बाँडफाँटका लागि आयोगको सिफारिसमा नपरेका आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार तथा स्थानीय सरकारबीच बाँडफाँट गर्न नेपाल सरकारलाई सिफारिस गरिएको,

(ख) आर्थिक वर्ष २०८२/८३ का लागि सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय सरकारबीच प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको,

(ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रस्टव्य खण्ड (२) मा रहेको नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न सक्ने व्यवस्था बमोजिम सोको अनुपात पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको।

२.१.५ सवारी साधन करको बाँडफाँट

प्रदेश र स्थानीय सरकारबीच आर्थिक वर्ष २०८२/८३ मा सङ्कलित सवारी साधन करको बाँडफाँटको आधार र ढाँचासहितको हिस्सा सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

२.१.६ आन्तरिक ऋणको सीमा

सङ्घ, प्रदेश र स्थानीय सरकारले आर्थिक वर्ष २०८२/८३ मा लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सिफारिस गरिएको।

२.२ आयोगको वार्षिक बजेट तथा कार्यक्रम

२.२.१ आयोगको वार्षिक बजेट

आर्थिक वर्ष २०८१/८२ मा आयोगको वार्षिक कार्यक्रम सञ्चालन गर्नका लागि चालु खर्च तर्फ रू. ९ करोड ५१ लाख बजेट विनियोजन भएकोमा रू. ६ करोड ५२ लाख ८० हजार खर्च भएको र पूँजीगत तर्फ रू. ३२ लाख ६४ हजार बजेट विनियोजन भएकोमा रू. ३१ लाख १० हजार खर्च भएको छ। विनियोजित कुल रकममध्ये चालुतर्फ ६९.६४ प्रतिशत र पूँजीगततर्फ ९५.२८ प्रतिशत गरी समग्रमा ७०.५१ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। यस सम्बन्धी विस्तृत विवरण तालिका २.१ मा उल्लेख गरिएको छ।

तालिका २.१
आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेट र खर्चको विवरण

(रू.हजारमा)

बजेट उपशिर्षक	शुरु बजेट (रू.)	रकमान्तर		खुद बजेट (रू.)	खर्च (रू.)	बाँकी बजेट (रू.)	खर्च %
		थप (रू.)	घट (रू.)				
चालु खर्च							
२२०००००१३ रा.प्रा.स्रो.वि.आ.	१,३०,००	०	०	१,३०,००	८६,०८	४३,९२	६६.२२
२२००००११३ रा.प्रा.स्रो.वि.आ.	८,२१,००	०	१३,६४	८,०७,३६	५,६६,७२	२,४०,६४	७०.१९
चालु खर्च जम्मा	**९,५१,००**	**०**	**१३,६४**	**९,३७,३६**	**६,५२,८०**	**२,८४,५६**	**६९.६४**
पूँजीगत खर्च							
२२००००११४ रा.प्रा.स्रो.वि.आ.	१९,००	१३,६४	०	३२,६४	३१,१०	१,५४	९५.२८
पूँजीगत खर्च जम्मा	**१९,००**	**१३,६४**	**०**	**३२,६४**	**३१,१०**	**१,५४**	**९५.२८**
कुल जम्मा	**९,७०,००**	**१३,६४**	**१३,६४**	**९,७०,००**	**६,८३,९०**	**२,८६,१०**	**७०.५१**

आर्थिक वर्ष २०८१/८२ मा आयोगले अन्य प्रशासनिक शुल्क अन्तर्गत रू. ४७ हजार राजस्व सङ्कलन गरेको छ। विभिन्न फर्म तथा कम्पनीहरूको नाममा रू. २ लाख ४९ हजार ८ सय ९३ रुपैयाँ र पैसा ४८ धरौटी मौज्दात रहेको छ। आयोगमा लगती बेरुजु शून्य रहेको छ।

२.२.२ आयोगको वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलाप र प्रगति

आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट सम्पादन गरिएका क्रियाकलापको प्रगति विवरण तालिका २.२ मा उल्लेख

गरिएको छ।

तालिका २.२

प्रमुख क्रियाकलाप र प्रगति

क्र. सं.	क्रियाकलाप (लक्ष्य)	प्रगति
१.	आयोगको वार्षिक प्रतिवेदन तयारी, प्रकाशन तथा वितरण	• सम्माननीय राष्ट्रपति समक्ष आयोगको छैटौं वार्षिक प्रतिवेदन, २०८१ पेस गरिएको, • सबै प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष आयोगको प्रदेशगत छैटौं वार्षिक प्रतिवेदन, २०८१ पेस गरिएको।
२.	आयोगको वार्षिक उत्सव समारोह आयोजना	• २०८१/०६/०४ मा आयोगमा कार्यरत सातजना उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको र स्मारिका-२०८१ सम्माननीय सभामुख देवराज घिमिरेको आतिथ्यतामा विमोचन गरिएको।
३.	आयोगको सिफारिस तयारी सम्बन्धी कार्यक्रम	• राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट र सवारी साधन कर बाँडफाँट सम्बन्धी सिफारिस गरिएको।
४.	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय सङ्घीयता सम्बन्धमा रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन	• नेपाल टेलिभिजनसँग सम्झौता गरी ५ वटा कार्यक्रम उत्पादन र प्रसारण कार्य सम्पन्न भएको।
५.	प्रदेश तथा स्थानीय तहमा विभिन्न सरोकारवालासँग आयोगको भूमिका तथा काम कारबाही सम्बन्धमा बृहत अन्तरक्रिया कार्यक्रम	• प्रदेश तहमा गण्डकी प्रदेशको पोखरामा र स्थानीय तह (दाङको घोराही उ.म.न.पा, बाराको निजगढ न.पा, धनुषाको जनकपुरधाम उ.म.न.पा. र प्यूठानको स्वर्गद्वारी न.पा.) मा सरोकारवालासँग वृहत अन्तरक्रिया कार्यक्रम भएको।
६.	कार्यसम्पादन मूल्याङ्कन सूचक परिमार्जन सम्बन्धी कार्यक्रम	• प्रतिवेदन तयार भएको।
७.	वनक्षेत्रसँग सम्बन्धित तथ्यलाई आयोगको Digital Inventory of Natural Resources मा प्राप्ति, प्रविष्टी लगायत कार्यका लागि सम्बन्धित निकायमा तालिम	• गण्डकी र बागमती प्रदेशस्तरीय तालिम सम्पन्न गरिएको।
८.	प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सूचक अद्यावधिक र तीन तहमा रोयल्टी बाँडफाँट अनुपात पुनरावलोकन बारे अध्ययन	• अध्ययन भई विद्यमान संरचना परिवर्तनका लागि मिति २०८१।११।०२ मा नेपाल सरकारलाई सिफारिस गरिएको।
९.	आयोगको तर्फबाट प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँट सम्बन्धमा सम्बन्धित निकायमा अनुगमन	• कञ्चन गाँउपालिका, सैनामैना नगरपालिका, चन्दननाथ नगरपालिका, छाँयानाथ रारा गाँउपालिका, मंगलसेन नगरपालिकामा प्राकृतिक स्रोत परिचालन सम्बन्धमा अनुगमन गरिएको।
१०.	प्राकृतिक स्रोतसँग सम्बन्धित सफ्टवेयर Digital Inventory of Natural Resources अद्यावधिक	• "Digital Inventory of Natural Resources" सफ्टवेयर अद्यावधिक गरिएको।
११.	प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण सम्बन्धी अध्ययन तथा अन्तरक्रिया	• सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

क्र. सं.	क्रियाकलाप (लक्ष्य)	प्रगति
१२.	राजस्व बाँडफाँटको आधार र ढाँचा परिमार्जन सम्बन्धी अध्ययन तथा अन्तरक्रिया	• विषय विशेषज्ञ तथा सरोकारवाला समेतको सहभागितामा धुलिखेलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। • स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको सहभागितामा सुर्खेतको गुर्भाकोट नगरपालिका र मुगुको मुगूम कार्मारोङ गाँउपालिकामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
१३.	आन्तरिक ऋणको सीमा सिफारिस सम्बन्धी अध्ययन तथा अन्तरक्रिया	• सार्वजनिक ऋण व्यवस्थापन कार्यालय लगायत सार्वजनिक ऋणसँग सम्बन्धित निकायहरूसँग अन्तरक्रिया सम्पन्न गरिएको।

२.३ आयोगबाट भएका अन्य कार्य

आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरिएका अन्य काम कारबाहीहरूको विवरण देहाय बमोजिम रहेको छः

(क) विभिन्न मितिमा आयोगका २० वटा बैठक बसी ३३ वटा निर्णय भएको,

(ख) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (२) मा रहेको राजस्व बाँडफाँटको आधार र ढाँचा प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्नुपर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि राजस्व बाँडफाँटको आधार र ढाँचा पुनरावलोकन गरिएको,

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानलाई थप सन्तुलित र न्यायोचित बनाउन न्यूनतम वित्तीय समानीकरण अनुदानको सिफारिसमा जनसङ्ख्या र भूगोल दुवैलाई सूचक कायम गरी सिफारिस गरिएको,

(घ) बैतडीको दशरथचन्द नगरपालिका, जिल्ला समन्वय समिति डडेल्धुराको समन्वयमा जिल्लाका सबै स्थानीय सरकार, कञ्चनपुरको दोधरा चाँदनी नगरपालिका र शुक्लाफाँटा नगरपालिका, डोटीको दिपायल सिलगढी नगरपालिका र जोरायल गाउँपालिका, अछामको पन्चदेवल विनायक नगरपालिका र रामारोशन गाउँपालिका, कैलालीको धनगढी उपमहानगरपालिका, बाजुराको खप्तड छेडेदह गाउँपालिका, बझाङको खप्तडछान्ना गाउँपालिका लगायतका स्थानीय सरकारका पदाधिकारीहरू तथा कर्मचारीहरूसँग आयोगको भूमिका तथा काम कारबाही सम्बन्धमा अन्तरक्रिया कार्यक्रम तथा अनुगमन गरिएको,

(ङ) आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यतालिका तयार गरिएको,

(च) वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनका लागि सातै प्रदेश र ७५३ स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कन गरिएको,

(छ) वायु गुणस्तर अनुगमन (Air Quality Monitoring) सम्बन्धी विषयमा प्रस्तुतीकरण तथा छलफल कार्यक्रम गरिएको,

(ज) कार्बन व्यापार तथा जलवायु वित्त सम्बन्धी विषयमा छलफल कार्यक्रम गरिएको,

(झ) नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने सन्दर्भमा नेपालको अवस्था र प्रभाव विषयमा अन्तरक्रिया कार्यक्रम गरिएको।

२.४ आयोगको भौतिक स्रोत साधन र उपयोग

आयोगको काम कारबाहीलाई व्यवस्थित एवम् प्रभावकारी तुल्याउन आवश्यक भौतिक एवम् वित्तीय स्रोत साधन र जनशक्ति उपलब्ध गराउने दायित्व नेपाल सरकारको भएको र आयोगलाई सिंहदरबार परिसरभित्र आयोगको एक छुट्टै भवन उपलब्ध

गराउने नेपाल सरकारको निर्णयका बाबजुद हालसम्म पनि आयोगलाई एउटा अलग्गै परिसर सहितको स्थायी भवन उपलब्ध हुन सकेको छैन। पर्याप्त कार्यस्थलको अभावमा आयोगका पदाधिकारी र आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरू छुट्टाछुट्टै भवनमा रही कार्यसम्पादन गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूका लागि कार्यालय प्रयोजनार्थ आवश्यक सवारी साधन, कम्प्यूटर, प्रिन्टर, फर्निचर लगायतका भौतिक स्रोत साधनहरू सीमित मात्रामा उपलब्ध रहेको अवस्था छ।

२.५ समन्वय तथा सहजीकरण

आयोगले कार्यसम्पादनका सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सरोकारवालासँग देहायबमोजिम समन्वय तथा सहजीकरण गरेको छः

(क) आर्थिक वर्ष २०८१/८२ मा आयोगको कार्यसम्पादनका लागि आवश्यक पर्ने तथ्याङ्क तीनै तहका सरकारका सम्बन्धित निकायसँग समन्वय गरी सङ्कलन गरिएको,

(ख) आर्थिक वर्ष २०८१/८२ मा सिफारिस गर्नुपूर्व नेपाल सरकारका मन्त्रालय, आयोग, विभाग, सचिवालय, समिति, प्रतिष्ठान, प्राधिकरण, कार्यालयहरू, प्रदेश सरकार अन्तर्गतका निकायहरू, स्थानीय सरकार, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ तथा अन्य सङ्घ संस्था, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिएको,

(ग) सङ्घीय संसदका समितिहरू, राष्ट्रिय विकास समस्या समाधान समिति, अन्तर-सरकारी वित्त परिषद्, सङ्घीय सरकारका मन्त्रालय तथा निकाय, प्रदेश समन्वय परिषद्, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ लगायतले आयोजना गरेका कार्यक्रममा आयोगका तर्फबाट सहभागिता जनाई धारणा प्रस्तुत गरिएको।

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहे तापनि वित्त हस्तान्तरणसँग सम्बन्धित कानूनमा समग्र वित्तीय हस्तान्तरणको जिम्मेवारी आयोगलाई नभएको, बहुनिकायगत विषयक्षेत्रसँग जोडिएको प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानून तर्जुमा नभएको र आयोगलाई आवश्यक तथ्याङ्कको विश्वसनीयतको अभावमा आयोगले गर्ने सिफारिसलाई वस्तुगत बनाउन कठिनाई भएको छ। उपलब्ध स्रोत, जनशक्ति र सरोकारवाला निकायको सहयोग र परामर्शमा आयोगले संवैधानिक तथा कानूनी जिम्मेवारी सम्पादन गर्दै वित्तीय सङ्घीयता सुदृढीकरण गर्न अहम् भूमिका निर्वाह गरेको छ।

परिच्छेद - तीन

आयोगले गरेका सिफारिस

३.१ वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०८२/०१/०५

क. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने र धारा ५७ ले तीनवटै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँटको व्यवस्था गरेको छ। धारा २३२ ले तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था सुनिश्चित गरेको छ। अन्तर-सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ भने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको महत्वपूर्ण माध्यमको रुपमा वित्तीय समानीकरण अनुदान रहेको छ।

स्थानीय सरकार बीचमा रहने भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमानता जस्ता अवयवहरूले स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमता बीचमा असमानता रहन्छ। यस्तो परिस्थितिमा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय सरकारलाई अनुदान दिनुपर्ने संवैधानिक एवम् कानूनी प्रवन्ध रहेको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (२) ले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम यस आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (क) मा प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको रहेको छ। उल्लिखित कानूनी व्यवस्थाको आधारमा यस आयोगले सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय तहलाई आ.व. २०८२/८३ मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको सिफारिस गरेको छ।

ख. सिफारिस सम्बन्धी कानूनी आधारहरू

१. **नेपालको संविधानको** धारा ६० को उपधारा (३) र (५),

२. **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४** को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) एवम् दफा १६ को उपदफा (१) र (३),

३. **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा ८ को उपदफा (२), दफा १८ को उपदफा (३) र दफा २८,

४. **वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५** को दफा ४ को उपदफा (१) र (२)।

ग. तथ्याङ्कको स्रोत र भार गणना विधि

आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गरी सिफारिस गर्दा आयोगबाट प्रयोगमा ल्याइएका तथ्याङ्क र सोको स्रोत उल्लेख गरिएको छ। सम्बन्धित सूचक र उपसूचकबीचको एकीकृत भार गणना विधि र प्रक्रिया आयोगबाट विभिन्न मितिमा वित्तीय समानीकरण अनुदानको सिफारिसमा प्रयोग भए बमोजिम गरिएको छ।

वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रयोग गरिएको तथ्याङ्क सम्वन्धी विवरण

क्र.सं.	सूचक	तथ्याङ्कककको स्रोत
१.	जनसङ्ख्या	राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय
२.	क्षेत्रफल (भूगोल)	नेपाल राजपत्र
३.	मानव विकास सूचकाङ्क	नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग
४.	स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६)
५.	पूर्वाधार विकास ५.१ सडकको घनत्व (सडकमा पहुँच) ५.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ५.३ सरसफाइ (शौचालयको उपलब्धता) ५.४ शहरीकरणको अवस्था ५.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ५.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	५.१ सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८) ५.२ राष्ट्रिय जनगणना २०७८ ५.३ राष्ट्रिय जनगणना २०७८ ५.४ राष्ट्रिय जनगणना २०७८ ५.५ राष्ट्रिय जनगणना २०७८ ५.६ राष्ट्रिय जनगणना २०७८
६.	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५)

घ. अनुदान सिफारिस गर्न लिइएका आधार (सूचक) र ढाँचा (भार प्रतिशत)

प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा न्यूनतम अनुदान, सुत्रमा आधारित अनुदान र कार्य सम्पादन मूल्याङ्कनमा आधारित अनुदानका रूपमा वर्गीकरण गरिएको छ। सोका लागि देहाय बमोजिमका सूचक र भार प्रयोग गरिएको छ।

१. न्यूनतम अनुदान[1]

१.१ जनसङ्ख्याको आधार र सो बमोजिम हस्तान्तरण हुने न्यूनतम समानीकरण अनुदानको परिमाण

जनसङ्ख्याको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको रकम सम्बन्धी विवरण समावेश गरिएको

[1] आर्थिक वर्ष २०८१/८२ सम्मका लागि आयोगले प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको सिफारिसमा जनसङ्ख्यालाई एकल सूचकको रूपमा प्रयोग गरी सिफारिस गर्दै आएकोमा आर्थिक वर्ष २०८२/८३ को न्यूनतम वित्तीय समानीकरण अनुदान हस्तान्तरण थप सन्तुलित र न्यायोचित बनाउन जनसङ्ख्या र भूगोल दुवैलाई सूचक कायम गरी सिफारिस गरिएको छ।

छ।

जनसङ्ख्याको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्र.सं.	जनसङ्ख्या	अनुदान रकम (रू.हजारमा)
१	१०,००० भन्दा कम	८००
२	१०,००० देखि २०,००० भन्दा कम	८८०
३	२०,००० देखि ३०,००० भन्दा कम	९६०
४	३०,००० देखि ४०,००० भन्दा कम	१०४०
५	४०,००० देखि ५०,००० भन्दा कम	११२०
६	५०,००० देखि ६०,००० भन्दा कम	१२००
७	६०,००० देखि ७०,००० भन्दा कम	१२८०
८	७०,००० देखि ८०,००० भन्दा कम	१३६०
९	८०,००० देखि ९०,००० भन्दा कम	१४४०
१०	९०,००० देखि १,००,००० भन्दा कम	१५२०
११	१,००,००० देखि १,१०,००० भन्दा कम	१६००
१२	१,१०,००० देखि १,२०,००० भन्दा कम	१६८०
१३	१,२०,००० देखि १,३०,००० भन्दा कम	१७६०
१४	१,३०,००० देखि १,४०,००० भन्दा कम	१८४०
१५	१,४०,००० देखि १,५०,००० भन्दा कम	१९२०
१६	१,५०,००० देखि १,६०,००० भन्दा कम	२०००
१७	१,६०,००० देखि १,७०,००० भन्दा कम	२०८०
१८	१,७०,००० देखि १,८०,००० भन्दा कम	२१६०
१९	१,८०,००० देखि १,९०,००० भन्दा कम	२२४०
२०	१,९०,००० देखि २,००,००० भन्दा कम	२३२०
२१	२,००,००० वा सो भन्दा बढी	२४००

१.२ क्षेत्रफलको आधार र सो बमोजिम हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्षेत्रफलको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदान रकम सबन्धी विवरण समावेश गरिएको छ।

क्षेत्रफलको आधारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्र.सं.	क्षेत्रफल	अनुदान रकम (रू.हजारमा)
१	१०० वर्ग कि.मि. सम्म	४५०
२	१०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म कि.मि.सम्म	६७५
३	२०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म	९००
४	३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म	११२५
५	४०० वर्ग कि.मि. भन्दा बढी	१३५०

२. सूत्रमा आधारित अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) र उपदफा (३) मा रहेको प्रावधान बमोजिम प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने सुत्रमा आधारित वित्तीय समानीकरण अनुदान रकम निर्धारण गरिएको छ। यस प्रयोजनका लागि कायम गरिएको विस्तृत आधार र ढाँचा प्रस्तुत गरिएको छ।

सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको निर्धारणका लागि कायम गरिएको आधार र ढाँचा

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार प्रतिशत	सूचकको भार प्रतिशत
१.	मानव विकास सूचकाङ्क		१०
२.	आर्थिक सामाजिक असमानता		५
३.	पूर्वाधार विकासको अवस्था ३.१ सडकको घनत्व (सडकमा पहुँच) ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ३.३ सरसफाइ (शौचालयको उपलब्धता) ३.४ शहरीकरणको अवस्था ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	 ३५ १५ १५ १५ १० १०	१५
४.	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता		७०
	जम्मा		**१००**

२.१ आधार तथा ढाँचाको विश्लेषण

अ. मानव विकास सूचकाङ्क

सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरेको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर सबै स्थानीय सरकारको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। कुल भार मध्ये मानव विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

आ. आर्थिक सामाजिक असमानता

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आयोगले गरेको अध्ययन बमोजिम आर्थिक, सामाजिक असमानता सूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ।

इ. पूर्वाधार विकास

स्थानीय तहको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय तहको विकासको अवस्थाको चित्रण गर्दछ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न तथा विकासात्मक कार्यका लागि अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ। यसले सेवाको लागत वृद्धि गराउने हुँदा खर्चको आवश्यकता बढाउँछ। आयोगले स्थानीय तहमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धता एवम् शहरीकरणको अवस्थालाई पूर्वाधार विकासका उपसूचकको रूपमा कायम गरेको छ। पूर्वाधार विकासको अवस्था सूचकका लागि १५ प्रतिशत भार प्रदान गरिएको छ।

- **सडकको घनत्व (सडकमा पहुँच):** सडक सञ्जालको पहुँचले स्थानीय सरकारको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। सडक पूर्वाधार विकासको मुख्य अवयव हो। अतः पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको ३५ प्रतिशत भार स्थानीय तहको सडकको घनत्वलाई दिइएको छ।
- **विद्युतको सुविधा (विद्युतमा पहुँच):** विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले स्थानीय सरकारको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ त्यस्ता स्थानीय सरकारले विद्युत सुविधा विस्तारका लागि थप आर्थिक व्ययभार व्यहोर्नु पर्ने हुन्छ। यसै परिप्रेक्ष्यमा स्थानीय सरकारको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रूपमा लिई पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ।
- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच):** जुन स्थानीय तहको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ त्यहाँको स्थानीय सरकारले सूचना प्रविधिको पहुँचको स्तर माथि उकास्न यस क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १० प्रतिशत भार सूचना प्रविधिमा पहुँचलाई दिइएको छ।
- **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** संविधानले परिकल्पना गरे अनुसारको लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अतिरिक्त प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय तहमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।
- **सरसफाई (शौचालयको उपलब्धता):** नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय सरकारमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाई उपसूचक कायम गरी पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार यस उपसूचकलाई प्रदान गरिएको छ।
- **शहरीकरणको अवस्था:** स्थानीय तहमा शहरीकरणको अवस्थाले सम्बन्धित स्थानीय सरकारको विकासको अवस्थालाई प्रतिविम्बित गर्दछ। ग्रामीण तथा शहरोन्मुख क्षेत्रमा पुर्वाधार विकासको आवश्यकता वढी हुन्छ भने शहरी क्षेत्रमा समेत थप पुर्वाधार विकास तथा निर्मित पूर्वाधारको मर्मत सम्भारका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय तहको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रका जनसङ्ख्यालाई शहरीकरणको अवस्था सूचक कायम गरी पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार शहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ। यसमा राष्ट्रिय जनगणना, २०७८ मा आधारित भई राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको **नेपालमा ग्रामिण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण** नामक प्रतिवेदनलाई आधारको रूपमा लिइएको छ।

ई. खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पहिचान गर्नुपर्ने हुन्छ। यसका लागि संविधानको अनुसूचीमा उल्लिखित सङ्घ,

प्रदेश र स्थानीय सरकारका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप स्पष्टता हुनुपर्ने, कार्यजिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि प्रत्येक तहले सम्पादन गर्नुपर्ने अलग-अलग कार्यको स्पष्ट किटानी हुनुका साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय मानदण्ड र सङ्घीय, प्रादेशिक र स्थानीय लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मापदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाइ लागत पहिचान गरी सोका आधारमा कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ।

हाल स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मानदण्ड तथा तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आँकलन गर्ने कार्य सहज देखिदैन। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आँकलन गर्दा प्रत्येक स्थानीय सरकारको राजस्व अधिकार, राजस्वको दायरा, सम्भाव्यता र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भई नसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचकहरूको विश्लेषणका आधारमा प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आँकलन सम्बन्धी अध्ययनको नतिजालाई आधारको रुपमा लिएको छ। प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तर (Fiscal Gap) को सूचकाङ्कलाई ७० प्रतिशत भार दिइएको छ।

३. कार्य सम्पादन मूल्याङ्कनमा आधारित अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिसमा कार्य सम्पादनको स्तरलाई पनि आधार लिइएको छ। **प्रदेश तथा स्थानीय सरकारको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८** बमोजिम आर्थिक वर्ष २०८१/८२ को प्रदेश तथा स्थानीय सरकारको अन्तिम कार्यसम्पादन मूल्याङ्कन गरी प्रकाशित गरेको छ। यसै मूल्याङ्कनबाट कायम भएको अंकको आधारमा प्रदेश सरकारबाट सम्बन्धित प्रदेशका स्थानीय सरकारमा हस्तान्तरण हुने कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुन आउने रकमलाई कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानको रूपमा सिफारिस गरिएको छ। कार्यसम्पादन मूल्याङ्कनका लागि स्थानीय सरकारको हकमा लागु गरिएका सूचकहरू र भारलाई उल्लेख गरिएको छ।

स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएको सूचक र भार

क्र.सं.	सूचक	अङ्कभार
१.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरे/नगरेको।	५
२.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरी असार मसान्तभित्र पारित गरे/नगरेको।	५
३.	स्थानीय सरकारले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको।	५
४.	स्थानीय सरकारले आगामी आर्थिक वर्षका लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	५
५.	स्थानीय सरकारले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	५

क्र.सं.	सूचक	अङ्कभार
६.	स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था। अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थाः	१३
७.	स्थानीय सरकारको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था। कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः	१५
८.	गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था।	१५
९.	महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय सरकारले पूर्ण रूपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको।	५
१०.	स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको।	३
११.	कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर।	३
१२.	कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर।	३
१३.	सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत	३
१४.	चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात।	३
१५.	कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात।	३
१६.	पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात।	३
१७.	आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको।	६
	जम्मा	**१००**

ङ. वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम कार्यसम्पादनमा आधारित अनुदान, दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम सूत्रमा आधारित अनुदान र सोही दफाको उपदफा (३) बमोजिम न्यूनतम अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशबाट प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने न्यूनतम अनुदान रू. १५ करोड ८१ लाख ६५ हजार, सुत्रमा आधारित अनुदान रू. ७० करोड ५८ लाख ३५ हजार र कार्य सम्पादन मूल्याङ्कनमा आधारित अनुदान रू. ३ करोड ६० लाख गरी कुल वित्तीय समानीकरण अनुदान रू. ९० करोड हुने गरी सिफारिस गरिएको छ। स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सम्बन्धी स्थानीय तहगत विवरण तालिका ३.१ मा समावेश गरिएको छ।

तालिका ३.१

आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको विवरण

(रू.हजारमा)

क्र.सं	संकेत नं.	जिल्ला	स्थानीय सरकारको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादन मुल्याङ्कनमा आधारित	जम्मा
१	७०१०१	बाजुरा	हिमाली गाउँपालिका	२२३०	४८७४	४२९	७५३३
२	७०१०२	बाजुरा	गौमुल गाउँपालिका	१९२५	४७६४	४१६	७१०५
३	७०१०३	बाजुरा	बुढीनन्दा नगरपालिका	१८६०	८१०६	३५५	१०३२१
४	७०१०४	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	१५५५	६१५९	३८५	८०९९
५	७०१०५	वाजुरा	जगन्नाथ गाउँपालिका	१५५५	४९५६	४४३	६९५४
६	७०१०६	बाजुरा	बडिमालिका नगरपालिका	१७८०	८१००	३३७	१०२१७
७	७०१०७	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	१५५५	८०३०	३८३	९९६८
८	७०१०८	बाजुरा	बुढीगंगा नगरपालिका	१४१०	९१२०	४३९	१०९६९
९	७०१०९	बाजुरा	त्रिवेणी नगरपालिका	१५५५	७९५५	४६३	९९७३
१०	७०२०१	बझाङ	साइपाल गाउँपालिका	२१५०	१७४५	४११	४३०६
११	७०२०२	बझाङ	बुंगल नगरपालिका	२३९०	११७६९	३३७	१४४९६
१२	७०२०३	बझाङ	सूर्मा गाउँपालिका	१७८०	४६४५	३७०	६७९५
१३	७०२०४	बझाङ	तालकोट गाउँपालिका	२००५	५९२५	३८३	८३१३
१४	७०२०५	बझाङ	मष्टा गाउँपालिका	१५५५	६८९०	४८८	८९३३
१५	७०२०६	बझाङ	जयपृथ्वी नगरपालिका	१६३५	९८०६	४३९	११८८०
१६	७०२०७	बझाङ	छबिस पाथिभरा गाउँपालिका	१५५५	७५०१	४३०	९४८६
१७	७०२०८	बझाङ	दुर्गाथली गाउँपालिका	१३३०	६३१६	३१९	७९६५
१८	७०२०९	बझाङ	केदारस्युँ गाउँपालिका	१६३५	८७८५	४४०	१०८६०
१९	७०२१०	बझाङ	बित्थडचिर गाउँपालिका	१३३०	७५३९	३४०	९२०९
२०	७०२११	बझाङ	थलारा गाउँपालिका	१५५५	८०४२	३९०	९९८७
२१	७०२१२	बझाङ	खप्तडछान्ना गाउँपालिका	१५५५	७३९९	४६५	९४१९
२२	७०३०१	दार्चुला	ब्याँस गाउँपालिका	२१५०	६००८	४८५	८६४३
२३	७०३०२	दार्चुला	दुहुँ गाउँपालिका	१२५०	६१३८	४४४	७८३२
२४	७०३०३	दार्चुला	महाकाली नगरपालिका	१६३५	१०५२६	४७६	१२६३७
२५	७०३०४	दार्चुला	नौगाड गाउँपालिका	१५५५	७६८२	५३३	९७७०
२६	७०३०५	दार्चुला	अपिहिमाल गाउँपालिका	२१५०	४६०३	४६५	७२१८
२७	७०३०६	दार्चुला	मार्मा गाउँपालिका	१७८०	७७३४	४०५	९९१९
२८	७०३०७	दार्चुला	शैल्यशिखर नगरपालिका	१६३५	१०२२१	४४१	१२२९७
२९	७०३०८	दार्चुला	मालिकार्जुन गाउँपालिका	१५५५	८१८९	४३६	१०१८०
३०	७०३०९	दार्चुला	लेकम गाउँपालिका	१३३०	७७८९	३६८	९४८७
३१	७०४०१	बैतडी	डीलासैनी गाउँपालिका	१६३५	६४३६	३३७	८४०८
३२	७०४०२	बैतडी	दोगडाकेदार गाउँपालिका	१६३५	६७४६	४२२	८८०३
३३	७०४०३	बैतडी	पुचौंडी नगरपालिका	१७१५	८७४२	४४९	१०९०६
३४	७०४०४	बैतडी	सुर्नया गाउँपालिका	१५५५	५५२१	४१६	७४९२
३५	७०४०५	बैतडी	दशरथचन्द नगरपालिका	१७१५	८८८७	३७५	१०९७७
३६	७०४०६	बैतडी	पन्चेश्वर गाउँपालिका	१५५५	५४५४	३३२	७३४१
३७	७०४०७	बैतडी	शिवनाथ गाउँपालिका	१३३०	५००२	४२९	६७६१
३८	७०४०८	बैतडी	मेलौली नगरपालिका	१६३५	६२५३	३७७	८२६५
३९	७०४०९	बैतडी	पाटन नगरपालिका	१८६०	७८७२	४४२	१०१७४

क्र.सं	संकेत नं.	जिल्ला	स्थानीय सरकारको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादन मुल्याङ्कनमा आधारित	जम्मा
४०	७०४१०	बैतडी	सिगास गाउँपालिका	१८६०	५९८२	३८८	८२३०
४१	७०५०१	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	१५५५	५६८४	३९४	७६३३
४२	७०५०२	डँडेलधुरा	अमरगढी नगरपालिका	१६३५	६६११	५८६	८८३२
४३	७०५०३	डँडेलधुरा	अजयमेरु गाउँपालिका	१५५५	५३०९	४६५	७३२९
४४	७०५०४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	१७८०	४७२०	३८९	६८८९
४५	७०५०५	डँडेलधुरा	परशुराम नगरपालिका	२३९०	८४४३	४०४	११२३७
४६	७०५०६	डँडेलधुरा	आलिताल गाउँपालिका	१७८०	५५८४	४२९	७७९३
४७	७०५०७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	१५५५	४७५३	४४१	६७४९
४८	७०६०१	डोटी	पुर्विचौकी गाउँपालिका	१६३५	५९२३	४०९	७९६७
४९	७०६०२	डोटी	सायल गाउँपालिका	१६३५	५२३८	३६४	७२३७
५०	७०६०३	डोटी	आदर्श गाउँपालिका	१६३५	६१८०	३८१	८१९६
५१	७०६०४	डोटी	शिखर नगरपालिका	१९४०	७६४७	४०३	९९९०
५२	७०६०५	डोटी	दिपायल सिलगढी नगरपालिका	१७१५	८९९०	४९५	११२००
५३	७०६०६	डोटी	के.आई.सिं. गाउँपालिका	१६३५	५६१०	४११	७६५६
५४	७०६०७	डोटी	बोगटान फुड्सिल गाउँपालिका	२००५	५१९७	४६९	७६७१
५५	७०६०८	डोटी	बडीकेदार गाउँपालिका	२००५	५१२०	४०१	७५२६
५६	७०६०९	डोटी	जोरायल गाउँपालिका	२२३०	६२९४	४७१	८९९५
५७	७०७०१	अछाम	पंचदेवल बिनायक नगरपालिका	१६३५	६४०३	४१९	८४५७
५८	७०७०२	अछाम	रामारोशन गाउँपालिका	१६३५	६३५३	३५८	८३४६
५९	७०७०३	अछाम	मेल्लेख गाउँपालिका	१८६०	६२२९	३७५	८४६४
६०	७०७०४	अछाम	साँफेबगर नगरपालिका	१६३५	८०८२	३८३	१०१००
६१	७०७०५	अछाम	चौरपाटी गाउँपालिका	१६३५	६०७१	४२८	८१३४
६२	७०७०६	अछाम	मंगलसेन नगरपालिका	१६३५	७७५८	४७५	९८६८
६३	७०७०७	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	१३३०	५०४६	३५९	६७३५
६४	७०७०८	अछाम	कमलबजार नगरपालिका	१६३५	५९२२	३६३	७९२०
६५	७०७०९	अछाम	ढकारी गाउँपालिका	१८६०	५४४६	३४३	७६४९
६६	७०७१०	अछाम	तुर्माखाँद गाउँपालिका	१८६०	६३०४	३६१	८५२५
६७	७०८०१	कैलाली	मोहन्याल गाउँपालिका	२३१०	६१४३	२९१	८७४४
६८	७०८०२	कैलाली	चुरे गाउँपालिका	२३१०	५८०९	३७५	८४९४
६९	७०८०३	कैलाली	गोदावरी नगरपालिका	२६४५	१५६३३	४२२	१८७००
७०	७०८०४	कैलाली	गौरीगंगा नगरपालिका	२१८०	१२५५३	३३८	१५०७१
७१	७०८०५	कैलाली	घोडाघोडी नगरपालिका	२५६५	१४९७७	४४३	१७९८५
७२	७०८०६	कैलाली	बर्दगोरिया गाउँपालिका	१४९०	८२०७	४५०	१०१४७
७३	७०८०७	कैलाली	लम्कि चुहा नगरपालिका	२४२०	१४८९४	३१९	१७६३३
७४	७०८०८	कैलाली	जानकी गाउँपालिका	१७९५	११०७७	४५३	१३३२५
७५	७०८०९	कैलाली	जोशीपुर गाउँपालिका	१४९०	८९१७	३६२	१०७६९
७६	७०८१०	कैलाली	टिकापुर नगरपालिका	२११५	१५४०९	३७८	१७९०२
७७	७०८११	कैलाली	भजनी नगरपालिका	१८७५	११२५२	३६०	१३४८७
७८	७०८१२	कैलाली	कैलारी गाउँपालिका	२०२०	१०९५८	३९२	१३३७०
७९	७०८१३	कैलाली	धनगढी उपमहानगरपालिका	३२२०	२२७६७	४५४	२६४४१
८०	७०९०१	कञ्चनपुर	कृष्णपुर नगरपालिका	२२६०	१२२८३	३७०	१४९१३
८१	७०९०२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	१८७५	१०९७५	३७६	१३२२६
८२	७०९०३	कञ्चनपुर	बेदकोट नगरपालिका	१८७५	११५०१	४४९	१३८२५
८३	७०९०४	कञ्चनपुर	भिमदत्त नगरपालिका	२४३५	२०८२४	५०१	२३७६०

क्र.सं	संकेत नं.	जिल्ला	स्थानीय सरकारको नाम	न्यूनतम	सूत्रमा आधारित	कार्यसम्पादन मुल्याङ्कनमा आधारित	जम्मा
८४	७०९०५	कञ्चनपुर	चाँदनी-दोधारा नगरपालिका	१५७०	९७२१	४५६	११७४७
८५	७०९०६	कञ्चनपुर	लालझाडी गाउँपालिका	१६३५	६४००	४६१	८४९६
८६	७०९०७	कञ्चनपुर	पुनर्वास नगरपालिका	१९५५	११८९२	३५६	१४२०३
८७	७०९०८	कञ्चनपुर	बेलौरी नगरपालिका	१८७५	१२०७३	४३४	१४३८२
८८	७०९०९	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	१४१०	६४४२	३०२	८१५४
जम्मा				**१५८१६५**	**७०५८३५**	**३६०००**	**९०००००

३.२ सशर्त अनुदान सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस

आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस

मिति: २०८१/१२/२५

क. पृष्ठभूमि

तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्थाको सुनिश्चितता गर्दै नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको रहने व्यवस्था गरेको छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरणलाई तीन तह बीचको सहकारिताको एउटा महत्वपूर्ण अवयवको रूपमा स्विकार गरिएको छ। सङ्घीय प्रणालीलाई गतिशील बनाउने कार्य वित्तीय सङ्घीयताले गर्दछ र यसको सबैभन्दा महत्वपूर्ण कडीको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको हुन्छ। अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकार बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घ सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदेश सरकारले स्थानीय सरकारलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाईन्छ। यसका साथै स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवम् प्रादेशिक नीति तथा कार्यक्रम र मानकको स्थानीय सरकार मार्फत कार्यान्वयन गराउने उदेश्यका साथ प्रदेश तहका सरकारबाट स्थानीय तहका सरकारलाई सशर्त अनुदान उपलब्ध गराइन्छ।

सङ्घीय शासन प्रणाली अवलम्बन गरेका मुलुकहरू समेत अन्तर-सरकारी वित्त हस्तान्तरणका माध्यमबाट तहगत सरकारको वित्तीय न्यूनता पूर्ति गर्ने र आफ्ना घोषित नीति तथा कार्यक्रम कार्यान्वन गराउने गरेको पाइन्छ। सोही बमोजिम नेपालको सन्दर्भमा समेत प्रदेश सरकारले आफ्ना घोषित नीति तथा कार्यक्रम कार्यान्वन र निर्धारित लक्ष्य हासिल गर्न प्रदेश भित्रका स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ स्थानीय सरकारको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नेपालको वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानूनहरूमा सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार यस आयोगबाट निर्धारण गरी प्रदेश सरकार समक्ष सिफारिस गरिएको छ।

ख. कानूनी तथा नीतिगत व्यवस्था

प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धी कानूनी र नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्।

- **नेपालको संविधानको** धारा ६० को उपधारा (३) र धारा २५१ को उपधारा (१) को देहाय खण्ड (ग)।
- **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४** को दफा ३ को उपदफा (१) को देहाय (ख) र दफा १६ को उपदफा (२)।

- **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा ९ को उपदफा (३)।
- **सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को** दफा १३।
- **कोशी प्रदेशको प्रदेश नं. १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **मधेश प्रदेशको प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **बागमती प्रदेशको प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **गण्डकी प्रदेशको प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **लुम्बिनी प्रदेशको प्रदेश नं. ५ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५** को दफा ५।
- **सुदूरपश्चिम प्रदेशको वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५** को दफा ५।
- **राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९** ले वित्तीय सङ्घीयताका सम्बन्धमा नेपाल सरकार र सरोकारवाला निकायलाई देहायका सिफारिसहरू गरेको देखिन्छ।
- प्रदेशबाट स्थानीय तहलाई गरिने वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।
- प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान पठाउँदा क्रियाकलापगत रूपमा नपठाई विषयगत रूपमा क्षेत्रगत शर्त, लक्ष्य र अपेक्षित उपलब्धी तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्ने।
- **नेपाल सरकारको सङ्घीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना, २०७९** मा सशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रम बाँडफाँट गर्ने प्रवृत्ति अन्त्य गराउने भनि उल्लेख गरिएको देखिन्छ।
- **वि.सं. २०८० असारमा बसेको राष्ट्रिय समन्वय परिषद्ले** कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादात्म्यता कायम गर्ने तथा तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने भनि निर्णय गरेको छ।

ग. अनुदानको तथ्याङ्कीय प्रवृत्ति विश्लेषण

१. प्रदेश सरकारको बार्षिक बजेट र प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको पछिल्ला ४ आर्थिक वर्षको कुल अनुदानको विवरण तालिका ३.२ मा प्रस्तुत गरी विश्लेषण गरिएको छ।

तालिका ३.२

प्रदेश सरकारको कुल बजेट र स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजित बजेटको प्रदेशगत विवरण

(रकम रू. लाखमा)

प्रदेश	आर्थिक वर्ष २०७८/७९			आर्थिक वर्ष २०७९/८०			आर्थिक वर्ष २०८०/८१			आर्थिक वर्ष २०८१/८२		
	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)
कोशी	३२४६९२	३२२४२	९.९३	३९७३८३	३१५१५	७.९३	३६७४३५	३६६७३	९.९८	३५२७९३	४५८५०	१२.९९
मधेश	३३७९१४	३१६५०	९.३७	४६८८०९	२०६६०	४.४१	४४११४६	१८९२३	४.२८	४३८९२१	३०८१३	७.०२
बागमती	५७७२०९	७५०५६	१३.००	७०९३९२	८३५२७	११.७७	६२७०९०	७५७४७	१२.०७	६४५४०४	८३७००	१२.९६
गण्डकी	३००३९४	१९५००	६.४९	३५९०९०	२१११०	५.८८	३३४२७२	२१०५५	६.३०	३२९७८५	२०१००	६.०९
लुम्बिनी	४०९५९७	४८४२४	११.८२	४२६३५७	४८३१०	११.३३	४०४७९७	३५८९७	८.८७	३८९७००	३१४१३	८.०६

प्रदेश	आर्थिक वर्ष २०७८/७९			आर्थिक वर्ष २०७९/८०			आर्थिक वर्ष २०८०/८१			आर्थिक वर्ष २०८१/८२		
	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)	कुल बजेट	अन्तर सरकारी वित्त	प्रतिशत (अन्तर सरकारी वित्त/ बजेट)
कर्णाली	३६५४६६	३४०००	९.३०	३२६१६२	४०१५७	१२.३१	३३३७९७	४८००४	१४.३८	३१४१००	४८३३५	१५.३८
सुदूरपश्चिम	३०३३९५	१७२४५	५.६८	३६७४६५	१३६४०	३.७१	२९२६५९	२३४७६	८.०२	३१६२९८	३३८१७	१०.६९

स्रोतः सम्बन्धित आ.व.का प्रदेश सरकारका बजेट वक्तव्य र अन्तर सरकारी वित्त हस्तान्तरण पुस्तिका

माथिको तालिका विश्लेषण गर्दा कर्णाली प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा अन्तरसरकारी वित्त हस्तान्तरण बजेट कुल बजेट विनियोजनको ९.३० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा १५.३८ प्रतिशत पुगेको देखिन्छ। त्यसैगरी कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७८/७९ मा अन्तरसरकारी वित्त हस्तान्तरण बजेट कुल बजेट विनियोजन क्रमशः ९.९३, ५.६८ प्रतिशतबाट बढेर आर्थिक वर्ष २०८१/८२ मा क्रमशः १२.९९, १०.६९ प्रतिशत पुगेको देखिन्छ। लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७८/७९ को कुल बजेटमा वित्तीय हस्तान्तरणको हिस्सा ११.८२ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०८१/८२ मा ८.०६ प्रतिशत मात्र रहेको र मधेश प्रदेशको आर्थिक वर्ष २०७८/७९ को कुल बजेटमा वित्तीय हस्तान्तरणको हिस्सा ९.३७ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०८१/८२ मा ७.०२ प्रतिशत रहेको देखिन्छ। अन्य प्रदेशमा अन्तरसरकारी वित्त हस्तान्तरणका लागि विनियोजित बजेटको हिस्सा उल्लेख्य रुपमा परिवर्तन भएको देखिएन।

२. प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजित कुल बजेटसँग वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको प्रदेशगत विवरण र सोको विश्लेषण तल प्रस्तुत गरिएको छ।

२.१ कोशी प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजित कुल बजेटसँग वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको विवरण तालिका ३.३ मा प्रस्तुत गरी सोको विश्लेषण गरिएको छ।

तालिका ३.३

कोशी प्रदेशको कुल वित्तीय हस्तान्तरण र वित्तीय समानीकरण तथा सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	२८७४२	१००००	३४.७९	४६७२.५०	१६.२६
२०७८/७९	३२२४२	१००००	३१.०२	८५४१.७०	२६.४९
२०७९/८०	३१५१५	१००००	३१.७३	७९१४	२५.११
२०८०/८१	३६६७३.४५	१००००	२७.२७	१२४७२.१९	३४.०८
२०८१/८२	४५८५०	१००००	२१.८१	२०९५१	४५.६९

स्रोतः कोशी प्रदेश सरकारको सम्बन्धित आ.व.को बजेट वक्तव्य

माथिको तालिकाको विश्लेषण गर्दा कोशी प्रदेशको बजेटमा कुल अन्तर-सरकारी वित्तीय हस्तान्तरणको परिमाण बढ्दै गएको र यस्तो हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको परिमाण यथावत रहेतापनि हिस्सा कम हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा समानीकरण अनुदानको हिस्सा ३४.७९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा घटेर २१.८१ प्रतिशत पुगेको देखिन्छ। तर आर्थिक वर्ष २०७७/७८ मा सशर्त अनुदानको हिस्सा १६.२६ प्रतिशत रहेकोमा बढेर आर्थिक वर्ष २०८१/८२ मा ४५.६९ प्रतिशत पुगेको देखिन्छ। कुल वित्तीय हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा ४५.६९ प्रतिशत पुग्नुले कोशी प्रदेशले वित्तीय समानीकरण अनुदान भन्दा पनि

सशर्त अनुदानमा रुचि बढाउँदै लगेको पाइन्छ। यस्तो प्रवृति वित्तीय सङ्घीयता अनुकूल हुने देखिँदैन।वित्तीय सङ्घीयताको सुदृढीकरणका लागि वित्तीय समानीकरण अनुदानको अंश उल्लेखनीय मात्रामा वृद्धि गरिनुपर्दछ।

२.२ मधेश प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजित कुल बजेटसँग वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको विवरण तालिका ३.४ मा प्रस्तुत गरी सोको विश्लेषण गरिएको छ।

तालिका ३.४

मधेश प्रदेशको कुल वित्तीय हस्तान्तरण र वित्तीय समानीकरण तथा सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	२८३६०	१००००	३५.२६	११२१०	३९.५३
२०७८/७९	३१६५०	१२०००	३७.९१	९१२५	२८.८३
२०७९/८०	२०६६०	१३२००	६३.८९	३३५	१.६२
२०८०/८१	१८९२३	११८०८	६२.४०	०.००	०.००
२०८१/८२	३०८१३	११८०८	३८.३२	१२२०५	३९.६०

स्रोतः मधेश प्रदेश सरकारको सम्बन्धित आ.व.को बजेट वक्तव्य

माथिको तालिका विश्लेषण गर्दा मधेश प्रदेशको बजेटमा कुल वित्तीय हस्तान्तरणको परिणाम २०७७/७८ को तुलनामा आ.व. २०८१/८२ मा वृद्धि भएको देखिन्छ। ५ बर्षको तथ्याङ्क हेर्दा कुल वित्तीय हस्तान्तरणको परिणाम घटबढ भएको देखिन्छ। वित्तीय समानीकरण अनुदानको हिस्सा आ.व. २०७७/७८ मा ३५.२६ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ मा ३८.३२ प्रतिशत देखिन्छ। अघिल्लो आ.व. २०८०/८१ को तुलनामा चालु आ.व.मा वित्तीय समानीकरण अनुदानको हिस्सामा २४.०८ प्रतिशत घटेको देखिन्छ। त्यस्तैगरी आ.व. २०७७/७८ मा सशर्त अनुदान ३९.५३ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ मा ३९.६० प्रतिशत पुगेको देखिन्छ। त्यसैगरी आ.व. २०८१/८२ मा मधेश प्रदेश सरकारले वित्तीय समानीकरण अनुदान भन्दा सशर्त अनुदान हस्तान्तरणको परिमाण बढाएको देखिन्छ।

विगत वर्षको उपलब्ध तथ्यांक विश्लेषण गर्दा मधेश प्रदेशले सशर्त अनुदानलाई साघुँरो पार्दै आर्थिक वर्ष २०७९/८० मा कुल अन्तर सरकारी वित्त हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा १.६२ प्रतिशतमा सीमित गरेको देखिन्छ। साथै, मधेश सरकार, अर्थ मन्त्रालयको वेवसाइटमा रहेको अन्तरसरकारी तथा वित्तीय हस्तान्तरण २०८०/८१ मा उल्लेख भए अनुसार सशर्त अनुदानतर्फ शून्य रकम राखिएको देखिन्छ। तर सोही मन्त्रालयको वेवसाइटमा आ.व. २०८०/८१ को प्रदेश सर्शत अनुदान कार्यविधि, २०८० को अनुसूची-१ बमोजिम योजना/कार्यक्रम पठाउने सम्बन्धी सूचना प्रकाशन गरेको देखिन्छ। यसबाट मधेश प्रदेश सरकारले प्रदेश सभामा पेस गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरणको विवरणमा सशर्त अनुदान शून्य देखाउने तर सूचना जारी गरी स्थानीय सरकारमार्फत सशर्त अनुदानका लागि योजना तथा कार्यक्रम सङ्कलन गर्न खोजेको देखिन्छ। सभाबाट पारित विनियोजन ऐन र बजेट प्रस्तावमा समावेश नगरी गैर बजेटरि विधिबाट सशर्त अनुदान हस्तान्तरण गर्ने कार्य नेपालको संविधान र वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानून विपरित हुने देखिन्छ। अत: बजेट प्रस्ताव र विनियोजन ऐन बमोजिम बाहेक गरिने कुनै पनि प्रकारको हस्तान्तरण नगर्न नगराउन प्रदेश सरकार र अन्य सरोकारवाला निकायहरू जिम्मेवार हुनुपर्ने देखिन्छ।

२.३ बागमती प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजित कुल बजेटसँग वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको विवरण तालिका ३.५ मा प्रस्तुत गरी सोको विश्लेषण गरिएको छ।

तालिका ३.५

बागमती प्रदेशको कुल वित्तीय हस्तान्तरण र वित्तीय समानीकरण तथा सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	७२४३२	१२५००	१७.२६	३०६४६	४२.३१
२०७८/७९	७५०५६	१५०००	१९.९८	२६६३१	३५.४८
२०७९/८०	८३५२७	१७५००	२०.९५	२९८९४	३५.७९
२०८०/८१	७५७४६.९६	१६६२५	२१.९४	२८२४२.९६	३७.२८
२०८१/८२	८३७००	१६६००	१९.८३	३४३००	४०.९७

स्रोतः बागमती प्रदेश सरकारको सम्बन्धित आ.व.को बजेट वक्तव्य

माथि तालिकाको विश्लेषण गर्दा बागमती प्रदेशमा कुल वित्तीय हस्तान्तरणको परिणाम क्रमश वृद्धि भएको देखिन्छ। वित्तीय समानीकरण अनुदानको परिमाण आ.व. २०७७/७८ मा कुल वित्तीय हस्तान्तरणको १७.२६ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ मा केही वृद्धि भई १९.८३ प्रतिशत पुगेको देखिन्छ। सशर्त अनुदान यो अवधिमा ४२.३१ प्रतिशतबाट घटेर ४०.९७ प्रतिशत विनियोजन भएको देखिन्छ। यस प्रदेशले वित्तीय समानीकरण अनुदान भन्दा पनि सशर्त अनुदान समपूरक अनुदान र विशेष अनुदानमा रुचि बढाउँदै लगेको अवस्था छ। यस्तो प्रवृति वित्तीय सङ्घीयता अनुकूल हुने देखिँदैन। अतः वित्तीय सङ्घीयताको सुदृढीकरणका लागि अन्तर-सरकारी वित्तीय हस्तान्तरणको अंश बढाउनुपर्ने र त्यस्तो हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश उल्लेखनीय मात्रामा वृद्धि गरिनुपर्दछ।

२.४ गण्डकी प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण र तालिका ३.६ मा प्रस्तुत गरी सोको विश्लेषण गरिएको छ।

तालिका ३.६

गण्डकी प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	२१४४०	१०५००	४८.९७	२७१०	१२.६४
२०७८/७९	१९५००	११०००	५६.४१	२२३५	११.४६
२०७९/८०	२१११०	११६००	५४.९५	१८१०	८.५७
२०८०/८१	२१०५५	११६००	५५.०९	२४४५	११.६१
२०८१/८२	२०१००	११६००	५७.७१	२४०	१.१९

स्रोतः गण्डकी प्रदेशको सम्बन्धित आ.व.को बजेट वक्तव्य

माथिको तालिका विश्लेषण गर्दा गण्डकी प्रदेशको बजेटमा कुल वित्तीय हस्तान्तरणको हिस्सा आ.व. २०७८/७९ देखि घट्दै गएको देखिन्छ। आ.व.२०७७/७८ मा वित्तीय समानीकरण अनुदान बापत ४८.९७ प्रतिशत विनियोजन गर्ने गरी बजेट प्रस्ताव गरेको देखिन्छ भने आ.व. २०८१/८२ सम्ममा वित्तीय समानीकरण अनुदान वृद्धि भई ५७.७१ प्रतिशत पुगेको देखिन्छ।

अर्कोतर्फ आ.व. २०८१/८२ मा सशर्त अनुदानको हिस्सा १.१९ प्रतिशत रहेको देखिन्छ जुन आ.व. २०७७/७८ देखि हालसम्म विनियोजन भएको मध्ये सबैभन्दा न्यून हो। वित्तीय समानीकरण अनुदानको हिस्सामा वृद्धि देखिएता पनि

सशर्त अनुदानमा भने न्यूनता आएको देखिन्छ। तुलनात्मक रुपमा गण्डकी प्रदेशमा सशर्त अनुदानको हिस्सा न्यून देखिए पनि उक्त अनुदान हस्तान्तरण गर्दा वस्तुनिष्ठ आधार लिनुपर्ने र एक अर्को तहको कार्यक्षेत्रमा हस्तक्षेप गर्न नहुने तर्फ सचेत हुनुपर्ने देखिन्छ।

२.५ लुम्बिनी प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण र तालिका ३.७ मा प्रस्तुत गरी सोको विश्लेषण गरिएको छ।

तालिका ३.७
लुम्बिनी प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	५१४०१	६०००	११.६७	२०४०१	३९.६९
२०७८/७९	४८४२४	७०००	१४.४६	१२८९९	२६.६४
२०७९/८०	४८३१०	८५००	१७.५९	११२६०	२३.३१
२०८०/८१	३५८९७	१००००	२७.८६	१११५७	३१.०८
२०८१/८२	३१४१३	९५००	३०.२४	११३८३	३६.२४

स्रोतः लुम्बिनी प्रदेशको सम्बन्धित आ.व.को बजेट वक्तव्य

तालिकाको विश्लेषण गर्दा लुम्बिनी प्रदेशको बजेटमा कुल वित्तीय हस्तान्तरणको हिस्सा क्रमश घट्दै गएको देखिन्छ। आ.व.२०७७/७८ मा कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको हिस्सा क्रमशः ११.६७, ३९.६९ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ मा यस्तो हिस्सा क्रमशः ३०.२४, ३६.२४ प्रतिशत रहेको देखिन्छ। यस प्रदेशले वित्तीय समानीकरण अनुदान प्रतिशत क्रमशः बढाउँदै लगेको देखिन्छ भने सशर्त अनुदानको रकम क्रमशः कम गर्दै लगेकोमा आर्थिक वर्ष २०८०/८१ र आ.व.२०८१/८२ मा उल्लेख्य वृद्धि भएको देखिन्छ।

यसरी समानीकरण अनुदान भन्दा सशर्त अनुदान बढी दिने प्रवृत्ति वित्तीय सङ्घीयता र समन्यायिकताको अनुकुल नरहेको देखिएकोले समानीकरण अनुदान बढाउने र सबै खाले सशर्त अनुदान घटाउने तर्फ प्रदेश सरकार संवेदनशील र जवाफदेही बन्नुपर्दछ।

२.६ कर्णाली प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण र तालिका ३.८ मा प्रस्तुत गरी सोको विश्लेषण गरिएको छ।

तालिका ३.८
कर्णाली प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	२९९६५	८०००	२६.७०	६६००	२२.०३
२०७८/७९	३४०००	८०००	२३.५२	१३०००	३८.२३
२०७९/८०	४०१५७	८०००	१९.९२	२३९८७	५९.७३
२०८०/८१	४८००४.४	८०००	१६.६७	२८८२४.४	६०.०४
२०८१/८२	४८३३५	८०००	१६.५५	३०५५२	६३.२०

स्रोतः कर्णाली प्रदेशको सम्बन्धीत आ.व.को बजेट वक्तव्य

माथिको तालिका विश्लेषण गर्दा कर्णाली प्रदेशको कुल वित्तीय हस्तान्तरण क्रमश वृद्धि भएको देखिन्छ। वित्तीय समानीकरण अनुदान आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्म प्रत्येक वर्ष रू. ८० करोड रुपैयाँ विनियोजन गर्दै आएको देखिन्छ। सोही अवधिमा सशर्त अनुदानको परिमाण रू. ६६ करोड रुपैयाँबाट बढाउदै आर्थिक वर्ष २०८१/८२ मा रू. ३ अर्ब ५५ करोड पुऱ्याइएको छ। यसरी यस प्रदेशले आर्थिक वर्ष २०८१/८२ मा वित्तीय समानीकरण अनुदानतर्फ समान रकम विनियोजन गर्दा सशर्त अनुदानतर्फ भने करिब ३ गुणा बढी हुने गरी ठूलो रकम विनियोजन गरेको देखिन्छ। निशर्त अनुदान भन्दा सशर्त अनुदान उच्च मात्रामा दिइएको कारणबाट स्थानीय सरकारको वित्तीय स्वायत्ततामा गम्भीर प्रहार गर्नुका साथै वित्तीय अन्तरमा झनै असन्तुलन हुने हुँदा अन्तर सरकारी वित्त हस्तान्तरणमा सशर्त अनुदानको अनुपात कम गरी वित्तीय समानीकरण अनुदानको अनुपात बढाउँदै लैजानुपर्ने देखिन्छ।

२.७ सुदूरपश्चिम प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण र तालिका ३.९ मा प्रस्तुत गरी सो को विश्लेषण गरिएको छ।

तालिका ३.९

सुदूरपश्चिम प्रदेशको वित्तीय समानीकरण र सशर्त अनुदानको विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	कुल वित्तीय हस्तान्तरण	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७७/७८	२१३५०	६३००	२९.५१	५०	०.२३
२०७८/७९	१७२४५	७२४५	४२.०१	०	०.००
२०७९/८०	१३६४०	७६४०	५६.०१	०	०.००
२०८०/८१	२३४७५.७	८०६१.३५	३४.३४	४९४३.५०	२१.०६
२०८१/८२	३३८१७	८६००	२५.४३	१०२१७	३०.२१

स्रोतः सुदूरपश्चिम प्रदेशको सम्बन्धित आ.व.को बजेट वक्तव्य

तालिकाको विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशले कुल अन्तर-सरकारी वित्तीय हस्तान्तरणको परिमाण क्रमशः घटाउँदै लगेकोमा आर्थिक वर्ष २०८०/८१ देखि केही रकम बढाएर विनियोजन गरेको देखिन्छ। प्रदेशबाट स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण सामान्य बढेको देखिए पनि सशर्त अनुदान बापत पछिल्ला दुई आर्थिक वर्षमा कुनै रकम विनियोजन गरेको देखिएन। तर आर्थिक वर्ष २०८०/८१ मा भने कुल वित्तीय हस्तान्तरणको २१ प्रतिशत सशर्त र चालु आ.व.मा ३०.२१ प्रतिशत अनुदानमा विनियोजन भएको देखिन्छ। यसरी निशर्त भन्दा सशर्त अनुदान उल्लेख्य बढाउँदै लैजाने प्रवृत्तिले सुदूरपश्चिम सरकार वित्तीय सङ्घीयता र समन्यायिकताको मर्मबाट विषयान्तर हुँदै गएकोले तत्काल सच्चिएर सुधार गर्नुपर्ने देखिन्छ।

घ. चालु आर्थिक वर्षको कार्यक्रमहरूको विश्लेषण

प्रदेश सरकारले विगतका वर्षहरूमा स्थानीय सरकारलाई उपलब्ध गराएको सशर्त अनुदानका सम्बन्धमा आयोगले गरेको सिफारिस कार्यान्वयनको अवस्था अध्ययन गर्न आयोगबाट सिफारिस गरिएको आधार खुल्ने गरी आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२ मा प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण गरिएका सशर्त अनुदान तर्फको विषयगत मन्त्रालय अनुसारको विनियोजित बजेट एवम् आयोजना तथा कार्यक्रम/क्रियाकलापको विवरण माग गरिएकोमा केही प्रदेश सरकारबाट मात्रै विवरण प्राप्त भएको छ। प्राप्त विवरणको विश्लेषण गर्दा देहायको अवस्था रहेको देखियो।

१. आयोगको सुझाव अनुसार प्रदेश सरकारबाट क्षेत्रगत लक्ष्य उद्देश्य, नतिजासूचक र शर्त मात्र तोकी एकमुष्ट सशर्त अनुदान हस्तान्तरण भएको देखिएन।

२. अधिकांश प्रदेश सरकारले सशर्त अनुदानका आयोजना तथा कार्यक्रमहरू आयोगले तोकेको कुन आधार अन्तरगत हस्तान्तरण गरेको भन्ने व्यहोरा नखुलाई एकमुष्ट रुपमा एउटै आधार मात्र उल्लेख गरेको पाइएकोले आयोगले तोकेका आधार अवलम्बन नगरेको देखिन्छ।
३. केही प्रदेश सरकारले आयोजना तथा कार्यक्रम छनौट गर्दा आयोगले तोकेको आधार समेत नखुलाई सशर्त अनुदान हस्तान्तरण गरेको देखियो।
४. प्रदेश सरकारको अधिकारक्षेत्रको विषय स्थानीय सरकारबाट कार्यान्वयन हुनुपर्ने आधार लिई सशर्त अनुदान हस्तान्तरण गर्दा उक्त कार्यक्रम कुन तहको अधिकारक्षेत्रको विषय हो भन्ने विश्लेषण भएको समेत देखिएन।
५. कार्यक्रमहरू छनौट गर्दा भौगोलिक सन्तुलन मिलेको तथा आर्थिक सामाजिक सूचकहरूको आधारमा प्राथमिकीकरण गरेको वा भएको देखिएन।

ङ. सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन अनुसन्धान तथा विश्लेषण

सशर्त अनुदानको आधार तयार गर्ने क्रममा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) ले मार्गदर्शन गरेबमोजिम आयोगले आवश्यक अध्ययन अनुसन्धानको कार्य गर्दै आएको छ। यस क्रममा सशर्त अनुदानको सैद्धान्तिक आधार एवम् नीतिगत व्यवस्थाको सूक्ष्म विश्लेषण गर्नुका साथै हालसम्मको कार्यान्वयनको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई समेत सँगै राखेर विश्लेषण तथा अध्ययन अनुसन्धान गरिएको छ। सङ्घीय शासन प्रणालीमा वित्तीय सङ्घीयता र सशर्त अनुदानको भूमिका सम्बन्धमा विषय विज्ञहरूसँग अन्तरक्रियाको माध्यमबाट राय परामर्श लिइएको छ। सशर्त अनुदान वितरण सम्बन्धमा आयोगले विगतमा सिफारिस गरेका आधारहरू र सोको कार्यान्वयन अवस्था समेतलाई हेरेर तिनको औचित्य र प्रभावकारिता परीक्षण गरिएको छ। साथै, यस सम्बन्धमा बाह्य विज्ञमार्फत् स्वतन्त्र अध्ययन/अनुसन्धान गराएर समेत आयोगले पृष्ठपोषण प्राप्त गरेको छ। सशर्त अनुदान सम्बन्धमा आयोगले गरेको अध्ययन अनुसन्धान तथा सरोकारवाला निकायहरूसँग गरेको अन्तरक्रियाको क्रममा सहभागीहरूबाट औंल्याइएको विद्यमान अवस्था र सुधारका लागि प्राप्त सुझावको संक्षिप्त विवरण देहायबमोजिम रहेको छ।

१. प्राप्त सुझावहरू

चालु आ.व. तथा विगत आ.व.मा गरिएका छलफल, अन्तरक्रिया तथा अन्य माध्यमबाट आयोगमा प्राप्त हुन आएका सुझावहरू देहाय बमोजिम रहेका छन्।

१.१ नेपाल सरकारका मन्त्रालयहरूसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझावः

१. सशर्त अनुदानको रकम क्षेत्रगत उपलब्धिहरू तोकी एकमुष्ट उपलव्ध गराउने, सङ्घ, प्रदेश र स्थानीय सरकारबाट एउटै वा उस्तै प्रकृतिका कार्यक्रम तथा आयोजनाहरू सँगसँगै सञ्चालन गर्ने अवस्थाको अन्त्य गर्नुपर्ने,

२. मन्त्रालगत बजेट सूचना प्रणाली (LMBIS) मा बजेट प्रविष्टि गर्दा आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधारहरू खुलाउनुपर्ने,

३. प्रदेश तथा स्थानीय सरकारमा समायोजन भई गएका कर्मचारीहरूको तलब भत्ता लगायतका सुविधाहरू वित्तीय समानीकरण अनुदानबाट पठाउने,

४. सशर्त अनुदान प्रदान गर्दा आयोजना नतोकी नतिजासँग आबद्ध गर्ने।

१.२ प्रदेश सरकारका मन्त्रालयसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझावः

१. सशर्त अनुदानमा सञ्चालन हुने आयोजना प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा आधारित हुनुपर्ने,

२. सबै किसिमका अनुदानहरूको बजेट सीमा प्रदेश तथा स्थानीय सरकारले निर्धारित समयभित्र पाउनुपर्ने,

३. आयोजना बैंकमा सूचीकृत मध्येबाट संभाव्य आयोजना छनौट गरी सशर्त अनुदान परिचालन गर्नुपर्ने,

४. सरकारका तहहरू बीचको अन्तर सरकारी वित्त हस्तान्तरणलाई पारदर्शी र उत्तरदायी बनाउनुपर्ने,

५. टुक्रे कार्यक्रम र आयोजना नियन्त्रण गरी आयोजना कार्यान्वयनलाई नतिजामुखी बनाउने,

६. सशर्त अनुदानको न्यूनतम र अधिकतम सीमा तोकी प्रगति सूचकको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,

७. प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता, पूर्वाधारको अवस्था, आन्तरिक स्रोतको उपलब्धता तथा कार्यान्वयन क्षमताको आधारमा सशर्त अनुदान प्रदान गर्नुपर्ने,

८. नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका सशर्त अनुदानका आधार र सुझावहरू पूर्ण रूपमा पालना गर्नुपर्ने,

९. नेपाल सरकारले सङ्घीय बजेटको अर्धवार्षिक समीक्षा मार्फत प्रदेशसभाबाट पारित बजेटमा समावेश भएका सशर्त अनुदानका कार्यक्रमहरू फिर्ता लिएको कारणले प्रदेश सरकारको स्वयात्तताको प्रतिकूल असर पर्ने हुँदा आगामी दिनमा त्यस्तो अवस्था आउन नदिने।

१.३ स्थानीय सरकारसँगको छलफल एवम् अन्तरक्रियाबाट प्राप्त राय/सुझावः

१. संघ तथा प्रदेश सरकारबाट आयोजना तथा कार्यक्रम पहिचान, विकास र छनौट गर्दा स्थानीय सरकारसंग परामर्श र समन्वय नगरिएको तथा अति नै न्युन रकमका कार्यक्रमहरू समेत सशर्त अनुदानको रुपमा हस्तान्तरण हुने गरेको कारणबाट एकातर्फ स्थानीय सरकारको वित्तीय स्वायत्ततामा असर परेको तथा अर्को तर्फ ती कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी हुन नसकेकोले सोही बमोजिम सुधार गर्नुपर्ने,

२. नेपाल सरकारबाट स्वीकृति लिइ अध्ययन विदा, सुत्केरी विदामा बसेका स्थायी कर्मचारीको स्थानमा राखिएका अस्थायी कर्मचारीको तलब भत्ता सशर्त अनुदानबाट उपलब्ध गराइदिनु पर्ने,

३. आर्थिक वर्षको अन्त्यतिर सशर्त अनुदानको कार्यक्रममा बजेट विनियोजन हुँदा सोको कार्यान्वयन गर्न तथा गुणस्तर कायम गर्न कठिनाई परेकोले सुरु विनियोजनमा नै सबै रकम समावेश गर्ने,

४. कार्यक्षेत्र, लक्ष्य र उद्देश्यमात्र तोकी एकमुष्ट सशर्त अनुदान हस्तान्तरण हुने र स्थानीय सरकारले योजना तथा बजेट निर्माणको अधिकारको उपभोग गर्ने व्यवस्था मिलाइनुपर्ने,

५. कतिपय स्थानीय सरकारमा दरबन्दीको २० प्रतिशत पनि कर्मचारी पदपूर्ति नहुँदा सशर्त अनुदान कार्यान्वयन लगायत समग्र कार्यसम्पादनमा बाधा परेकोले सोको सम्बोधन हुनुपर्ने,

६. नेपाल सरकारले प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रमहरू स्थानीय सरकारको आवश्यकता र प्राथमिकता अनुकूलको हुनुपर्ने,

७. विनियोजन भएका सशर्त अनुदान अन्तरगतका कार्यक्रमहरू आर्थिक वर्षको बीचमा खोसिने वा कटौतीमा पर्ने गरेको कारणले भूकम्प प्रभावित क्षेत्रमा अनुदानको कमजोर अनुमानयोग्यता हुनुका साथै राहत तथा पुन:निर्माणको काममा बाधा परेको तर्फ नेपाल सरकार गम्भीर हुनुपर्ने,

८. संविधानतः स्थानीय सरकारको एकल अधिकार भित्रको विषय र आन्तरिक स्रोत विनियोजन मार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गरिरहेको क्षेत्रमा पनि सशर्त अनुदान प्राप्त हुँदा आयोजना वा कार्यक्रममा दोहोरोपना/तेहोरोपना हुन गई उपलब्ध स्रोतसाधनको सन्तुलित वितरण र मितव्ययीपूर्ण उपयोगमा चुनौती सिर्जना भएको हुँदा सशर्त अनुदान प्रदान गर्ने क्षेत्र, आधार र मानदण्ड स्पष्ट हुनुपर्ने र सोका लागि संघ, प्रदेश र स्थानीय

सरकारले क्षेत्रगत र रकमगत रुपमा गर्न पाउने आयोजना तथा कार्यक्रमको स्पष्ट सीमा तोक्ने गरी सङ्घीय कानूनमा व्यवस्था हुनुपर्ने,

९. सशर्त अनुदान अन्तर्गत सुरु भएका तर सम्बन्धित आर्थिक वर्ष भित्र कार्यसम्पन्न हुन नसकेका कार्यक्रमहरूमा अर्को वर्ष बजेट विनियोजन नहुँदा कार्यक्रम नै अलपत्र हुने गरेको कारणले कार्यान्वयन योग्यताका आधारमा मात्र सशर्त अनुदान हस्तान्तरण हुनुपर्ने,

१०. सशर्त अनुदानको तुलनामा समानीकरण अनुदान कम हुँदै गएको, पालिकाले माग गरेको कार्यक्रममा अनुदान प्राप्त नभएको र माग नै नगरेको कार्यक्रममा अनुदान आउने गरेको लगायतका कारणले कार्यान्वयनमा कठिनाई भएकोले समग्र अनुदानमा वित्तीय समानीकरणको हिस्सा बढी र सशर्तको हिस्सा कम गर्दै आवश्यक विषयमा मात्र अनुदान हस्तान्तरण हुनुपर्ने,

११. स्थानीय सरकारमा उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमताभन्दा बाहिरका कार्यक्रममा समेत सशर्त अनुदान प्राप्त हुने गरेबाट त्यस्ता कार्यक्रम कार्यान्वयन हुन नसकी स्थानीय सरकारको कार्य प्रगतिको अवस्था कमजोर देखिन गएको हुँदा क्षमता विकासमा जोड दिनुपर्ने,

१२. स्थानीय सरकारमा शिक्षा र स्वास्थ्य तर्फ कर्मचारी न्युनता अधिक रहेकोले सङ्घीय सरकारले अनुदानको रकम बढाउनुपर्ने,

१३. केही गाउँपालिकामा सशर्त अनुदानका कार्यक्रमहरूमा दोहोरोपना रहेको र समुदाय केन्द्रित भन्दापनि व्यक्ति तोकेर अनुदान हस्तान्तरण गरिदा कार्यान्वयनमा समस्या भएकोले उक्त प्रवृत्ति हटाउनुपर्ने।

च. आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरिएको आधारहरू

नेपालको संविधान तथा प्रचलित कानूनमा भएका व्यवस्था र तोकिएका आधारहरूलाई दृष्टिगत गर्दै मुख्यतया प्रादेशिक रूपमा राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय तथा प्रादेशिक मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएको अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) तथा सोही ऐनको दफा १६ को उपदफा (२) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा देहायका आधारहरू निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छः

१. **प्रदेश सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा अधिकारक्षेत्रको अतिक्रमण र दोहोरोपना नहुने गरी प्रदेश सरकारले स्थानीय सरकारलाई त्यस्तो आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

२. **प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नेपाल सरकार र प्रदेश सरकारले जारी गरेको सम्बन्धित सरकारको कार्यक्षेत्र भित्रको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः प्रदेश सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रम स्थानीय

सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा अधिकारक्षेत्रको अतिक्रमण र दोहोरोपना नहुने गरी प्रदेश सरकारले स्थानीय सरकारलाई त्यस्तो आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

३. **स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः** नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधा र प्रदेश सरकारको कार्यक्षेत्रको सम्बन्धमा प्रदेश सरकारबाट तय भएका न्यूनतम प्रादेशिक मानकलाई स्थानीय सरकारको उपलब्ध वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अध्ययन विश्लेषणबाट देखिन आएमा त्यस्ता प्रादेशिक मानकको सम्बन्धित तहमा कार्यान्वयन/स्थापित गराउन प्रदेश सरकारले सम्बन्धित स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

४. **सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः** कुनै स्थानीय सरकार आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय र प्रादेशिक औषत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेको तर अन्य वित्तीय स्रोत र कार्यक्रमबाट सोको सम्बोधन हुन नसक्ने अवस्था रहेको र त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम स्थानीय सरकारबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

५. **एकमुष्ट अनुदान हस्तान्तरण गर्नेः** प्रदेश सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानका लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक र क्षेत्र तोकी एकमुष्ट रकम विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउने।

६. **मानव विकास सूचकाङ्कको अवस्थाः** मानव विकास सूचकाङ्कले स्थानीय सरकारमा बसोबास गर्ने मानिसको शिक्षा, स्वास्थ्य र आयको मापन गर्दछ। जुन स्थानीय सरकारको मानव विकास सूचकाङ्क कम छ, त्यस स्थानीय सरकारले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्नका लागि अतिरिक्त प्रयास गर्नुपर्ने हुन्छ, सोका लागि स्वभाविक रूपमा अतिरिक्त खर्चको आवश्यकता हुन्छ। सशर्त अनुदान हस्तान्तरणको आवश्यकता पहिचान गर्दा सम्बन्धित तहको मानव विकासको अवस्था विश्लेषण गर्नुपर्दछ।

७. **आर्थिक सामाजिक असमानताको अवस्थाः** आर्थिक सामाजिक असमानता सूचकाङ्क को अध्ययन र विश्लेषण गरी असमानता बढी रहेको तहमा उक्त असमानता न्यूनीकरण गरी कम्तिमा राष्ट्रिय औषत स्तरमा पुऱ्याउनका लागि सशर्त अनुदान प्रदान गर्न सकिन्छ। आर्थिक सामाजिक असमानताको अवस्था उच्च रहेका स्थानीय सरकारले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा प्रभावकारिता ल्याउन थप खर्च गर्नुपर्ने हुन्छ। स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक असमानता सूचकाङ्क जस्तै लैंगिक असमानता, बहुआयामिक गरिबी लगायतको अध्ययन र विश्लेषण गर्नुपर्दछ।

८. **पूर्वाधार विकासको अवस्थाः** प्रदेश सरकारले पूर्वाधार विकासका कार्यक्रममा सशर्त अनुदान सिफारिस गर्दा स्थानीय सरकारको पूर्वाधार विकासको अवस्था र आवश्यकतालाई आधार लिनुपर्ने छ। स्थानीय सरकारको पूर्वाधार विकासको अवस्थाले सो स्थानीय सरकारको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका स्थानीय सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। साथै भौगोलिक अवस्थिति र विकासको

अवस्था समेतका आधारमा पूर्वाधार विकासको लागतमा समेत विविधता रहन्छ। प्रदेश सरकारले देहायका पूर्वाधार विकासका सूचकहरूका साथै अन्य उपयुक्त सूचकहरूको अध्ययन विश्लेषण गरेर अत्यावश्यक र प्राथमिकताप्राप्त कार्यका लागि मात्र सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।

९. **सडकको घनत्व (सडकमा पहुँच):** सडक सञ्जालको पहुँचले स्थानीय सरकारको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि सडकको भूमिका महत्वपूर्ण हुन्छ। न्यूनतम सडकको पहुँच, सडकको गुणस्तर र घनत्व समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

१०. **विद्युतको सुविधा (विद्युतमा पहुँच):** विकासको एक महत्वपूर्ण पूर्वधारको रुपमा रहेको उर्जा वा विद्युतको सुविधाले स्थानीय सरकारको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय सरकारमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। विद्युतमा पहुँच, प्रतिव्यक्ति विद्युत खपत, स्वच्छ र नवीकरणीय उर्जा खपतमा गरेको प्रयास समेतका आधारमा विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ।

११. **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच):** जुन स्थानीय सरकारको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता स्थानीय सरकारले सूचना प्रविधिको पहुँच स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ। स्थानीय सरकारमा उपलब्ध आमसञ्चार, डिजिटल सञ्चार, इन्टरनेट सुविधा लगायतका सूचकहरूको अध्ययन विश्लेषण गरी सशर्त अनुदान प्रदान गर्नुपर्दछ।

१२. **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** नागरिकको जीवनको संरक्षण र स्वस्थता प्रवर्द्धनका लागि प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। स्थानीय सरकारमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। सम्बन्धित तहमा न्यूनतम तथा सुरक्षित खानेपानी उपलब्धताको अवस्था, विगतमा गरिएको लगानी र उपलब्धि, खानेपानी पूर्वाधार लागतमा रहेको फरकपना र सोको दिगो व्यवस्थापन एवम् संरक्षणमा सम्बन्धित तहको सरकार तथा नागरिकको जिम्मेवारी समेतलाई विश्लेषण गरी सुरक्षित रुपमा खानेपानीको पूर्वाधार विकास र सेवाप्रवाह सुनिश्चित हुनेगरी सर्शत अनुदान प्रदान गर्नुपर्दछ।

१३. **सरसफाइको अवस्था:** नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। स्थानीय सरकारमा हाल रहेका शौचालयहरूको उपलब्धता, ढल निकासा, फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्र, धुँवा धुलो निवारणमा गरेको प्रयास र प्रदुषणको अवस्था समेतको अध्ययन विश्लेषण गरी सरसफाइ प्रवर्द्धनमा सकारात्मक भूमिका खेलेका तर स्रोत अभाव रहेका स्थानीय सरकारलाई सर्शत अनुदान प्रदान गर्न सकिन्छ।

१४. **राजस्वको अवस्था:** प्रदेश सरकारले सशर्त अनुदान सिफारिस गर्दा स्थानीय सरकारको राजस्वको अवस्था, विगतमा राजस्व सङ्कलनमा गरेको प्रयास र उठाउन सक्ने क्षमतालाई आधार लिनुपर्ने हुन्छ। राजस्व क्षमता कम भएको तर राजस्व सङ्कलनमा उल्लेख्य प्रयास गरेको स्थानीय सरकारलाई तोकिएको क्षेत्र र कार्यमा खर्च गरी निर्धारित लक्ष्य हासिल गर्ने शर्तमा सशर्त अनुदान प्रदान गर्न सकिन्छ।

१५. **खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता:** प्रदेश सरकारले स्थानीय सरकारलाई सशर्त अनुदान हस्तान्तरण गर्दा स्थानीय सरकारको राजस्व उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई समेत आधार

लिनुपर्ने हुन्छ। सोका लागि प्रत्येक प्रत्येक स्थानीय सरकारको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता समेत निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) यकीन गर्नुपर्दछ। वित्तीय अन्तर बढी रहेको स्थानीय सरकारलाई उक्त वित्तीय अन्तर कम हुने गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्दछ। साथै सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा नकारात्मक प्रभाव नपर्नेगरी समन्यायिक हिसाबले हस्तान्तरणको व्यवस्था मिलाउनुपर्दछ। यसका लागि नेपाल सरकारले तीनवटै तहका सरकारको संलग्नता/सहमतिमा नेपालको संविधान अनुसारको कार्यजिम्मेवारी थप स्पष्ट पार्ने र तीन वटै तहका सरकारबाट नागरिकलाई प्रदान गरिने सेवा, उपलब्ध गराउने सुविधा र पूर्वाधारको न्यूनतम मापदण्ड अनिवार्य रुपमा निर्धारण गर्नुपर्दछ।

१६. **कार्यसम्पादन मूल्यांकनको अवस्था विश्लेषण गरी सशर्त अनुदान हस्तान्तरण गर्नुपर्ने:** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गर्नुपूर्व स्थानीय सरकारको कार्यसम्पादनको अवस्था यकीन गर्नुपर्दछ। यसका लागि नेपालको संविधानमा उल्लिखित मौलिक हक र राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनमा सम्बन्धित तहले गरेको लगानी र उपलब्धिको अवस्था, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको नेपाल सरकार पक्ष राष्ट्र भई सिर्जित दायित्व पालनामा प्राप्त उपलब्धिको अवस्था, नेपालको राष्ट्रिय नीति र कानूनले निर्दिष्ट गरेको उद्धेश्य र गन्तव्य प्राप्तिमा सम्बन्धित सरकारले खेलेको भूमिका र प्रगति, गत आर्थिक वर्ष सम्मका लागि तोकिएको दिगो विकास लक्ष्य प्राप्तिमा गरिएको लगानी र प्राप्त उपलब्धिको अवस्था, आगामी आर्थिक वर्षहरूमा दिगो विकास लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू र सोका लागि आवश्यक पर्ने स्रोतको विश्लेषण, सम्बन्धित तहको आवधिक योजना तथा नीति कार्यान्वयनमा भएको प्रगति, आ.व. २०८२/८३ का लागि नेपाल सरकारबाट स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदानको परिमाण सिफारिस गर्दा आयोगले उपयोग गरेको कार्यसम्पादन मूल्यांकनका सूचकहरू लगायतका कार्यसम्पादन सम्बन्धी आगत र निर्गत (Input and Output based indicators) तहका सूचकहरूको विकास र विश्लेषण गरी सोही आधारमा सशर्त अनुदान हस्तान्तरण गर्नुपर्नेछ।

१७. **विशेष अवस्था**: स्थानीय सरकारको क्षेत्रभित्र गम्भीर किसिमका भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी जस्ता प्राकृतिक विपद आइपरेको, सुख्खा क्षेत्र अधिक भएको, अन्तर्राष्ट्रिय सीमानाले छोएको, राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र भित्र परेको, लामो समयदेखि फोहोरमैला वा प्रदुषण वा उच्च जोखिमबाट गुज्रिरहेको तथा दुर्गम एवम् पिछडिएको क्षेत्रको अवस्था विश्लेषण गरी जोखिम न्यूनीकरण, जीवनयापन सहजीकरण तथा पूर्वाधारको पून: निर्माण वा विकासका कार्यमा खर्च गर्ने गरी प्रदेश सरकारले माग र आवश्यकताका आधारमा सशर्त अनुदान हस्तान्तरण गर्न सक्नेछ।

१८. गरिवी घटाउने, खाद्यान्न उत्पादन बढाउने, कुपोषण घटाउने, मातृ तथा बाल मृत्यू दर घटाउने, माध्यमिक तहमा विद्यार्थी भर्नादर बढाउने, लैंगिक असमानता घटाउने, खानेपानीको पहुँच बढाउने, उर्जाको खपत बढाउने, सडक घनत्व बढाउने, बेरोजगारी दर घटाउने र सुरक्षित आवासमा बस्ने नागरीकको संख्या बढाउने जस्ता प्रतिवद्धताहरू पूरा गर्न आवश्यक आयोजना तथा कार्यक्रमहरू सञ्चालनका लागि त्यस्ता क्षेत्रगत लक्ष्यमा राष्ट्रिय औसत भन्दा कमजोर रहेका प्रदेश तथा स्थानीय तहलाई प्राथमिकता दिई शसर्त अनुदान उपलब्ध गराउने।

१९. आर्थिक दायीत्व सृजना भएको बहुवर्षीय ठेक्का सम्झौता भएका, निर्माण सम्पन्न नहुँदै हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्ने गरी सशर्त अनुदान उपलब्ध गराउने।

२०. अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति भए पछि नेपालको नीजि क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्षम बनाउन तुलनात्मक लाभ भएका बस्तुहरूको उत्पादन गर्न उत्पादित बस्तुको बजारीकरण गर्न र अन्तर्राष्ट्रिय व्यापारका लागि प्रदेश तहमा आवश्यक पूर्वाधार निर्माण गर्न शसर्त अनुदान उपलब्ध गराउने।

२१. नेपालको संविधानको अनुसूची ७ (संघ र प्रदेशको साझा अधिकार) र अनुसूची ९ (संघ,प्रदेश र स्थानीय तहको साझा अधिकार)को कार्यान्वयन प्रदेश तथा स्थानीय तहबाट गर्दा बढी प्रभावकारी हुने देखिएका बिषय क्षेत्रहरूमा शसर्त अनुदान उपलब्ध गराउने।

३.३ आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस

आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०८१/१२/२५

क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, वार्षिक बजेट तर्जुमा तथा कार्यक्रम कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने कार्य गर्नुपर्दछ। बजेट अनुमान गर्दा अनुमानित आयभन्दा व्यय बढी हुने अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले घाटा बजेट ल्याउन सक्ने र सोको व्यवस्थापन सङ्घीय कानून बमोजिम हुने व्यवस्था छ। घाटा बजेट पेस गर्दा तीनै तहका सरकारले घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनु पर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको छ। संविधानतः तीनै तहका सरकारले बजेट घाटा पूर्तिका लागि कानूनबमोजिम ऋण लिन सक्छन्।

घाटा बजेट पूर्तिको एक महत्वपूर्ण स्रोतको रूपमा सार्वजनिक ऋणलाई लिइन्छ। सार्वजनिक ऋण अन्तरगत देशभित्रबाट सङ्कलन गरिने आन्तरिक ऋण र वैदेशिक स्रोतबाट प्राप्त गरिने बाह्य ऋण पर्दछ। समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ। उल्लिखित व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा यस आयोगबाट निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारसमक्ष सिफारिस गरिएको छ।

ख. कानूनी व्यवस्था

सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्:

१. **नेपालको संविधानः** धारा ५९ को उपधारा (१) र उपधारा (७), धारा ११५ को उपधारा (२), धारा २०३ को उपधारा (२), धारा २२८ को उपधारा (१), धारा २३० को उपधारा (१) र उपधारा (२), धारा २५१ को उपधारा (१) को खण्ड (च)।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४: दफा १४ को उपदफा (१), (२), (३) र (४), दफा १५को उपदफा (१), (२), (३), (४) र (५) दफा २३को उपदफा (१), (२), (३) र (४)।

३. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९: दफा ५ को उपदफा (२), दफा ६ को उपदफा (१), दफा १४ को उपदफा (४)।

ग. सार्वजनिक ऋण सम्बन्धी अध्ययन विश्लेषण

अ. आन्तरिक ऋण परिचालन सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यासहरू

भारतको वित्तीय उत्तरदायित्व तथा बजेट व्यवस्थापन ऐन, २००३ को दफा ४ मा आर्थिक वर्ष २०२४/२५ सम्ममा कुल गार्हस्थ उत्पादन (कु.गा.उ.) को ६० प्रतिशतको सीमाभित्र कुल सार्वजनिक ऋणलाई सीमित गर्ने व्यवस्था रहेको छ।

जसमध्ये संघ सरकारलाई ४० प्रतिशतको एवम् राज्य सरकार र ग्राम तथा नगर पञ्चायतलाई २० प्रतिशतको सीमा तोकिएको छ।

भारतको पन्ध्रौ वित्तीय आयोगको प्रतिवेदनले सङ्घीय र राज्य सरकार तथा स्थानीय तहलाई बजेट घाटाको सीमा सिफारिस गरेको छ। जस अनुसार सङ्घीय सरकारले आर्थिक वर्ष २०२५/२६ सम्ममा कुल घाटा बजेटलाई कुल गार्हस्थ उत्पादनको ४ प्रतिशतमा सीमित गर्नुपर्ने उल्लेख छ। राज्य सरकारले कुल बजेट घाटालाई आर्थिक वर्ष २०२१/२२ मा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ४ प्रतिशत, २०२२/२३ मा अधिकतम ३.५ प्रतिशत र २०२३/२४ देखि २०२५/२६ सम्ममा अधिकतम ३ प्रतिशतमा सीमित गर्नुपर्ने तथा राज्य सरकारले उर्जा क्षेत्रमा कार्यसम्पादनका आधारमा राज्यको कुल गार्हस्थ उत्पादनको अधिकतम ०.५ प्रतिशत थप सार्वजनिक ऋण परिचालन गर्न सक्ने गरी सिफारिस भएको छ। साथै, कुनै एक आर्थिक वर्षमा तोकिएको सीमाभन्दा कम ऋण परिचालन गरेको राज्य सरकारले सिफारिस गरिएको अवधिको पछिल्ला वर्षहरूमा उक्त बाँकी सीमा समेत परिचालन गर्न सक्ने उल्लेख छ।

अमेरिका, क्यानडा, अष्ट्रेलिया र भारतका केही राज्य सरकारले सङ्घीय सरकारको स्वीकृति नलिइकन आन्तरिक ऋण परिचालन गर्दै आएका छन्। भारतमा स्थानीय तहले राज्य सरकारको स्वीकृतिमा आन्तरिक ऋण परिचालन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। इथियोपियामा सङ्घीय सरकारले राज्य सरकारको वित्तीय क्षमताको पर्यवेक्षण गरी आन्तरिक ऋण परिचालनको अनुमति दिने गरेको छ।

नाइजेरियाको वित्तीय उत्तरदायित्व ऐन, २००७ को दफा ४१ मा पुँजीगत खर्च र मानव विकासका लागि मात्र सार्वजनिक ऋण परिचालन गर्न सकिने व्यवस्था छ। सोही ऐनको दफा १२ मा विशेष अवस्थामा बाहेक बार्षिक रुपमा कुल गार्हस्थ उत्पादनको ३ प्रतिशतमात्र घाटा बजेट पेस गर्न सकिने उल्लेख छ।

दक्षिण अफ्रिकामा पुँजीगत खर्चका लागि बहुबर्षीय ऋण तथा नियमित खर्चका लागि बार्षिक ऋण लिन पाइने व्यवस्था रहेको छ। प्रदेशहरूलाई ऋण लिनका लागि ऋण परामर्श समिति (Loan Consultation Committee)ले साँवा र ब्याज तिर्न सक्ने क्षमताको आधारमा स्वीकृति दिने गर्दछ।

International Monetory Fund (IMF) र International Development Agency (IDA) ले सन् २००५ मा अध्ययन गरी न्यून आय भएका देशहरूको ऋण दिगोपना ढाँचा (Debt Sustainability Framework) निर्धारण गरेका थिए। जस अनुसार कुल गार्हस्थ उत्पादन, निर्यात व्यापार, राजस्वको अवस्था, वित्तीय व्यवस्था खर्च र कुल सार्वजनिक ऋणको हिस्सालाई सार्वजनिक ऋणको दिगोपना अध्ययनको प्रमुख सूचकका रुपमा लिइएको पाइन्छ।

आ. नेपालको सार्वजनिक ऋणको दिगोपना सम्बन्धमा भएका अध्ययन प्रतिवेदनका प्रमुख विषयहरू

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको डेब्ट सस्टेनेविलिटी एनालाइसिस सम्बन्धी संयुक्त अध्ययन प्रतिवेदन, २०२० अनुसार नेपालको बाह्य ऋण र समग्र ऋण जोखिम न्यून रहेको छ। यद्यपी आर्थिक वृद्धि र निर्यातका सूचकहरू कमजोर रहेकाले भावी जोखिमलाई संकेत गरेको छ। नेपालमा बढ्दो वित्त घाटा र चालु खाता घाटाको अवस्थाले आगामी दिनमा सार्वजनिक ऋण झनै बढ्ने देखिन्छ।

IMF र IDA ले सन् २०२३ मा गरेको अध्ययनका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादन र निर्यातको अनुपात तुलनात्मक रुपमा न्यून रहेको तथा ऋणात्मक नगद सन्तुलन (Negative cash balance) को अवस्था देखिएको बाहेकका अन्य सूचकहरूमा नेपालको अवस्था राम्रो रहेकोले सार्वजनिक ऋण तनाव (Debt Stress) मा नरहेको निष्कर्ष निकालिएको छ। नेपाल सरकारको संभावित दायित्व विश्लेषण अन्तरगत नेपाल सरकारले सार्वजनिक संस्थानमा गरेको लगानी, सार्वजनिक निजी साझेदारीका परियोजनामा गरेको लगानी र वैदेशिक निजी ऋण लगानी समेत सुरक्षित सीमाभित्र रहेको उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ।

आयोगले आर्थिक वर्ष २०७७/७८ मा गरेको अध्ययनमा आर्थिक वृद्धिदर, कुल राष्ट्रिय उत्पादन, बचत, लगानी र रोजगारी, सरकारी राजस्व र खर्च, उपभोक्ता मूल्यसूची, भुक्तानी सन्तुलन र विप्रेषणका अतिरिक्त मानव विकास सूचकांकलाई समेत आन्तरिक ऋणको सीमा सिफारिसमा विश्लेषणका लागि उपयुक्त हुने सूचकमा समावेश गरिएको छ। साथै, कुल आन्तरिक ऋणको सीमा निश्चित अंकमा नतोकी अनुमानित कुल गार्हस्थ उत्पादनको न्यूनतम ३ देखि अधिकतम ७ प्रतिशतको कोरिडोर तोक्न सकिने सुझाव समेत दिइएको छ।

सोही प्रतिवेदनमा अधिकतम ७ प्रतिशतको सीमा मध्ये सङ्घीय सरकारलाई कुल गार्हस्थ उत्पादनको अधिकतम ६ प्रतिशतसम्म र प्रदेश तथा स्थानीय तहलाई कुल गार्हस्थ उत्पादनको क्रमश: ०.५ र ०.५ प्रतिशतसम्म अधिकतम सीमा निर्धारण गर्न सकिने सुझाव रहेको छ। साथै, प्रदेश र स्थानीय तहले बाँडफाँटबाट प्राप्त गरेको र आन्तरिक रुपमा सङ्कलन गरेको कुल राजस्व योगफलको अधिकतम १५ प्रतिशतसम्म वार्षिक आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा निर्धारण गर्न सकिने समेत सुझाव गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्म नेपाल सरकारको विद्यमान सार्वजनिक ऋण मध्ये बाह्य ऋण रू.१२ खर्ब ५३ अर्ब १९ करोड र आन्तरिक ऋण रू. ११ खर्ब ८० अर्ब ९० करोड २० लाख गरी जम्मा रु २४ खर्ब ३४ अर्ब ९ करोड पुगेको छ। कुल ग्राहस्थ उत्पादनको अनुपातमा सार्वजनिक ऋण आर्थिक वर्ष २०८०/८१को अन्त्यमा ४२.६७ प्रतिशत रहेको, जुन विश्व बैंकले गरेको अनुमान ४२.५० को हाराहारीमा नै रहेको देखिन्छ। विश्व बैंक र अन्तरास्ट्रिय मुद्र कोषले गरेको ऋणको दिगोपना बिश्लेष्ण जुन, २०२४अनुसार नेपालको सार्वजनिक ऋणमा बाह्य ऋण र आन्तरिक ऋणको परिमाण जोखिम रहित रहेको विश्लेष्ण गरेको छ।

इ. समष्टिगत आर्थिक सूचक र मुख्य ऋण परिचालन मानक विश्लेषण

विवरण	माणक
सार्वजनिक ऋण को कुल ग्राहस्थ उत्पादन संगको अनुपात (स्रोतःIMFको guideline अनुसार)	कुल ग्राहस्थ उत्पादनसँग ६० प्रतिशतको सीमा भित्र
बजेट Fiscal deficit Targetting (स्रोतःMaastritch treaty Guideline)	कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशतको सीमा भित्र
बैदेशिक ऋण व्यवस्थापन	कुल ग्राहस्थ उत्पादनको ४०%सीमा भित्र
बैदेशिक ऋण सेवा (ब्याज+साँवा भुक्तानी) (स्रोतःWB/ IMF)	निर्यात आम्दानीको २० %को सीमा भित्र
ब्याज दर र मुद्रा स्फिती	न्यून व्याजदर संग ऋण पंक्तिवद्ध(Align) गर्ने
ऋण सेवा अनुपात	राजस्वको ४०%को सीमा भित्र
कुल ग्राहस्थ उत्पादन संग सार्वजनिक पुँजी निर्माण खर्च अनुपात (स्रोतः WB,OECD)	कुल ग्राहस्थ उत्पादनसँग कम्तिमा पुँजीगत खर्चको विनियोजन ३-५ प्रतिशत

- सार्वजनिक ऋणको सन्दर्भमा International Monetory Fund (IMF)ले अन्तराष्ट्रिय मानकको रूपमा सार्वजनिक ऋणको कुल ग्राहस्थ उत्पादन संगको अनुपात ६० प्रतिशत भन्दा कम हुनु पर्ने निर्दिष्ट गरेको छ जसले ऋणको चाप न्यून रहने तथा लगानीकर्ताको आत्मा विश्वास बढाउने गर्दछ।
- घाटा बजेटको अनुपात कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत देखि ३ प्रतिशतको सीमा भित्र राख्दा मुल्य स्फिती नियन्त्रण हुने तथा ब्याजदरलाई बन्छित सीमा भित्र राख्न सकिने Maastritch treaty Guideline ले निर्दिष्ट गरेको छ।

- बैदेशिक ऋणको अनुपात कुलग्राहस्थ उत्पादनको ४० प्रतिशतको सीमा भित्र हुनु पर्दछ।
- बैदेशिक ऋण सेवा अर्थात् बैदेशिक ऋणको साँवा र व्याज भुक्तानी निर्यात आम्दानीको २० प्रतिशतको सीमा भित्र राख्नु पर्दछ।
- सार्वजनिक ऋणको व्याजदर ब्याजको न्यूनदरसँग पंक्तिवद्ध(Align) हुनु पर्दछ जसले मुल्य स्फितिलाई नियन्त्रण गर्न सघाउ पुऱ्याउदछ।
- सार्वजनीक ऋणको ऋण सेवा खर्च कुल राजस्वको ४० प्रतिशतको सीमा भित्र राख्नु पर्दछ जसले ऋण भुक्तानी तथा पुँजी परिचालनको क्षमता बलियो रहेको विषय दर्शाउँछ।
- World bank(WB) तथा Organization for Economic coperation and development (OECD) अनुसार सार्वजनिक पुँजी निर्माणका लागि विनियोजित पुँजीगत खर्च कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशत देखि ५ प्रतिशत सम्म हुनु पर्ने निर्दिष्ट गरेको छ।
- उल्लिखित निर्दिष्ट समष्टिगत आर्थिक सूचकहरू तोकिएको सीमा भित्र राख्दा समग्र वित्त व्यवस्थापनमा ऋण चाप कम हुने, ऋण सेवा खर्च धान्न सकिने, मूल्य स्फिती तथा व्याजदरलाई बन्छित सीमा भित्र राख्न सकिने र पुँजीगत खर्चकोलागि आवश्यक बिनियोजन गर्न सकिने हुँदा उपरोक्त गाईडलाइन भित्रै बसी सार्वजनिक ऋण परिचालन गर्न आवश्यक देखिन्छ।

तालिका ३.१०

नेपालको आन्तरिक ऋण परिचालन सम्बन्धी विगतको अभ्यास र प्रवृत्ति विश्लेषण

(रू.करोडमा)

आ.व	आन्तरिक ऋण निष्काशन	कुल ग्राहस्थ उत्पादन	कुल ग्राहस्थ उत्पादनसँग आन्तरिक ऋणको अनुपात
२०७०/७१	४४००	२२३२५२	१.९७
२०७१/७२	५२७५	२४२३६३	२.१८
२०७२/७३	८८००	२६०८१८	३.३७
२०७३/७४	१११००	३०७७१४	३.६१
२०७४/७५	१४५००	३४५५९४	४.२०
२०७५/७६	१७२००	३८५५९३	४.४६
२०७६/७७	१९५००	३८८८७०	५.०१
२०७७/७८	२२५००	४३५२५५	५.१७
२०७८/७९	२५०००	४९७६५५	५.०२
२०७९/८०	२५६००	५३४८५२	४.७९
२०८०/८१	२४०००	५७०५८४	४.२१
२०८१/८२	३३०००	६३७५१६	५.१८

नेपालले आर्थिक वर्ष २०३१/३२ देखि पछिल्ला ४७ वर्षहरूमा (आर्थिक वर्ष २०३८/३९ बाहेक) अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्दै आएको पाइन्छ।

आर्थिक वर्ष २०७०/७१ देखि कुल ग्राहस्थ उत्पादनसँग आन्तरिक ऋणको अनुपात ५ प्रतिशत भित्र वा हाराहारीमा रहेको देखिन्छ।

नेपालमा पछिल्ला वर्षहरूमा आन्तरिक ऋण उच्च मात्रामा बढिरहेको छ। नेपालमा आर्थिक वर्ष २०७०/७१ पछाडिका वर्षहरूमा आन्तरिक ऋण ८ गुणाले बढेको तर सोही अवधिमा बाह्य ऋण ३ गुणाले बढेको देखिन्छ।

सङ्घीयता कार्यान्वयन हुनु अगाडि नेपाल सरकारले राजस्व वृद्धि, आर्थिक वृद्धि, मूल्य वृद्धि र बजेट खर्चको अनुमानित विवरणका आधारमा आन्तरिक ऋण परिचालन गर्दै आएको भएता पनि अधिकांश वर्षमा अनुमान बमोजिम आर्थिक उपलब्धि हासिल हुन सकेको देखिदैंन।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट विगत आर्थिक वर्षहरूमा देहाय बमोजिम आन्तरिक ऋणको सीमा सिफारिस भएको छ:

तालिका ३.११
आयोगले विगतमा सिफारिस गरेको आन्तरिक ऋणको सीमा

आर्थिक वर्ष	सङ्घीय सरकारलाई सीमा सिफारिस	प्रदेश र स्थानीय सरकारलाई सीमा सिफारिस
२०७५/७६	आ.व. २०७५/७६ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १०/१० प्रतिशत
२०७६/७७	आ.व. २०७६/७७ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १०/१० प्रतिशत
२०७७/७८	आ.व. २०७७/७८ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत
२०७८/७९	आ.व. २०७८/७९ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत
२०७९/८०	आ.व. २०७९/८० को अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत
२०८०/८१	तीनै तहका सरकारले परिचालन गर्ने आन्तरिक ऋण आ.व. २०८०/८१ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत
२०८१/८२	आ.व. २०८१/८२ को अनुमानित कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत। राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनका लागि रकम नपुग भएमा प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म, कुल गार्हस्थ उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्ने।	आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२/१२ प्रतिशत

नेपाल सरकारले विगतका वर्षहरूमा आयोगको सिफारिसको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गर्दै आएको देखिन्छ। तर आयोगको अधिकांश सुझाव कार्यान्वयनको अवस्था भने कमजोर रहेको छ। व्यय अनुमान तयार गर्दा खर्चको शीर्षकगत र स्रोतगत विवरणमा आन्तरिक ऋण उल्लेख गर्नुपर्ने सुझाव कार्यान्वयन भएको पाइएन। साथै, पुँजी निर्माण हुने खालका आयोजनाहरूमा ऋण परिचालन गर्नुपर्ने सुझाव समेत सरकारले वेवास्ता गरेको देखिन्छ। केही प्रदेश र स्थानीय सरकारले

वार्षिक बजेटको स्रोतमा आन्तरिक ऋण समावेश गर्दै आएका भएपनि आन्तरिक ऋण सङ्कलन र परिचालन गरेको देखिदैंन। यद्यपी स्थानीय सरकारले विगत देखि नै नगर विकास कोषमार्फत ऋण लिई उपयोग गर्दै आइरहेको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्ममा कोरोना महामारी कायमै रहेको र अर्थतन्त्रलाई चलायमान बनाउन थप स्रोत परिचालन गर्नुपर्ने बाध्यता समेत परेको कारण तीनवटै तहका सरकारले गरी ५ प्रतिशतको सीमाभन्दा बढी अर्थात अनुमानित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशतसम्म आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी आन्तरिक ऋणको सीमा सिफारिस भएको अवस्था छ।

नेपाल सरकारले विगत छ वर्षमा परिचालन गरेको कुल र खुद आन्तरिक ऋणको अवस्था देहाय बमोजिम रहेको देखिन्छ:

तालिका ३.१२
आन्तरिक ऋण परिचालनको अवस्था र प्रवृत्ति

आर्थिक वर्ष	कू.गा.उ. रू. करोडमा	आन्तरिक ऋण रकम रू. करोडमा				कु.गा.उ.को प्रतिशतमा		
		लक्ष्य	कुल परिचालन	सावाँ भुक्तानी	खुद परिचालन	लक्ष्य	कुल परिचालन	खुद परिचालन
२०७५/७६	३४६४३२	१७२००	९६३८.२	३४३१.३१	६२०६.८९	४.९६	२.७८	१.७९
२०७६/७७	३७६७०४	१९५००	१९४९०.२९	३३९७.७०	१६०९२.५९	५.१८	५.१७	४.२७
२०७७/७८	४२६६३२	२२५००	२२४००.९१	३६९०.११	१८७१०.८०	५.२७	५.२५	४.३९
२०७८/७९	४८५१६२	२५०००	२३१८४.५५	४७३३.७८	१८४५०.७७	५.१५	४.७८	३.८०
२०७९/८०	५३८१३३	२५६००	२५५९९.७७	११५०९.४७	१४०९०.३	४.७६	४.७६	२.६२
२०८०/८१	५७०४८४	२४०००	२३४४२.१४	१८२६२.३३	५१७९.८१	४.२१	४.११	०.९१

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार कुल आन्तरिक ऋण परिचालन आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा बाहेक अन्य वर्षहरूमा आयोगले गरेको सिफारिसको सीमाभित्र रहेर नेपाल सरकारले आन्तरिक ऋण परिचालन गरेको देखिन्छ। कुल आन्तरिक ऋण परिचालनमा अधिकांश हिस्सा आन्तरिक ऋणको सावाँ फिर्तामा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन न्यून रहेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा कुल आन्तरिक ऋण परिचालनको ठुलो रकम साँवा भुक्तानीमा प्रयोग भएकोले खुद आन्तरिक ऋण परिचालन अत्यन्तै न्यून अर्थात् ०.९१ प्रतिशत मात्र रहेको छ। ऋण सेवा (Debt Service) खर्च बढ्दै गएको कारण परिचालित अधिकांश आन्तरिक ऋण, पुरानो ऋण भुक्तानीमा प्रयोग भएको देखिएकोले उक्त ऋण परिचालनबाट पुँजी निर्माण हुने र अर्थतन्त्रको विस्तारमा अपेक्षित योगदान पुग्ने अवस्था देखिएन।

आयोगले आर्थिक वर्ष २०७५/७६ र सो भन्दा पछिल्ला आर्थिक वर्षमा गरेको सिफारिसमा सङ्घीय सरकारलाई पुँजी निर्माण हुने कार्यमा आन्तरिक ऋणको परिचालन गर्न सुझाव दिदै आएको छ भने प्रदेश र स्थानीय सरकारको हकमा साधारण प्रकृतिका र प्रशासनिक खर्चमा आन्तरिक ऋण परिचालन नगर्न सुझाव दिइएको छ। नेपाल सरकारबाट परिचालित आन्तरिक ऋण कुन कुन क्षेत्रमा परिचालन गरिएको हो भन्ने सम्पूर्ण विवरण उपलब्ध हुन नसक्दा ऋणको उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन।

ई. समष्टिगत आर्थिक परिसूचकहरू र सार्वजनिक ऋणको अवस्था

तालिका ३.१३

कुल सार्वजनिक ऋण, कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, राजस्व र निर्यातको अवस्था

आर्थिक वर्ष	कुल गार्हस्थ उत्पादन रू.करोडमा	कुल तिर्न बाँकी सार्वजनिक ऋण रू.करोडमा	कुल गार्हस्थ उत्पादन (GDP) को प्रतिशतमा					आर्थिक वृद्धिदर
			कुल तिर्न बाँकी ऋण	ऋण सेवा खर्च भुक्तानी		कुल निर्यात	कुल राजस्व सङ्कलन	
				साँवा	ब्याज कमिशन			
२०७७/७८	४२६६३२	१७३७६३	४०.७२	१.४१	०.८१	३.२४	२१.५	४.४९
२०७८/७९	४८५१६२	२०१३२९	४१.५०	१.५८	०.९२	४.०२	२१.४	५.२८
२०७९/८०	५३८१३३	२३०१५९	४२.७७	२.७८	१.३५	२.९४	१७.९	२.३१
२०८०/८१	५७०४८४	२४३४०९	४२.६७	३.९१	१.४३	२.७९	१९.०	३.५४
२०८१/८२	६३७५१६	२५३६१३	३९.७८					

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

नेपालको कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल तिर्न बाँकी सार्वजनिक ऋणको हिस्सा निरन्तर बढिरहेकोमा आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा यो हिस्सा सामान्य घटेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा यो हिस्सा ४०.७२ प्रतिशत रहेकोमा त्यस्तो हिस्सा बढेर आर्थिक वर्ष २०८०/८१ मा ४२.६७ प्रतिशत पुगेको देखिन्छ।

ऋण सेवा भुक्तानी समेत निरन्तर बढिरहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको साँवा भुक्तानीको हिस्सा आर्थिक वर्ष २०७७/७८ मा १.४१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ३.९१ प्रतिशत पुगेको देखिन्छ। त्यसै गरी कुल गार्हस्थ उत्पादनको अनुपातमा ऋणको ब्याज, कमिशन वापतको भुक्तानीको हिस्सा आर्थिक वर्ष २०७७/७८ मा ०.८१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा १.४३ प्रतिशत पुगेको देखिन्छ। यसबाट बजेट घाटामा चाप पर्न जाने र पुँजीगत बजेट विनियोजन संकुचन हुने अवस्था चित्रित हुन्छ। सार्वजनिक ऋणको हिस्सा बढेपनि आर्थिक वृद्धिदर र निर्यातको अवस्था कमजोर रहनुका साथै, राजस्वको हिस्सा समेत घट्दै गएकोले सार्वजनिक ऋण परिचालन गर्दा उल्लिखित सूचकहरूमा सकारात्मक प्रभाव पर्ने सुनिश्चतता हुनु आवश्यक देखिन्छ।

आर्थिक वर्ष	रकम रू. करोडमा		कु.गा.उ. (GDP) को प्रतिशतमा		आयोगबाट नेपाल सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा
	कुल गार्हस्थ उत्पादन	कुल तिर्नबाँकी आन्तरिक ऋण	कुल तिर्न बाँकी आन्तरिक ऋण	परिचालित आन्तरिक ऋण	
२०७७/७८	४२६६३२	८०२९४	१८.८२	५.२५	५.५
२०७८/७९	४८५१६२	९८७४५	२०.३५	४.७८	५.५
२०७९/८०	५३८१३३	११२९१०	२०.९८	४.७६	५.५
२०८०/८१	५७०४८४	११८०९०	२०.७०	४.१०	५.०

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार नेपाल सरकारले विगत चार वर्षमा आयोगले सिफारिस गरेको सीमाभित्र रहेर आन्तरिक ऋण परिचालन गरेको देखिएता पनि प्रत्येक आर्थिक वर्षमा तिर्न बाँकी कुल आन्तरिक ऋण वृद्धि हुँदै गएको छ।

कुल तिर्न बाँकी आन्तरिक ऋण आर्थिक वर्ष २०७७/७८ मा रू. ८ सय २ अर्ब रहेकोमा करिब ४७ प्रतिशतले बढेर

आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रू.११ सय ८१ अर्ब पुगेको देखिन्छ।

तालिका ३.१४
आन्तरिक ऋण निष्काशनको वार्षिक लक्ष्यको अवस्था

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्षमा निष्काशनको लक्ष्य					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
ट्रेजरी बिल्स	५६००	९०००	९०००	१०५००	१५०००	५५००
विकास ऋणपत्र	७३००	१००००	१३०००	१२९५०	१००००	१७९००
राष्ट्रिय बचतपत्र	०	०	०	०	०	०
नागरिक बचतपत्र	०	४००	४००	४००	५००	५००
वैदेशिक रोजगार बचतपत्र	०	१००	१००	५०	१००	१००
कुल आन्तरिक ऋण	**१२९००**	**१९५००**	**२२५००**	**२३९००**	**२५६००**	**२४०००**
दीर्घकालीन उपकरण	५७%	५४%	६०%	५६%	४१%	८७.०२
अल्पकालीन उपकरण	४३%	४६%	४०%	४४%	५९%	२२.९२

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार नेपाल सरकारले बार्षिक बजेटमा लिएको अल्पकालीन आन्तरिक ऋणका उपकरणको निष्काशनको लक्ष्य आ.व. २०७९/८० सम्म निरन्तर बढ्दै गएकोमा आ.व २०८०/८१ मा भने घटेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा रू. ५६ अरब ट्रेजरी बिल्स निष्काशनको लक्ष्य रहेको थियो भने आर्थिक वर्ष २०७९/८०मा १ खर्ब ५० अर्ब पुगेकोमा पछिल्लो आ.व.२०८०/८१ मा पूनः घटेर रू. ५५ अरबमा आइपुगेको देखिन्छ। आ.व २०८०/८१ मा दीर्घकालीन उपकरण निष्काशनको लक्ष्य आ.व. २०७९/८० मा ४१ प्रतिशतमा रहेकोमा बढेर ८७.०२ प्रतिशतमा पुगेको देखिन्छ र अल्पकालीन उपकरण निष्काशनको लक्ष्य घटेर ५९ प्रतिशतबाट २२.९२ प्रतिशत झरेको देखिन्छ।

यसबाट सरकारले चालु प्रकृतिका कार्यहरूमा उपयोग गर्नेगरी आन्तरिक ऋण परिचालनको लक्ष्य घटाउने शुरुवात गरेको देख्न सकिने हुँदा अल्पकालीन ऋण उपकरणको प्रयोगलाई निश्चित सीमाभित्र राख्नु राख्ने प्रयासलाई उपयुक्त मान्न सकिन्छ।

तालिका ३.१५
कुल आन्तरिक ऋण परिचालनको संरचनागत अवस्था

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्षमा परिचालित कुल आन्तरिक ऋण					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
ट्रेजरी बिल्स	२६४३.५	९३००	९०००	१०३९१.६६	१५३६१	५५००
विकास ऋणपत्र	६९९४.७	१००००	१३०००	१२४५०	१००००	१७९००
राष्ट्रिय बचतपत्र	०	०	०	०	०	-
नागरिक बचतपत्र	०	१६०.५२	३९५.३९	२८२.९८	२३६.१३	३६.९८
वैदेशिक रोजगार बचतपत्र	०	३.७१२	५.५२२	५.६६८	२.६४	५.१६
कुल आन्तरिक ऋण	**९६३८.२**	**१९४६४.२३**	**२२४००.९१**	**२३१३०.३१**	**२५५९९.८**	**२३४४२.१४**
दीर्घकालीन उपकरण	७२.५७%	५२.२२%	५९.८२%	५५.०७%	४०.००%	७६.५०
अल्पकालीन उपकरण	२७.४३%	४७.७८%	४०.१८%	४४.९३%	६०.००%	२३.५०

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार कुल आन्तरिक ऋण परिचालन उल्लेख्य मात्रामा बढेको तर दीर्घकालीन उपकरणको बिगत आर्थिक वर्षहरूमा प्रयोग क्रमश: घट्दै गएकोमा आ.व २०८०/८१मा बढेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा कुल परिचालित आन्तरिक ऋण रू. ९६ अरब ३८ करोड रहेकोमा १६५.६ प्रतिशत ले बढेर आर्थिक वर्ष २०७९/८० को अन्तमा रू.२ खर्ब ५५ अर्ब ९९ करोड पुगेको देखिन्छ भने आ.व २०८०/८१ मा पुनः रू.२ खर्ब ३४ अर्ब ४२ करोडमा झरेको देखिन्छ।

साथै, आर्थिक वर्ष २०७५/७६ मा कुल परिचालित आन्तरिक ऋणमा दीर्घकालीन उपकरणको हिस्सा ७२.५७ प्रतिशत रहेकोमा क्रमश: घटेर आर्थिक वर्ष २०७९/८० मा ४०.०० प्रतिशत र आ.व.२०८०/८१ मा बढेर ७६.५० प्रतिशतमा पुगेको देखिन्छ। सरकारले आन्तरिक ऋण परिचालन गर्दा सकेसम्म दिर्घकालिन उपकरणको उपयोग बढी गर्ने गरी नीतिगत व्यवस्था गरी सो बमोजिम नै उपकरण परिचालन गरेको विषय राम्रो भएको देखिन्छ।

तालिका ३.१६
वार्षिक आन्तरिक ऋणको सावाँ फिर्ताको विवरण

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्षमा सावाँ फिर्ता गरिएको आन्तरिक ऋण					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
ट्रेजरी बिल्स	२४४९	२४५७.४८	२५६२.६६	२९००	५०३०.२५	१०९१२.३३
विकास ऋणपत्र	८५०	७४०	६००	१८००	६४००	७३.५०
राष्ट्रिय बचतपत्र	९०.६५	०	०	०	०	-
नागरिक बचतपत्र	३४.०२	२३३.९४	५००	२८.५७	७५.११	-
वैदेशिक रोजगार बचतपत्र	७.६४	८.३७	२७.४५	५.२१	४.१२	-
कुल भुक्तानी	**३४३१.३**	**३४३९.८**	**३६९०.१**	**४७३३.८**	**११५०९.५**	**१८२६२.३३**
दीर्घकालीन उपकरण	२९%	२९%	३१%	३९%	५६%	४०.२५
अल्पकालीन उपकरण	७१%	७१%	६९%	६१%	४४%	५९.७५

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार नेपाल सरकारको ऋण भुक्तानी निरन्तर बढ्दो क्रममा रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल सावाँ फिर्ताको कुल भुक्तानी रू. ३४ अर्ब ३१ करोड रहेकोमा ४३२ प्रतिशतले बढेर आर्थिक वर्ष २०८०/८१ को अन्तमा रू. १ खर्ब ८२ अरब ६२ करोड पुगेको देखिन्छ।

साथै, सरकारले दीर्घकालीन ऋणको भुक्तानी, सम्झौता अनुसार गर्नैपर्ने भएकोले सोको भुक्तानी गरेको कारणले दीर्घकालीन ऋणको सावाँ फिर्ता वृद्धि हुँदै गएको तर अल्पकालीन आन्तरिक ऋणको भुक्तानी गर्नुका साटो मल्टिपल रोलओभर गरिरहेको कारणले अल्पकालीन ऋणको हिस्सा बढेपनि सावाँ भुक्तानीको हिस्सा घटिरहेको सन्दर्भमा आ.व. २०८०/८१मा भने अल्पकालिन उपकरणको साँवा फिर्ताको हिस्सा बढेको देखिन्छ। यसै गरी सरकारले नियमित रुपमा अल्पकालीन ऋणको सावाँ भुक्तानी गर्ने र संसदीय नियन्त्रणमा रहेर मात्र ट्रेजरी बिल्सको रोलओभर गर्नुपर्दछ।

तालिका ३.१७
आन्तरिक ऋणको ब्याज तथा कमिसन भुक्तानीको वार्षिक विवरण

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्ष अनुसार ब्याज र कमिसन भुक्तानी (ऋण सेवा खर्च)					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
ट्रेजरी बिल्स	५०३.८३	५२०.८०	५८५.७१	१०७२.१८	२८१३.३९	२७३२.१२
विकास ऋणपत्र	१००५.८३	१४३१.५०	२१८०.४३	२६२३.३६	३५८४.९०	४४२२.३५
राष्ट्रिय बचतपत्र	३.७३	०	०	०	०	-
नागरिक बचतपत्र	६९.८२	६७.७८	६३.५२	५९.१०	८५.५१	१०७.०६
वैदेशिक रोजगार बचतपत्र	४.५१	४.१७	३.७७	१.८५	१.९०	१.९६
कमिशन						१३.३०
कुल खर्च	**१५८७.७२**	**२०२४.२५**	**२८३३.४३**	**३७५६.४९**	**६४८५.७**	**७२७६.७९**
दीर्घकालीन उपकरण	६८.२७%	७४.२७%	७९.३३%	७१.४६%	५६.६२%	६२.४५
अल्पकालीन उपकरण	३१.७३%	२५.७३%	२०.६७%	२८.५४%	४३.३८%	३७.५५

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार नेपाल सरकारको ऋण सेवा खर्च निरन्तर बढिरहेको छ। आर्थिक वर्ष २०७५/७६ मा कुल आन्तरिक ऋण तर्फ रू.१५ अर्ब ८७ करोड ब्याज तथा कमिशन भुक्तानी गरिएकोमा क्रमशः बढेर आर्थिक वर्ष २०८०/८१ मा ७२ अरब ७६ करोड पुगेको देखिन्छ। नेपाल सरकारले आन्तरिक राजस्वबाट ऋण सेवा खर्च धान्न सक्ने कुराको सुनिश्चितता दिने तर्फ ध्यान दिनुपर्दछ।

तालिका ३.१८
तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्वको विवरण

(रकम रू. करोडमा)

विवरण	आर्थिक वर्ष अनुसार कुल तिर्न बाँकी आन्तरिक ऋण दायित्व					
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
ट्रेजरी बिल्स	१४६७९.२९	२१५२१.८१	२७९५९.१५	३५५८४.०५	४५७८१.५६	४०३६९.२३
विकास ऋणपत्र	२९७३४.७०	३८९९४.७०	५१३९४.७०	६२०४४.७०	६५६४४.७०	७६१९४.७०
राष्ट्रिय बचतपत्र	०.००	०.००	०.००	०.००	०.००	०.००
नागरिक बचतपत्र	८३७.६२	७६४.२०	६५९.५९	९१४.००	१०७५.०२	१११२.००
वैदेशिक रोजगार बचतपत्र	४५.१५	४०.५०	१८.५७	१९.०२	१७.५४	२२.७१
IMF मूल्य समायोजन	२६.२८	५२.३४	२६२.१६	१८३.१६	३९१.५५	३९१.५५
कुल परिचालन	**४५३२३.०४**	**६१३७३.५५**	**८०२९४.१७**	**९८७४४.९३**	**११२९१०.३७**	**११८०९०.१८**
दीर्घकालीन उपकरण	६७.६१%	६४.९३%	६५.१८%	६३.९६%	५९.४५%	६५.८१
अल्पकालीन उपकरण	३२.३९%	३५.०७%	३४.८२%	३६.०४%	४०.५५%	३४.१९

स्रोत: अर्थ मन्त्रालय (सम्बन्धित आर्थिक वर्षको आर्थिक सर्वेक्षण) र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

माथिको तालिका अनुसार तिर्न बाँकी कुल आन्तरिक ऋण दायित्व निरन्तर बढ्दै गएको देखिन्छ उक्त ऋण दायित्वमा आ.व. २०७९/८० सम्म अल्पकालीन ऋणको हिस्सा क्रमशः बढ्दै गएकोमा आ.व २०८०/८१ मा भने उक्त हिस्सा ३४.१९ प्रतिशतमा घटेको देखिन्छ। आयोगले दिएको सुझाव अनुसार अल्पकालीन उपकरण घटेको र दीर्घकालीन ऋणको परिचालन बढेको कुरालाई निरन्तरता दिनु अपेक्षित रहेको छ।

कुल आन्तरिक ऋणमा गत आर्थिक वर्ष २०७९/८० भन्दा ट्रेजरी बिलको रकम घटेको र विकास ऋणपत्रको रकम बढेको छ। यसले कुल आन्तरिक ऋणमा ट्रेजरी बिलको अंश घटेको देखिन्छ। ट्रेजरी बिल र विकास ऋण पत्र लक्ष्य अनुसार प्राप्त गर्न सकिए ता पनि बैदेशिक रोजगार बचत पत्र तथा नागरीक बचतपत्र लक्ष्य अनुसार परिचालन हुन नसकेको सम्बन्धमा नागरीकहरूलाई सुसुचित गरी उक्त ऋण उपकरणहरूमा सर्व साधारणलाई आकर्षित गर्नु पर्दछ।

तालिका ३.१९

नगर विकास कोषबाट परिचालित ऋण दायित्वको क्षेत्रगत विवरण

(रकम रू. लाखमा)

आर्थिक वर्ष	शहरी पूर्वाधार		खानेपानी आयोजना		यातायात पूर्वाधार		जम्मा	
	लगानी	उठ्न बाँकी	लगानी	उठ्न बाँकी	लगानी	उठ्न बाँकी	लगानी	उठ्न बाँकी
२०७७/७८	४६४१०.२२	३५५६७.६९	६११२३.८८	५४४९१.८३	५५७.९१	४४१.८९	१०८०९२.०१	९०५०१.४१
२०७८/७९	४८७१५.०६	३६४८५.५५	६३७५६.०७	६०२३७.८७	५५७.९१	४४१.८९	११३०२९.०४	९७१६५.३१
२०७९/८०	४८६२९.३९	३८०५२.८३	७०२०९.०८	६४६३१.८५	५५७.९१	४४१.८९	११९३९६.३८	१०३१२६.५७
२०८०/८१	५११४७.४६	३९६७७.०७	७५०३८.४६	६७५२४.१३	५५७.९१	४४१.८९	१२६७४३.८३	१०७६४३.०९
२०८१/८२	५२१७८.३३	३९८६२.९९	७६००९.४९	६७४२३.५९	५५७.९१	४४१.८९	१२८७४५.७३	१०७७२८.४७

नोटः आर्थिक वर्ष २०८१/८२ को फाल्गुण मसान्त सम्मको विवरण समावेश छ।

स्रोतः नगर विकास कोष

आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा स्थानीय तहको सिफारिस खण्डमा स्थानीय तहको पूर्वधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको नगर विकास कोष लगायतका विशिष्टीकृत संस्थाले गर्ने ऋण लगानीको हकमा सिफारिस गरिएको सीमा लागू नहुने उल्लेख गरिएको थियो।

आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ को सिफारिसमा नगर विकास कोष जस्ता संस्थामार्फत प्रवाह हुने ऋण समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित तहको आन्तरिक ऋणको सीमाभित्र राख्नुपर्ने भनी सुझाव दिइएको छ। नगर विकास कोषबाट प्रदान गरिएको ऋणको विवरण उपलब्ध भएपनि स्थानीय सरकारको ऋण र राजस्वको विवरण पूर्ण रुपमा प्राप्त नहुँदा यस सम्बन्धी विश्लेषण हुन सकेको छैन।

तालिका ३.२०

नेपाल सरकारको राजस्व, चालु खर्च र ब्याज कमिसन भुक्तानीको अवस्था

(रकम रू. लाखमा)

आर्थिक वर्ष	राजस्व परिचालन	चालु खर्च	राजस्व र चालु खर्चको फरक	आन्तरिक ऋणको सावाँ भुक्तानी	आन्तरिक ऋणको ब्याज कमिसन भुक्तानी
२०७८/७९	९८६७८३४	९३७६८४०	४९०९९४	४७३३८०	३७५६४९
२०७९/८०	८८७३६२१	९८७३२५५	-९९९६३४	११५०९५०	६४८५७०
२०८०/८१	९२९०४७७	९२९१२६४	-७८७	१८२६२३०	७३७६८०

स्रोतः महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

नेपाल सरकारको चालु खर्च निरन्तर बढिरहेको तर चालु खर्च वृद्धिको अनुपातमा राजस्व सङ्कलन वृद्धि हुन सकेको

देखिंदैन। माथिको तालिका उल्लिखित अनुसार आर्थिक वर्षहरूमा सङ्घीय सरकारको राजस्व आम्दानी भन्दा आन्तरिक ऋणको वित्तीय व्यवस्थापन खर्च र चालु खर्चको योगफल बढी देखिएकोले सरकारले चालु खर्चमा सुझबुझपूर्ण मितव्ययिता अपनाउनुका साथै, राजस्वको दायरा विस्तार गरी कुशल राजस्व व्यवस्थापन एवम् प्रशासनिक सुधार मार्फत राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि गर्नुपर्दछ।

घ. आर्थिक वर्ष २०८२/८३ का लागि आन्तरिक ऋणको सीमा सिफारिस

सार्वजनिक ऋण सम्बन्धी विभिन्न मुलुकको अभ्यास, अन्तर्राष्ट्रिय संस्थाहरूले न्यून आय भएका मुलुक र नेपालको सार्वजनिक ऋणको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका विषयहरू, नेपालको विगतको अभ्यास र अनुभव एवम् समष्टिगत अर्थतन्त्रका सम्बन्धमा माथि प्रस्तुत तथ्याङ्क र विवरण समेतका आधारमा आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा देहाय बमोजिम निर्धारण गरी सिफारिस गरिएको छः

१. नेपाल सरकार

नेपालको समष्टिगत आर्थिक स्थिति, राजस्व र खर्चको अनुमान र बजार सहजता समेतको विश्लेषण गरी नेपाल सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि अनुमानित कुल गार्हस्थ उत्पादनको पाँच(५) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका साथै, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि आन्तरिक ऋण उठाउन सक्नेछ। साथै, उक्त आयोजना/परियोजना कार्यान्वयनका लागि रकम नपुग भएमा आयोगले देहायको प्रकरण २ र ३ अनुसार प्रदेश र स्थानीय सरकारलाई सिफारिस गरिएको आन्तरिक ऋणको सीमा मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म, कुल गार्हस्थ उत्पादनको शून्य दशमलव पाँच (०.५) प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्नेछ।

२. प्रदेश सरकार

प्रदेश सरकारले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र(१२) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय र प्रादेशिक नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट अन्तरिम प्रतिफल दर (Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।

३. स्थानीय सरकार

स्थानीय सरकारले आन्तरिक ऋण परिचालनको संरचना र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको बाह्र(१२) प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर(Internal Rate of Return- IRR) वा खुद वर्तमान मूल्य (Net Present Value-NPV) उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्नेछन्।

ङ. आन्तरिक ऋण उठाउने सीमा सम्बन्धमा आयोगका सुझावहरू

आन्तरिक ऋणको परिचालनको सन्दर्भमा आयोगको तर्फबाट निम्न बमोजिमका सुझावहरू दिइएको छः

क. आयोजनाहरूको लागत लाभ विश्लेषण (C/B Analysis), खुद वर्तमान मूल्य (NPV) र आन्तरकि प्रतिफल दरको विश्लेषण गरी प्रचलित पुँजीको लागत भन्दा वित्तीय आन्तरिक प्रतिफल दर (Financil internal rate of return-FIRR) बढि भएका नाफामूलक (Bankable) आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर (Economic internal rate of return-EIRR) बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने।

ख. ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजनाको पहिचान, विकास र छनौट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्ने र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने खालका पूर्व तयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्ने।

ग. आन्तरिक ऋण परिचालनका लागि आवश्यक सम्पूर्ण पूर्वाधार तथा संरचनाहरू विकास भइसकेको अवस्थामा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा उल्लेख भए बमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भएपछि मात्र प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋणलाई बजेटमा स्रोतको रुपमा उल्लेख गर्ने र तीन वटै तहका सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य रुपमा आन्तरिक ऋण उल्लेख गर्ने।

घ. नेपाल राष्ट्र बैंकले तीन तहका सरकारलाई उपलब्ध गराएको तर एक वर्ष भित्र फरफारक हुन नसकेको अधिविकर्ष कर्जा (Overdraft loan), स्थानीय शहरी पूर्वाधारका क्षेत्रमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ स्थापना भएका नगर विकास कोष जस्ता विशिष्टीकृत वित्तीय मध्यस्थकर्ता संस्था र अन्य कानून बमोजिम सार्वजनिक दायित्व सिर्जना हुनेगरी वा सरकार जमानत/प्रतिजमानत बसी प्रवाह गरिने जुनसुकै प्रकृतिका ऋणहरू समेतलाई आयोगले सिफारिस गरेको सम्बन्धित सङ्घीय इकाईको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्ने।

ङ. सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले तीनवटै तहबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउने, त्यस्तो प्रणालीमाथि आयोगको समेत पहुँच रहने गरी सुविधा प्रदान गर्ने।

च. आन्तरिक ऋणको उपयोग रोजगारीको अवसर सिर्जना गर्न सक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पुँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाहरूका लागि बिनियोजन गर्ने। चालु र प्रशासनिक खर्चमा कडाईका साथ निषेध गर्ने।

छ. आन्तरिक ऋणको अल्पकालीन उपकरण प्रयोग गरी उठाइने सार्वजनिक ऋण बजारमा ब्याजदर न्यून भएको समयमा उठाउने व्यवस्था मिलाउने र अल्पकालीन ऋण उपकरणको नवीकरणलाई समेत नयाँ ऋणको रुपमा बजेट प्रस्तावमा समावेश गरी संसदबाट अनुमोदन गरेरमात्र परिचालन, लेखांकन र प्रतिवेदन गर्ने।

ज. तीनवटै तहका सरकारबाट राजस्व र व्ययको अनुमान सभामा पेस भएपछिको विवरण र हरेक आर्थिक वर्षको अन्तिमसम्मको आन्तरिक ऋण परिचालनको अनुमानित र वास्तविक रकमको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रुपमा खुलाई वार्षिक रुपमा यस आयोगमा उपलब्ध गराउने व्यवस्था मिलाउने।

झ. आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरे सरह मानिने भएकोले आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको सावाँ ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न तीन तहका सरकारले सिफारिस भएको सीमा बमोजिमको आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

३.४ सवारी साधन कर सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस

आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय विभाज्य कोषबाट प्रदेश सरकारले सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको हिस्साको सम्बन्धमा प्रदेश सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०८१/१२/२७

क. पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको महत्वपूर्ण आधारस्तम्भको रूपमा वित्तीय सङ्घीयता रहेको हुन्छ। वित्तीय सङ्घीयताका विभिन्न अवयवहरू मध्ये सङ्घीय इकाइहरू बीचमा राजस्व बाँडफाँटलाई समेत लिइन्छ। तहगत सरकार बीचमा एकातर्फ खर्चको आवश्यकताका आधारमा राजस्व अधिकारको बाँडफाँट गरिन्छ भने अर्कोतर्फ समग्र राजस्व प्रशासनलाई मितव्ययी एवम् प्रभावकारी बनाउन र करदाताहरूको कर कानून पालनालाई सहज तुल्याउन तहगत सरकार बीच राजस्व प्रशासन सम्बन्धमा आवश्यक समन्वय तथा सहकार्यको आवश्यकता पर्दछ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारका विषयहरू सूचीकृत गरेको छ। साथै, तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने समेत स्पष्ट उल्लेख गरिएको छ। संविधानको उल्लिखित व्यवस्थालाई आत्मसात गर्दै प्रदेश र स्थानीय सरकार दुवैको एकल अधिकार क्षेत्रभित्र परेका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर उठाउने अधिकारलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको दायरामा ल्याई त्यसरी सङ्कलित राजस्व आयलाई प्रदेश र स्थानीय तह बीचमा बाँडफाँटको व्यवस्था गरेको छ।

एकल कर प्रशासन अन्तर्गत सवारी साधन करको दर निर्धारण र सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने त्यसरी सङ्कलित कर रकमको ६० प्रतिशतले हुने रकम प्रदेश सरकारलाई र ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (२) ले गरेको छ। साथै, स्थानीय सरकारलाई बाँडफाँट हुने कुल रकमलाई प्रदेशभित्र रहेका स्थानीय सरकार बीचमा बाँडफाँटको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्ने जिम्मेवारी यस आयोगको रहेको छ। सो ऐनको दफा ६क. को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारबीच बाँडफाँटको आधार, ढाँचा र हिस्सा निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको छ।

ख. कानूनी व्यवस्था

१. नेपालको संविधान

- **धारा ६०** को उपधारा (१) र उपधारा (७)।
- **अनुसूची ६** - प्रदेशको अधिकारको सूचीको क्र.सं.४।
- **अनुसूची ८** - स्थानीय तहको अधिकारको सूचीको क्र.सं.४।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- **दफा ५** को उपदफा (१) को खण्ड (क)।
- **दफा ६क.** को उपदफा (१), (२), (३) र (४)।

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

- **दफा १५** को उपदफा १।

ग. सवारी साधन कर बाँडफाँटको सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

सवारी साधन करलाई सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकारबीचमा बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगको निर्णयबाट निर्धारित **सूचक(आधार) र भार प्रतिशत(ढाँचा)** बमोजिम प्रयोग गरिएको तथ्याङ्कको स्रोत सम्बन्धी विवरण प्रस्तुत गरिएको छ।

क्र.सं.	सूचक	तथ्याङ्कको स्रोत
१.	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण	राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय
२.	क्षेत्रफल (भूगोल)	नेपाल राजपत्र
३.	पूर्वाधार विकासको अवस्था ३.१ सडकको घनत्व (सडकमा पहुँच) ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ३.३ सरसफाइ (शौचालयको उपलब्धता) ३.४ शहरीकरणको अवस्था ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	 ३.१ सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८) ३.२ राष्ट्रिय जनगणना २०७८ ३.३ राष्ट्रिय जनगणना २०७८ ३.४ राष्ट्रिय जनगणना २०७८ ३.५ राष्ट्रिय जनगणना २०७८ ३.६ राष्ट्रिय जनगणना २०७८
४.	वनले ढाकेको क्षेत्रफल/पर्यावरण	वन तथा वातावरण मन्त्रालय

घ. सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्न लिइएका आधार र ढाँचाको व्याख्या एवम् विश्लेषण:

आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई सम्बन्धित प्रदेश भित्रका स्थानीय सरकार बीचमा बाँडफाँटका सम्बन्धमा सिफारिस गर्न अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (४) र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) को व्यवस्थाको अवलम्वन गरिएको छ। साथै, सूचक र उपसूचक बीचको एकीकृत भार गणना विधि र प्रक्रिया आयोगबाट विभिन्न मितिमा भएका राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको सिफारिसमा प्रयोग भए बमोजिम गरिएको छ। सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारणका लागि प्रयोग गरिएको सूचक (आधार) र भार प्रतिशत (ढाँचा) प्रस्तुत गरिएको छ।

क्र.सं.	सूचक/उपसूचक[1]	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
१	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण १.१ कुल जनसङ्ख्या १.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी) १.३ अपाङ्गता भएको जनसङ्ख्या	 ६० ३० १०	५५
२	क्षेत्रफल		१०
३	पूर्वाधार विकासको अवस्था ३.१ सडकको घनत्व (सडकमा पहुँच) ३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ३.३ सरसफाइ (शौचालयको उपलब्धता) ३.४ शहरीकरणको अवस्था ३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	 ७५ ५ ५ ५ ५ ५	२५
४	वनले ढाकेको क्षेत्रफल/पर्यावरण		१०
	जम्मा		**१००**

१. जनसङ्ख्या

प्रत्येक स्थानीय सरकारमा प्रयोगमा आउने सवारी साधनको सङ्ख्याको निर्धारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सोही स्थानमा बसोबास गर्ने जनताको सङ्ख्याले निर्धारण गरेको हुन्छ भने सवारी साधनको प्रयोगसँगै हुने सकारात्मक तथा नकारात्मक असर/प्रभाव पनि स्थानीय जनतामा नै सबैभन्दा बढी परेको हुन्छ। यस अर्थमा सवारी साधनबाट प्राप्त हुने करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारका जनताको सङ्ख्या रहनुपर्ने हुन्छ। स्थानीय सरकारले आश्रीत जनसङ्ख्या र अपाङ्गता भएको जनसङ्ख्यालाई प्रदान गरिने सेवा सुविधाका लागि थप लगानी समेत गर्नुपर्ने हुन्छ। यसै यथार्थतालाई स्वीकार गर्दै, सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गर्ने प्रयोजनार्थ जनसङ्ख्या सूचकलाई प्रदान गरीएको ५५ प्रतिशत भारलाई शतप्रतिशत मानी सो अन्तर्गत कुल जनसङ्ख्यालाई ६० प्रतिशत, आश्रीत जनसङ्ख्यालाई ३० प्रतिशत र अपाङ्गता भएको जनसङ्ख्यालाई १० प्रतिशत भार दिइएको छ।

२. क्षेत्रफल (भूगोल)

सवारी साधनको सहज आवागमनका लागि आवश्यक सडक पूर्वाधारको विस्तार तथा मर्मत सम्भार गर्नुको साथै सवारी साधनको प्रयोगबाट उत्पन्न हुन सक्ने सम्भाव्य नकरात्मक असर तथा प्रभावलाई न्यूनीकरण गर्न आवश्यक नियन्त्रणात्मक

---

[1] अघिल्लो आर्थिक वर्षमा जनसङ्ख्या, सडकको लम्बाई, वन/पर्यावरण (वनले ढाकेको क्षेत्रफल) र क्षेत्रफललाई सूचकको रूपमा कायम गरी सिफारिस गरिएकोमा आर्थिक वर्ष २०८२/८३ का लागि आयोगबाट जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण, क्षेत्रफल, पूर्वाधार विकासको अवस्था र वनले ढाकेको क्षेत्रफललाई सूचक कायम गरी सम्बन्धित प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गरी सिफारिस गरिएको छ। जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण सूचक अन्तर्गत कूल जनसङ्ख्या, आश्रित जनसङ्ख्या र अपाङ्गता भएको जनसङ्ख्यालाई उपसूचक कायम गरिएको छ भने पूर्वाधार विकासको अवस्था सूचक अन्तर्गत सडकको घनत्व, खानेपानीको सुविधा, शौचालयको उपलब्धता, शहरीकरणको अवस्था, विद्युतको पहुँच र सूचना प्रविधिको पहुँच जस्ता उपसूचकहरू कायम गरिएको छ।

उपायहरू अपनाउन आवश्यक श्रोतको व्यवस्थापन गर्नु पर्दछ। सडकको पहुँच नभएका स्थानीय तहमा समेत सडक पूर्वाधारको विस्तार गर्न थप श्रोतको आवश्यकता पर्ने हुन्छ। सडकको पहुँच नभएका तर ठूलो क्षेत्रफल भएका स्थानीय तहको सडक पूर्वाधारको विस्तारको आवश्यकतालाई समेत सम्बोधन गर्नुपर्ने हुन्छ। तसर्थ सवारी साधन कर बाँडफाँटको आधार र ढाँचामा स्थानीय तहको क्षेत्रफल (भूगोल) लाई सूचकको रुपमा समावेश गरी यस सूचकलाई १० प्रतिशत भार दिइएको छ। यसका लागि प्रदेशको कूल क्षेत्रफलमा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई लिइएको छ। सवारी साधन कर बाँडफाँटलाई सन्तुलित बनाउन ३०० वर्ग किलोमिटर भन्दा बढी क्षेत्रफल भएका स्थानीय तहको हकमा ३०० वर्ग किलोमिटरको अधिकतम सीमा कायम गरी गणना गरिएको छ।

३. पूर्वाधार विकास

नेपालको संविधानले विकासको दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दीगो रूपमा भौतिक विकास गर्ने नीति लिएको छ। सो नीतिको कार्यान्वयन गर्ने दायित्व तीनवटै तहका सरकारको रहन्छ। संविधानको विकास सम्बन्धी नीतिको कार्यान्वयन गर्न आर्थिक स्रोतको आवश्यकता रहन्छ। प्रदेश तथा स्थानीय सरकारको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय सरकारको विकास खर्चको आवश्यकता निर्धारण गर्न मार्ग प्रशस्त गर्दछ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँछ। तसर्थ प्रदेश तथा स्थानीय सरकारमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी, शहरीकरण र सरसफाईको पहुँच तथा उपलब्धततालाई आधार मानी पूर्वाधार सूचक तयार गरिएको छ। पूर्वाधार विकास सूचकलाई २५ प्रतिशत भार प्रदान गरिएको छ।

३.१ सडकको घनत्व (सडकमा पहुँच): नेपाल सरकारले अगाडि सारेको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) को प्रमुख परिमाणात्मक लक्ष्यले सोचको अन्तिम अवधिमा ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। सो लक्ष्य हासिल गर्न सबै तहका सरकारले सडक निर्माण तथा स्तरोन्तिका लागि खर्च गर्नुपर्ने हुन्छ। सडक सञ्जालको पहुँचले कुनै पनि प्रदेश वा स्थानीय सरकारको विकासमा टेवा पुऱ्याउनुका साथै सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र जनतालाई सुगम तथा सहज ढंगले सेवा प्रवाह गर्न सडकको महत्वपूर्ण भूमिका हुने हुँदा पूर्वाधार विकास अन्तर्गतको उपसूचक मध्ये सडकको घनत्व उपसूचकलाई बढी भार दिइएको छ। पूर्वाधार विकास सूचकलाई दिइएको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ७५ प्रतिशत भार स्थानीय तहको सडक घनत्वलाई दिइएको छ।

३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच): आ.व. २०७९/८० मा उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको ३२ प्रतिशत जनसङ्ख्यालाई सरकारको दीर्घकालीन सोचको अन्तिम वर्ष ९५ प्रतिशत पुऱ्याउने लक्ष्य हासिल गर्न यस क्षेत्रमा लगानी गर्न जरूरी हुन्छ। खानेपानी सुविधाको पहुँच विस्तार गर्दै लैजाने विषय सरकारको अनिवार्य दायित्व हो। प्रत्येक स्थानीय सरकारले आफ्नो क्षेत्र भित्रका जनतालाई सजिलै खानेपानी सुविधा प्राप्त गर्ने वातावरणको सिर्जना गर्नेतर्फ प्रयास गर्नुपर्ने हुन्छ। स्थानीय सरकारमा खानेपानी सुविधाको पहुँच बढाउन उल्लेख्य आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यी पक्षहरूलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको २५ प्रतिशतलाई शत् प्रतिशत मानी खानेपानी सुविधा उपसूचकलाई ५ प्रतिशत भार प्रदान गरिएको छ।

३.३ सरसफाई (शौचालयको उपलब्धता): नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौतिक हकको प्रत्याभूत गरेको छ। स्वच्छ र स्वस्थ वातावरण कायम गर्न सरसफाई एक महत्वपूर्ण विषय हो भने शौचालयको उपलब्धताले सरसफाईको अवस्था चित्रण गर्दछ। सरसफाईको अवस्था कमजोर रहेको स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ भने पर्याप्त सरसफाईको उपलब्धता भएको स्थानमा थप लगानीको आवश्यकता नपर्न सक्दछ। कमजोर सरसफाईको अवस्थाले गर्दा स्थानीय तहले

विभिन्न नकारात्मक असरहरू समेत सामना गर्नुपर्ने हुन्छ। तसर्थ स्थानीय तहमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाई सूचक मानी पूर्वाधार विकास अन्तर्गतको २५ प्रतिशतलाई शत् प्रतिशत मानी सरसफाइ (शौचालय) सुविधा उपसूचकलाई ५ प्रतिशत् भार प्रदान गरिएको छ।

३.४ शहरीकरणको अवस्थाः स्थानीय सरकारमा शहरीकरणको अवस्थाले सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको विकासको अवस्थालाई प्रतिविम्वित गर्दछ। शहरी क्षेत्रको तुलनामा ग्रामीण तथा शहरोन्मुख क्षेत्रमा जनघनत्व बढी हुन्छ। जनघनत्व बढी हुने स्थानीय तहमा सवारी साधन समेत धेरै हुने र सवारी साधन कर समेत धेरै सङ्कलन हुने भएकोले ती स्थानीय तहलाई सवारी साधन कर वाफतको रकम धेरै दिनु न्यायोचित हुन्छ। स्थानीय तहको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रलाई शहरीकरणको अवस्थाको सूचक कायम गरी पूर्वाधार विकास अन्तर्गतको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सो को ५ प्रतिशत भार शहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ।

३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच): नेपाल सरकारले अगाडि सारेको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अन्तिम अवधिमा विद्युत पहुँच प्राप्त परिवार समेत १०० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। विकासको एउटा आवश्यकताको रूपमा लिईने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय सरकारको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन स्थानीय तहमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ त्यस्तो स्थानीय तहमा विद्युत सेवा विस्तारका लागि स्थानीय सरकारले सोही बमोजिम बढी खर्च गर्नुपर्ने हुँदा थप आर्थिक व्ययभार पर्दछ। तसर्थ पूर्वाधार विकास सूचकलाई दिइएको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ५ प्रतिशत भार विद्युतमा पहुँच उपसूचकलाई दिइएको छ।

३.६ सूचना प्रविधिको विकास (सूचना प्रविधिमा पहुँच): स्थानीय सरकारले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिले प्रमुख भूमिका खेल्दछ। जुन स्थानीय तहको सूचना प्रविधिको अवस्था कमजोर छ त्यस्ता स्थानीय सरकारले सूचना प्रविधिको स्तर माथी उकास्न थप लगानी गर्नुपर्ने हुन्छ। यसले एकातर्फ स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ भने अर्कोतर्फ प्रशासनिक खर्चमा समेत वृद्धि ल्याउँछ। यी सबै पक्षहरूलाई ख्याल गर्दै पूर्वाधार विकास सूचकलाई दिइएको २५ प्रतिशत भारलाई शत प्रतिशत मानी सूचना प्रविधिको पहुँच उपसूचकलाई ५ प्रतिशत भार दिइएको छ।

४. वनले ढाकेको क्षेत्रफल/पर्यावरण

सवारी साधनको उपयोगमा वृद्धि हुदै जाँदा यसले वातावरणीय पक्षमा विस्तारै नकारात्मक असर पार्दछ। सवारी साधनको अत्यधिक प्रयोगले कार्बनजन्य प्रदुषणको समस्या सिर्जना हुन्छ। सवारी साधनहरूले निसृत गर्ने कार्बनजन्य प्रदुषणको उपयुक्त र भरपर्दो समाधानका लागि वन तथा हरियालीको संरक्षण र प्रवर्द्धनले सहयोग पुऱ्याउँछ। वन क्षेत्रको विस्तार/विकास हुन सकेमा अन्ततः पर्यावरण संरक्षणमा टेवा पुग्नेमा दुईमत छैन। वन क्षेत्रको विद्यमान अवस्थितिलाई कायमै राख्न तथा थप वन क्षेत्रको विस्तार गरी पर्यावरणीय सन्तुलनका लागि स्थानीय सरकारले गरेका प्रयासहरूलाई कर बाँडफाँटको माध्यमबाट प्रोत्साहित गर्नुपर्ने हुन्छ। स्थानीय सरकारगत रूपमा प्रत्येक वर्ष वन क्षेत्रको विस्तार सम्बन्धी विस्तृत तथ्याङ्क उपलब्ध हुन नसकेको विद्यमान अवस्थामा सम्बन्धित स्थानीय तह भित्रको वनले ढाकेको क्षेत्रफललाई आधारको रूपमा समावेश गरिएको छ। साथै, भविष्यमा वन/पर्यावरण क्षेत्रको विस्तारमा गरेको वार्षिक प्रगतिलाई समेत थप सूचकको रूपमा समावेश गर्दै लगिनेछ। सवारी साधन करको रकमलाई वन क्षेत्रको संरक्षण र विस्तारमा परिचालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ स्थानीय तहको वनले ढाकेको क्षेत्रफललाई १० प्रतिशत भार दिइएको छ।

उपरोक्त आधार र ढाँचामा रहेर आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा

जम्मा गर्ने सवारी साधन करलाई सो प्रदेश भित्रका स्थानीय सरकार बीचमा बाँडफाँटको हिस्सा कोशी प्रदेशको हकमा अनुसूची १, मधेश प्रदेशको हकमा अनुसूची २, वागमती प्रदेशको हकमा अनुसूची ३, गण्डकी प्रदेशको हकमा अनुसूची ४, लुम्बिनी प्रदेशको हकमा अनुसूची ५, कर्णाली प्रदेशको हकमा अनुसूची ६ र सुदूर पश्चिम प्रदेशको हकमा अनुसूची ७ बमोजिम हुने गरी सिफारिस गरिएको छ।

ङ. सवारी साधन कर सङ्कलन तथा बाँडफाँट र उपयोगसम्बन्धी सुझावहरूः

१. एक प्रदेशमा दर्ता एवम् नवीकरण भएका सवारी साधनहरू अन्य प्रदेशहरूमा पनि निर्वाध रूपमा आवागमन गर्न पाउने व्यवस्था सुरक्षित रहेको छ। यस क्रममा कतिपय सवारी धनीले आफूले तिर्नु बुझाउनुपर्ने सवारी साधन कर नेपालभित्र आफू जुन स्थानमा बसेको छ, सो नजिकै रहेको सवारी साधन कर उठाउने कार्यालयबाट बुझाउन मिल्ने व्यवस्था मिलाउँदा करदातालाई सहज हुनेछ भने त्यसरी सङ्कलन हुने राजस्वलाई प्रदेश-प्रदेश बीचको समन्वयमा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सकिनेछ। अतः यसतर्फ सम्बन्धित प्रदेश सरकारले ध्यान दिनु उपयुक्त हुनेछ। साथै, आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै विद्युतीय प्रणालीबाट सवारी साधन करको भुक्तानी व्यवस्था मिलाउँदा राजस्व भुक्तानी र सङ्कलनमा थप सहजता आउनेछ।

२. प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई यस आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानूनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा कतिपय प्रदेश सरकारले उक्त कर बाँडफाँटको रकमलाई मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गरेको नपाइएकोले यस किसिमको व्यवहारले कानूनी व्यवस्थाको पूर्ण पालना नभएको कारण स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य बाँडफाँट गर्नु पर्दछ।

३. प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करलाई यथार्थ समयमा आधारित (Real Time Based) रहेर कानून बमोजिम प्रदेश विभाज्य कोष र तत् पश्चात स्थानीय विभाज्य कोषमा स्वतः जम्मा हुने र मासिक रूपमा सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने किसिमको विद्युतीय प्रणालीको स्थापना र सञ्चालन गरिएमा सवारी साधन करको बाँडफाँटमा थप प्रभावकारिता र पारदर्शिताको विकास हुनेछ.

४. यस सिफारिसको खण्ड ४ मा रहेको सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्न लिइएका आधार र ढाँचाको व्याख्या एवम् विश्लेषण खण्डमा सूचक तथा उपसूचकलाई आधारको रुपमा लिनुपर्नाको कारण र भार निर्धारणको ब्याख्या विश्लेषण गरिएको छ। स्थानीय सरकारले सवारी साधन कर बाँडफाँटबाट प्राप्त भएको रकम सोही बमोजिमको उद्देश्य हासिल हुनेगरी विनियोजन एवम् खर्च गर्नु पर्दछ। यसका साथै देहाय बमोजिम गर्न उपयुक्त हुन्छ।

- प्रादेशिक तथा स्थानीय सडकको मर्मत सम्भार गर्न,
- प्रादेशिक तथा स्थानीय सडकको सुरक्षासम्बन्धी आवश्यक सङ्केत चिन्ह, सूचना लगायतका पूर्वाधारको स्थापना र मर्मत सम्भार गर्न,
- सवारी चालक तथा सहचालकहरू, यात्रुहरू र आम नागरिकहरूका बीचमा सडकको सुरक्षित उपयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

- सवारी साधनको प्रयोगसँगै यसबाट वातावरणमा पर्ने असर/प्रभावलाई न्यूनीकरण गर्ने कार्य, मूलतः वनजङ्गलको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न,
- वातावरणमैत्री सवारी साधनको प्रवर्द्धन गर्न,
- प्रदेश र स्थानीय सरकारको सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन मूलतः बसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधार निर्माण गर्न।

तालिका ३.२१

आर्थिक वर्ष २०८२/८३ का लागि सुदूर पश्चिम प्रदेश सरकारले स्थानीय सरकारबीच गर्ने सवारी साधन कर बाँडफाँटको हिस्सा विवरण

क्र.सं.	स्थानीय तहको संकेत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन करको बाँडफाँट हिस्सा
१	७०१०१	बाजुरा	हिमाली गाउँपालिका	०.००९८११५१
२	७०१०२	बाजुरा	गौमुल गाउँपालिका	०.००७०५४५४
३	७०१०३	बाजुरा	बुढीनन्दा नगरपालिका	०.०१४५०७६७
४	७०१०४	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	०.००५६४४१३
५	७०१०५	बाजुरा	जगन्नाथ गाउँपालिका	०.००६८९०१६
६	७०१०६	बाजुरा	बडिमालिका नगरपालिका	०.००९४२२०८
७	७०१०७	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	०.००७८६९५६
८	७०१०८	बाजुरा	बुढीगंगा नगरपालिका	०.०२१९१८३७
९	७०१०९	बाजुरा	त्रिवेणी नगरपालिका	०.०१४११५६५
१०	७०२०१	बझाङ	साइपाल गाउँपालिका	०.००७१२०२५
११	७०२०२	बझाङ	बुंगल नगरपालिका	०.०१६३८८१८
१२	७०२०३	बझाङ	सूर्मा गाउँपालिका	०.००६९२२५३
१३	७०२०४	बझाङ	तालकोट गाउँपालिका	०.००९१०१६७
१४	७०२०५	बझाङ	मष्टा गाउँपालिका	०.००५८२५८७
१५	७०२०६	बझाङ	जयपृथ्वी नगरपालिका	०.००९३५३३४
१६	७०२०७	बझाङ	छबिस पाथिभरा गाउँपालिका	०.००६६१७२६
१७	७०२०८	बझाङ	दुर्गाथली गाउँपालिका	०.००५५३३२७
१८	७०२०९	बझाङ	केदारस्युँ गाउँपालिका	०.००८०९८००
१९	७०२१०	बझाङ	बित्थडचिर गाउँपालिका	०.००७९६०६०
२०	७०२११	बझाङ	थलारा गाउँपालिका	०.००७६९३८२
२१	७०२१२	बझाङ	खप्तडछान्ना गाउँपालिका	०.००६७८६९२
२२	७०३०१	दार्चुला	ब्याँस गाउँपालिका	०.००८१८१८६
२३	७०३०२	दार्चुला	दुहुँ गाउँपालिका	०.००८०१३१७
२४	७०३०३	दार्चुला	महाकाली नगरपालिका	०.००८५८९२८
२५	७०३०४	दार्चुला	नौगाड गाउँपालिका	०.००७४३४८५
२६	७०३०५	दार्चुला	अपिहिमाल गाउँपालिका	०.००७१७०२८
२७	७०३०६	दार्चुला	मार्मा गाउँपालिका	०.००७१४२४५
२८	७०३०७	दार्चुला	शैल्यशिखर नगरपालिका	०.०१३५६२०५
२९	७०३०८	दार्चुला	मालिकार्जुन गाउँपालिका	०.००६८४३५२
३०	७०३०९	दार्चुला	लेकम गाउँपालिका	०.००५१२००२
३१	७०४०१	बैतडी	डीलासैनी गाउँपालिका	०.००७६८२४६
३२	७०४०२	बैतडी	दोगडाकेदार गाउँपालिका	०.००८९९३६७
३३	७०४०३	बैतडी	पुचौंडी नगरपालिका	०.०१०९७६९९

क्र.सं.	स्थानीय तहको संकेत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन करको बाँडफाँट हिस्सा
३४	७०४०४	बैतडी	सुर्नया गाउँपालिका	०.००७४०५९८
३५	७०४०५	बैतडी	दशरथचन्द नगरपालिका	०.०१०५३२१३
३६	७०४०६	बैतडी	पन्चेश्वर गाउँपालिका	०.००७०४०६८
३७	७०४०७	बैतडी	शिवनाथ गाउँपालिका	०.००६४१८७५
३८	७०४०८	बैतडी	मेलौली नगरपालिका	०.०१३७९२९५
३९	७०४०९	बैतडी	पाटन नगरपालिका	०.०११०४९७४
४०	७०४१०	बैतडी	सिगास गाउँपालिका	०.००९२८४७९
४१	७०५०१	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	०.००७५८२२९
४२	७०५०२	डँडेलधुरा	अमरगढी नगरपालिका	०.०१११११३४२
४३	७०५०३	डँडेलधुरा	अजयमेरु गाउँपालिका	०.००७६४१५५
४४	७०५०४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	०.००८२२४१६
४५	७०५०५	डँडेलधुरा	परशुराम नगरपालिका	०.०१४३४९८२
४६	७०५०६	डँडेलधुरा	आलिताल गाउँपालिका	०.०१०००३८५
४७	७०५०७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	०.००८०२८५७
४८	७०६०१	डोटी	पुर्विचौकी गाउँपालिका	०.००९८६०४१
४९	७०६०२	डोटी	सायल गाउँपालिका	०.००८७१४७९
५०	७०६०३	डोटी	आदर्श गाउँपालिका	०.००९२००५८
५१	७०६०४	डोटी	शिखर नगरपालिका	०.०१५४३८२५
५२	७०६०५	डोटी	दिपायल सिलगढी नगरपालिका	०.०१२८८२४३
५३	७०६०६	डोटी	के.आई.सिं. गाउँपालिका	०.००९६४०५६
५४	७०६०७	डोटी	बोगटान फुड्सिल गाउँपालिका	०.०१०५५५८०
५५	७०६०८	डोटी	बडीकेदार गाउँपालिका	०.०१०५०१३३
५६	७०६०९	डोटी	जोरायल गाउँपालिका	०.०१२०७८८५
५७	७०७०१	अछाम	पंचदेवल बिनायक नगरपालिका	०.०१५२९५६६
५८	७०७०२	अछाम	रामारोशन गाउँपालिका	०.००९६१३२७
५९	७०७०३	अछाम	मेल्लेख गाउँपालिका	०.००९३१९८६
६०	७०७०४	अछाम	साँफेबगर नगरपालिका	०.०१०७०५३१
६१	७०७०५	अछाम	चौरपाटी गाउँपालिका	०.०१०८१८२८
६२	७०७०६	अछाम	मंगलसेन नगरपालिका	०.०१७१०६९१
६३	७०७०७	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	०.००८२८८९३
६४	७०७०८	अछाम	कमलबजार नगरपालिका	०.०१०३००११
६५	७०७०९	अछाम	ढकारी गाउँपालिका	०.००९८५१८३
६६	७०७१०	अछाम	तुर्माखाँद गाउँपालिका	०.०१०४१५१९
६७	७०८०१	कैलाली	मोहन्याल गाउँपालिका	०.०१३८८५८८
६८	७०८०२	कैलाली	चुरे गाउँपालिका	०.०१२९७९६४
६९	७०८०३	कैलाली	गोदावरी नगरपालिका	०.०१८४४१५६
७०	७०८०४	कैलाली	गौरीगंगा नगरपालिका	०.०१९८३७५५
७१	७०८०५	कैलाली	घोडाघोडी नगरपालिका	०.०१८२५९७०
७२	७०८०६	कैलाली	बर्दगोरिया गाउँपालिका	०.०११०५०३१
७३	७०८०७	कैलाली	लम्कि चुहा नगरपालिका	०.०२६०२४१६
७४	७०८०८	कैलाली	जानकी गाउँपालिका	०.०११५४६७०
७५	७०८०९	कैलाली	जोशीपुर गाउँपालिका	०.०११३३७११
७६	७०८१०	कैलाली	टिकापुर नगरपालिका	०.०२४०३५१२
७७	७०८११	कैलाली	भजनी नगरपालिका	०.०१३२३२१९

क्र.सं.	स्थानीय तहको संकेत नं.	जिल्ला	स्थानीय तहको नाम	सवारी साधन करको बाँडफाँट हिस्सा
७८	७०८१२	कैलाली	कैलारी गाउँपालिका	०.०१३४४९३७
७९	७०८१३	कैलाली	धनगढी उपमहानगरपालिका	०.०२८२९५९८
८०	७०९०१	कञ्चनपुर	कृष्णपुर नगरपालिका	०.०१४७५३१८
८१	७०९०२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	०.०१६२२९८०
८२	७०९०३	कञ्चनपुर	बेदकोट नगरपालिका	०.०१९१४२५३
८३	७०९०४	कञ्चनपुर	भिमदत्त नगरपालिका	०.०२०२८४७१
८४	७०९०५	कञ्चनपुर	चाँदनी-दोधारा नगरपालिका	०.०१०८४३५५
८५	७०९०६	कञ्चनपुर	लालझाडी गाउँपालिका	०.००९१४३७८
८६	७०९०७	कञ्चनपुर	पुनर्वास नगरपालिका	०.०२६५७००३
८७	७०९०८	कञ्चनपुर	बेलौरी नगरपालिका	०.०१४९३४५५
८८	७०९०९	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	०.००८३१९६३
जम्मा				**१**

३.५ नेपाल सरकारलाई गरिएको सिफारिस (सुदूरपश्चिम प्रदेश सरकार र सो प्रदेश भित्रका स्थानीय सरकारसँग सम्बन्धित)

३.५.१ राजस्व बाँडफाँट

आर्थिक वर्ष २०७६/७७ देखि २०८१/८२ सम्मका लागि गरिएको राजस्व बाँडफाँटको सिफारिसमा अपाङ्गता भएको जनसङ्ख्यालाई विशेष अवस्था सूचक अन्तर्गत समावेश गरिएकोमा आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरिएको सिफारिसमा जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणमा समावेश गरिएको छ भने चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल र मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफललाई विशेष अवस्था सूचक अन्तर्गत समावेश गरिएको छ। त्यस्तै साविकमा खर्चको आवश्यकता सूचकमा कुनैपनि उपसूचक कायम नगरी एकमुष्ट भार दिइएको थियो भने पछिल्लो सिफारिसमा खर्चको आवश्यकताको उपसूचक पहिचान गरी प्रदेशतर्फ प्रदेश सभा सदस्य सङ्ख्या र स्थानीय सरकारतर्फ स्थानीय तहको वडाको सङ्ख्यालाई उपसूचक कायम गरी सिफारिस गरिएको छ। सूचक र उपसूचकहरूको भारमा समेत परिमार्जन गरिएको छ। सो सम्बन्धी विवरण समेटिएको आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८६/८७ सम्मका लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटका सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस अनुसूची-१ मा समावेश गरिएको छ।

यसरी गरिएको पछिल्लो सिफारिसबाट सुदूरपश्चिम प्रदेश सरकार र सो प्रदेश भित्रका स्थानीय सरकारहरूको राजस्व बाँडफाँटको हिस्सा परिवर्तन हुन आएको छ। सो बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको साविकको हिस्सा ०.१२८९२८० रहेकोमा हाल ०.१२६४३२७ कायम भई ०.००२४९५३ हिस्सा घटेको छ। प्रदेश भित्रका स्थानीय सरकार तर्फ विश्लेषण गर्दा ३१ स्थानीय सरकारको हिस्सा बढेको छ भने ५७ स्थानीय सरकारको हिस्सा घटेको छ। परिवर्तित हिस्साको विवरण अनुसूची-२ मा समावेश गरिएको छ।

३.५.२ वित्तीय समानीकरण अनुदान

आर्थिक वर्ष २०८१/८२ सम्मका लागि आयोगले नेपाल सरकारबाट स्थानीय सरकारमा तथा प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको सिफारिसमा जनसङ्ख्यालाई एकल सूचकको रूपमा प्रयोग गरी सिफारिस गर्दै आएकोमा आर्थिक वर्ष २०८२/८३ को न्यूनतम वित्तीय समानीकरण अनुदान हस्तान्तरण थप सन्तुलित र न्यायोचित बनाउन जनसङ्ख्या र भूगोल दुवैलाई सूचक कायम गरी सिफारिस गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस अनुसूची-३ मा समावेश गरिएको छ।

वित्तीय समानीकरण अनुदान तर्फ आर्थिक वर्ष २०८१/८२ मा कार्यसम्पादन मूल्याङ्कन वापत प्रदेश सरकार तथा सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकारको अन्तिम नतिजा अनुसूची-४ मा समावेश गरिएको छ।

प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कनमा सुदूरपश्चिम प्रदेश सरकारले ५२.१६, कोशी प्रदेश सरकारले ५०.७७, कर्णाली प्रदेश सरकारले ४६.७९, बागमती प्रदेश सरकारले ४५.८७, गण्डकी प्रदेश सरकारले ४४.४६, लुम्बिनी प्रदेश सरकारले ४०.७९ र मधेश प्रदेश सरकारले ३०.०० अङ्क हासिल गरेका छन्। सुदूरपश्चिम प्रदेश भित्रको स्थानीय सरकारको आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कनमा डडेल्धुराको अमरगढी नगरपालिका, दार्चुलाको नौगाड गाउँपालिका र कञ्चनपुरको भिमदत्त नगरपालिका शीर्ष ३ स्थानमा रहेका छन् भने कैलालीको मोहन्याल गाउँपालिका, कञ्चनपुरको बेलडाँडी गाउँपालिका र कैलालीको लम्किचुहा नगरपालिका अन्तिम ३ स्थानमा रहेका छन्।

३.५.३ सशर्त अनुदान

आयोगले नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदानको आधार सिफारिस गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस अनुसूची-५ मा समावेश गरिएको छ।

३.५.४ प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट

आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट संकलित रोयल्टी बाँडफाँटका लागि आयोगको सिफारिसमा नपरेका आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गर्न नेपाल सरकारलाई गरिएका सिफारिस, आर्थिक वर्ष २०८२/८३ का लागि सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय सरकारबीच प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस तथा प्राकृतिक स्रोतको रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट गर्ने विद्यमान संरचना पुनरावलोकन गर्न नेपाल सरकारलाई गरिएको सिफारिस अनुसूची-६ मा समावेश गरिएको छ।

परिच्छेद - चार

सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्था

४.१ वित्तीय हस्तान्तरण सिफारिस

आयोगले नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार प्रत्येक वर्ष सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार, प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदानको परिमाण र प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सिफारिस गर्दै आएको छ। यस परिच्छेदमा आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन भएका तथा आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिस कार्यान्वयन अवस्थाको विश्लेषण गरिएको छ।

४.१.१ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान

सङ्घीय सञ्चित कोषबाट नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। त्यस्तो अनुदान सिफारिस गर्ने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानूनमा समेत गरिएको छ। साथै, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम वित्तीय समानीकरण अनुदानका सम्बन्धमा आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ का लागि आयोगले गरेको सिफारिस कार्यान्वयनको अवस्था तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

तालिका ४.१

नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था

(रू. लाखमा)

आर्थिक वर्ष	तह	आयोगबाट नेपाल सरकारलाई गरिएको सिफारिस	नेपाल सरकारबाट गरिएको बजेट विनियोजन	नेपाल सरकारबाट भएको हस्तान्तरण	हस्तान्तरण प्रतिशत
२०८१/८२	सुदूरपश्चिम प्रदेश	८७२२७.००	८७२२७.००	८००३९.५०	९१.७६
	सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकार	९५४८९.००	९५४८९.००	८७६१९.९६	९१.७६
२०८२/८३	सुदूरपश्चिम प्रदेश	८९२५६.००	८९२५६.००	-	-
	सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकार	९८६०६.००	९८६०६.००	-	-

स्रोतः आयोगका सिफारिस, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८१/८२ का लागि सङ्घीय सञ्चित कोषबाट सुदूरपश्चिम प्रदेश सरकारलाई कुल रू. ८ अर्ब ७२ करोड २७ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम वित्तीय हस्तान्तरणका लागि बजेट विनियोजन गरेको तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार रू. ८ अर्ब ४० हजार (९१.७६ प्रतिशत) मात्र हस्तान्तरण भएको देखिन्छ। प्रदेश भित्रका स्थानीय सरकारका लागि रू. ९ अर्ब ५४ करोड ८९ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको तर महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार रू. ८ अर्ब ७६ करोड २० लाख (९१.७६ प्रतिशत) मात्र हस्तान्तरण भएको देखिन्छ।

आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सञ्चित कोषबाट सुदूरपश्चिम प्रदेश सरकारलाई कुल रू. ८ अर्ब ९२ करोड ५६ लाख र प्रदेश भित्रका स्थानीय सरकारलाई रू. ९ अर्ब ८६ करोड ६ लाख वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सोही बमोजिम बजेट विनियोजन गरेको देखिन्छ।

४.१.२ प्रदेश सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान

नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई प्रदेश भित्रका स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम प्रदेशले वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक एवम् कानूनी व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम वित्तीय समानीकरण अनुदानका सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन भएका तथा आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी आयोगबाट भएका सिफारिस कार्यान्वयनको अवस्थाको विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

तालिका ४.२

प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान सिफारिस कार्यान्वयनको अवस्था

(रू. लाखमा)

क्र. सं.	प्रदेश	आर्थिक वर्ष	आयोगबाट प्रदेश सरकारलाई गरिएको सिफारिस	प्रदेश सरकारबाट गरिएको बजेट विनियोजन	प्रदेश सरकारबाट भएको हस्तान्तरण
१	सुदूरपश्चिम प्रदेश	२०८१/८२	८६००	८६००	८६००
		२०८२/८३	९०००	९०००	-

स्रोतः आयोगका सिफारिस, प्रदेश सरकारका आर्थिक मामिला सम्बन्धी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय

आयोगले सुदूरपश्चिम प्रदेश सरकारलाई सो प्रदेश भित्रका स्थानीय सरकारलाई आर्थिक वर्ष २०८१/८२ का लागि रू. ८६ करोड वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम विनियोजन भई हस्तान्तरण भएको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ का लागि रू. ९० करोड हस्तान्तरण गर्न सिफारिस गरिएकोमा सोही बमोजिम विनियोजन भएको देखिन्छ।

४.१.३ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने सशर्त अनुदान

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा "नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) मा "उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ" भन्ने व्यवस्था गरिएको छ।

आयोगबाट आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारको अधिकार सूचिभित्रको कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था, राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय सरकार मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था लगायतका ९ वटा आधारहरू निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिएको थियो। आयोगले अध्ययन तथा विश्लेषण गर्नका लागि माग गरे अनुरूपको विवरण नेपाल सरकारबाट प्राप्त नभएकाले सिफारिस बमोजिमका आधारहरू अनुरूप सशर्त अनुदान हस्तान्तरण भए/नभएको विश्लेषण गर्न सकिएन।

नेपाल सरकारले सुदूरपश्चिम प्रदेश सरकारलाई आर्थिक वर्ष २०८१/८२ मा रू. ३ अर्ब १३ करोड ३४ लाख सशर्त

अनुदानतर्फ बजेट विनियोजन गरेकोमा रू. १ अर्ब ६७ करोड ३ लाख हस्तान्तरण गरेको देखिन्छ भने सो प्रदेश भित्रका स्थानीय सरकारलाई रू. २२ अर्ब २२ करोड २२ लाख बजेट विनियोजन गरेकोमा रू. १९ अर्ब ५३ करोड ८४ लाख हस्तान्तरण गरेको देखिन्छ। यसरी सशर्त अनुदान वापत विनियोजित रकममध्ये सुदूरपश्चिम प्रदेश सरकारलाई ५३.३१ प्रतिशत र प्रदेश भित्रका स्थानीय सरकारलाई ८७.९२ प्रतिशत मात्र हस्तान्तरण भएको देखिन्छ, जसबाट प्रदेश तथा स्थानीय सरकार मार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने नेपाल सरकारको उद्देश्य हासिल हुने देखिएन। सशर्त अनुदानको तुलनात्मक विश्लेषण गर्दा स्थानीय सरकारलाई विनियोजन गरे भन्दा कम रकम हस्तान्तरण गरेको देखिन्छ।

४.१.४ प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदान

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ भन्ने व्यवस्था रहेको छ। नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि आयोगले प्रदेश सरकारबाट स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका प्रदेश सरकारको अधिकार सूचि भित्रको कुनै विषय वा कार्यक्रम र आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकार मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था लगायतका १७ वटा आधारहरू निर्धारण गरी प्रदेश सरकारलाई सिफारिस गरिएको थियो।

सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा प्रदेश भित्रका स्थानीय सरकारलाई सशर्त अनुदानतर्फ रू. १ अर्ब २ करोड १८ लाख हस्तान्तरण गर्नेगरी बजेट विनियोजन गरेकोमा रू. ४४ करोड १६ लाख हस्तान्तरण गरेको देखिन्छ, जुन विनियोजित बजेटको ४३.२२ प्रतिशत हुन आउँछ।

यसरी हस्तान्तरण भएको सशर्त अनुदानको रकम आयोगले सिफारिस गरेको आधार अनुसार भए नभएको विषयमा अध्ययन गर्न माग गरिए अनुरूपको विवरण प्राप्त हुन नसकेकोले आयोगको सिफारिस अनुरूप सशर्त अनुदान हस्तान्तरण भए/नभएको विश्लेषण गर्न सकिएन।

४.२ आन्तरिक ऋणको सीमाको सिफारिस

नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत "समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने" व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था उल्लेख छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ। आयोगबाट नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्दै आएको छ। आयोगले आर्थिक वर्ष २०८१/८२ का लागि गरेको आन्तरिक ऋणको सीमा सिफारिस कार्यान्वयनको अवस्था देहाय अनुसार रहेको छः

४.२.१ प्रदेश सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा

आयोगले आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन र त्यसको उपयोग पूँजी

निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा परिचालन गर्ने तर साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि नगर्ने गरी सिफारिस गरिएको थियो। प्रदेश सरकारले पेस गरेका सम्बन्धित आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम र आय-व्ययको विवरण अनुसार सुदूरपश्चिम प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिदैन।

त्यसैगरी प्रदेश सरकारले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषण (Cost Benefit Analysis) बाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) को विश्लेषणबाट उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्ने गरी सिफारिस गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले पेस गरेका वार्षिक बजेट तथा कार्यक्रम र आय-व्ययको विवरण अनुसार सुदूरपश्चिम प्रदेश सरकारले आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको देखिदैन।

४.२.२ स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा

स्थानीय सरकारले आन्तरिक ऋण परिचालनको संरचना र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र स्थानीय सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति/योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (Internal Rate of Return - IRR) वा खुद वर्तमान मूल्य (Net Present Value - NPV) को विश्लेषणबाट उपयुक्त देखिएका आयोजना/परियोजना कार्यान्वयनका लागि आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सिफारिस गरेको थियो।

अन्य कानून बमोजिम ऋण परिचालन गर्न सक्ने निकायले गर्ने ऋण लगानीको रकमलाई समेत आयोगले सिफारिस गरेको सम्बन्धित सङ्घीय इकाइको आन्तरिक ऋणको सीमाभित्र व्यवस्थित गर्नु पर्दछ भनी आयोगले सुझाव दिएको थियो। आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशका कुनैपनि स्थानीय सरकारले आन्तरिक ऋण लिएको देखिएन। साथै, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ को उपदफा (३) बमोजिम कुनै पनि स्थानीय सरकारले आन्तरिक ऋणका लागि हालसम्म सहमति माग तथा अनुरोध भै नआएको भनी अर्थ मन्त्रालयबाट जानकारी प्राप्त हुन आएको छ।

४.३ राजस्व बाँडफाँट सिफारिस

नेपालको संविधानको धारा ६० मा सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्व बाँडफाँटको व्यवस्था रहेको छ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (क) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत "संविधान र कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने" उल्लेख छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) बमोजिम यस आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारबीच र प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने दायित्व सहित बाँडफाँटका विभिन्न सात वटा आधारहरू तोकिएको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ ले सङ्घ, प्रदेश र स्थानीय सरकारबीचमा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न क्रमशः ७०, १५ र १५ प्रतिशतको अनुपात निर्धारण

गरी राजस्व रकम हस्तान्तरणको प्रक्रिया सम्बन्धी व्यवस्था गरेको छ। तदनुरूप सङ्घीय विभाज्य कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकममध्येबाट क्रमशः १५, १५ प्रतिशतको अनुपातमा प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। यसरी प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारबीच र स्थानीय तहहरूबीच बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ।

४.३.१ मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँट

आयोगको मिति २०७६/११/२९ को निर्णय अनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मका लागि राजस्व बाँडफाँट सिफारिस गरिएको थियो। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रारम्भिक विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म सङ्घीय विभाज्य कोषमा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट सङ्कलित अन्तःशुल्क राजस्व रू. ४ खर्ब ६३ अर्ब ९६ करोड ७२ लाख ७२ हजार जम्मा भएकोमा ऐनको व्यवस्था बमोजिम १५ प्रतिशतले हुने रू. ६९ अर्ब ५९ करोड ५० लाख ९१ हजार प्रदेश विभाज्य कोषमा र सोही अनुपातको रकम स्थानीय विभाज्य कोषमा हस्तान्तरण भएको देखियो। मिति २०८२ असार १६ गतेदेखि असार मसान्तसम्म विभाज्य कोषमा जम्मा भएको राजस्व सोही आर्थिक वर्षभित्र विभाजन नगरी असार मसान्तपछि विभाजन गरी हस्तान्तरण गर्ने अभ्यासबाट प्रदेश तथा स्थानीय सरकारको सम्बन्धित आर्थिक वर्षको बजेट कार्यान्वयनमा प्रभाव पर्न गएको देखिन्छ।

आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारले अनुमान गरेको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठ्न सक्ने अन्तःशुल्क रकम तथा यथार्थ सङ्कलनको विवरण तथा सुदूरपश्चिम प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय सरकारमा बाँडफाँट भएको राजस्वको विवरण तालिका ४.३ मा उल्लेख गरिएको छ।

तालिका ४.३
आर्थिक वर्ष २०८१/८२ को राजस्व बाँडफाँटको विवरण

(रू. लाखमा)

विवरण	अनुमानित रकम*	सङ्कलित रकम
सङ्घीय विभाज्य कोषमा जम्मा हुने मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्क	५१८९२३५.००	४६३९६७२.७२ (८९.४१%)
सङ्घीय विभाज्य कोषबाट सङ्घीय सञ्चित कोषमा दाखिला हुने (७०%)	३६३२४६५.००	३२४७७७०.९०
सङ्घीय विभाज्य कोषबाट प्रदेश विभाज्य कोषमा जम्मा हुने (१५%)	७७८३६५.००	६९५९५०.९१
सङ्घीय विभाज्य कोषबाट स्थानीय विभाज्य कोषमा जम्मा हुने (१५%)	७७८३६५.००	६९५९५०.९१
**आ.व. २०८१/८२ को बजेट वक्तव्यको अनुसूची-१ राजस्व बाँडफाँट मार्फतको विवरण अनुसार*		
बाँडफाँट सम्बन्धी विवरण	**सिफारिस गरिएको बाँडफाँटको हिस्सा**	**बाँडफाँट भएको राजस्व रकम**
सुदूरपश्चिम प्रदेश सरकार	०.१२८९२८०	८९७२७.५६
सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकारलाई जम्मा	०.११८६२४१	८२५५६.५५

स्रोतः अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय

४.३.२ सवारी साधन करको बाँडफाँट

प्रदेश र स्थानीय सरकार दुवैको अधिकार सूचीमा रहेको राजस्वको स्रोतहरू मध्ये अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेशले सङ्कलन गर्ने सवारी साधन कर सोही ऐनको दफा ६क. अनुसार प्रदेश विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था छ। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये ६० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी ४० प्रतिशत रकम स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी जम्मा भएको रकम आयोगले निर्धारण गरी सिफारिस गरेको आधार र ढाँचा बमोजिम सम्बन्धित प्रदेशभित्रका स्थानीय सरकारलाई मासिक

रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। सुदूरपश्चिम प्रदेशले आर्थिक वर्ष २०८१/८२ मा सवारी साधन कर बापत रू. ७६ करोड सङ्कलन गर्ने लक्ष्य राखेकोमा रू. ७८ करोड १६ लाख ९ हजार (लक्ष्यको १०२.८४ प्रतिशत) सङ्कलन गरेको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ को असार २४ गतेसम्म सङ्कलित रकम मध्ये ४० प्रतिशत रकम आयोगले २०८१/८२ को सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गरे अनुसार प्रदेश भित्रका स्थानीय सरकारलाई रु ३० करोड ३९ लाख ५० हजार बाँडफाँट गरेको देखिन्छ भने २०८२ असार २५ गते देखि असार मसान्तसम्म सङ्कलित रकम रू. ७७ लाख २९ हजार बाँडफाँट गर्न बाँकी रहेको देखिन्छ।

४.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सिफारिस

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी जम्मा गर्ने व्यवस्था छ। सो कोषमा जम्मा भएको रकम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच ऐनको अनुसूची-४ बमोजिम वार्षिक रूपमा बाँडफाँट गर्ने व्यवस्था रहेको छ। यसरी बाँडफाँट हुने रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा जम्मा हुने र नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय सरकारलाई प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा बाँडफाँट गरी प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था छ।

आर्थिक वर्ष २०८१/८२ मा सङ्कलन भएको रोयल्टी रकम आयोगको सिफारिस बमोजिम सम्बन्धित प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषमा हस्तान्तरण हुन बाँकी रहेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भएको रोयल्टी रकम बाँडफाँट तथा वितरणको सिफारिस कार्यान्वयन अवस्था यस परिच्छेदमा उल्लेख गरिएको छ। प्राकृतिक स्रोतको आयोजनागत रूपमा हिस्सा बाँडफाँट सिफारिस गरिएकोमा सो अनुसार वितरणको विस्तृत विवरण नेपाल सरकारबाट प्राप्त हुन नसकेकाले आयोजनागत बाँडफाँटको हिस्सा कार्यान्वयनको अवस्था विश्लेषण गर्न सकिएन।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट प्राप्त भएको रोयल्टीका शीर्षकहरू पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट कुल रकम रू. ६ अर्ब ३० करोड ४५ लाख ५६ हजार सङ्कलन भई बाँडफाँट भएको देखियो। जसमा सबैभन्दा बढी विद्युतबाट ५४.६३ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ भने वनबाट २२.६० प्रतिशत (संरक्षित क्षेत्रबाट १०.७७ प्रतिशत र राष्ट्रिय वनबाट ११.८३ प्रतिशत), पर्वतारोहणबाट १२.२२ प्रतिशत र खानी तथा खनिजबाट १०.५५ प्रतिशत रोयल्टी सङ्कलन भएको देखिन्छ। दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नु पर्नेमा सो भएको देखिएन।

आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी रकम बाँडफाँटको शीर्षकगत विवरण तालिका ४.४ मा प्रस्तुत गरिएको छ।

तालिका ४.४

आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय विभाज्य कोषमा जम्मा भएको रोयल्टी र बाँडफाँटको विवरण

(रू. हजारमा)

क्र.सं.	रोयल्टीको शीर्षक	विभाज्य कोषमा जम्मा	नेपाल सरकार	प्रदेश सरकार	स्थानीय सरकार
१	पर्वतारोहण	७७०४४०	३८५२२०	१९२६१०	१९२६१०
२	विद्युत	३४४४४४६	१७२२२२३	८६१११२	८६१११२
३	वन	१४२४६९२	७१२३४६	३५६१७३	३५६१७३
	३.१ संरक्षित क्षेत्र	*६७९२०१*	३३९६०१	१६९८००	१६९८००
	३.२ राष्ट्रिय वन	*७४५४९१*	३७२७४५	१८६३७३	१८६३७३

क्र.सं.	रोयल्टीको शीर्षक	विभाज्य कोषमा जम्मा	नेपाल सरकार	प्रदेश सरकार	स्थानीय सरकार
४	खानी तथा खनिज	६६४९७८	३३२४८९	१६६२४४	१६६२४४
	जम्मा	**६३०४५५६**	**३१५२२७८**	**१५७६१३९**	**१५७६१३९**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

४.४.१ प्रदेश सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भएको रोयल्टी आयोगको सिफारिसमा सातै प्रदेश सरकारलाई रू. १ अर्ब ५७ करोड ६१ लाख ३९ हजार बाँडफाँट गरी वितरण गरेको छ। रोयल्टी बाँडफाँटबाट सुदूरपश्चिम प्रदेश सरकारले प्राप्त गरेको शीर्षकगत रोयल्टीको विवरण तालिका ४.५ मा उल्लेख गरिएको छ।

तालिका ४.५

आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भई सुदूरपश्चिम प्रदेश सरकारले प्राप्त गरेको रोयल्टीको विवरण

(रू. हजारमा)

क्र.सं.	शीर्षक		प्राप्त रोयल्टी	शीर्षकगत प्रतिशत
१	वन	संरक्षित वन	८३६८	१३.६३
		राष्ट्रिय वन	२३१५३	३७.७१
		वनतर्फको जम्मा	३१५२०	५१.३३
२	जलविद्युत		२९७६३	४८.४७
३	पर्वतारोहण		५७	०.०९
४	खानी तथा खनिज		६१	०.१०
जम्मा			**६१४०२**	

स्रोतः महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चपम प्रदेश सरकारले प्राप्त गरेको कुल रोयल्टी मध्ये सबैभन्दा बढी हिस्सा वन रोयल्टीको ५१.३३ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा पर्वतारोहण रोयल्टीको ०.०९ प्रतिशत रहेको छ।

४.४.२ स्थानीय सरकारले प्राप्त गरेको रोयल्टी

सङ्घीय विभाज्य कोषबाट नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भएको रोयल्टी मध्ये आयोगको सिफारिसमा सुदूरपश्चिम प्रदेशमा रहेका स्थानीय सरकारलाई रू. ६ करोड १४ लाख २ हजार बाँडफाँट गरी वितरण गरेको छ। शीर्षकगत रोयल्टी बाँडफाँटको विवरण तालिका ४.६ मा उल्लेख गरिएको छ।

तालिका ४.६

आर्थिक वर्ष २०८०/८१ मा सङ्कलन भई सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकारले प्राप्त गरेको रोयल्टीको विवरण

रोयल्टीको शीर्षक	रोयल्टी प्राप्त गरेका स्थानीय सरकारको सङ्ख्या	सबैभन्दा बढी रोयल्टी रकम (रू.)	सबैभन्दा कम रोयल्टी रकम (रू.)	जम्मा रोयल्टी रकम (रू.)
पर्वतारोहण	१७	२७१२४.६८	११०.३४	५६९१४.३१
विद्युत	१०	७१९९६७९.८९	५१७६७.६६	२९७६३४२२.४२
वन	८८	१५८२५३२.८६	१०८५१.५३	३१५२०३६०.१५
खानी तथा खनिज	५	४५०००.००	४९८.१६	६११७४.९९
जम्मा	८८	८२०८८४९.८०	१०८५१.५३	६१४०१८७१.८७

स्रोतः महालेखा नियन्त्रक कार्यालय

सुदूरपश्चिम प्रदेशभित्र आर्थिक वर्ष २०८०/८१ मा पर्वतारोहणबाट १७ स्थानीय सरकारमा बाँडफाँट भएको जम्मा रोयल्टी

रकम रू. ५६ हजार ९ सय १४ मध्ये दार्चुलाको दुहुँ गाउँपालिकाले न्यूनतम रू. १ सय १० देखि बझाङको साइपाल गाउँपालिकाले अधिकतम रू. २७ हजार १ सय २५ प्राप्त गरेको देखिन्छ। त्यसैगरी विद्युतबाट १० स्थानीय सरकारमा रू. २ करोड ९७ लाख ६३ हजार बाँडफाँट हुँदा कैलालीको चुरे गाउँपालिकाले न्यूनतम रू. ५१ हजार ७ सय ६८ देखि दार्चुलाको मार्मा गाउँपालिकाले अधिकतम रू. ७२ लाख प्राप्त गरेको देखिन्छ। वनबाट ८८ स्थानीय सरकारमा रू. ३ करोड १५ लाख २० हजार बाँडफाँट हुँदा दार्चुलाको लेकम गाउँपालिकाले न्यूनतम रू. १० हजार ८ सय ५२ देखि दार्चुलाको व्यास गाउँपालिकाले अधिकतम रू. १५ लाख ८३ हजार प्राप्त गरेको देखिन्छ। खानी तथा खनिजबाट ५ स्थानीय सरकारमा रू. ६१ हजार १ सय ७५ बाँडफाँट हुँदा दार्चुलाको मालिकार्जुन गाउँपालिकाले न्यूनतम रू. ४ सय ९८ देखि दार्चुलाको दुहुँ गाउँपालिकाले अधिकतम रू. ४५ हजार प्राप्त गरेको देखिन्छ। प्रदेशभित्रका ८८ स्थानीय सरकारलाई जम्मा रू. ६ करोड १४ लाख २ हजार रोयल्टी बाँडफाँट भएकोमा दार्चुलाको लेकम गाउँपालिकामा न्यूनतम रू. १० हजार ८ सय ५२ देखि दार्चुलाको मार्मा गाउँपालिकामा अधिकतम रू. ८२ लाख ९ हजारसम्म बाँडफाँट भएको देखिन्छ।

४.४.३ तीन तहका सरकारबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट गर्ने विद्यमान संरचनाको पुनरावलोकन गर्न नेपाल सरकारलाई गरिएको सिफारिस

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमशः ५०, २५ र २५ प्रतिशत रहेको छ। रोयल्टी बाँडफाँटको उक्त अनुपात यस आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा नेपाल सरकारले पुनरावलोकन गर्नसक्ने प्रावधान बमोजिम आयोगबाट मिति २०८१ फाल्गुन २ गते नेपाल सरकारलाई सिफारिस गरेकोमा सो बमोजिम पुनरावलोकन भई नेपाल राजपत्रमा प्रकाशन भएको पाइएन।

४.५ सुझाव कार्यान्वयनको अवस्था

आयोगको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा दिइएको सुझाव कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छः

क्र. सं.	आयोगबाट दिइएको सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
वित्तीय हस्तान्तरण सम्बन्धी			
क. वित्तीय हस्तान्तरण			
१.	सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा पार्ने प्रभावको विश्लेषण पश्चात् वित्तीय समानीकरण अनुदान निर्धारण र सिफारिस गर्ने प्रयोजनार्थ क्र.सं. १ बमोजिमको सुझाव कार्यान्वयन नभएसम्मका लागि प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने सशर्त, समपूरक र विशेष अनुदानको सङ्घीय इकाइगत र क्षेत्रगत परिमाणको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको

क्र. सं.	आयोगबाट दिइएको सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
२.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था बमोजिम प्रदेश तथा स्थानीय सरकारले प्रशासनिक खर्च [पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित बिदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च] शीर्षकमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम विनियोजन नगर्ने।	प्रदेश सरकार, स्थानीय सरकार	केही स्थानीय सरकारले सुझाव कार्यान्वयन गरे तापनि अधिकांश स्थानीय सरकारबाट कार्यान्वयन हुन नसकेको
३.	प्रदेश तथा स्थानीय सरकारले वित्तीय अनुदानको प्राप्ति र प्रयोग कुन कार्यक्रम/योजनामा, कुन खर्च शीर्षकमा गर्ने भनी बजेट (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्नेमा सो भएको नदेखिएकाले प्रयोजन बमोजिम उपयोग हुनेगरी प्रणाली विकास गर्नुपर्ने।	प्रदेश सरकार, स्थानीय सरकार	पूर्ण कार्यान्वयन भएको नदेखिएको
४.	नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदानमा बजेट विनियोजन गर्दा आयोगले सिफारिस गरेको सशर्त अनुदान हस्तान्तरणको आधारको समेत साङ्केतीकरण गरी बजेट विनियोजन र सशर्त अनुदानको आधारगत लेखाङ्कन तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	व्यवस्था भएको नदेखिएको
५.	सशर्त अनुदानको रकम हस्तान्तरण गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट (Bulk) रुपमा उपलब्ध गराई प्रदेश तथा स्थानीय सरकारलाई विनियोजन स्वायत्तता प्रदान गर्न आयोगले सिफारिस गरेकोमा सिफारिस विपरीत स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गर्ने क्रम नरोकिएकोले एकमुष्ट सशर्त अनुदान हस्तान्तरणको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको
६.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। सङ्घ र प्रदेश सरकारले बजेट तर्जुमा गर्दा सशर्त अनुदानका सबै कार्यक्रम वा आयोजनाहरू समावेश नगरी आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गरेको देखिएकाले बजेटमा समावेश गरेर मात्र सशर्त अनुदान हस्तान्तरण गर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको
७.	नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरण हुँदा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त अनुदान फिर्ता नगरेको भनी समानीकरण अनुदानबाट रकम कट्टा गरेको देखिएको छ। गत आर्थिक वर्षमा फिर्ता हुनुपर्ने अनुदान नियमानुसार फिर्ता गराउने वा जुन अनुदान हो, उसैबाट कट्टा गरी हस्तान्तरण गरिनुपर्नेमा केही सङ्घीय इकाइमा कार्यान्वयन भएको नदेखिएकोले सो कार्यान्वयन हुनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको
८.	आयोगले गरेको सिफारिस बमोजिम सङ्घ र प्रदेश सरकारले वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नुपर्नेमा आयोगको सिफारिस भन्दा फरक परिमाणमा विनियोजन गर्ने र स्वीकृत बजेटमा विनियोजन गरेको वित्तीय समानीकरण अनुदान समेत कटौती गरेको पाइएकोले संविधान र कानून बमोजिमको आयोगको सिफारिस विपरीत विनियोजन र अनुदान कटौती नगर्ने।	नेपाल सरकार, प्रदेश सरकार	नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजन भएको तर नेपाल सरकारले सोबमोजिम हस्तान्तरण गरेको नदेखिएको, प्रदेश सरकारबाट कार्यान्वयन भएको देखिएको

क्र. सं.	आयोगबाट दिइएको सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
ख. आन्तरिक ऋण परिचालन			
९.	वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दाको चरणदेखि नै आन्तरिक ऋण परिचालन कुन योजनाका लागि कुन खर्च शीर्षकमा गर्ने वा कुन खर्च शीर्षकमा गरियो भनी बजेट तथा कार्यक्रमगत रूपमा बजेट वक्तव्य तथा व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्नेमा सो बमोजिम भएको नदेखिएकाले आयोगको सिफारिस र सुझाव अनुसार प्रयोजन खुलाई बजेट प्रस्ताव, लेखाङ्कन र प्रतिवेदन गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भएको नदेखिएको
१०.	प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण परिचालनका लागि आवश्यक कानूनी, संस्थागत र अन्य संरचनागत व्यवस्था गरी सङ्घीय सरकारसँग स्वीकृति लिएर मात्र वार्षिक बजेट तथा विनियोजन विधेयकमा आन्तरिक ऋणलाई खर्चको स्रोतको रुपमा उल्लेख गर्नुपर्ने आयोगको सिफारिस र सुझाव कार्यान्वयन भएको नदेखिएकोले प्रचलित कानून र आयोगको सिफारिस अनुसार मात्र आन्तरिक ऋण बजेटमा समावेश गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भएको नदेखिएको
ग. राजस्व बाँडफाँट तथा परिचालन			
११.	विभिन्न शीर्षकमा सवारी साधन कर बापत सङ्कलन भएको कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्नुपर्नेमा कतिपय प्रदेश सरकारको सम्बन्धित आर्थिक ऐनमा सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर जस्ता शीर्षकमा सङ्कलन गरिएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट भएको नपाइएकोले सवारी साधन करको रूपमा सङ्कलन हुने सबै सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँट गर्नुपर्ने।	प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको
१२.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम सवारी साधन करको बाँडफाँट मासिक रूपमा गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम मासिक रुपमा बाँडफाँट गरी सम्बन्धित आर्थिक वर्षभित्रै हिसाब मिलान गर्नुपर्ने।	प्रदेश सरकार	पूर्ण कार्यान्वयन भएको नदेखिएको (आर्थिक वर्षको असार महिनाको अन्त्यमा सङ्कलित राजस्व सोही महिनामा बाँडफाँट भएको नदेखिएको)
१३.	सङ्घ, प्रदेश र स्थानीय सरकारले यथार्थपरक रुपमा राजस्व अनुमान गरी राजस्व बाँडफाँटलाई अनुमानयोग्य बनाउनु पर्ने। सङ्घीय इकाइले बजेट समीक्षा मार्फत राजस्व लक्ष्य संशोधन गर्दा सरोकारवाला सङ्घीय इकाइलाई जानकारी दिनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भएको नदेखिएको
घ. प्राकृतिक स्रोतको संरक्षण, उपयोग र परिचालन			
१४.	सङ्घ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टी रकमबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको प्रदेश तथा स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका प्रदेश तथा स्थानीय तहमा समेत वातावरण संरक्षण तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्नुका साथै प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र विकासमा परिचालन गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार	कार्यान्वयन भएको नदेखिएको

क्र. सं.	आयोगबाट दिइएको सुझाव	सम्बन्धित सरकार	सुझाव कार्यान्वयनको अवस्था
१५.	सामुदायिक वनको कर सङ्कलन एकद्वार प्रणाली मार्फत हुनेगरी व्यवस्थापन गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	कार्यान्वयन भएको नदेखिएको
अन्य सुझाव			
१६.	राजस्वको सामान्य सिद्धान्त विपरीत केही स्थानीय सरकारले करमुक्त पालिका घोषणा गरेको पाइएकोले स्थानीय सरकारले राजस्व अधिकारको उपयोग गरी राजस्व परिचालन गर्नुपर्ने।	स्थानीय सरकार	केही स्थानीय सरकारले अझै करमुक्त पालिका घोषणा गरेको
१७.	चालु खर्चमा मितव्ययिता, विनियोजन कुशलता र खर्च दक्षता तथा राजस्व प्रशासनको सबलीकरण र चुहावट नियन्त्रण गरी पूँजी निर्माणमा थप वित्तीय स्रोत परिचालन गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार	पूर्ण कार्यान्वयन भएको नदेखिएको
१८.	अन्तर सरकारी वित्तीय समन्वयका संयन्त्रलाई थप सक्रिय गराई सङ्घीय इकाइबीचका विवाद समाधान र सहजीकरण गर्नुपर्ने।	नेपाल सरकार र प्रदेश सरकार	पूर्ण कार्यान्वयन भएको नदेखिएको

परिच्छेद - पाँच
निष्कर्ष तथा सुझाव

५.१ निष्कर्ष

नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानून बमोजिम आयोगले प्राप्त जिम्मेवारी निर्वाह गर्दै आएको छ। आयोगले अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा रोयल्टी बाँडफाँटलाई समन्यायिक र सन्तुलित बनाउने उद्देश्यले स्वतन्त्र, निष्पक्ष, पारदर्शी र वस्तुनिष्ठ आधारमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी सिफारिस गर्ने गरेको छ। यसका लागि आवश्यक पर्ने तथ्याङ्कीय उपलब्धता र संस्थागत क्षमता विकासका लागि सरोकारवालाहरूबाट निरन्तर सहयोग र सहकार्यको आवश्यकता छ।

सिफारिस तथा सुझाव कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दा अधिकांश सिफारिसहरू कार्यान्वयन भएको देखिएको छ भने सुझावहरूको हकमा न्यून कार्यान्वयन भएको देखिएको छ। विगतदेखिको अन्तर सरकारी वित्त हस्तान्तरणको विश्लेषणबाट आयोगका सिफारिस तथा सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घीय इकाइहरूले थप प्रयास गर्न आवश्यक देखिएको छ, जसले नेपालको संविधानले परिकल्पना गरेको वित्तीय सङ्घीयताको सवलीकरणमा योगदान पुऱ्याउनेछ। साथै, संवैधानिक व्यवस्था बमोजिम कानून निर्माण र संशोधनका लागि आयोगबाट दिइएका सुझाव यथाशीघ्र कार्यान्वयन हुनु पर्दछ। विभिन्न आधार, सूचक, सूचकाङ्क, भार तथा ढाँचा निर्धारण र पुनरावलोकन गरी संविधान र कानून बमोजिम आयोगबाट गरिएका सिफारिस सम्बद्ध सङ्घीय इकाइबाट प्रभावकारी रूपमा कार्यान्वयन गरिनु पर्दछ।

५.२ सुझाव

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
क. वित्तीय हस्तान्तरण		
१.	सशर्त, समपूरक र विशेष अनुदानले वित्तीय अन्तरमा पार्ने प्रभावको विश्लेषण पश्चात् वित्तीय समानीकरण अनुदान निर्धारण र सिफारिस गर्ने प्रयोजनार्थ क्र.सं. १ बमोजिमको सुझाव कार्यान्वयन नभएसम्मका लागि प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने सशर्त, समपूरक र विशेष अनुदानको सङ्घीय इकाइगत र क्षेत्रगत परिमाणको विवरण आयोगमा उपलब्ध गराउनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
२.	आयोगबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत सूत्रमा आधारित अनुदानको आधार र ढाँचा निर्धारण गरी सिफारिस गर्दा प्रयोग गरिएका विभिन्न सूचक र उपसूचकलाई विश्लेषण गरिएकाले प्रदेश सरकार र स्थानीय सरकारले ती सूचक तथा उपसूचकलाई समेत प्राथमिकता दिई आफ्ना वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नुपर्ने।	प्रदेश सरकार, स्थानीय सरकार
३.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था बमोजिम प्रदेश तथा स्थानीय सरकारले प्रशासनिक खर्च [पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित बिदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च] शीर्षकमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम विनियोजन नगर्ने।	स्थानीय सरकार
४.	प्रदेश तथा स्थानीय सरकारले वित्तीय अनुदानको प्राप्ति र प्रयोग कुन कार्यक्रम/योजनामा, कुन खर्च शीर्षकमा गर्ने भनी बजेट (खर्च शीर्षकगत र स्रोतगत समेत) मा स्पष्ट उल्लेख गर्नुपर्नेमा सो भएको नदेखिएकाले सोबमोजिम हुनेगरी प्रणाली विकास गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार
५.	नेपाल सरकार र प्रदेश सरकारले सशर्त अनुदानतर्फ बजेट विनियोजन गर्दा आयोगले सिफारिस गरेको सशर्त अनुदान हस्तान्तरणको आधारको समेत संकेतीकरण गरी बजेट विनियोजन र सशर्त अनुदानको आधारगत लेखाङ्कन तथा प्रतिवेदनको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
६.	सशर्त अनुदानको रकम हस्तान्तरण गर्दा क्रियाकलाप उल्लेख नगरी क्षेत्रगत शर्तहरू र आयोजना/कार्यक्रमको लक्ष्य तथा अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट (Bulk) रुपमा उपलब्ध गराई प्रदेश तथा स्थानीय सरकारलाई विनियोजन स्वायत्तता प्रदान गर्न आयोगले सिफारिस गरेकोमा सिफारिस विपरीत स-साना क्रियाकलाप उल्लेख गरी सशर्त अनुदान विनियोजन गर्ने क्रम नरोकिएकोले एकमुष्ट सशर्त अनुदान हस्तान्तरणको व्यवस्था गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
७.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा बजेट तर्जुमा गर्दा समावेश नगरिएका सशर्त अनुदान तर्फका कार्यक्रम वा आयोजनाहरू कार्यान्वयन गर्न आर्थिक वर्षको बीचमा सङ्घ र प्रदेश सरकारले थप सशर्त अनुदान हस्तान्तरण गरेको देखिएकाले बजेटमा समावेश गरेरमात्र सशर्त अनुदान हस्तान्तरण गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
८.	नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा अघिल्लो आर्थिक वर्षमा खर्च नभएको सशर्त / समपूरक / विशेष अनुदान फिर्ता गर्नुपर्नेमा सो नगरेको भनी समानीकरण अनुदानबाट रकम कट्टा गरेको देखिएकाले फिर्ता गर्नुपर्ने अनुदानबाट नै कट्टा गरी हस्तान्तरण गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार
ख. आन्तरिक ऋण परिचालन		
९.	आन्तरिक ऋण परिचालनका आयोजना तथा कार्यक्रम स्रोत र खर्च शीर्षक समेत खुल्ने गरी बजेट विनियोजन तथा लेखाङ्कन प्रणालीमा उल्लेख गर्नुपर्नेमा सो बमोजिम भएको नदेखिएकाले उल्लिखित विवरण खुलाई बजेट विनियोजन, लेखाङ्कन र प्रतिवेदन हुनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार
१०.	आवश्यक कानूनी, संस्थागत र अन्य संरचनागत व्यवस्था गरी सङ्घीय सरकारसँग स्वीकृति लिई बजेटमा समावेश गरेर मात्र प्रदेश तथा स्थानीय सरकारले आन्तरिक ऋण परिचालन गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार
११.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ अनुसार प्रदेश वा स्थानीय सरकारले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्नेमा अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार हालसम्म प्रदेश तथा स्थानीय सरकारले सहमति लिएको नदेखिएको भनी जानकारी प्राप्त हुन आएको र कतिपय स्थानीय सरकार (आ.व. २०८१/८२ मा १६ ओटा) ले नगर विकास कोषबाट आन्तरिक ऋण परिचालन गरेको समेत देखिएकाले उक्त कानूनी व्यवस्थाको पालना गर्नुपर्ने।	नेपाल सरकार, स्थानीय सरकार
१२.	स्थानीय सरकार (आ.व. २०८१/८२ मा दुहवी नगरपालिका, सुनसरी) बाट आयोगले सिफारिस गरेको आन्तरिक ऋणको सीमाभन्दा बढी ऋण परिचालन गरेको देखिएकाले सिफारिसको सीमाभित्र रही परिचालन गर्नुपर्ने।	स्थानीय सरकार
१३.	स्थानीय सरकारले वार्षिक बजेटमा समावेश नगरी वा बजेटमा अनुमान गरिएको भन्दा बढी आन्तरिक ऋण परिचालन गरेको देखिएकाले वार्षिक बजेटमा समावेश गरेर अनुमानको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्नुपर्ने। बजेटमा गरिएको आन्तरिक ऋणको अनुमान भन्दा बढी परिचालन गर्नुपर्ने अवस्था भएमा सभाबाट अनुमोदन गराउनुपर्ने।	स्थानीय सरकार
ग. राजस्व बाँडफाँट तथा परिचालन		
१४.	विभिन्न शीर्षकमा सवारी साधन कर बापत सङ्कलन भएको कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्नुपर्नेमा कतिपय प्रदेश सरकारको सम्बन्धित आर्थिक ऐनमा सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब दस्तुर जस्ता शीर्षकमा सङ्कलन गरिएको सवारी साधन कर प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट भएको नपाइएकोले सवारी साधन करको रूपमा सङ्कलन हुने सबै सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम बाँडफाँट गर्नुपर्ने।	प्रदेश सरकार
१५.	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम सवारी साधन करको बाँडफाँट मासिक रूपमा गर्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा हिसाब मिलान गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिएकोले ऐनको व्यवस्था बमोजिम मासिक रुपमा बाँडफाँट गरी सम्बन्धित आर्थिक वर्षभित्रै हिसाब मिलान गर्नुपर्ने।	प्रदेश सरकार
१६.	सङ्घ, प्रदेश र स्थानीय सरकारले यथार्थपरक रुपमा राजस्व अनुमान गरी राजस्व बाँडफाँटलाई अनुमानयोग्य बनाउनु पर्ने। सङ्घीय इकाइले बजेट समीक्षा मार्फत राजस्व लक्ष्य संशोधन गर्दा सरोकारवाला सङ्घीय इकाइलाई समेत जानकारी दिनुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार

क्र.सं.	सुझाव	सम्बन्धित सरकार
१७.	राजस्वको सामान्य सिद्धान्त विपरीत केही स्थानीय सरकारले करमुक्त पालिका घोषणा गरेको पाइएकोले स्थानीय सरकारले राजस्व अधिकारको उपयोग गरी राजस्व परिचालन गर्नुपर्ने र करमुक्त पालिका घोषणा गर्न नहुने।	स्थानीय सरकार
घ. प्राकृतिक स्रोतको संरक्षण, उपयोग र परिचालन		
१८.	सङ्घ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टी रकमबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको प्रदेश तथा स्थानीय तह बाहेकका प्राकृतिक स्रोत कम रहेका प्रदेश तथा स्थानीय तहमा समेत वातावरण संरक्षण तथा वातावरणीय प्रभावको नकारात्मक पक्षलाई न्यूनीकरण गर्नुका साथै प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र विकासका कार्य गर्नुपर्ने।	नेपाल सरकार, प्रदेश सरकार

अनुसूचीहरू

अनुसूची-१

राजस्व बाँडफाँट सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस

प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँट

आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८६/८७ सम्मका लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटका सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस।

सिफारिस मितिः २०८१/१२/११

क. पृष्ठभूमि

नेपालको संविधान बमोजिम नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनामा रुपान्तरित भएको छ। नेपालको संविधानको धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्नुका साथै धारा ५७ ले तीनवटै तहका सरकारबीच राज्यशक्तिको समेत बाँडफाँट गरेको छ। सो बाँडफाँटमा राजस्वको अधिकारहरूको समेत व्यवस्था गरेको छ। राजस्वको दायरा र क्षेत्राधिकारमा रहेको असन्तुलनलाई सम्बोधन गर्न धारा ६० ले नेपाल सरकारले सङ्कलन गरेको राजस्व तीन वटै तहका सरकारबीच बाँडफाँट गर्ने व्यवस्था समेत गरेको छ। राजस्व बाँडफाँट र समग्र वित्तीय सङ्घीयताको कार्यान्वयन गर्न धारा २५० ले संवैधानिक निकायका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरी धारा २५१ मा आयोगको काम, कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ। जस अनुसार सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश तथा स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने काम, कर्तव्य र अधिकार यस आयोगलाई छ।

उल्लिखित पृष्ठभूमि एवम् नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेका प्रावधान तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (२) बमोजिम राजस्व बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचाको पुनरावलोकन सम्बन्धी आयोगको मिति २०८१/१२/०३ को निर्णय समेतका आधारमा आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजश्व बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने भएको छ।

ख. संवैधानिक एवम् कानूनी आधार

प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण तथा सो को हिस्सा सिफारिस गर्दा नेपालको संविधान र प्रचलित कानूनमा रहेका देहाय बमोजिमका प्रावधानहरूलाई मुख्य आधारको रुपमा लिएको छः

क) नेपालको संविधानको धारा ४, धारा ५६ को उपधारा (१) र (२), धारा ५७, धारा ५९ को उपधारा (१), धारा ६० को उपधारा (१), (२) र (७), धारा ११६, धारा २०४, धारा २२९, धारा २५० र धारा २५१ को उपधारा (१) को खण्ड (क),

ख) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) र (२),

ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (१), दफा ६, दफा २१ को उपदफा (४) र दफा ३६।

ग. राजस्व बाँडफाँटको आधार र ढाँचा

क) प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच गरिने राजस्व बाँडफाँटको हिस्सा सिफारिसका लागि प्रयोग गरिएको आधार (सूचक/उपसूचक) र ढाँचा (भार) समावेश गरिएको छ।

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
१	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण		५५
	१.१ कुल जनसङ्ख्या	६०	
	१.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी)	३०	
	१.३ अपाङ्गता भएको जनसङ्ख्या	१०	
२	क्षेत्रफल		१८
३	मानव विकास सूचकाङ्क		१०
४	खर्चको आवश्यकता		२
	४.१ प्रदेश सभा सदस्य संख्या	१००	
५	राजस्व सङ्कलनमा गरेको प्रयास		३
	५.१ राजस्वको बार्षिक बृद्धिदर	१००	
६	पूर्वाधार विकासको अवस्था		१०
	६.१ सडकको घनत्व (सडकमा पहुँच),	३५	
	६.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),	१५	
	६.३ सरसफाइ (शौचालयको उपलब्धता)	१५	
	६.४ शहरीकरणको अवस्था	१५	
	६.५ विद्युतको सुविधा (विद्युतमा पहुँच),	१०	
	६.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),	१०	
७	विशेष अवस्था		२
	७.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल	७०	
	७.२ मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल	३०	
जम्मा			**१००**

ख) स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटको हिस्सा सिफारिसका लागि प्रयोग गरिएको आधार (सूचक/उपसूचक) र ढाँचा (भार) समावेश गरिएको छ।

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
१	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण		५५
	१.१ कुल जनसङ्ख्या	६०	
	१.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी)	३०	
	१.३ अपाङ्गता भएको जनसङ्ख्या	१०	
२	क्षेत्रफल		१८
३	मानव विकास सूचकाङ्क		१०

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार (प्रतिशतमा)	सूचकको भार (प्रतिशतमा)
४	खर्चको आवश्यकता ४.१ सम्बन्धित स्थानीय तहको वडा संख्या	 १००	२
५	राजस्व सङ्कलनमा गरेको प्रयास		३
६	पूर्वाधार विकासको अवस्था ६.१ सडकको घनत्व (सडकमा पहुँच) ६.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ६.३ सरसफाइ (शौचालयको उपलब्धता) ६.४ शहरीकरणको अवस्था ६.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ६.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	 ३५ १५ १५ १५ १० १०	१०
७	विशेष अवस्था ७.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल ७.२ मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल	 ७० ३०	२
	जम्मा		**१००**

घ. राजस्व बाँडफाँटका आधार एवम् ढाँचाको व्याख्या तथा विश्लेषण

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) ले नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच तथा प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँट गर्दा लिनुपर्ने ७ वटा आधारहरूको व्यवस्था गरेको छ। तिनै आधारहरूलाई प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच राजस्व बाँडफाँटका मुख्य सूचकको रूपमा लिइएको छ भने ती सूचक अन्तर्गत केही उपसूचक कायम गरिएको छ। सम्बन्धित सूचक र उपसूचक बीचको एकीकृत भार गणना विधि र प्रक्रिया, आयोगले आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८१/८२ सम्मका लागि राजस्व बाँडफाँट सिफारिस गर्दा अवलम्बन गरिएको विधि र प्रक्रिया तथा आयोगबाट विभिन्न मितिमा हालसम्म गरिएका वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रयोग भएको विधि र प्रक्रिया अनुसार सम्बन्धित सूचक र उपसूचक बीचको एकीकृत भार गणना विधिलाई नै अवलम्वन गरिएको छ। यस सिफारिसमा प्रयोग गरिएका आधार (सूचक र उपसूचक) तथा ढाँचा (भार प्रतिशत) को व्याख्या निम्नानुसार छः

जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण

नेपालको संविधानको अनुसूचीहरूमा व्यवस्था गरिएको प्रदेश तथा स्थानीय सरकारको कार्यजिम्मेवारी अनुसार प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो भुगोल भित्रको जनसङ्ख्यालाई विभिन्न सेवा प्रवाह गर्नुपर्ने हुन्छ। सम्बन्धित प्रदेश र स्थानीय सरकारको जनसङ्ख्याले प्रदेश तथा स्थानीय सरकारको सेवा प्रवाहको आकार र लागत निर्धारण गर्दछ। जति बढी जनसङ्ख्या भयो त्यतिनै बढी सेवा प्रवाह सम्बन्धी कार्यमा खर्च गर्नुपर्ने हुँदा यसले प्रदेश तथा स्थानीय सरकारको खर्चको आकार समेत बढाउँछ। तसर्थ राजस्व बाँडफाँट गर्दा लिइएका आधारहरू मध्ये प्रमुख आधारको रूपमा रहेको जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणलाई ५५ प्रतिशत भार दिइएको छ।

आश्रित जनसङ्ख्याले परनिर्भरताको अनुपात बढाउने तथा यस्ता जनसङ्ख्याका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारले विशेष सेवा सुविधाको व्यवस्था गर्नुपर्ने हुन्छ। यसका साथै अपाङ्गता भएको जनसङ्ख्या र आश्रित जनसङ्ख्याका लागि गरिने सेवा प्रवाह र जीविकोपार्जनका लागि सरकारले थप व्ययभार व्यहोर्नु पर्ने हुन्छ। जसले गर्दा प्रदेश तथा स्थानीय सरकारको थप आर्थिक भार सिर्जना हुन्छ। तसर्थ यो सूचक अन्तर्गत प्रदेश तथा स्थानीय सरकारको कूल जनसङ्ख्या,

आश्रित जनसङ्ख्या र अपाङ्गता भएको जनसङ्ख्यालाई लिएर तीन वटा उपसूचक कायम गरिएको छ। जनसङ्ख्या र जनसांख्यिक विवरणलाई प्रदान गरिएको ५५ प्रतिशत भारलाई शत प्रतिशत मानी कुल जनसङ्ख्यालाई ६० प्रतिशत, आश्रित जनसङ्ख्यालाई ३० प्रतिशत र अपाङ्गता भएको जनसङ्ख्यालाई १० प्रतिशत भार प्रदान गरिएको छ। जनसङ्ख्या सूचकका लागि राष्ट्रिय जनगणना, २०७८ मा उपलब्ध प्रदेश र स्थानीय तहको कुल जनसङ्ख्यामा संस्थागत जनसङ्ख्या घटाएर गणना गरिएको छ।

क्षेत्रफल (भूगोल)

प्रदेश तथा स्थानीय सरकारले ओगटेको क्षेत्रफलले उक्त प्रदेश तथा स्थानीय सरकारले जनतालाई प्रवाह गर्नुपर्ने सेवाको गुणस्तर, सेवा प्रवाहको सहजता, प्रशासनिक खर्चको अवस्था, प्रशासनिक संरचना आदि पक्षमा प्रत्यक्ष रूपमा असर गर्दछ। यी पक्षहरूले उक्त प्रदेश तथा स्थानीय सरकारको खर्चको आकार समेत बढाउँदछ। जुन प्रदेश तथा स्थानीय सरकारको क्षेत्रफल बढी हुन्छ, स्वभावतः उक्त प्रदेश तथा स्थानीय सरकारलाई बढी आर्थिक स्रोतको आवश्यकता पर्दछ। यसका साथै ठूलो भूगोल भएको प्रदेश तथा स्थानीय सरकारको विकासको आवश्यकता समेत धेरै हुन्छ र विकास निर्माणका लागि बजेट विनियोजन समेत सोही बमोजिम गर्नुपर्ने हुन्छ। देशको कूल क्षेत्रफलमा प्रदेश तथा स्थानीय सरकारले ओगटेको क्षेत्रफलको अनुपातलाई क्षेत्रफलको सूचकको रूपमा कायम गरी कूल क्षेत्रफललाई १८ प्रतिशत भार प्रदान गरिएको छ। नेपालको संविधान बमोजिम राजस्व बाँडफाँटलाई सन्तुलित बनाउन ३०० वर्ग किलोमिटर भन्दा बढी क्षेत्रफल भएका स्थानीय तहको हकमा ३०० वर्ग किलोमिटरको अधिकतम सीमा कायम गरी गणना गरिएको छ।

मानव विकास सूचकाङ्क

मानव विकास सूचकाङ्कले शिक्षा (Education), स्वास्थ्य (मूलतः Life Expectancy) र प्रति व्यक्ति आय (Per Capita Income) लाई समेट्ने गर्दछ। प्रदेश तथा स्थानीय सरकारको मानव विकास सूचकाङ्कले उक्त प्रदेश तथा स्थानीय सरकारको गुणस्तरीय मानवीय जीवन (Quality of Human Life) का बारेमा जानकारी प्रदान गर्नुका साथै त्यहाँको मानव विकासको स्तर समेत निर्धारण गर्दछ। जुन प्रदेश तथा स्थानीय सरकारको मानव विकास सूचकाङ्क कमजोर छ त्यस्ता प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्रका जनताको जीवनस्तर उकास्न विशेष ध्यान दिनुपर्ने हुन्छ भने ती प्रदेश तथा स्थानीय सरकारले त्यहाँको मानव विकासको स्तर अभिवृद्धिका लागि बढी खर्च गर्नुपर्ने हुँदा प्रदेश तथा स्थानीय सरकारको लागत बढाउने गर्दछ। सन् २०२० मा प्रकाशित मानव विकास प्रतिवेदनमा राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचाकाङ्क प्रकाशन गरेको भएतापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामिण सूचकाङ्क समेतलाई आधार बनाएर सबै स्थानीय सरकारको मानव विकासको प्रतिविम्वित (Indicative) सूचकाङ्क विकास गरी राजस्व बाँडफाँटको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। मानव विकास सुचकाङ्कलाई मूल सूचकको रुपमा कायम गरी १० प्रतिशत भार प्रदान गरिएको छ।

खर्चको आवश्यकता

नेपालको संविधानको धारा ६०(४) ले प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय अन्तर (Fiscal Gap) पत्ता लगाई सो का आधारमा सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई अन्तर-सरकारी वित्तीय हस्तान्तरण गर्नुपर्नेतर्फ मार्गदर्शन गरेको छ। यसका साथै अन्तर-सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा उल्लिखित प्रावधानले राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रशासनिक खर्चमा समेत विनियोजन गर्न सकिने हुन्छ। यसका लागि प्रदेश र स्थानीय सरकारको कार्य जिम्मेवारी अनुरूप न्यूनतम राष्ट्रिय मानदण्ड (Standard) तथा लक्ष्य निर्धारण गरी सो बमोजिम कार्यसम्पादनका लागि कामको प्रति इकाई लागतको आधारमा कुल लागत कायम गर्नु पर्ने

हुन्छ। आयोगले नेपाल सरकारलाई गरेको विगतका सिफारिसहरूमा तथा आयोगको बार्षिक प्रतिवेदनमा सो व्यहोरा उल्लेख समेत गर्दै आएको छ। हालसम्म सो बमोजिमको कार्य भइसकेको अवस्था विद्यमान नरहेकोले यस सूचकमा प्रदान गरिएको २ प्रतिशत भारलाई प्रदेशतर्फ प्रदेश सभा सदस्य सङ्ख्या र स्थानीय तहतर्फ सम्बन्धित स्थानीय तहको वडा सङ्ख्यालाई एकल उपसूचक कायम गरी १०० प्रतिशत भार कायम गरिएको छ।

राजस्व सङ्कलनमा गरेको प्रयास

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले प्रत्येक वर्ष आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था गरेको छ। जसको मूल ध्येय भनेको प्रदेश तथा स्थानीय सरकारले बढी भन्दा बढी आन्तरिक स्रोत (राजस्व) परिचालन गरी आफ्नो प्रशासनिक खर्च व्यहोर्नुपर्ने हुन्छ। यसको आशय राजस्व बाँडफाँटबाट प्राप्त रकम विकासात्मक कार्यमा समेत खर्च गर्नुपर्ने भन्ने हो। प्रदेश र स्थानीय सरकार आफ्नो आन्तरिक आय बढाउनमा केन्द्रित हुनुपर्ने हुन्छ।

यस सूचक अन्तर्गत प्रदेशतर्फ राजस्वको बार्षिक बृद्धिलाई उपसूचक कायम गरिएको छ भने स्थानीय तहतर्फ यसको भरपर्दो र विश्वसनीय तथ्याङ्कको अभावका कारण उपसूचक कायम गरिएको छैन। यसका लागि प्रदेशको हकमा आर्थिक वर्ष २०७९/८० लाई आधार वर्ष कायम गरी सो मा आर्थिक वर्ष २०८०/८१ मा भएको राजस्वको बृद्धिदरलाई लिइएको छ। यसका साथै प्रदेशतर्फ राजस्व सङ्कलनमा गरेको प्रयास अन्तर्गतको राजस्वको वार्षिक वृद्धिदर उपसूचकमा ऋणात्मक भएका प्रदेशको हकमा सो ऋणात्मक परिणामले अन्य सूचकहरूमा प्रदान गरिएको भार तथा हिस्सा समेत प्रभावित हुने भएकोले सो अवस्था सिर्जना हुन नदिन अधिकतम ऋणात्मकलाई शून्य प्रतिशत हुनेगरी सबै प्रदेशमा सोही बमोजिम समायोजन गरी गणना गरिएको छ भने स्थानीय तहतर्फ सबै स्थानीय तहलाई समान अङ्क दिइएको छ। प्रदेशको हकमा राजस्व सङ्कलनमा गरेको प्रयास सूचकलाई प्रदान गरिएको ३ प्रतिशत भारलाई शत प्रतिशत मानी राजस्वको बार्षिक बृद्धि एकल उपसूचकलाई १०० प्रतिशत भार कायम गरिएको छ।

पूर्वाधार विकास

नेपालको संविधानले विकासको दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दीगो रूपमा भौतिक विकास गर्ने नीति लिएको छ। सो नीतिको कार्यान्वयन गर्ने दायित्व तीनवटै तहका सरकारको रहन्छ। संविधानको विकास सम्बन्धी नीतिको कार्यान्वयन गर्न आर्थिक स्रोतको आवश्यकता रहन्छ। प्रदेश तथा स्थानीय सरकारको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय सरकारको विकास खर्चको आवश्यकता निर्धारण गर्न मार्ग प्रशस्त गर्दछ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँछ। तसर्थ प्रदेश तथा स्थानीय सरकारमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी, शहरीकरण र सरसफाईको पहुँच तथा उपलब्धततालाई आधार मानी पूर्वाधार सूचक तयार गरिएको छ। पूर्वाधार विकास सूचकलाई १० प्रतिशत भार प्रदान गरिएको छ।

(१) **सडकको घनत्व (सडकमा पहुँच):** नेपाल सरकारले अगाडि सारेको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) को प्रमुख परिमाणात्मक लक्ष्यले सोचको अन्तिम अवधिमा ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। सो लक्ष्य हासिल गर्न सबै तहका सरकारले सडक निर्माण तथा स्तरोन्तिका लागि खर्च गर्नुपर्ने हुन्छ। सडक सञ्जालको पहुँचले कुनै पनि प्रदेश वा स्थानीय सरकारको विकासमा टेवा पुऱ्याउनुका साथै सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र जनतालाई सुगम तथा सहज ढंगले सेवा प्रवाह गर्न सडकको महत्वपूर्ण भूमिका हुने हुँदा पूर्वाधार विकास अन्तर्गतको उपसूचक मध्ये सडकको घनत्व

उपसूचकलाई बढी भार दिइएको छ। पूर्वाधार विकास सूचकलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट ३५ प्रतिशत भार प्रदेश तथा स्थानीय सरकारको सडक घनत्वलाई दिइएको छ।

(२) **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** आ.व. २०७९/८० मा उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको ३२ प्रतिशत जनसङ्ख्यालाई सरकारको दीर्घकालीन सोचको अन्तिम वर्ष ९५ प्रतिशत पुऱ्याउने लक्ष्य हासिल गर्न यस क्षेत्रमा लगानी गर्न जरूरी हुन्छ। खानेपानी सुविधाको पहुँच विस्तार गर्दै लैजाने विषय सरकारको अनिवार्य दायित्व हो। प्रत्येक प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्र भित्रका जनतालाई सजिलै खानेपानी सुविधा प्राप्त गर्ने वातावरणको सिर्जना गर्नेतर्फ प्रयास गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारमा खानेपानी सुविधाको पहुँच बढाउन उल्लेख्य आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यी पक्षहरूलाई ख्याल राख्दै पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशतलाई शत् प्रतिशत मानी खानेपानी सुविधा उपसूचकलाई १५ प्रतिशत भार प्रदान गरिएको छ।

(३) **सरसफाई (शौचालयको उपलब्धता):** नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौतिक हकको प्रत्याभूत गरेको छ। स्वच्छ र स्वस्थ वातावरण कायम गर्न सरसफाई एक महत्वपूर्ण विषय हो भने शौचालयको उपलब्धताले सरसफाईको अवस्था चित्रण गर्दछ। सरसफाईको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ भने पर्याप्त सरसफाईको उपलब्धता भएको स्थानमा थप लगानीको आवश्यकता नपर्न सक्दछ। कमजोर सरसफाईको अवस्थाले गर्दा प्रदेश तथा स्थानीय सरकारले विभिन्न नकारात्मक असरहरू समेत सामना गर्नुपर्ने हुन्छ। तसर्थ प्रदेश तथा स्थानीय सरकारमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाई सूचक मानी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशतलाई शत् प्रतिशत मानी सरसफाइ (शौचालय) सुविधा उपसूचकलाई १५ प्रतिशत् भार प्रदान गरिएको छ।

(४) **शहरीकरणको अवस्थाः** प्रदेश तथा स्थानीय सरकारमा शहरीकरणको अवस्थाले सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको विकासको अवस्थालाई प्रतिविम्वित गर्दछ। शहरी क्षेत्रको तुलनामा ग्रामीण तथा शहरोन्मुख क्षेत्रमा पुर्वाधार विकासको आवश्यकता वढी हुन्छ भने शहरी क्षेत्रमा समेत थप पुर्वाधार विकास तथा निर्मित पूर्वाधारहरूको मर्मत सम्भारका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रलाई शहरीकरणको अवस्थाको सूचक कायम गरी पूर्वाधार विकास अन्तर्गतको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो को १५ प्रतिशत भार शहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ।

(५) **विद्युतको सुविधा (विद्युतमा पहुँच):** नेपाल सरकारले अगाडि सारेको २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अन्तिम अवधिमा विद्युत पहुँच प्राप्त परिवार समेत १०० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। विकासको एउटा आवश्यकताको रूपमा लिईने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय सरकारको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय सरकारमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यस सरकारमा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता वृद्धिका लागि प्रदेश तथा स्थानीय सरकारले सोही बमोजिम बढी खर्च गर्नुपर्ने हुँदा थप आर्थिक व्ययभार पर्दछ। तसर्थ पूर्वाधार विकास सूचकलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सो शत प्रतिशतबाट १० प्रतिशत भार विद्युतमा पहुँच उपसूचकलाई दिइएको छ।

(६) **सूचना प्रविधिको विकास (सूचना प्रविधिमा पहुँच):** प्रदेश तथा स्थानीय सरकारले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिले प्रमुख भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय सरकारको सूचना प्रविधिको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय सरकारले सूचना प्रविधिकोस्तर माथी उकास्न थप लगानी गर्नुपर्ने हुन्छ। यसले एकातर्फ प्रदेश तथा स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ भने

अर्कोतर्फ प्रशासनिक खर्चमा समेत वृद्धि ल्याउँछ। यी सबै पक्षहरूलाई ख्याल गर्दै पूर्वाधार विकास सूचकलाई दिइएको १० प्रतिशत भारलाई शत प्रतिशत मानी सूचना प्रविधिको पहुँच उपसूचकलाई १० प्रतिशत भार दिइएको छ।

विशेष अवस्था

विविधताको सम्बोधन गर्ने उदेश्यका साथ सङ्घीय शासन प्रणाली अवलम्बन गरिएको हुन्छ। नेपालमा पनि सो उदेश्य हासिल गर्न यस्तो शासन प्रणाली अवलम्बन गरिएको हो। नेपालका सबै प्रदेशहरू तथा स्थानीय सरकार सामाजिक, साँस्कृतिक तथा भौगोलिक हिसाबले एकरूप छैनन्। राजस्व परिचालनको सम्भाव्यता र परिचालन गर्न सक्ने अवस्था जस्ता विषयमा प्रदेशगत र स्थानीय सरकारगत फरक फरक अवस्था रहेको छ। यसका साथै वन पैदावार तथा नदिजन्य पदार्थबाट राजस्व सङ्कलन गर्न सक्ने पर्याप्त संभावना हुँदाहुँदै चुरे संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रका कारण कतिपय प्रदेश र स्थानीय सरकारले संभावित राजस्व सङ्कलन गर्न नसकेको अवस्था रहेको छ। राजस्व बाँडफाँटबाट यस्तो अवस्थाको संवोधन गर्न न्यायोचित हुने भएकोले चुरे संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रलाई उपसूचकको रूपमा कायम गरिएको छ। बिशेष अवस्था सूचकमा दिइएको २ प्रतिशत भारलाई शतप्रतिशत मानी चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल उपसूचकलाई ७० प्रतिशत र मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल उपसूचकलाई ३० प्रतिशत भार प्रदान गरिएको छ।

ङ. राजस्व बाँडफाँटका आधार एवम् ढाँचा निर्धारणमा तथ्याङ्कको स्रोत

राजस्व बाँडफाँडको आधार र ढाँचा तयार गरी सिफारिस गर्न तथा राजस्व बाँडफाँडलाई वस्तुगत, न्यायोचित, निश्पक्ष र पारदर्शी तुल्याउन तथ्याङ्कको आवश्यकता पर्दछ। राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा बमोजिम हिस्सा निर्धारणका लागि प्रयोग गरिएको तथ्याङ्कको स्रोत सम्बन्धी विवरण समावेश गरिएको छ।

क्र.सं.	सूचक	तथ्याङ्कको स्रोत
१.	जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण	राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग
२.	क्षेत्रफल (भूगोल)	नेपाल राजपत्र
३.	मानव विकास सूचकाङ्क	नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग
४.	राजस्व सङ्कलनमा गरेको प्रयास ४.१ राजस्वको बार्षिक बृद्धिदर	 महालेखा नियन्त्रक नियन्त्रक कार्यालय
५.	पूर्वाधार विकासको अवस्था ५.१ सडकको घनत्व (सडकमा पहुँच) ५.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच) ५.३ सरसफाइ (शौचालयको उपलब्धता) ५.४ शहरीकरणको अवस्था ५.५ विद्युतको सुविधा (विद्युतमा पहुँच) ५.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)	 ५.१ वित्तिय समानीकरण अनुदानमा प्रयोग गरिएको तथाङ्क [सडक विभाग, भवन तथा शहरी विकास विभाग र स्थानीय पूर्वाधार विकास विभाग (२०१८)] ५.२ राष्ट्रिय जनगणना २०७८ ५.३ राष्ट्रिय जनगणना २०७८ ५.४ राष्ट्रिय जनगणना २०७८ ५.५ राष्ट्रिय जनगणना २०७८ ५.६ राष्ट्रिय जनगणना २०७८
६.	विशेष अवस्था ६.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल ६.२ मध्वर्ती क्षेत्रले ओगटेको क्षेत्रफल	 ६.१ राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति ६.२ वन तथा वातावरण मन्त्रालय (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अध्ययन,२०७७)

च. राजस्व बाँडफाँटको निर्धारित विस्तृत आधार ढाँचा बमोजिमको हिस्सा

संविधान र प्रचलित कानून बमोजिम निर्धारण गरिएको राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा अनुसार प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच हुने राजस्वको बाँडफाँटको हिस्साको सिफारिस सम्बन्धी विवरण र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच हुने राजस्वको बाँडफाँटको हिस्साको सिफारिस सम्बन्धी विवरण तालिकामा समावेश गरिएको छ।

छ. राजस्व बाँडफाँटबाट प्राप्त रकमको उपयोग सम्बन्धी सुझाव

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) ले "प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने छ" भन्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाले प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको आन्तरिक आयबाट नै प्रशासनिक खर्चको व्यवस्थापन गर्नुपर्नेछ भन्ने सन्देश स्पष्ट दिएको देखिन्छ।

आफ्नो आन्तरिक आयको संभावना र क्षमता कमजोर रहेका स्थानीय सरकारले अत्यावश्यक प्रशासनिक र सञ्चालन खर्च आफ्नो आन्तरिक आयबाट अपुग भएमा मात्र मितव्ययी हिसावले राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रशासनिक खर्चमा प्रयोग गर्नुपर्ने हुन्छ। यसरी उपयोग भएको रकम बाहेक बचत रकम प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो विकास निर्माणका क्रियाकलापमा उपयोग गर्नुपर्दछ। तसर्थ प्रदेश तथा स्थानीय सरकारले राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको उपयोग निम्नानुसार हुने गरी गर्न सुझाव प्रदान गरिएको छ।

१) राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम नेपालको संविधानले प्रदेश र स्थानीय सरकारलाई प्रत्याभूत गरेको जिम्मेवारी सम्पादन गर्नका लागि उपयोग गर्ने,

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ को उपदफा (४) को व्यवस्थाको सबै सरकारका सरकारले पूर्ण रूपमा परिपालना गर्ने,

३) राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रत्येक प्रदेश तथा स्थानीय सरकारले उद्देश्यपरक, नतिजामूलक एवम् प्रभावकारी ढंगले तोकिएको कार्यमा खर्च गर्ने,

४) राजस्व बाँडफाँटबाट प्राप्त रकम सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासका क्षेत्रमा उपयोग गर्ने,

५) राजस्व बाँडफाँटबाट प्राप्त रकम सम्बन्धित प्रदेश तथा स्थानीय सरकारभित्र न्यायोचित, सन्तुलित र पारदर्शी रुपमा खर्च गर्ने,

६) राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रदेश र स्थानीय सरकारले जनतालाई पुऱ्याउनुपर्ने सेवा, विकास निर्माणका कार्य, गरिबी एवम् आर्थिक सामाजिक असमानताको न्यूनिकरण, बञ्चितिकरणको अन्त्य, अपाङ्गता भएकाहरूको संरक्षण, मानविय जिवनस्तरको अभिवृद्धि, आकस्मिक कार्य र कुनै अस्थायी आवश्यकता पूरा गर्न समेत उपयोग गर्ने,

७) सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास लगायतका प्रदेश तथा स्थानीय सरकारको सन्तुलित र समतामूलक विकास गर्ने उद्देश्य हासिल गर्ने कार्यमा आवश्यकताका क्षेत्रमा खर्च गर्ने,

८) राजस्व बाँडफाँटबाट प्राप्त रकमको प्रयोग यसको उद्देश्य मुताविक हुनुपर्नेमा एउटै प्रकृतिको काममा तीन तहका सरकार र विभिन्न खर्च शिर्षकबाट रकम विनियोजन गरी खर्च गरेको देखिएको अवस्थामा तीनवटै तहका सरकारले यस पक्षमा गम्भिरतापूर्वक ध्यान दिई आवश्यक सुधार गर्ने।

ज. अन्य सुझाव

१) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लाई संशोधन गरी नेपालको संविधानको धारा ६० को उपधारा (८) मा भएको व्यवस्था अनुकुल बनाउन उपयुक्त हुने देखिन्छ।

२) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (१) ले नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच तथा प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँटका आधारहरू र सोमा आयोगको भूमिका निर्धारण गरेको र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) ले नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच क्रमश: सत्तरी प्रतिशत, पन्ध्र प्रतिशत र पन्ध्र प्रतिशत बाँडफाँट गरिने व्यवस्था गरेको छ। यसबाट नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबीच राजस्व बाँडफाँटका आधारहरूको औचित्य र सोमा आयोगको भूमिका निष्प्रभावी भएकोले एक आपसमा बाझिएका उक्त दफाहरू संशोधन गर्नुपर्ने देखिन्छ।

३) नेपालको संविधानको अनुसूची ७ सङ्घ र प्रदेशको साझा अधिकार सूचीको क्र.सं. १६ मा क्यासिनो, चिट्ठा उल्लेख गरिएको छ। तसर्थ सो बापत सङ्कलन हुने रोयल्टीको रकम समेत सङ्घ र प्रदेशबीच बाँडफाँट गरिनुपर्नेमा सो विषय राजस्व बाँडफाँट सम्बन्धी ऐन अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लेख भएको नदेखिएकोले सो ऐन संशोधन गरी क्यासिनो, चिट्ठा बापतको रोयल्टी सङ्घ र प्रदेशबीच समेत बाँडफाँट हुने प्रावधान थप गर्नु उपयुक्त हुन्छ।

४) प्रत्येक प्रदेश तथा स्थानीय सरकारले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान बमोजिम आ-आफ्नो तर्फबाट जम्मा गर्नुपर्ने कर प्रदेश विभाज्य कोष वा स्थानीय विभाज्य कोषमा जम्मा गरी एक अर्कोलाई तोकिएको समयावधि भित्र बाँडफाँट गरिनु पर्दछ।

५) प्रत्येक प्रदेश तथा स्थानीय सरकारले संविधान र ऐनले तोकेको परिधिभित्र रही सरकारबीच करमा दोहोरोपना नहुने गरी कर तथा गैरकर राजस्व सङ्कलन गर्नु आवश्यक छ।

६) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ को कानूनी प्रावधान बमोजिम तोकिएको समयावधि भित्रै राजस्व लगायतको विवरण प्रदेश तथा स्थानीय सरकारले अनिवार्य रुपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायत तोकिएका निकाय समक्ष पेस गर्नुपर्दछ।

७) प्रदेश तथा स्थानीय सरकारले संवैधानिक जिम्मेवारी निर्वाह गर्न आफूले परिचालन गर्ने राजस्व र प्राप्त गर्ने राजस्व पूर्वानुमानयोग्य बनाउनु पर्दछ।

८) प्रत्येक प्रदेश तथा स्थानीय सरकारले आफूलाई संविधान र कानूनले दिएको परिधिभित्र रही आ-आफ्नो क्षेत्रभित्र राजस्व उठाउन सक्ने कूल सम्भाव्यता पहिचान गर्नु आवश्यक छ।

तालिका

प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच हुने राजस्वको बाँडफाँटको हिस्सा

क्र.सं.	प्रदेशको कोड	प्रदेशको नाम	राजस्व बाँडफाँटको हिस्सा
१	१	कोशी प्रदेश	०.१५८७५०३
२	२	मधेस प्रदेश	०.१५८२६९१
३	३	बागमती प्रदेश	०.१४७६३८५
४	४	गण्डकी प्रदेश	०.१२५३९०१
५	५	लुम्बिनी प्रदेश	०.१५१९५७६
६	६	कर्णाली प्रदेश	०.१३१५६१७
७	७	सुदूरपश्चिम प्रदेश	०.१२६४३२७

तालिका

स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच हुने राजस्वको बाँडफाँटको हिस्सा

क्र.सं.	स्थानीय तहको कोड	जिल्ला	स्थानीय तहको नाम	राजस्व बाँडफाँटको हिस्सा
१.	७०१०१	बाजुरा	हिमाली गाउँपालिका	०.००१२७१६
२.	७०१०२	बाजुरा	गौमुल गाउँपालिका	०.००११९३५
३.	७०१०३	बाजुरा	बुढीनन्दा नगरपालिका	०.००१३४८८
४.	७०१०४	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	०.०००९८१९
५.	७०१०५	वाजुरा	जगन्नाथ गाउँपालिका	०.००१०५४५
६.	७०१०६	बाजुरा	बडिमालिका नगरपालिका	०.००१३३२
७.	७०१०७	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	०.००११६४९
८.	७०१०८	बाजुरा	बुढीगंगा नगरपालिका	०.००१०३९९
९.	७०१०९	बाजुरा	त्रिवेणी नगरपालिका	०.००१२१०१
१०.	७०२०१	बझाङ	साइपाल गाउँपालिका	०.००१०२८३
११.	७०२०२	बझाङ	बुंगल नगरपालिका	०.००१६३९
१२.	७०२०३	बझाङ	सूर्मा गाउँपालिका	०.००१२१३३
१३.	७०२०४	बझाङ	तालकोट गाउँपालिका	०.००१२८२
१४.	७०२०५	बझाङ	मष्टा गाउँपालिका	०.००१०१७८
१५.	७०२०६	बझाङ	जयपृथ्वी नगरपालिका	०.००१२११४
१६.	७०२०७	बझाङ	छबिस पाथिभरा गाउँपालिका	०.००१०१५९
१७.	७०२०८	बझाङ	दुर्गाथली गाउँपालिका	०.०००८५७८
१८.	७०२०९	बझाङ	केदारस्युँ गाउँपालिका	०.००११४९८
१९.	७०२१०	बझाङ	बित्थडचिर गाउँपालिका	०.००१०६१
२०.	७०२११	बझाङ	थलारा गाउँपालिका	०.००१०६०७
२१.	७०२१२	बझाङ	खप्तडछान्ना गाउँपालिका	०.००१०२६४
२२.	७०३०१	दार्चुला	ब्याँस गाउँपालिका	०.००१४२२
२३.	७०३०२	दार्चुला	दुहुँ गाउँपालिका	०.०००८४१४
२४.	७०३०३	दार्चुला	महाकाली नगरपालिका	०.००११४७५
२५.	७०३०४	दार्चुला	नौगाड गाउँपालिका	०.००११६९७
२६.	७०३०५	दार्चुला	अपिहिमाल गाउँपालिका	०.००१३०९३
२७.	७०३०६	दार्चुला	मार्मा गाउँपालिका	०.००१२३१५
२८.	७०३०७	दार्चुला	शैल्यशिखर नगरपालिका	०.००११०७१
२९.	७०३०८	दार्चुला	मालिकार्जुन गाउँपालिका	०.०००९९०९

क्र.सं.	स्थानीय तहको कोड	जिल्ला	स्थानीय तहको नाम	राजस्व बाँडफाँटको हिस्सा
३०.	७०३०९	दार्चुला	लेकम गाउँपालिका	०.०००९१९३
३१.	७०४०१	बैतडी	डीलासैनी गाउँपालिका	०.००११६८५
३२.	७०४०२	बैतडी	दोगडाकेदार गाउँपालिका	०.००११५८४
३३.	७०४०३	बैतडी	पुचौंडी नगरपालिका	०.००१४९१६
३४.	७०४०४	बैतडी	सुर्नया गाउँपालिका	०.००१०६४२
३५.	७०४०५	बैतडी	दशरथचन्द नगरपालिका	०.००१२७४३
३६.	७०४०६	बैतडी	पन्चेश्वर गाउँपालिका	०.००१०८३९
३७.	७०४०७	बैतडी	शिवनाथ गाउँपालिका	०.००१०१७
३८.	७०४०८	बैतडी	मेलौली नगरपालिका	०.००११२४
३९.	७०४०९	बैतडी	पाटन नगरपालिका	०.००१३७१८
४०.	७०४१०	बैतडी	सिगास गाउँपालिका	०.००१३७५४
४१.	७०५०१	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	०.००१११२
४२.	७०५०२	डँडेलधुरा	अमरगढी नगरपालिका	०.००११५८१
४३.	७०५०३	डँडेलधुरा	अजयमेरु गाउँपालिका	०.००१०५५४
४४.	७०५०४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	०.००११६५
४५.	७०५०५	डँडेलधुरा	परशुराम नगरपालिका	०.००१९११
४६.	७०५०६	डँडेलधुरा	आलिताल गाउँपालिका	०.००१४७१८
४७.	७०५०७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	०.००१०३३८
४८.	७०६०१	डोटी	पुर्विचौकी गाउँपालिका	०.००११८२९
४९.	७०६०२	डोटी	सायल गाउँपालिका	०.००११७०३
५०.	७०६०३	डोटी	आदर्श गाउँपालिका	०.००१२३७३
५१.	७०६०४	डोटी	शिखर नगरपालिका	०.००१५६६४
५२.	७०६०५	डोटी	दिपायल सिलगढी नगरपालिका	०.००१३४०५
५३.	७०६०६	डोटी	के.आई.सिं. गाउँपालिका	०.००११५४३
५४.	७०६०७	डोटी	बोगटान फुड्सिल गाउँपालिका	०.००१३५४१
५५.	७०६०८	डोटी	बडीकेदार गाउँपालिका	०.००१३३६१
५६.	७०६०९	डोटी	जोरायल गाउँपालिका	०.००१४००५
५७.	७०७०१	अछाम	पंचदेवल बिनायक नगरपालिका	०.००१३१७४
५८.	७०७०२	अछाम	रामारोशन गाउँपालिका	०.००१३२७
५९.	७०७०३	अछाम	मेल्लेख गाउँपालिका	०.००१३८४६
६०.	७०७०४	अछाम	साँफेबगर नगरपालिका	०.००१३१०६
६१.	७०७०५	अछाम	चौरपाटी गाउँपालिका	०.००१३०४६
६२.	७०७०६	अछाम	मंगलसेन नगरपालिका	०.००१२५६७
६३.	७०७०७	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	०.०००९१३३
६४.	७०७०८	अछाम	कमलबजार नगरपालिका	०.००१२०७१
६५.	७०७०९	अछाम	ढकारी गाउँपालिका	०.००१३८०३
६६.	७०७१०	अछाम	तुर्माखाँद गाउँपालिका	०.००१४१९
६७.	७०८०१	कैलाली	मोहन्याल गाउँपालिका	०.००२०२५
६८.	७०८०२	कैलाली	चुरे गाउँपालिका	०.००१८८०३
६९.	७०८०३	कैलाली	गोदावरी नगरपालिका	०.००२३८०८
७०.	७०८०४	कैलाली	गौरीगंगा नगरपालिका	०.००१९०३३
७१.	७०८०५	कैलाली	घोडाघोडी नगरपालिका	०.००२२२४
७२.	७०८०६	कैलाली	बर्दगोरिया गाउँपालिका	०.००१२६६१
७३.	७०८०७	कैलाली	लम्कि चुहा नगरपालिका	०.००२२२५५

क्र.सं.	स्थानीय तहको कोड	जिल्ला	स्थानीय तहको नाम	राजस्व बाँडफाँटको हिस्सा
७४.	७०८०८	कैलाली	जानकी गाउँपालिका	०.००१४४०५
७५.	७०८०९	कैलाली	जोशीपुर गाउँपालिका	०.००११८९७
७६.	७०८१०	कैलाली	टिकापुर नगरपालिका	०.००१८१०९
७७.	७०८११	कैलाली	भजनी नगरपालिका	०.००१५९४६
७८.	७०८१२	कैलाली	कैलारी गाउँपालिका	०.००१६४२४
७९.	७०८१३	कैलाली	धनगढी उपमहानगरपालिका	०.००२७५५८
८०.	७०९०१	कञ्चनपुर	कृष्णपुर नगरपालिका	०.००१९६०६
८१.	७०९०२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	०.००१६७३३
८२.	७०९०३	कञ्चनपुर	बेदकोट नगरपालिका	०.००१६७१५
८३.	७०९०४	कञ्चनपुर	भिमदत्त नगरपालिका	०.००२२०६१
८४.	७०९०५	कञ्चनपुर	चाँदनी-दोधारा नगरपालिका	०.००१३५४६
८५.	७०९०६	कञ्चनपुर	लालझाडी गाउँपालिका	०.००१२३२९
८६.	७०९०७	कञ्चनपुर	पुनर्वास नगरपालिका	०.००१६२६६
८७.	७०९०८	कञ्चनपुर	बेलौरी नगरपालिका	०.००१४९३९
८८.	७०९०९	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	०.०००९९११

अनुसूची-२

आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि नेपाल सरकारलाई गरिएको राजस्व बाँडफाँट सिफारिसमा स्थानीय सरकारको साविकको हिस्सामा भएको परिवर्तन

क्र. सं.	स्थानीय तहको कोड	जिल्ला	स्थानीय तहको नाम	साविकको सिफारिस अनुसार राजस्व बाँडफाँटको हिस्सा	आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरिएको सिफारिसमा राजस्व बाँडफाँटको हिस्सा	हिस्सामा भएको परिवर्तन
१	७०१०१	बाजुरा	हिमाली गाउँपालिका	०.००११२७१	०.००१२७१६	०.०००१४४५
२	७०१०२	बाजुरा	गौमुल गाउँपालिका	०.०००९४७३	०.००११९३५	०.०००२४६२
३	७०१०३	बाजुरा	बुढीनन्दा नगरपालिका	०.००१२५८१	०.००१३४८८	०.०००००९०७
४	७०१०४	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	०.०००९५५७	०.०००९८१९	०.०००००२६२
५	७०१०५	बाजुरा	जगन्नाथ गाउँपालिका	०.०००८९८६	०.००१०५४५	०.०००१५५९
६	७०१०६	बाजुरा	बडिमालिका नगरपालिका	०.००१२२७८	०.००१३३२०	०.०००१०४२
७	७०१०७	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	०.००११६९१	०.००११६४९	-०.००००००४२
८	७०१०८	बाजुरा	बुढीगंगा नगरपालिका	०.००११३०४	०.००१०३९९	-०.०००००९०५
९	७०१०९	बाजुरा	त्रिवेणी नगरपालिका	०.००१२२९५	०.००१२१०१	-०.०००००१९४
१०	७०२०१	बझाङ	साइपाल गाउँपालिका	०.०००६६८५	०.००१०२८३	०.०००३५९८
११	७०२०२	बझाङ	बुंगल नगरपालिका	०.००१८०९०	०.००१६३९०	-०.०००१७००
१२	७०२०३	बझाङ	सूर्मा गाउँपालिका	०.०००९५५७	०.००१२१३३	०.०००२५७६
१३	७०२०४	बझाङ	तालकोट गाउँपालिका	०.००१०९५२	०.००१२८२०	०.०००१८६८
१४	७०२०५	बझाङ	मष्टा गाउँपालिका	०.००१०३४७	०.००१०१७८	-०.०००००१६९
१५	७०२०६	बझाङ	जयपृथ्वी नगरपालिका	०.००१२८५०	०.००१२११४	-०.०००००७३६
१६	७०२०७	बझाङ	छबिस पाथिभरा गाउँपालिका	०.००१०६८३	०.००१०१५९	-०.०००००५२४
१७	७०२०८	बझाङ	दुर्गाथली गाउँपालिका	०.०००८९०२	०.०००८५७८	-०.०००००३२४
१८	७०२०९	बझाङ	केदारस्युँ गाउँपालिका	०.००१२१९५	०.००११४९८	-०.०००००६९७
१९	७०२१०	बझाङ	बित्थडचिर गाउँपालिका	०.००१०६४९	०.००१०६१०	-०.०००००३९
२०	७०२११	बझाङ	थलारा गाउँपालिका	०.००११२०३	०.००१०६०७	-०.०००००५९६
२१	७०२१२	बझाङ	खप्तडछान्ना गाउँपालिका	०.००१०६८३	०.००१०२६४	-०.०००००४१९
२२	७०३०१	दार्चुला	ब्याँस गाउँपालिका	०.००११४८९	०.००१४२२०	०.०००२७३१
२३	७०३०२	दार्चुला	दुहुँ गाउँपालिका	०.०००७९६२	०.०००८४१४	०.०००००४५२
२४	७०३०३	दार्चुला	महाकाली नगरपालिका	०.००११७५८	०.००११४७५	-०.०००००२८३
२५	७०३०४	दार्चुला	नौगाड गाउँपालिका	०.००११४०५	०.००११६९७	०.०००००२९२
२६	७०३०५	दार्चुला	अपिहिमाल गाउँपालिका	०.०००९२२१	०.००१३०९३	०.०००३८७२
२७	७०३०६	दार्चुला	मार्मा गाउँपालिका	०.००१११२०	०.००१२३१५	०.०००११९५
२८	७०३०७	दार्चुला	शैल्यशिखर नगरपालिका	०.००१२०१०	०.००११०७१	-०.०००००९३९
२९	७०३०८	दार्चुला	मालिकार्जुन गाउँपालिका	०.०००९९२७	०.०००९९०९	-०.००००००१८
३०	७०३०९	दार्चुला	लेकम गाउँपालिका	०.०००९६०८	०.०००९१९३	-०.०००००४१५
३१	७०४०१	बैतडी	डीलासैनी गाउँपालिका	०.००१२२११	०.००११६८५	-०.०००००५२६
३२	७०४०२	बैतडी	दोगडाकेदार गाउँपालिका	०.००१२६९८	०.००११५८४	-०.०००१११४
३३	७०४०३	बैतडी	पुचौंडी नगरपालिका	०.००१६८३०	०.००१४९१६	-०.०००१९१४
३४	७०४०४	बैतडी	सुर्नया गाउँपालिका	०.००११२५४	०.००१०६४२	-०.०००००६१२
३५	७०४०५	बैतडी	दशरथचन्द नगरपालिका	०.००१४६४७	०.००१२७४३	-०.०००१९०४

क्र. सं.	स्थानीय तहको कोड	जिल्ला	स्थानीय तहको नाम	साविकको सिफारिस अनुसार राजस्व बाँडफाँटको हिस्सा	आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरिएको सिफारिसमा राजस्व बाँडफाँटको हिस्सा	हिस्सामा भएको परिवर्तन
३६	७०४०६	बैतडी	पन्चेश्वर गाउँपालिका	०.००११३०४	०.००१०८३९	-०.०००००४६५
३७	७०४०७	बैतडी	शिवनाथ गाउँपालिका	०.००१०२६३	०.००१०१७०	-०.०००००९३
३८	७०४०८	बैतडी	मेलौली नगरपालिका	०.००१२२४५	०.००११२४०	-०.०००१००५
३९	७०४०९	बैतडी	पाटन नगरपालिका	०.००१४९१६	०.००१३७१८	-०.०००११९८
४०	७०४१०	बैतडी	सिगास गाउँपालिका	०.००१३२३६	०.००१३७५४	०.०००००५१८
४१	७०५०१	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	०.००११७९१	०.००१११२०	-०.०००००६७१
४२	७०५०२	डँडेलधुरा	अमरगढी नगरपालिका	०.००११६९१	०.००११५८१	-०.०००००११०
४३	७०५०३	डँडेलधुरा	अजयमेरु गाउँपालिका	०.००१०८५१	०.००१०५५४	-०.०००००२९७
४४	७०५०४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	०.००१०८८४	०.००११६५०	०.०००००७६६
४५	७०५०५	डँडेलधुरा	परशुराम नगरपालिका	०.००१७९०५	०.००१९११०	०.०००१२०५
४६	७०५०६	डँडेलधुरा	आलिताल गाउँपालिका	०.००१२७८२	०.००१४७१८	०.०००१९३६
४७	७०५०७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	०.००१०३४७	०.००१०३३८	-०.००००००९
४८	७०६०१	डोटी	पुर्विचौकी गाउँपालिका	०.००१२४४६	०.००११८२९	-०.०००००६१७
४९	७०६०२	डोटी	सायल गाउँपालिका	०.००११७५८	०.००११७०३	-०.०००००५५
५०	७०६०३	डोटी	आदर्श गाउँपालिका	०.००१३०८५	०.००१२३७३	-०.०००००७१२
५१	७०६०४	डोटी	शिखर नगरपालिका	०.००१६५११	०.००१५६६४	-०.०००००८४७
५२	७०६०५	डोटी	दिपायल सिलगढी नगरपालिका	०.००१४६४७	०.००१३४०५	-०.०००१२४२
५३	७०६०६	डोटी	के.आई.सिं. गाउँपालिका	०.००१२०७७	०.००११५४३	-०.०००००५३४
५४	७०६०७	डोटी	बोगटान फुड्सिल गाउँपालिका	०.००१२६९८	०.००१३५४१	०.०००००८४३
५५	७०६०८	डोटी	बडीकेदार गाउँपालिका	०.००१२३९६	०.००१३३६१	०.०००००९६५
५६	७०६०९	डोटी	जोरायल गाउँपालिका	०.००१३८७४	०.००१४००५	०.०००००१३१
५७	७०७०१	अछाम	पंचदेवल बिनायक नगरपालिका	०.००१४१७७	०.००१३१७४	-०.०००१००३
५८	७०७०२	अछाम	रामारोशन गाउँपालिका	०.००१३७९०	०.००१३२७०	-०.०००००५२०
५९	७०७०३	अछाम	मेल्लेख गाउँपालिका	०.००१३३७०	०.००१३८४६	०.०००००४७६
६०	७०७०४	अछाम	सँफेबगर नगरपालिका	०.००१५५२०	०.००१३१०६	-०.०००२४१४
६१	७०७०५	अछाम	चौरपाटी गाउँपालिका	०.००१४१४३	०.००१३०४६	-०.०००१०९७
६२	७०७०६	अछाम	मंगलसेन नगरपालिका	०.००१६०४१	०.००१२५६७	-०.०००३४७४
६३	७०७०७	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	०.०००९८९३	०.०००९१३३	-०.०००००७६०
६४	७०७०८	अछाम	कमलबजार नगरपालिका	०.००१२७८२	०.००१२०७१	-०.०००००७११
६५	७०७०९	अछाम	ढकारी गाउँपालिका	०.००१३४२१	०.००१३८०३	०.०००००३८२
६६	७०७१०	अछाम	तुर्माखाँद गाउँपालिका	०.००१४२७७	०.००१४१९०	-०.०००००८७
६७	७०८०१	कैलाली	मोहन्याल गाउँपालिका	०.००१५४०३	०.००२०२५०	०.०००४८४७
६८	७०८०२	कैलाली	चुरे गाउँपालिका	०.००१३७९०	०.००१८८०३	०.०००५०१३
६९	७०८०३	कैलाली	गोदावरी नगरपालिका	०.००२३३१४	०.००२३८०८	०.०००००४९४
७०	७०८०४	कैलाली	गौरीगंगा नगरपालिका	०.००१९५०१	०.००१९०३३	-०.०००००४६८
७१	७०८०५	कैलाली	घोडाघोडी नगरपालिका	०.००२३१६३	०.००२२२४०	-०.०००००९२३
७२	७०८०६	कैलाली	बर्दगोरिया गाउँपालिका	०.००१२७८२	०.००१२६६१	-०.०००००१२१
७३	७०८०७	कैलाली	लम्कि चुहा नगरपालिका	०.००२१९०३	०.००२२२५५	०.०००००३५२
७४	७०८०८	कैलाली	जानकी गाउँपालिका	०.००१५४७०	०.००१४४०५	-०.०००१०६५
७५	७०८०९	कैलाली	जोशीपुर गाउँपालिका	०.००१२४१३	०.००११८९७	-०.०००००५१६

क्र. सं.	स्थानीय तहको कोड	जिल्ला	स्थानीय तहको नाम	साविकको सिफारिस अनुसार राजस्व बाँडफाँटको हिस्सा	आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मका लागि गरिएको सिफारिसमा राजस्व बाँडफाँटको हिस्सा	हिस्सामा भएको परिवर्तन
७६	७०८१०	कैलाली	टिकापुर नगरपालिका	०.००१९३५०	०.००१८१०९	-०.०००१२४१
७७	७०८११	कैलाली	भजनी नगरपालिका	०.००१७२१७	०.००१५९४६	-०.०००१२७१
७८	७०८१२	कैलाली	कैलारी गाउँपालिका	०.००१६८४७	०.००१६४२४	-०.००००४२३
७९	७०८१३	कैलाली	धनगढी उपमहानगरपालिका	०.००३०१३४	०.००२७५५८	-०.०००२५७६
८०	७०९०१	कञ्चनपुर	कृष्णपुर नगरपालिका	०.००१९५३५	०.००१९६०६	०.००००००७१
८१	७०९०२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	०.००१६९४८	०.००१६७३३	-०.००००२१५
८२	७०९०३	कञ्चनपुर	बेदकोट नगरपालिका	०.००१७०८२	०.००१६७१५	-०.००००३६७
८३	७०९०४	कञ्चनपुर	भिमदत्त नगरपालिका	०.००२३३१४	०.००२२०६१	-०.०००१२५३
८४	७०९०५	कञ्चनपुर	माहाकाली नगरपालिका	०.००१३४०४	०.००१३५४६	०.००००१४२
८५	७०९०६	कञ्चनपुर	लालझाडी गाउँपालिका	०.००११९२६	०.००१२३२९	०.००००४०३
८६	७०९०७	कञ्चनपुर	पुनर्वास नगरपालिका	०.००१६८८१	०.००१६२६६	-०.००००६१५
८७	७०९०८	कञ्चनपुर	बेलौरी नगरपालिका	०.००१६७१३	०.००१४९३९	-०.०००१७७४
८८	७०९०९	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	०.०००९६५८	०.०००९९११	०.००००२५३

अनुसूची-३

वित्तीय समानीकरण अनुदान सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस

आर्थिक वर्ष २०८२/८३ का लागि नेपालको संविधान र प्रचलित कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०८१/११/२८

क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। अन्तर सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ भने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको महत्वपूर्ण माध्यमको रुपमा वित्तीय समानीकरण अनुदान रहेको छ।

नेपालको संविधानको अनुसूचीमा उल्लिखित तहगत सरकारको अधिकारको विश्लेषण गर्दा प्रदेश तथा स्थानीय सरकारमा खर्च जिम्मेवारीको अनुपातमा राजस्व परिचालन गर्ने अधिकार न्यून रहेको छ भने नेपाल सरकारमा राजस्व परिचालनको अधिकार अधिक रहेको देखिन्छ। समान तहका सरकारबीच भौगोलिक तथा जनसाङ्ख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले गर्दा उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमताबीचमा असमानता रहेको छ। यस्तो परिस्थितिमा प्रदेश तथा स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई अनुदान दिनुपर्ने संवैधानिक एवम् कानूनी प्रवन्ध रहेको छ।

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने र त्यस्तो अनुदान वितरणकालागि सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित कानूनहरमा समेत गरिएको छ।

ख. सिफारिसका आधारहरू

१. संवैधानिक एवम् कानूनी प्रवन्ध

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने सम्वन्धमा सिफारिस गर्दा आयोगले नेपालको संविधान र प्रचलित कानूनमा रहेका देहाय बमोजिमका प्रवन्धहरूलाई मुख्य आधारको रुपमा लिएको छ।

- नेपालको संविधानको धारा ६० को उपधारा (३), (४) र (६) तथा धारा २५१ को उपधारा (१) को देहाय खण्ड (घ),
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) एवम् दफा १६ को उपदफा (१) र (२),
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ को उपदफा (१), दफा १८ को उपदफा (२) र दफा २८।

२. अन्य आधार

राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति, २०७९

- नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकार र प्रदेशबाट स्थानीय सरकारको वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बजेटको अनुपातमा बढाउँदै लैजाने विधिको परिपालना गर्ने।
- वित्तीय समानीकरण अनुदान वितरणमा प्रयोग गरिएका तथ्याङ्कीय विवरण र बाँडफाँटलाई पारदर्शी र विश्वासयोग्य बनाउने।

नेपाल सरकारको सङ्घीयता कार्यान्वयनसम्बन्धी कार्ययोजना, २०७९

- प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने संविधानको व्यवस्थाको कार्यान्वयन गर्ने/गराउने।

राष्ट्रिय समन्वय परिषदको निर्णय, २०८० आषाढ

- कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने।
- तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने र तादाम्यता कायम गर्ने।
- तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान बन्द गर्ने।

सङ्घीय बजेट २०८१/८२ को बुँदा नं २८०

सङ्घीयता कार्यान्वयनलाई पूर्णता दिन बाँकी कानून प्राथमिकताका साथ तर्जुमा गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको विस्तृतीकरणसम्बन्धी परिमार्जित प्रतिवेदन कार्यान्वयन गरी अधिकार र कार्यक्षेत्रमा रहेको दोहोरोपनाको अन्त्य गरिनेछ। राजस्व बाँडफाँट र वित्त हस्तान्तरण गर्दा लिइने आधार र सूचकलाई हालसम्मको अभ्यास र अनुभवको आधारमा पुनरावलोकन गरी वस्तुनिष्ठ, समन्यायिक र यथार्थपरक बनाइनेछ।

ग. तथ्याङ्कको स्रोत

आगामी आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा आयोगबाट प्रयोगमा ल्याइएका तथ्याङ्क र तीनको स्रोत उल्लेख गरिएको छ।

वित्तीय समानीकरण अनुदान सिफारिसमा प्रयोग गरिएको तथ्याङ्क सम्वन्धी विवरण

क्र.सं.	सूचक	तथ्याङ्कककको स्रोत
१.	जनसङ्ख्या	• राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग
२.	क्षेत्रफल (भूगोल)	• नेपाल राजपत्र
३.	मानव विकास सूचकाङ्क	• नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग
४.	प्रदेश तथा स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता सूचकाङ्क	• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७६)

क्र.सं.	सूचक	तथ्याङ्कको स्रोत
५.	पूर्वाधार विकास सडकको घनत्व (सडकमा पहुँच), विद्युतको सुविधा (विद्युतमा पहुँच), सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), खानेपानीको सुविधा (खानेपानीमा पहुँच), सरसफाइ (शौचालयको उपलब्धता) शहरीकरणको अवस्था	• गत आ.व. को सिफारिसमा प्रयोग भएको तथ्याङ्क • राष्ट्रिय जनगणना २०७८, • राष्ट्रिय जनगणना २०७८, • राष्ट्रिय जनगणना २०७८, • राष्ट्रिय जनगणना २०७८ • राष्ट्रिय जनगणना २०७८
७.	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता	• राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५)
८.	कार्यसम्पादन मूल्याङ्कन सूचक	• महालेखा परीक्षकको कार्यालय, • अर्थ मन्त्रालय, • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, • वन तथा वातावरण मन्त्रालय, • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, • महालेखा नियन्त्रक कार्यालय, • राष्ट्रिय परीक्षा बोर्ड, • प्रदेश तथा स्थानीय सरकार

घ. अनुदान सिफारिस गर्न लिइएका आधार (सूचक) र ढाँचाः

आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको निर्धारण गर्दा न्यूनतम अनुदान, सुत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानका रुपमा वर्गीकरण गरी देहायका सूचक, भार र तथ्याङ्क प्रयोग गरिएको छ।

१. न्यूनतम वित्तीय समानीकरण अनुदान

१.१ प्रदेश सरकारले प्राप्त गर्ने

प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान रू. १५ अर्ब १६ करोड ५० लाख निर्धारण गरिएको छ जुन प्रदेश सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हुन आउँछ। जनसङ्ख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ। प्रदेश सरकारहरूले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण समावेश गरिएको छ।

प्रदेश सरकारहरूले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

प्रदेश	न्यूनतम अनुदान (रू. लाखमा)
कोशी प्रदेश	२७८७७
मधेश प्रदेश	१८७९८
बागमती प्रदेश	२७१६५
गण्डकी प्रदेश	१७९७७
लुम्बिनी प्रदेश	२४३१९
कर्णाली प्रदेश	१७६२९

प्रदेश	न्यूनतम अनुदान (रू. लाखमा)
सुदूरपश्चिम प्रदेश	१७८८५
जम्मा	**१५१६५०**

१.२ स्थानीय सरकारले प्राप्त गर्ने

आ.व. २०८२/८३ मा स्थानीय सरकारले प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदान रकम रू. ३० अर्ब ८३ करोड निर्धारण गरिएको छ जुन स्थानीय सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानको ३४.६५ प्रतिशत हुन आउँछ। स्थानीय सरकारले जनसङ्ख्याको आधारमा पाउने न्यूनतम समानीकरण अनुदानको परिमाण तालिका बमोजिम र भूगोलको आधारमा प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदानको परिमाण बमोजिम निर्धारण गरिएको छ।

स्थानीय सरकारले जनसङ्ख्याको आधारमा प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्र.सं.	जनसङ्ख्या	अनुदान रकम (रू.लाखमा)
१	१०,००० भन्दा कम	१७५
२	१०,००० देखि २०,००० भन्दा कम	२००
३	२०,००० देखि ३०,००० भन्दा कम	२२५
४	३०,००० देखि ४०,००० भन्दा कम	२५०
५	४०,००० देखि ५०,००० भन्दा कम	२७५
६	५०,००० देखि ६०,००० भन्दा कम	३००
७	६०,००० देखि ७०,००० भन्दा कम	३२५
८	७०,००० देखि ८०,००० भन्दा कम	३५०
९	८०,००० देखि ९०,००० भन्दा कम	३७५
१०	९०,००० देखि १,००,००० भन्दा कम	४००
११	१,००,००० देखि १,१०,००० भन्दा कम	४२५
१२	१,१०,००० देखि १,२०,००० भन्दा कम	४५०
१३	१,२०,००० देखि १,३०,००० भन्दा कम	४७५
१४	१,३०,००० देखि १,४०,००० भन्दा कम	५००
१५	१,४०,००० देखि १,५०,००० भन्दा कम	५२५
१६	१,५०,००० देखि १,६०,००० भन्दा कम	५५०
१७	१,६०,००० देखि १,७०,००० भन्दा कम	५७५
१८	१,७०,००० देखि १,८०,००० भन्दा कम	६००
१९	१,८०,००० देखि १,९०,००० भन्दा कम	६२५
२०	१,९०,००० देखि २,००,००० भन्दा कम	६५०
२१	२,००,००० वा सो भन्दा बढी	६७५

स्थानीय सरकारले क्षेत्रफलको आधारमा प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदानको परिमाण

क्र.सं.	क्षेत्रफल	अनुदान रकम (रू.लाखमा)
१	१०० वर्ग कि.मि. सम्म	१००
२	१०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म कि.मि.सम्म	१५०
३	२०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म	२००
४	३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म	२५०
५	४०० वर्ग कि.मि. भन्दा बढी	३००

२. सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (१) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छः

(क) प्रदेश तथा स्थानीय सरकारमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकाससूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय सरकारको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय सरकारको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय सरकारले जनतालाई पुऱ्याउनु पर्ने सेवा,

(च) प्रदेश तथा स्थानीय सरकारको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता।

सोही ऐनको दफा १६ को उपदफा (३) मा आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय सरकारले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने व्यवस्था रहेको छ भने दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय सरकारको कार्य सम्पादनलाई समेत आधार लिने व्यवस्था रहेको छ।

उल्लिखित कानूनी प्रावधानहरूमा आधारित भै बमोजिमको विस्तृत आधार र ढाँचालाई अवलम्वन गरी आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश सरकार तथा स्थानीय सरकारलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान रकम निर्धारण गरिएको छ।

सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको गणनामा लिइएको आधार/सूचक र भार

क्र.सं.	सूचक/उपसूचक	उपसूचकको भार	सूचकको भार
१.	मानव विकास सूचकाङ्क		१० %
२.	आर्थिक सामाजिक असमानता		५ %
३.	पूर्वाधार विकासको अवस्था		१५ %
	३.१ सडकको घनत्व (सडकमा पहुँच),	३५ %	
	३.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),	१५ %	
	३.३ सरसफाइ (शौचालयको उपलब्धता)	१५ %	
	३.४ शहरीकरणको अवस्था	१५ %	
	३.५ विद्युतको सुविधा (विद्युतमा पहुँच),	१० %	
	३.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),	१० %	
४.	खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता		७० %
	जम्मा		१०० %

२.१ आधार तथा ढाँचाको विश्लेषण

२.१.१ मानव विकास सूचकाङ्क

सन् २०२० मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदनको तथ्याङ्कलाई यस सूचकमा प्रयोग गरिएको छ। सो प्रतिवेदनले राष्ट्रिय तहको अतिरिक्त प्रदेश तहसम्मको मानव विकास सूचकाङ्क प्रकाशन गरेको भए तापनि स्थानीय तहगत रूपमा त्यस्तो सूचकाङ्क उल्लेख गरिएको छैन। ऐनको व्यवस्था कार्यान्वयन गर्ने क्रममा स्थानीय तहगत रूपमा नै मानव विकास सूचकाङ्क आवश्यक पर्ने हुँदा सो प्रतिवेदनमा उपलब्ध प्रादेशिक, भौगोलिक तथा शहरी र ग्रामीण सूचकाङ्क समेतलाई आधार बनाएर सबै स्थानीय सरकारको मानव विकासको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी अनुदान सिफारिसको प्रयोजनार्थ प्रयोगमा ल्याइएको छ। कुल भार मध्ये मानव विकाससूचकाङ्कलाई १० प्रतिशत भार दिइएको छ।

२.१.२ आर्थिक सामाजिक असमानता

आर्थिक सामाजिक असमानता सूचकाङ्क सम्बन्धमा प्रदेश र स्थानीय सरकारमा रहेको आर्थिक, सामाजिक असमानता मापन गर्नका लागि आर्थिक, सामाजिक र जलवायु परिवर्तन जोखिम तथा विपद् क्षेत्रका ६ वटा आयामहरूका २९ वटा उप-सूचकहरूका आधारमा आयोगले गरेको अध्ययन बमोजिम आर्थिक, सामाजिक असमानतासूचकाङ्क निर्माण गरिएको छ। आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत भार दिइएको छ।

२.१.३ पूर्वाधार विकास

प्रदेश तथा स्थानीय सरकारको पूर्वाधार विकासको अवस्थाले सो प्रदेश तथा स्थानीय सरकारको विकासको अवस्था निर्धारण गर्ने आधार दिन्छ। पूर्वाधार विकासको अवस्था कमजोर भएका प्रदेश तथा स्थानीय सरकारले जनतालाई संविधानले मार्गदर्शन गरे अनुसारका सेवा सुविधा प्रदान गर्न अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ, जसले गर्दा सेवाको लागत वृद्धि गराउँदछ। आयोगले प्रदेश तथा स्थानीय सरकारमा उपलब्ध सडक, विद्युत, सूचना प्रविधि, खानेपानी र सरसफाइको पहुँच तथा उपलब्धता एवम् शहरीकरणको अवस्थालाई आधार मानी पूर्वाधारसूचकाङ्क तयार गरेको छ। पूर्वाधार विकासको अवस्थाका लागि १५ प्रतिशत भार प्रदान गरिएको छ।

- **सडकको घनत्व (सडकमा पहुँच):** सडक सञ्जालको पहुँचले प्रदेश वा स्थानीय सरकारको विकासलाई प्रभावित गर्नुका साथै उनीहरूले प्रवाह गर्नुपर्ने सेवा प्रवाहको लागतमा असर पार्दछ। सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउन र आम सर्वसाधारण जनतालाई सुगम तथा सहज ढङ्गले सेवा प्रवाह गर्नका लागि पनि

सडकको भूमिका महत्वपूर्ण हुन्छ। अतः पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको ३५ प्रतिशत भार प्रदेश तथा स्थानीय सरकारको सडक घनत्वलाई दिइएको छ।

- **विद्युतको सुविधा (विद्युतमा पहुँच):** विकासको एउटा आवश्यकताको रूपमा लिइने विद्युतको सुविधाले प्रदेश तथा स्थानीय सरकारको आर्थिक विकासमा बहु-आयामिक भूमिका खेल्दछ। जुन प्रदेश तथा स्थानीय सरकारमा विद्युत सुविधाको पहुँच कमजोर रहेको छ, त्यसका लागि थप आर्थिक व्ययभार आवश्यक पर्दछ। यसै परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय सरकारको विद्युत सुविधाको अवस्थालाई उपसूचकका रूपमा लिई पूर्वाधार विकासलाई दिइएको भारलाई शत प्रतिशत मानी सोको १० प्रतिशत भार विद्युत सुविधाको पहुँचलाई दिइएको छ।
- **सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच):** जुन प्रदेश तथा स्थानीय सरकारको सूचना प्रविधिको पहुँचको अवस्था कमजोर छ, त्यस्ता प्रदेश तथा स्थानीय सरकारले सूचना प्रविधिको पहुँचको स्तर माथि उकास्न यथोचित लगानी गर्नुपर्ने हुन्छ। यसले प्रदेश तथा स्थानीय सरकारको आर्थिक व्ययभार बढाउने गर्दछ। यसै पक्षलाई ख्याल गर्दै पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १० प्रतिशत भार सूचना प्रविधिमा पहुँचलाई दिइएको छ।
- **खानेपानीको सुविधा (खानेपानीमा पहुँच):** संविधानले परिकल्पना गरे अनुसारको लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न अन्य कुराका अतिरिक्त प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारमा खानेपानी सुविधाको पहुँच बढाउन थप आर्थिक स्रोतको आवश्यकता पर्दछ। अतः यसै पक्षलाई ख्याल राख्दै पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार खानेपानी सुविधा उपसूचकलाई प्रदान गरिएको छ।
- **सरसफाइ (शौचालयको उपलब्धता):** नेपालको संविधानले नै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। सरसफाइको अवस्था कमजोर रहेको प्रदेश तथा स्थानीय सरकारले सो सुविधा वृद्धि गर्नका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय सरकारमा हाल रहेका शौचालयहरूको उपलब्धतालाई सरसफाइ सूचक मानी पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार सरसफाइ (शौचालयको उपलब्धता) उपसूचकलाई प्रदान गरिएको छ।
- **शहरीकरणको अवस्था:** प्रदेश तथा स्थानीय तहमा शहरीकरणको अवस्थाले सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको विकासको अवस्थालाई प्रतिविम्वित गर्दछ। ग्रामीण तथा शहरोन्मुख क्षेत्रमा पुर्वाधार विकासको आवश्यकता वढी हुन्छ भने शहरी क्षेत्रमा समेत थप पुर्वाधार विकास तथा मर्मत संभारका लागि थप लगानी गर्नुपर्ने हुन्छ। प्रदेश तथा स्थानीय तहको ग्रामीण, शहरोन्मुख एवम् शहरी क्षेत्रका जनसङ्ख्यालाई शहरीकरणको अवस्थालाई सूचक कायम गरी पूर्वाधार विकासलाई दिईएको भारलाई शत प्रतिशत मानी सोको १५ प्रतिशत भार शहरीकरणको अवस्था उपसूचकलाई प्रदान गरिएको छ। यसमा राष्ट्रिय जनगणना, २०७८ मा आधारित भई राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको **नेपालमा ग्रामिण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण** नामक प्रतिवेदनलाई आधारको रूपमा लिइएको छ।

२.१.४ खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता

संवैधानिक तथा कानूनी व्यवस्थाअनुसार आयोगले वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा प्रत्येक प्रदेश तथा प्रत्येक स्थानीय सरकारको खर्चको आवश्यकताका अतिरिक्त राजस्वको क्षमता निर्धारण गरी वित्तीय अन्तर (Fiscal Gap) पहिचान गर्नुपर्ने हुन्छ। यसका लागि संविधानको अनुसूचीमा उल्लिखित सङ्घीय, प्रदेश र स्थानीय सरकारका एकल र साझा अधिकार बमोजिमका कार्य जिम्मेवारीको थप स्पष्टता हुनुपर्ने, कार्यजिम्मेवारी अनुरूपको कार्यसम्पादनका लागि प्रत्येक तहले

सम्पादन गर्नुपर्ने अलग-अलग कार्यको स्पष्ट किटानी हुनुका साथै प्रत्येक कामको न्यूनतम राष्ट्रिय मापदण्ड र सङ्घीय, प्रादेशिक र स्थानीय लक्ष्य तय हुनुपर्ने हुन्छ। तोकिएको मापदण्ड र लक्ष्य बमोजिमको कार्य सम्पादन गर्नका लागि उक्त कामको प्रति इकाइ लागत पहिचान गरी सोका आधारमा कुल लागत निर्धारण गर्नुपर्ने हुन्छ।

हाल प्रदेश तथा स्थानीय सरकारले सम्पादन गर्नुपर्ने कतिपय कार्यको आधारभूत मापदण्ड तथा तहगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको आवश्यकताको यथार्थ आँकलन गर्ने कार्य सहज देखिदैन। त्यसैगरी राजस्व उठाउन सक्ने क्षमताको आँकलन गर्दा प्रत्येक प्रदेश र प्रत्येक स्थानीय सरकारको राजस्व अधिकार, राजस्वको दायरा, सम्भाव्यता र दर तथा राजस्व उठाउँदा हुने लाभ-लागत अनुपात र भैरहेको राजस्व सङ्कलनको कुल आकार समेतको विश्लेषण गर्नुपर्ने हुन्छ। यस सम्बन्धी विस्तृत तथ्याङ्कहरू उपलब्ध भई नसकेको अवस्थामा यथार्थ राजस्व असुलीको सम्भाव्यता यकिन गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ। यी सबै सीमाहरूका बीचबाट आयोगले निश्चित सूचक र विश्लेषणका आधारमा प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको आँकलन सम्बन्धी अध्ययन गरी अध्ययनको नतिजालाई आधारको रुपमा लिएको छ। प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको वित्तीय अन्तरको सूचकांकलाई ७० प्रतिशत भार दिइएको छ।

३. कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदानः

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा कार्य सम्पादनको स्तरलाई पनि आधार लिइएको छ। आयोगको मिति २०७८/०२/१३ को बैठकबाट प्रदेश सरकारको कार्यसम्पादन मापनका लागि ११ वटा र स्थानीय सरकारको कार्यसम्पादन मापनका लागि १७ वटा सूचक तय गरी अंकभार समेत निर्धारण गरिएको थियो। आयोगले तर्जुमा गरेको प्रदेश तथा स्थानीय सरकारको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम प्रदेश तथा स्थानीय सरकारको अन्तिम कार्यसम्पादन मूल्याङ्कन गरिएको छ। यसै मूल्याङ्कनबाट कायम भएको अंकको आधारमा प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने कुल वित्तीय समानीकरण अनुदानको ४ प्रतिशतले हुन आउने रकम प्रदेशतर्फ रू. २ अर्ब ४२ करोड ६४ लाख र स्थानीय सरकारतर्फ रू. ३ अर्ब ५५ करोड ९६ लाख गरी जम्मा रू. ५ अर्ब ९८ करोड ६० लाख कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको छ। प्रदेश सरकारको हकमा लागू हुने सूचकहरू र भारलाई तथा स्थानीय सरकारको हकमा लागू हुने सूचकहरू र भारलाई तलको तालिकामा उल्लेख गरिएको छ।

प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएको सूचक र भार

क्र.सं.	सूचक	अंकभार
१.	गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजुको अवस्था।	१५
२.	प्रदेशले स्थानीय सरकारलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार लागू गरी सशर्त अनुदान प्रदान गरे/नगरेको।	१०
३.	सवारी साधन कर बापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको।	५
४.	प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था। (क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत (ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशत	१५

क्र.सं.	सूचक	अंकभार
५.	प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको राजस्व परिचालन गरेको अवस्था। (क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था (ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्था	२०
६.	प्रदेश सरकारले स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय सरकारलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको।	५
७.	प्रदेशले आगामी आर्थिक वर्षका लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	५
८.	प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	५
९.	प्रदेश तहको वायु गुणस्तर सुचकाङ्क (Air Quality Index)।	५
१०.	प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत।	५
११.	आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको।	१०
	जम्मा	**१००**

स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएको सूचक र भार

क्र.सं.	सूचक	अङ्कभार
१.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरे/नगरेको।	५
२.	गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरी असार मसान्तभित्र पारित गरे/नगरेको।	५
३.	स्थानीय सरकारले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको।	५
४.	स्थानीय सरकारले आगामी आर्थिक वर्षका लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको।	५
५.	स्थानीय सरकारले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको।	५
६.	स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थाः - अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्था - अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्था	१३
७.	स्थानीय सरकारको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्थाः - कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत - कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशत	१५
८.	गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था।	१५

क्र.सं.	सूचक	अङ्कभार
९.	महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय सरकारले पूर्ण रूपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको।	५
१०.	स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको।	३
११.	कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर।	३
१२.	कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर।	३
१३.	सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत	३
१४.	चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात।	३
१५.	कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात।	३
१६.	पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात।	३
१७.	आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको।	६
	जम्मा	**१००**

ङ. वित्तीय समानीकरण अनुदान सम्बन्धी सिफारिस

नेपाल सरकारबाट आ.व. २०८२/८३ मा प्रत्येक प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको परिमाण निर्धारण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १६ को उपदफा (३) को व्यवस्था बमोजिम प्रत्येक प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने न्यूनतम अनुदान, सोही ऐनको दफा १६ को उपदफा (१) मा तोकिएका आधारहरू बमोजिम प्राप्त गर्ने सूत्रमा आधारित अनुदान र सोही ऐनको दफा ३ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्राप्त गर्ने अनुदान छुट्टाछुट्टै गणना गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ। यसरी प्राप्त हुने अनुदान रकम गणना गर्दा २१ स्थानीय सरकारले न्यूनतम अनुदान र सुत्रमा आधारित अनुदानबाट रू. ६ करोड ५० लाख भन्दा कम रकम पाउने देखिएको हुँदा त्यस्तो रकमले स्थानीय सरकारको संविधान प्रदत्त कार्य जिम्मेवारी न्यूनतम रूपमा पूरा गर्न पर्याप्त नहुने ठहर गरी प्रत्येक स्थानीय सरकारलाई न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा रू. ६ करोड ५० लाख प्राप्त हुने गरी स्थानीय सरकारको आन्तरिक राजस्वको अवस्था समेतको आधारमा महानगरपालिकाहरूको सूत्र वापतको रकममा करिब ५.३८ प्रतिशतले कट्टा गरी उक्त रकम त्यस्ता २१ स्थानीय सरकारको अनुदानमा थप गरी वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ। आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारले उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको रकम प्रदेश सरकारको हकमा जम्मा रू. ६० अर्ब ६६ करोड र स्थानीय सरकारको हकमा जम्मा रू. ८८ अर्ब ९६ करोड ८० लाख सहित कुल जम्मा रू. १ खर्ब ४९ अर्ब ६२ करोड ८० लाख रहेको छ। प्रदेश सरकारमा हस्तान्तरण हुनेगरी निर्धारण गरिएको रकम मध्ये सुदूरपश्चिम प्रदेश सरकारले रू. ८ अर्ब ९२ करोड ५६ लाख प्राप्त गर्नेगरी सिफारिस गरिएको छ। साथै स्थानीय सरकारमा हस्तान्तरण हुनेगरी निर्धारण गरिएको रकम मध्ये सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकारले रू. ९ अर्ब ८६ करोड ६ लाख प्राप्त गर्नेगरी सिफारिस गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारले सुदूरपश्चिम प्रदेश सरकारलाई तथा सो प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान रकमको विवरण तलको तालिकामा समावेश गरिएको छ।

तालिका

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट सुदूरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सुत्रमा आधारित र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम

(रू.लाखमा)

क्र.सं.	अनुदान	सिफारिस रकम	प्रतिशत
१	न्यूनतम	१७८८५	२०.०४
२	सुत्रमा आधारित	६७२९९	७५.४०
३	कार्य सम्पादनमा आधारित	४०७२	४.५६
	जम्मा	**८९२५६**	**१००.००**

तालिका

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट सुदूरपश्चिम प्रदेश भित्रका स्थानीय सरकारलाई हस्तान्तरण हुने न्यूनतम, सुत्र र कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान रकम

(रू.लाखमा)

क्र.सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सुत्रमा आधारित	कार्य सम्पादनमा आधारित	जम्मा
१.	बाजुरा	७०१०१	हिमाली गाउँपालिका	५००	३९९	५१	९५०
२.	बाजुरा	७०१०२	गौमुल गाउँपालिका	४२५	३८९	४९	८६३
३.	बाजुरा	७०१०३	बुढीनन्दा नगरपालिका	४२५	६६४	४२	११३१
४.	बाजुरा	७०१०४	स्वामीकार्तिक खापर गाउँपालिका	३५०	५०४	४५	८९९
५.	बाजुरा	७०१०५	जगन्नाथ गाउँपालिका	३५०	४०५	५२	८०७
६.	बाजुरा	७०१०६	बडिमालिका नगरपालिका	४००	६६३	४०	११०३
७.	बाजुरा	७०१०७	खप्तड छेडेदह गाउँपालिका	३५०	६५७	४५	१०५२
८.	बाजुरा	७०१०८	बुढीगंगा नगरपालिका	३२५	७४८	५२	११२५
९.	बाजुरा	७०१०९	त्रिवेणी नगरपालिका	३५०	६५२	५४	१०५६
१०.	बझाङ	७०२०१	साइपाल गाउँपालिका	४७५	१७५	४८	६९८
११.	बझाङ	७०२०२	बुंगल नगरपालिका	५५०	९६३	४०	१५५३
१२.	बझाङ	७०२०३	सूर्मा गाउँपालिका	४००	३८०	४३	८२३
१३.	बझाङ	७०२०४	तालकोट गाउँपालिका	४५०	४८५	४५	९८०
१४.	बझाङ	७०२०५	मष्टा गाउँपालिका	३५०	५६३	५७	९७०
१५.	बझाङ	७०२०६	जयपृथ्वी नगरपालिका	३७५	८०३	५२	१२३०
१६.	बझाङ	७०२०७	छबिस पाथिभरा गाउँपालिका	३५०	६१४	५१	१०१५
१७.	बझाङ	७०२०८	दुर्गाथली गाउँपालिका	३००	५१७	३८	८५५
१८.	बझाङ	७०२०९	केदारस्युँ गाउँपालिका	३७५	७१९	५२	११४६
१९.	बझाङ	७०२१०	बित्थडचिर गाउँपालिका	३००	६१७	४०	९५७
२०.	बझाङ	७०२११	थलारा गाउँपालिका	३५०	६५८	४६	१०५४
२१.	बझाङ	७०२१२	खप्तडछान्ना गाउँपालिका	३५०	६०५	५५	१०१०
२२.	दार्चुला	७०३०१	ब्याँस गाउँपालिका	४७५	४९१	५७	१०२३

क्र.सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सुत्रमा आधारित	कार्य सम्पादनमा आधारित	जम्मा
२३.	दार्चुला	७०३०२	दुहुँ गाउँपालिका	२७५	५०२	५२	८२९
२४.	दार्चुला	७०३०३	महाकाली नगरपालिका	३७५	८६१	५६	१२९२
२५.	दार्चुला	७०३०४	नौगाड गाउँपालिका	३५०	६२८	६३	१०४१
२६.	दार्चुला	७०३०५	अपिहिमाल गाउँपालिका	४७५	३७६	५५	९०६
२७.	दार्चुला	७०३०६	मार्मा गाउँपालिका	४००	६३२	४८	१०८०
२८.	दार्चुला	७०३०७	शैल्यशिखर नगरपालिका	३७५	८३७	५२	१२६४
२९.	दार्चुला	७०३०८	मालिकार्जुन गाउँपालिका	३५०	६७०	५१	१०७१
३०.	दार्चुला	७०३०९	लेकम गाउँपालिका	३००	६३७	४३	९८०
३१.	बैतडी	७०४०१	डीलासैनी गाउँपालिका	३७५	५२६	४०	९४१
३२.	बैतडी	७०४०२	दोगडाकेदार गाउँपालिका	३७५	५५२	५०	९७७
३३.	बैतडी	७०४०३	पुचौंडी नगरपालिका	४००	७१५	५३	११६८
३४.	बैतडी	७०४०४	सुर्नया गाउँपालिका	३५०	४५२	४९	८५१
३५.	बैतडी	७०४०५	दशरथचन्द नगरपालिका	४००	७२८	४४	११७२
३६.	बैतडी	७०४०६	पन्चेश्वर गाउँपालिका	३५०	४४६	३९	८३५
३७.	बैतडी	७०४०७	शिवनाथ गाउँपालिका	३००	४०९	५१	७६०
३८.	बैतडी	७०४०८	मेलौली नगरपालिका	३७५	५१२	४४	९३१
३९.	बैतडी	७०४०९	पाटन नगरपालिका	४२५	६४४	५२	११२१
४०.	बैतडी	७०४१०	सिगास गाउँपालिका	४२५	४८९	४६	९६०
४१.	डँडेलधुरा	७०५०१	नवदुर्गा गाउँपालिका	३५०	४६५	४६	८६१
४२.	डँडेलधुरा	७०५०२	अमरगढी नगरपालिका	३७५	५४१	६९	९८५
४३.	डँडेलधुरा	७०५०३	अजयमेरु गाउँपालिका	३५०	४३४	५५	८३९
४४.	डँडेलधुरा	७०५०४	भागेश्वर गाउँपालिका	४००	३८६	४६	८३२
४५.	डँडेलधुरा	७०५०५	परशुराम नगरपालिका	५५०	६९१	४८	१२८९
४६.	डँडेलधुरा	७०५०६	आलिताल गाउँपालिका	४००	४५७	५०	९०७
४७.	डँडेलधुरा	७०५०७	गन्यापधुरा गाउँपालिका	३५०	३८९	५२	७९१
४८.	डोटी	७०६०१	पुर्विचौकी गाउँपालिका	३७५	४८५	४८	९०८
४९.	डोटी	७०६०२	सायल गाउँपालिका	३७५	४२९	४३	८४७
५०.	डोटी	७०६०३	आदर्श गाउँपालिका	३७५	५०६	४५	९२६
५१.	डोटी	७०६०४	शिखर नगरपालिका	४५०	६२६	४७	११२३
५२.	डोटी	७०६०५	दिपायल सिलगढी नगरपालिका	४००	७३६	५८	११९४
५३.	डोटी	७०६०६	के.आई.सिं. गाउँपालिका	३७५	४५९	४८	८८२
५४.	डोटी	७०६०७	बोगटान फुड्सिल गाउँपालिका	४५०	४२५	५५	९३०
५५.	डोटी	७०६०८	बडीकेदार गाउँपालिका	४५०	४१९	४७	९१६
५६.	डोटी	७०६०९	जोरायल गाउँपालिका	५००	५१५	५५	१०७०
५७.	अछाम	७०७०१	पंचदेवल बिनायक नगरपालिका	३७५	५२५	४९	९४९
५८.	अछाम	७०७०२	रामारोशन गाउँपालिका	३७५	५२०	४२	९३७
५९.	अछाम	७०७०३	मेल्लेख गाउँपालिका	४२५	५१०	४४	९७९
६०.	अछाम	७०७०४	सँफेबगर नगरपालिका	३७५	६६२	४५	१०८२
६१.	अछाम	७०७०५	चौरपाटी गाउँपालिका	३७५	४९७	५०	९२२
६२.	अछाम	७०७०६	मंगलसेन नगरपालिका	३७५	६३६	५६	१०६७
६३.	अछाम	७०७०७	बान्नीगढी जयगढ गाउँपालिका	३००	४१३	४२	७५५
६४.	अछाम	७०७०८	कमलबजार नगरपालिका	३७५	४८५	४३	९०३
६५.	अछाम	७०७०९	ढकारी गाउँपालिका	४२५	४४६	४०	९११

क्र.सं.	जिल्ला	सङ्केत नं.	स्थानीय तहको नाम	न्यूनतम	सुत्रमा आधारित	कार्य सम्पादनमा आधारित	जम्मा
६६.	अछाम	७०७१०	तुर्माखाँद गाउँपालिका	४२५	५१६	४२	९८३
६७.	कैलाली	७०८०१	मोहन्याल गाउँपालिका	५२५	५०३	३४	१०६२
६८.	कैलाली	७०८०२	चुरे गाउँपालिका	५२५	४७५	४४	१०४४
६९.	कैलाली	७०८०३	गोदावरी नगरपालिका	६५०	१२८०	५०	१९८०
७०.	कैलाली	७०८०४	गौरीगंगा नगरपालिका	५२५	१०२९	४०	१५९४
७१.	कैलाली	७०८०५	घोडाघोडी नगरपालिका	६२५	१२२६	५२	१९०३
७२.	कैलाली	७०८०६	बर्दगोरिया गाउँपालिका	३५०	६७२	५३	१०७५
७३.	कैलाली	७०८०७	लम्कि चुहा नगरपालिका	६००	१२२१	३८	१८५९
७४.	कैलाली	७०८०८	जानकी गाउँपालिका	४२५	९०७	५३	१३८५
७५.	कैलाली	७०८०९	जोशीपुर गाउँपालिका	३५०	७३०	४३	११२३
७६.	कैलाली	७०८१०	टिकापुर नगरपालिका	५२५	१२६४	४५	१८३४
७७.	कैलाली	७०८११	भजनी नगरपालिका	४५०	९२१	४२	१४१३
७८.	कैलाली	७०८१२	कैलारी गाउँपालिका	४७५	८९७	४६	१४१८
७९.	कैलाली	७०८१३	धनगढी उपमहानगरपालिका	८५०	१८६८	५३	२७७१
८०.	कञ्चनपुर	७०९०१	कृष्णपुर नगरपालिका	५५०	१००५	४४	१५९९
८१.	कञ्चनपुर	७०९०२	शुक्लाफाँटा नगरपालिका	४५०	८९९	४४	१३९३
८२.	कञ्चनपुर	७०९०३	बेदकोट नगरपालिका	४५०	९४३	५३	१४४६
८३.	कञ्चनपुर	७०९०४	भिमदत्त नगरपालिका	६२५	१७०७	५९	२३९१
८४.	कञ्चनपुर	७०९०५	चाँदनी-दोधारा नगरपालिका	३७५	७९६	५४	१२२५
८५.	कञ्चनपुर	७०९०६	लालझाडी गाउँपालिका	३७५	५२४	५४	९५३
८६.	कञ्चनपुर	७०९०७	पुनर्वास नगरपालिका	४७५	९७६	४२	१४९३
८७.	कञ्चनपुर	७०९०८	बेलौरी नगरपालिका	४५०	९८९	५१	१४९०
८८.	कञ्चनपुर	७०९०९	बेलडाँडी गाउँपालिका	३२५	५२७	३६	८८८
			जम्मा	**३६५५०**	**५७८१९**	**४२३७**	**९८६०६**
			प्रतिशत	**३७.०७**	**५८.६४**	**४.३०**	**१००.००**

च. वित्तीय समानीकरण अनुदान सम्बन्धी सुझाव

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) खण्ड (घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने काम, कर्तव्य र अधिकार यस आयोगको हुने व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ मा उक्त ऐन वा प्रचलित कानूनबमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो। नेपालको संविधान बमोजिम प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गरिएको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत अभावको समस्या घटाउन यो अनुदान हस्तान्तरण गरिन्छ।

उल्लिखित व्यवस्था बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान सम्वन्धमा देहाय बमोजिम सुझाव प्रदान गरिएको छ।

(१) समानीकरण अनुदान वापत प्राप्त हुने रकमलाई देहाय बमोजिमका बिषय/क्षेत्रहरूमा उपयोग गर्न उपयुक्त हुनेः

- सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्दै त्यसबाट प्राप्त रकम समेतबाट परिपूर्ति हुन नसकेको प्रदेश तथा स्थानीय सरकारको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्ने,
- नेपालको संविधानले सुरक्षित गरेका नागरिकका मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न तथा राज्यका निर्देशक सिद्धान्त अनुरूपको दिशामा अगाडि बढ्ने गरी प्रदेश तथा स्थानीय सरकारको आर्थिक विकासमा योगदान पुऱ्याउन,
- राष्ट्रिय रूपमा पछाडि परेका प्रदेश तथा स्थानीय सरकारलाई राष्ट्रिय औषत स्तरको नजिक ल्याउन,
- समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसङ्ख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तीकरण गर्न,
- राष्ट्रिय मानदण्ड र राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा योगदान पुऱ्याउने,
- सम्बन्धित प्रदेश र स्थानीय सरकारको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन, अन्य प्रदेश र अन्य स्थानीय सरकारसँग प्रतिस्पर्धा गर्दै सन्तुलित विकास गर्न गराउन, प्रदेश तथा स्थानीय सरकारमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्न, सडक, सिँचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्न तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्न,
- प्रदेश तथा स्थानीय सरकारहरूले नागरिकहरूलाई सरकारी सेवाहरू न्यूनतम र समतामूलक रूपमा उपलब्ध गराउन र बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरू उपलब्ध गराउन,
- संविधान तथा सम्बन्धित कानूनले प्रदेश तथा स्थानीय सरकारलाई दिएको जिम्मेवारी अनुरूप सेवा प्रवाह र विकास निर्माण गर्न,

(२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा प्रदेश तथा स्थानीय सरकारले आफूले उठाएको राजस्व र उक्त ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था रहेको हुँदा प्रदेश तथा स्थानीय सरकारले प्रशासनिक खर्च पारिश्रमिक/सुविधा, मालसामान तथा सेवाको उपयोग (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरण अनुदान रकमको प्रयोग गर्न नहुने।

(३) आर्थिक वर्षको अन्त्यमा फ्रिज नभई बाँकि भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा वित्तीय समानीकरण अनुदान जुन प्रयोजनका लागि विनियोजन गरिएको हो सोही प्रयोजनमा मात्र खर्च गर्नुपर्ने। यस्तो रकम आन्तरिक आयको रूपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नहुने।

(४) सङ्घीय संसदबाट पारित बजेटमा समावेश भएको सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वापतको रकम आर्थिक बर्षको बीचमा कुनै पनि अवस्थामा कट्टा नगरिने सुनिश्चित गरिनुका साथै प्रत्येक पछिल्ला बर्षहरूमा बजेटको आकार बृद्धिको अनुपातमा यस्तो अनुदानको कुल परिमाण (सिलिङ्ग) बृद्धी हुने प्रवन्ध गरिनु अत्यावश्यक देखिन्छ।

(५) आर्थिक बर्षको अन्त्य सम्मपनि खर्च नभई बचत हुन आएको समानीकरण अनुदानको रकमलाई पछिल्लो आर्थिक बर्षमा आम्दानीको रुपमा गणना गरी प्रशासनिक खर्च समेत विनियोजन गर्ने गरेको पाईएको हुँदा यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्ने प्रवन्ध गरिनु आवश्यक छ।

(६) नेपालको संविधानको धारा ६० को उपधारा (४) बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। खर्चको आवश्यकता निर्धारणका लागि संविधान बमोजिम तहगत सरकारको कार्यजिम्मेवारीको अतिरिक्त तत् सम्बन्धी न्यूनतम मानदण्ड र आवधिक लक्ष्य तथा प्रति इकाई लागत आवश्यक पर्दछ। आयोगले प्रदेश तथा स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमतालाई थप वस्तुपरक ढङ्गबाट आँकलन गर्ने गरी विगतको अध्ययनलाई अद्यावधिक गर्ने कार्य गरिरहेको छ। तर, कतिपय कार्य जिम्मेवारीहरूको सम्बन्धमा न्यूनतम मानदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय सरकारगत लक्ष्य निर्धारण भई नसकेको अवस्थामा खर्चको यथार्थ आवश्यकता आँकलन गर्न कठिनाइ भएको स्थिति छ। अतः तहगत सरकारको कार्य जिम्मेवारीहरू थप स्पष्ट पार्नुका साथै ती विषय भित्रका सेवाको न्यूनतम मानदण्ड, लक्ष्य र लागत लगायतका विषयहरू मूलतः सङ्घीय सरकारबाट निर्धारण गरिनु पर्दछ।

(७) प्रदेश तथा स्थानीय सरकारलाई संविधानको अनुसूचीले प्रत्याभूत गरेको एकल अधिकार अन्तर्गतका मुख्य कार्य जिम्मेवारीहरू सम्पादन गर्नका लागि उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान रकम आयोगबाट निर्धारण गरी सिफारिस गर्ने अवस्थामा नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने अन्य अनुदान (सशर्त, समपूरक र विशेष) को रकमले के कति हद्सम्म समानीकरण अनुदानको मूल उद्देश्य (समानीकरण गर्ने कार्य) मा सघाउ एवम् योगदान पुऱ्याउँछ भन्ने विषय आयोगलाई जानकारी नभईकन समानीकरण अनुदानको रकम निर्धारण हुने विद्यमान पद्धतिमा सुधार गरिनु पर्दछ।

(८) नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण गरिने सशर्त, समपूरक र विशेष अनुदानहरूबाट समानीकरण अनुदानको उद्देश्यमा पर्ने प्रभाव र असरका बारेमा सङ्घ सरकारका विषयगत मन्त्रालय तथा अन्य निकायहरूले पर्याप्त ध्यान दिनुपर्ने। साथै, यसरी अन्य अनुदान (सशर्त, समपूरक र विशेष) मार्फत् समानीकरणको मूल उद्देश्यमा सघाउ पुऱ्याउने गरी हाल नेपाल सरकारबाट हस्तान्तरण गरिएका योजना, कार्यक्रम र बजेट आगामी दिनमा क्रमशः समानीकरण अनुदानमार्फत् कार्यान्वयन गर्ने गरी बाँडफाँट, वितरण र हस्तान्तरण गर्दै जाने नीति अवलम्बन गर्नु उपयुक्त हुन्छ।

अनुसूची-४

आर्थिक वर्ष २०८१/८२ को वित्तीय समानीकरण अनुदान तर्फ प्रदेश सरकार तथा प्रदेश भित्रका स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कन वापतको अन्तिम नतिजा

१. प्रदेश सरकार तर्फ

सि.नं.	प्रदेश	जम्मा प्राप्ताङ्क	श्रेणी क्रम
१	सुदूरपश्चिम प्रदेश	५२.१६	१
२	कोशी प्रदेश	५०.७७	२
३	कर्णाली प्रदेश	४६.७९	३
४	बागमती प्रदेश	४५.८७	४
५	गण्डकी प्रदेश	४४.४६	५
६	लुम्बिनी प्रदेश	४०.७९	६
७	मधेश प्रदेश	३०.००	७

२. प्रदेश भित्रका स्थानीय सरकार तर्फ

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	जम्मा प्राप्ताङ्क	श्रेणी क्रम
१	डँडेलधुरा	अमरगढी नगरपालिका	८१.६६	१
२	दार्चुला	नौगाड गाउँपालिका	७४.२१	२
३	कञ्चनपुर	भिमदत्त नगरपालिका	६९.७१	३
४	डोटी	दिपायल सिलगढी नगरपालिका	६८.८७	४
५	बझाङ	मष्टा गाउँपालिका	६७.९१	५
६	दार्चुला	ब्याँस गाउँपालिका	६७.५५	६
७	दार्चुला	महाकाली नगरपालिका	६६.२९	७
८	अछाम	मंगलसेन नगरपालिका	६६.११	८
९	डोटी	जोरायल गाउँपालिका	६५.५४	९
१०	डोटी	बोगटान फुड्सिल गाउँपालिका	६५.३५	१०
११	बझाङ	खप्तडछान्ना गाउँपालिका	६४.८१	११
१२	डँडेलधुरा	अजयमेरु गाउँपालिका	६४.७५	१२
१३	दार्चुला	अपिहिमाल गाउँपालिका	६४.७०	१३
१४	बाजुरा	त्रिवेणी नगरपालिका	६४.४८	१४
१५	कञ्चनपुर	लालझाडी गाउँपालिका	६४.१९	१५
१६	कञ्चनपुर	चाँदनी-दोधारा नगरपालिका	६३.५६	१६
१७	कैलाली	धनगढी उपमहानगरपालिका	६३.२५	१७
१८	कैलाली	जानकी गाउँपालिका	६३.०८	१८
१९	कैलाली	बर्दगोरिया गाउँपालिका	६२.७१	१९
२०	बैतडी	पुचौंडी नगरपालिका	६२.५२	२०
२१	कञ्चनपुर	बेदकोट नगरपालिका	६२.५२	२१
२२	दार्चुला	दुहुँ गाउँपालिका	६१.८३	२२
२३	कैलाली	घोडाघोडी नगरपालिका	६१.७४	२३
२४	बाजुरा	जगन्नाथ गाउँपालिका	६१.६२	२४
२५	बैतडी	पाटन नगरपालिका	६१.६०	२५
२६	दार्चुला	शैल्यशिखर नगरपालिका	६१.३८	२६
२७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	६१.३४	२७

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	जम्मा प्राप्ताङ्क	श्रेणी क्रम
२८	बझाङ	केदारस्युँ गाउँपालिका	६१.२३	२८
२९	बाजुरा	बुढीगंगा नगरपालिका	६१.१७	२९
३०	बझाङ	जयपृथ्वी नगरपालिका	६१.०७	३०
३१	दार्चुला	मालिकार्जुन गाउँपालिका	६०.७६	३१
३२	कञ्चनपुर	बेलौरी नगरपालिका	६०.४४	३२
३३	बझाङ	छबिस पाथिभरा गाउँपालिका	५९.९३	३३
३४	बाजुरा	हिमाली गाउँपालिका	५९.८१	३४
३५	बैतडी	शिवनाथ गाउँपालिका	५९.७६	३५
३६	डँडेलधुरा	आलिताल गाउँपालिका	५९.६९	३६
३७	अछाम	चौरपाटी गाउँपालिका	५९.५५	३७
३८	बैतडी	दोगडाकेदार गाउँपालिका	५८.८३	३८
३९	कैलाली	गोदावरी नगरपालिका	५८.७३	३९
४०	अछाम	पंचदेवल बिनायक नगरपालिका	५८.३२	४०
४१	बैतडी	सुर्नया गाउँपालिका	५७.९७	४१
४२	बाजुरा	गौमुल गाउँपालिका	५७.९१	४२
४३	डोटी	के.आई.सिं. गाउँपालिका	५७.१७	४३
४४	बझाङ	साइपाल गाउँपालिका	५७.०८	४४
४५	डोटी	पूर्विचौकी गाउँपालिका	५६.९४	४५
४६	दार्चुला	मार्मा गाउँपालिका	५६.३७	४६
४७	डँडेलधुरा	परशुराम नगरपालिका	५६.३२	४७
४८	डोटी	शिखर नगरपालिका	५६.१८	४८
४९	डोटी	बडीकेदार गाउँपालिका	५५.७८	४९
५०	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	५४.८१	५०
५१	कैलाली	कैलारी गाउँपालिका	५४.६०	५१
५२	बझाङ	थलारा गाउँपालिका	५४.३५	५२
५३	डँडेलधुरा	भागेश्वर गाउँपालिका	५४.१७	५३
५४	बैतडी	सिगास गाउँपालिका	५४.०२	५४
५५	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	५३.५८	५५
५६	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	५३.४०	५६
५७	बझाङ	तालकोट गाउँपालिका	५३.३९	५७
५८	अछाम	साँफेबगर नगरपालिका	५३.३८	५८
५९	डोटी	आदर्श गाउँपालिका	५३.०४	५९
६०	कैलाली	टिकापुर नगरपालिका	५२.६८	६०
६१	बैतडी	मेलौली नगरपालिका	५२.५४	६१
६२	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	५२.३८	६२
६३	बैतडी	दशरथचन्द नगरपालिका	५२.२७	६३
६४	अछाम	मेल्लेख गाउँपालिका	५२.२५	६४
६५	कैलाली	चुरे गाउँपालिका	५२.२०	६५
६६	कञ्चनपुर	कृष्णपुर नगरपालिका	५१.५३	६६
६७	बझाङ	सूर्मा गाउँपालिका	५१.४६	६७
६८	दार्चुला	लेकम गाउँपालिका	५१.२६	६८
६९	डोटी	सायल गाउँपालिका	५०.६३	६९
७०	अछाम	कमलबजार नगरपालिका	५०.५९	७०
७१	कैलाली	जोशीपुर गाउँपालिका	५०.४३	७१
७२	अछाम	तुर्माखाँद गाउँपालिका	५०.२४	७२

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	जम्मा प्राप्ताङ्क	श्रेणी क्रम
७३	कैलाली	भजनी नगरपालिका	५०.१२	७३
७४	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	४९.९६	७४
७५	अछाम	रामारोशन गाउँपालिका	४९.८८	७५
७६	कञ्चनपुर	पुनर्वास नगरपालिका	४९.५७	७६
७७	बाजुरा	बुढीनन्दा नगरपालिका	४९.४६	७७
७८	अछाम	ढकारी गाउँपालिका	४७.७५	७८
७९	बझाङ	बित्थडचिर गाउँपालिका	४७.३२	७९
८०	कैलाली	गौरीगंगा नगरपालिका	४७.१२	८०
८१	बैतडी	डीलासैनी गाउँपालिका	४६.९०	८१
८२	बाजुरा	बडिमालिका नगरपालिका	४६.८८	८२
८३	बझाङ	बुंगल नगरपालिका	४६.८७	८३
८४	बैतडी	पन्चेश्वर गाउँपालिका	४६.१९	८४
८५	बझाङ	दुर्गाथली गाउँपालिका	४४.४७	८५
८६	कैलाली	लम्कि चुहा नगरपालिका	४४.४५	८६
८७	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	४२.०८	८७
८८	कैलाली	मोहन्याल गाउँपालिका	४०.५२	८८

अनुसूची-५

सशर्त अनुदान सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस

आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका आधार सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मितिः २०८१/११/२८

क. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय सरकार गरी तीन तहको रहेको छ। नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको छ। तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ। अन्तर-सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रूपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण रहेको छ भने अन्तर-सरकारी वित्तीय हस्तान्तरणको माध्यमको रुपमा सशर्त अनुदान रहेको छ।

अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय संरचना भएका मुलुकहरूमा विशिष्ट राष्ट्रिय उद्देश्य प्राप्तिका साथै बहुतहगत सरकार बीचमा नीतिगत समन्वय कायम गर्न र सार्वजनिक सेवाको मानक तथा गुणस्तर हासिल गर्न सङ्घीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई शर्त सहितको वित्तीय अनुदान उपलब्ध गराउने अभ्यास रहेको पाइन्छ। नेपालको सन्दर्भमा पनि सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्ने संवैधानिक र कानूनी व्यवस्था रहेको छ। त्यसरी सशर्त अनुदान प्रदान गर्दा एकातर्फ अनुदान वितरणमा समन्यायिकता होस् र अर्कोतर्फ प्रदेश तथा स्थानीय सरकारको स्वायत्ततालाई पनि अक्षुण्ण राख्न सकियोस् भन्ने हेतुले नै सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने र ती आधारहरू कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधान र अन्य प्रचलित ऐनहरू समेतमा गरिएको छ।

प्रदेश तथा स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने एवम् राष्ट्रिय नीति र कार्यक्रम तथा मानकको प्रदेश तथा स्थानीय सरकारमा कार्यान्वयन गर्ने र प्रदेश तथा स्थानीय सरकारको वित्तीय स्वायत्तता कायम गरी यी दुई पक्ष बीचमा सन्तुलन कायम गर्ने विषय आफैमा महत्वपूर्ण छ भने वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान बीच सन्तुलन कायम गरी प्रदेश वा स्थानीय सरकारको कार्यगत स्वायत्ततालाई अक्षुण्ण राख्ने कार्य चुनौतीपूर्ण समेत छ।

ख. सिफारिसका आधारहरू

१. संवैधानिक एवम् कानूनी प्रवन्ध

नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई सशर्त अनुदान उपव्ध गराउने सम्वन्धमा सिफारिस गर्दा आयोगले नेपालको संविधान र प्रचलित कानूनमा रहेका देहाय बमोजिमका प्रवन्धहरूलाई मुख्य आधारको रुपमा लिएको छ।

- नेपालको संविधानको धारा ६० को उपधारा (३) र उपधारा (६) तथा धारा २५१ को उपधारा (१) को देहाय खण्ड (ग),
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को देहाय (घ) र दफा १६ को उपदफा (२),

- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (१) र उपदफा (२),
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२,
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३।

२. अन्य आधार

- **सङ्घीय बजेट २०८१/८२ को बुँदा नं २८०** मा सङ्घीयता कार्यान्वयनलाई पूर्णता दिन बाँकी कानून प्राथमिकताका साथ तर्जुमा गरिनेछ। सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको विस्तृतीकरण सम्बन्धी परिमार्जित प्रतिवेदन कार्यान्वयन गरी अधिकार र कार्यक्षेत्रमा रहेको दोहोरोपनाको अन्त्य गरिनेछ। राजस्व बाँडफाँट र वित्त हस्तान्तरण गर्दा लिइने आधार र सूचकलाई हालसम्मको अभ्यास र अनुभवको आधारमा पुनरावलोकन गरी वस्तुनिष्ठ, समन्यायिक र यथार्थपरक बनाइने उल्लेख भएको।
- **राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ५० औं र ५१ औं बैठकबाट निम्नानुसार निर्णय भएको**

  १. मिति २०८० भाद्र ११ गतेको ५१ औं बैठकको निर्णय नम्बर ७: समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान हस्तान्तरणका सम्बन्धमा प्रदेश तथा स्थानीय सरकारको उपयुक्त माग सम्बोधन हुने गरी आगामी वर्षको बजेट तर्जुमा अगावै अर्थ मन्त्रालयले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगसँग समन्वय गरी आवश्यक प्रक्रिया र विधि तर्जुमा गरी कार्यान्वयन गर्ने।

  २. मिति २०७९ चैत्र २३ गतेको ५० औं बैठकको निर्णय नम्बर २०: सङ्घीय सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानका लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक क्षेत्र तोकी विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

ग. अध्ययन तथा विश्लेषण

सशर्त अनुदानको आधार तयार गर्ने क्रममा संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) ले मार्गदर्शन गरेबमोजिम आयोगले आवश्यक अध्ययन अनुसन्धानको कार्य गर्दै आएको छ। यस क्रममा सशर्त अनुदानको सैद्धान्तिक आधार एवम् नीतिगत व्यवस्थाको सूक्ष्म विश्लेषण गर्नुका साथै हालसम्मको कार्यान्वयनको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासलाई समेतसँगै राखेर विश्लेषण गरिएको छ। सशर्त अनुदान प्रदान गर्ने पक्ष अर्थात नेपाल सरकारका विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरू तथा त्यस्तो अनुदान प्राप्त गरी कार्यान्वयन गर्ने पक्ष अर्थात प्रदेश र स्थानीय सरकारका पदाधिकारी तथा अधिकृत कर्मचारीहरूसँग छलफल अन्तरक्रिया गरी सशर्त अनुदान कार्यान्वयनको अवस्था सम्बन्धमा जानकारी लिने र सुधारका उपायहरूको खोजी गर्ने कार्य भएको छ। त्यसैगरी, आयोगले वित्तीय सङ्घीयतासम्बन्धी विषय विज्ञहरूसँग अन्तरक्रियाको माध्यमबाट राय परामर्श, सशर्त अनुदान वितरण सम्बन्धमा आयोगले विगतमा सिफारिस गरेका आधारहरू र सोको कार्यान्वयन अवस्था अवलोकन तथा सरोकारवालाहरूसँगको अन्तरक्रियाबाट सशर्त अनुदानको औचित्य र प्रभावकारिता परीक्षण गरिएको छ। साथै, यस सम्बन्धमा बाह्य विज्ञमार्फत स्वतन्त्र अध्ययन, अनुसन्धान गराएर समेत आयोगले पृष्ठपोषण प्राप्त गरेको छ।

१. सशर्त अनुदानको तथ्याङ्कीय प्रवृत्ति विश्लेषणः

सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारका लागि हस्तान्तरण गर्न विनियोजन गरिएको वित्तीय समानीकरण तथा सशर्त अनुदानको प्रवृत्तिको विश्लेषणको विवरण तालिका बमोजिम रहेको छः

१.१ प्रदेश सरकारतर्फ

तालिका

सङ्घीय सञ्चित कोषबाट प्रदेश सरकारका लागि हस्तान्तरण गर्न विनियोजन विवरण

(रकम रू. करोडमा)

आर्थिक वर्ष	सङ्घीय सरकारको कुल बजेट रकम रू.	प्रदेशमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल अनुदान		प्रदेशमा हस्तान्तरणका लागि विनियोजन गरिएको सशर्त अनुदान		प्रदेशमा हस्तान्तरणका लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान	
		रकम रू.	कुल बजेटमा प्रतिशत	रकम रू.	कुल अनुदानमा प्रतिशत	रकम रू.	कुल अनुदानमा प्रतिशत
२०७५/७६	१३१५१६	११३४३	८.६२	६३१३	५५.६६	५०३०	४४.३४
२०७६/७७	१५३२९६	९९८४	६.५१	४४५४	४४.६१	५५३०	५५.३९
२०७७/७८	१४७४६४	९९८७	६.७७	३६३५	३६.४०	५५१९	५५.२६
२०७८/७९	१६३२८३	१०३७०	६.३५	३५८७	३४.५९	५७९५	५५.८८
२०७९/८०	१७९३८३	१२९४६	७.२१	५७१६	४४.१५	६१४३	४७.४५
२०८०/८१	१७५१३१	१०५०६	५.९९	३५७२	३३.९९	५८६७	५५.८४
२०८१/८२	१८६०३०	९६४५	५.१८	२५८५	२६.८०	६०००	६२.२१

(स्रोतः बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)

- सङ्घीय सरकारको कुल बजेटमा प्रदेश तहमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण आ. व. २०८०/८१ मा रू.१ खर्ब ५ अर्ब ६ करोड रहेकोमा चालु आ.व. २०८१/८२ मा घटेर रू.९६ अर्ब ४५ करोड रहेको देखिन्छ। आ.व. २०७९/८० पछी प्रदेश तहमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण क्रमशः घट्दै आएको छ। साथै, कुल बजेटमा प्रदेशका लागि विनियोजित कुल अनुदानको हिस्सा आ.व. २०७५/०७६ मा ८.६२ प्रतिशत रहेकोमा चालु आ.व. २०८१/८२ मा घटेर ५.१८ प्रतिशतमात्र रहेको देखिन्छ। सङ्घीय सरकारको बजेटको आकार बढ्दै गएको अवस्थामा प्रदेश सरकारलाई हस्तान्तरणका लागि विनियोजन गरिएको अनुदानको रकम घट्दै जानुलाई सकारात्मकरुपमा लिन सकिदैंन।
- सङ्घीय सरकारको कुल बजेटमा प्रदेशमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल सशर्त अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म घट्दो क्रममा रहेकोमा आर्थिक वर्ष २०७९/८० मा अघिल्लो वर्षको तुलनामा सामान्य रुपमा वृद्धि भएको थियो। आ.व. २०८०/८१ देखि पुनः प्रतिशत घट्दै गएर चालु आ.व. २०८१/८२ मा हाल सम्मकै न्युन अर्थात २६.८० प्रतिशतमा झरेको देखिन्छ।
- साथै, समानीकरण अनुदान आ.व. २०७५/०७६ मा कुल अनुदानको तुलनामा ४४.३४ प्रतिशत रहेकोमा आ.व. २०७८/७९ मा बढेर ५५.८८ प्रतिशत पुगेको देखिन्छ। आ.व.२०७९/८० मा पुनः गिरावट भई ४७.४५ प्रतिशतमा झरेकोमा आ.व. २०८०/८१ देखि पुनः बढ्दै गएर चालु आ.व. २०८१/८२ मा ६२.२१ प्रतिशत पुगेको देखिन्छ। प्रादेशिक रुपमा समानीकरण अनुदानको हिस्सा वा प्रतिशत केही बढेको भएपनि अंकमा तुलना गर्दा आ.व. २०७५/०७६ मा रू.५० अर्ब ३० करोड समानीकरण अनुदानतर्फ प्रदेशमा हस्तान्तरणका लागि विनियोजन भएकोमा आ.व. २०८१/८२ मा रू.६० अर्ब विनियोजन भएको देखिन्छ। प्रदेशमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल अनुदानमा सशर्त अनुदानको हिस्सा घट्दै जानु र वित्तीय समानीकरणको हिस्सा बढ्दै जानु सकारात्मक रहेको छ।

१.२ स्थानीय सरकार तर्फ

तालिका

सङ्घीय सञ्चित कोषबाट स्थानीय सरकारका लागि हस्तान्तरण गर्न विनियोजन विवरण

(रकम रू. करोडमा)

आर्थिक वर्ष	सङ्घीय सरकारको कुल बजेट रकम रू.	स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल अनुदान		स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको सशर्त अनुदान		स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको वित्तीय समानीकरण अनुदान	
		रकम रू.	कुल बजेटमा प्रतिशत	रकम रू.	कुल अनुदानमा प्रतिशत	रकम रू.	कुल अनुदानमा प्रतिशत
२०७५/७६	१३१५१६	१९५०५	१४.८३	१०९८४	५६.३१	८५२०	४३.६८
२०७६/७७	१५३२९६	२१३८२	१३.९५	१२३८७	५७.९३	८९९४	४२.०६
२०७७/७८	१४७४६४	२६२७५	१७.८२	१६१०८	६१.३१	९००५	३४.२७
२०७८/७९	१६३२८३	२८३०१	१७.३३	१७३४९	६१.३०	९४५५	३३.४१
२०७९/८०	१७९३८३	३००३७	१६.७५	१८३७२	६१.१६	१००२३	३३.३६
२०८०/८१	१७५१३१	२९५०२	१६.८५	१९१८९	६५.०४	८७३५	२९.६०
२०८१/८२	१८६०३०	३१२४२	१६.७९	२०८९२	६६.८७	८८००	२८.१७

(स्रोतः बजेट वक्तव्य/अन्तर सरकारी वित हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)

- सङ्घीय सरकारको कुल बजेटमा स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल अनुदानको परिमाण आर्थिक वर्ष २०८०/८१ मा रू.२ खर्ब ९५ अर्व २ करोड रहेकोमा चालु आ.व. २०८१/८२ मा रू.३ खर्ब १२ अर्ब ४२ करोड पुगेको देखिन्छ। कुल बजेटमा स्थानीय सरकारका लागि विनियोजित कुल अनुदानको रकम बृद्धि हुँदै गए तापनि कुल बजेटमा स्थानीय सरकारका लागि विनियोजन गरिएको अनुदानको हिस्सा आ.व. २०७७/७८ सम्म बृद्धि हुँदै गएकोमा आ.व.२०७८/७९ देखि क्रमशः घट्दै गएको छ।
- स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ५६.३१ प्रतिशत रहेकोमा यो हिस्सा बढदै गएर आर्थिक वर्ष २०८१/८२ मा ६६.८७ प्रतिशत पुगेको देखिन्छ।
- यसै गरी स्थानीय सरकारमा हस्तान्तरणका लागि विनियोजन गरिएको कुल वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको हिस्सा आर्थिक वर्ष २०७५/७६ मा ४३.६८ प्रतिशत रहेकोमा निरन्तर घटेर चालु आर्थिक वर्ष २०८१/८२ मा हालसम्मकै न्युन अर्थात २८.१७ प्रतिशतमा सीमित हुन पुगेको छ।
- सङ्घीय सरकारले स्थानीय सरकारलाई हस्तान्तरणका लागि विनियोजन गरेको कुल अनुदानमा यसरी सशर्त अनुदानको हिस्सा बढाउदै लैजानु र वित्तीय समानीकरण अनुदानको हिस्सा घटाउँदै लैजानुबाट आयोगको सशर्त अनुदान घटाउने र समानीकरण अनुदान बढाउदै लैजाने सुझावको मर्म तथा स्थानीय सरकारको वित्तीय स्वायत्ततामाथि अंकुश लगाउने दिशातर्फ त वढीरहेको छैन भन्ने विषयमा सोच्नु पर्ने अवस्था देखिन्छ।

- आयोगले विगत देखि दिदैं आएको सुझाव अनुसार समानीकरण अनुदान बढाउनु पर्ने, सिफारिस भएको सशर्त अनुदानका आधार भित्र रही एक अर्को तह र निकायका आयोजनाहरूमा दोहोरो नपर्ने गरी तथा एक अर्को तहको कार्यक्षेत्र अतिक्रमण नहुने गरी सशर्त अनुदान प्रदान गरिनुपर्ने देखिन्छ।
- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा सशर्त अनुदान अन्तरगत हस्तान्तरण भएका तर समयभित्र कार्यान्वयन हुन नसकेका कार्यक्रमहरूको बजेट नियमानुसार समयमै सङ्घीय संचित कोषमा फिर्ता हुन नसकेको भन्ने भनाइ र अर्को तर्फ समयमै बजेट निकासा एंव कार्यविधी प्राप्त हुन नसक्नु आदी विभिन्न कारणले उक्त आ.व भित्र सम्पन्न हुन नसकेका अधुरा कार्यक्रममा पुन: बजेट व्यवस्था हुन नसकेको भन्ने स्थानीय सरकारको गुनासा सम्वोधन गर्न सम्बन्धित सबै पक्षहरू जिम्मेवार एंव जवाफदेही हुनुपर्ने देखिन्छ। आयोगबाट सिफारिस गरिएको आधार बाहिर गई सशर्त अनुदान हस्तान्तरण भए नभएको सम्बन्धमा अन्य नियमनकारी निकायबाट समेत अनुगमन र प्रतिवेदन हुन जरुरी देखिन्छ।

२. वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानको तुलनात्मक विश्लेषण

२.१ प्रदेश सरकार तर्फः

(रकम रू. करोडमा)

प्रदेशको नाम	आर्थिक वर्ष २०८०/८१				आर्थिक वर्ष २०८१/८२			
	वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान		वित्तीय समानीकरण अनुदान		सशर्त अनुदान	
	रकम रू.	प्रतिशत	रकम रू.	प्रतिशत	रकम रू.	प्रतिशत	रकम रू.	प्रतिशत
कोशी	८७८	१४.९६	५८४	१६.३४	८९४	१४.९०	४१६	१६.११
मधेश	७४१	१२.६३	४५६	१२.७६	७८०	१३.००	३५६	१३.७६
बागमती	८०१	१३.६५	५७६	१६.१२	८२४	१३.७४	३९९	१५.४२
गण्डकी	७६२	१२.९८	४४४	१२.४३	७६४	१२.७३	३१०	१२.००
लुम्विनी	८१४	१३.८७	५८३	१६.३२	८२९	१३.८१	४१९	१६.२२
कर्णाली	१०१६	१७.३१	४७५	१३.३०	१०३७	१७.२८	३७२	१४.३७
सुदूरपश्चिम	८५२	१४.५२	४५१	१२.६३	८७२	१४.५४	३१३	१२.१२
कुल	५८६७	९९.९२	३५७२	१००	६०००	१००	२५८५	१००

(स्रोतः बजेट वक्तव्य/अन्तर सरकारी वित हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)

- प्रदेश तथा स्थानीय सरकारलाई यस आयोगले संविधान तथा कानूनबमोजिम उनीहरूको खर्चको आवश्यकता र राजस्व क्षमता समेतको विश्लेषणका आधारमा वित्तीय समानीकरण अनुदान रकम उपलब्ध गराउन सिफारिस गर्दै आएको छ। त्यस्तो अनुदान रकमलाई प्रदेश सरकारबीच तथा स्थानीय सरकार बीचको क्षितीजीय वित्तीय अन्तर (Horizontal Fiscal Gap) सम्बोधनका लागि आदर्श अनुपातमा अनुदान वितरणको रूपमा लिँदा ती प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने सशर्त अनुदानको असमान विनियोजनबाट उक्त अनुपातमा ठूलो उतार-चढाव आउने देखिन्छ।
- माथिको तालिकामा उल्लेख भए अनुसार नेपाल सरकारले सातवटै प्रदेश सरकारलाई आ.व. २०८०/८१ को तुलनामा २०८१/८२ मा विनियोजन गरेको वित्तीय समानीकरण अनुदानको रकम बढेको छ भने सशर्त अनुदानको रकम घटेको देखिन्छ।
- गत आ.व. र चालु आ.व. २०८१/८२ मा सबै प्रदेश सरकारलाई हस्तान्तरणका लागि विनियोजन गरिएको समानीकरण अनुदान रकमको तुलनामा सशर्त अनुदानको रकम कम देखिन्छ। आ.व. २०८०/८१ को सशर्त

अनुदान रकमको तुलनामा आ.व. २०८१/८२ को सशर्त अनुदान रकम जुन अनुपातमा घटेको छ, सो अनुपातमा आ.व. २०८१/८२ को समानिकरण अनुदान वढ्नसकेको देखिँदैन।

२.२ स्थानीय सरकार तर्फः

(रकम रू. करोडमा)

आर्थिक वर्ष	वित्तीय समानीकरण अनुदान रकम	सशर्त अनुदान रकम	वित्तीय समानीकरण र सशर्त अनुदानको अनुपात
२०७७/७८	९००५	१६१०८	१:१.७९
२०७८/७९	९४५५	१७३४९	१:१.८३
२०७९/८०	१००२३	१८३७२	१:१.८३
२०८०/८१	८७३५	१९१८९	१:२.२
२०८१/८२	८८००	२०८९२	१:२.३७

(स्रोतः बजेट वक्तव्य/अन्तर-सरकारी वित्त हस्तान्तरण पुस्तिका, अर्थ मन्त्रालय)

- स्थानीय सरकारलाई हस्तान्तरणका लागि विनियोजन गरिएको कुल वित्तीय समानीकरण अनुदान र कुल सशर्त अनुदानको अनुपात आर्थिक वर्ष २०७७/७८ मा १:१.७९ रहेकोमा त्यस्तो अनुपात प्रत्येक वर्ष वृद्धि भई चालु आ.व. २०८१/८२ मा १:२.३७२ पुगेको देखिन्छ।
- आयोगले गरेको सिफारिसमा समानीकरण अनुदान बढाउदै लैजाने र सशर्त अनुदान घटाउँदै लैजाने सुझाव दिइएकोमा सोको विपरित चालु आ.व.२०८१/८२ मा समानीकरण अनुदान भन्दा दुई गुणा भन्दा पनि बढी सशर्त अनुदान स्थानीय सरकारमा हस्तान्तरण गर्नेगरी बजेट विनियोजन भएबाट नेपाल सरकार आयोगको सिफारिस कार्यान्वयन गर्ने तर्फ गम्भीर भएको देखिएन। अतः आयोगको विगत देखि कै सुझावलाई प्राथमिकतामा राखि कार्यान्वयनमा लैजान सम्बन्धित पक्ष जिम्मेवार हुनैपर्ने देखिन्छ।
- स्थानीय सरकार बीचमा रहेको क्षितीजीय वित्तीय अन्तर (Horizontal Fiscal Gap) लाई वित्तीय समानीकरण अनुदानमार्फत समानुपातिक र समन्यायिक रूपमा सम्बोधन गर्न गरिएको प्रयासलाई सशर्त अनुदानको बढ्दो प्रवृत्तिका कारण असर पर्न गएको छ। अतः आगामी दिनमा सशर्त अनुदान वितरण गर्दा यसलाई वित्तीय समानीकरण अनुदानसँग प्रतिस्पर्धी (Competitive) नभई परिपूरक (Complementary) को रूपमा आयोगले निर्धारण गरेको निश्चित आधारहरूमा आधारित रहेर वितरण गर्नु पर्ने आवश्यकता देखिन्छ।

घ. आयोगका सिफारिस कार्यान्वयन अवस्थाको विश्लेषण

प्रदेश र स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्दा लिनुपर्ने आधारहरू सम्वन्धमा विगतमा आयोगले नेपाल सरकारलाई गरेका सिफारिस कार्यान्वयन अवस्थाको विश्लेषण गरिएको छ। कतिपय मन्त्रालयहरूबाट आयोगले माग गरेबमोजिमको ढाँचामा बिवरण प्राप्त भएन भने प्राप्त भएका विवरहरू विश्लेषण गर्दा देहाय बमोजिम देखिन आएको छ।

- अधिकांश मन्त्रालयहरूले कार्यक्रमगत रुपमा सशर्त अनुदान हस्तान्तरणगर्दा आयोगले तोकेको आधार नखुलाएको,
- कतिपय मन्त्रालयले आयोगले तोकेको भन्दा फरक आधार खुलाई सशर्त अनुदान हस्तान्तरण गरेको,
- केही मन्त्रालयले सम्बन्धित आर्थिक वर्षभन्दा अघिल्ला आर्थिक वर्षमा सिफारिस गरिएको आधारलाई पछिल्लो वर्षमा समेत आधारका रुपमा निरन्तरता दिएको भनि उल्लेख गरेको,

- आर्थिक वर्षको बीचमा पनि सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारमा सशर्त अनुदानका कार्यक्रमहरू जाने गरेको,
- कतिपय अवस्थामा विनियोजन ऐनमा समावेश नगरी अख्तियारी मोडलबाट समेत सशर्त अनुदान हस्तान्तरण गरेको।

ङ. आर्थिक वर्ष २०८२/८३ का लागि सशर्त अनुदानका आधारहरूः

नेपालको संविधानको व्यवस्था, प्रचलित कानूनमा तोकिएका आधारहरू र नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूसमेतलाई दृष्टिगत गर्दै मुख्यतयाः देशव्यापी रूपमा राष्ट्रिय नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, राष्ट्रिय मानक स्थापित गर्ने वा सोको सुनिश्चितता गर्ने र प्रदेश तथा स्थानीय सरकारमा रहेको पूर्वाधारको न्यूनतालाई पूर्ति गर्ने विषयहरूलाई मार्गदर्शनका रूपमा लिई आयोगद्वारा गरिएका अध्ययन अनुसन्धान समेतका आधारमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) देहाय (ग) बमोजिम आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानका सम्बन्धमा देहाय बमोजिमका आधारहरू सिफारिस गरिएको छ।

क. नेपाल सरकारको अधिकारको सूची भित्रका कुनै विषय वा कार्यक्रम र आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपालको संविधानको अनुसूची-५ बमोजिम नेपाल सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय सम्बन्धी आयोजना वा कार्यक्रम कुनै प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी, सेवा प्रवाहका दृष्टिले प्रभावकारी एवम् व्यवस्थापनका हिसाबले सान्दर्भिक र दीगो हुने देखिएमा त्यस्तो आयोजना तथा कार्यक्रमका लागि आवश्यक सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

ख. राष्ट्रिय नीति तथा कार्यक्रमलाई प्रदेश तथा स्थानीय सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपाल सरकारले जारी गरेको सङ्घीय सरकारको कार्यक्षेत्र भित्रको राष्ट्रिय नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा मूलतः नेपाल सरकारको कार्य जिम्मेवारीमा रहेको कुनै आयोजना वा कार्यक्रमलाई प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था भएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

ग. प्रदेश तथा स्थानीय सरकारमा राष्ट्रिय मानक स्थापना वा कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नागरिकका मौलिक हकको कार्यान्वयन तथा राज्यको तर्फबाट आम नागरिकलाई उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सुविधाको सम्बन्धमा नेपाल सरकारबाट तय भएका न्यूनतम राष्ट्रिय मानकलाई प्रदेश वा स्थानीय सरकारमा उपलब्ध अन्य वित्तीय स्रोतबाट कार्यान्वयन वा स्थापित गराउन नसकिने अवस्था विश्लेषणबाट देखिन आएमा त्यस्ता राष्ट्रिय मानकको सम्बन्धित तहमा कार्यान्वयन गराउन आवश्यक रकम सम्बन्धित प्रदेश वा स्थानीय सरकारलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउन सक्ने।

घ. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन भएका कार्यक्रम वा आयोजना प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्थाः

नेपालको राष्ट्रिय हित प्रवर्द्धन हुने गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा लगानी वा खर्च गर्न सरकार र अन्तर्राष्ट्रिय विकास साझेदार/दातृ निकाय वा मुलुकसँग भएको सम्झौताबमोजिम प्राप्त हुने वैदेशिक सहायताबाट सञ्चालन हुने कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी, मितव्ययी र दिगो हुने अध्ययनबाट देखिएको कारणले प्रदेश वा स्थानीय सरकारसमेतबाट कार्यान्वयन गर्ने गरी

सम्झैता भएको अवस्थामा त्यस्तो आयोजना वा कार्यक्रमका लागि उपलब्ध वित्तीय स्रोत सशर्त अनुदानको रूपमा प्रदेश वा स्थानीय सरकारलाई उपलब्ध गराउन सक्ने।

ङ. सन्तुलित विकासका निमित्त आवश्यक रणनीतिक महत्वका परियोजनाहरूः

अध्ययन, अनुसन्धान र विश्लेषणबाट कुनै प्रदेश वा स्थानीय सरकार आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको राष्ट्रिय औषत स्तरभन्दा सारभूत रूपमा पछाडि रहेको पाइएमा त्यस्तो निश्चित विषय क्षेत्रलाई सम्बोधन गरी तोकिएको लक्ष्य प्राप्त गर्ने खालका रणनीतिक महत्वका आयोजना वा कार्यक्रम त्यस्तो तहबाट सञ्चालन गर्न उपयुक्त देखिएमा लक्ष्य र नतिजा सूचक समेत किटान गरी सशर्त अनुदान उपलब्ध गराउन सक्ने।

च. नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई सशर्त अनुदान प्रदान गर्दा राष्ट्रिय नीति, मानक वा मापदण्ड अनुसारका उच्च प्राथमिकतामा परेका र दीर्घकालीन लाभ सहितको फराकिलो तथा समतामूलक आर्थिक वृद्धिलाई प्रत्यक्ष टेवा दिने प्रकृतिका ठूला तथा मझौला र रणनीतिक महत्वका आयोजनाहरूको कार्यान्वयनमा जोड दिनुपर्ने तर प्रदेश तथा स्थानीय सरकारको एकल अधिकार र जिम्मेवारी भित्रका विषयमा वा स-साना टुक्रे आयोजना र कार्यक्रममा यस्तो अनुदान उपलब्ध नगराउने नीति लिने।

छ. नेपालको संविधानको अनुसूची-६ (प्रदेशको अधिकारको सूची) र अनुसूची - ८ (स्थानीय सरकारको अधिकारको सूची) का विषयहरू राष्ट्रिय नीति तथा कार्यक्रम र मानदण्डभित्र रही कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको कुनै अध्ययन विश्लेषणबाट देखिएको खण्डमा अन्तरिम वा अल्पकालीन रुपमा निश्चित अवधि वा सीमा तोकेर निश्चित पटकका लागि मात्र त्यस्ता कार्यजिम्मेवारी पूरा गर्नका लागि सशर्त अनुदान प्रदान गर्न सकिने।

ज. समान प्रकृतिका उद्देश्य प्राप्तिका लागि विभिन्न विषयगत मन्त्रालयहरूबाट तर्जुमा/छनौट गरिएका कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सशर्त अनुदान प्रदान गर्दा त्यस्ता कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृत रुपमा प्रदान गर्ने।

झ. गरिवी घटाउने, खाद्यान्न उत्पादन बढाउने, कुपोषण घटाउने, मातृ तथा बाल मृत्यू दर घटाउने, माध्यमिक तहमा विद्यार्थी भर्नादर बढाउने, लैंगिक असमता घटाउने, खानेपानीको पहुँच बढाउने, उर्जाको खपत बढाउने, सडक घनत्व बढाउने, बेरोजगारी दर घटाउने र सुरक्षित आवासमा बस्ने नागरीकको संख्या बढाउने जस्ता प्रतिवद्धताहरू पूरा गर्न आवश्यक आयोजना तथा कार्यक्रमहरू सञ्चालनका लागि त्यस्ता क्षेत्रगत लक्ष्यमा राष्ट्रिय औसत भन्दा कमजोर रहेका प्रदेश तथा स्थानीय तहलाई प्राथमिकता दिई शसर्त अनुदान उपलब्ध गराउने।

ञ. आर्थिक दायीत्व सृजना भएको बहुवर्षीय ठेक्का सम्झौता भएका, निर्माण सम्पन्न नहुँदै हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्ने गरी सशर्त अनुदान उपलब्ध गराउने।

ट. अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति भए पछि नेपालको नीजि क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्षम बनाउन तुलनात्मक लाभ भएका बस्तुहरूको उत्पादन गर्न उत्पादित बस्तुको बजारीकरण गर्न र अन्तर्राष्ट्रिय व्यापारका लागि प्रदेश तहमा आवश्यक पूर्वाधार निर्माण गर्न शसर्त अनुदान उपलब्ध गराउने।

ठ. नेपालको संविधानको अनुसूची ७ (संघ र प्रदेशको साझा अधिकार) र अनुसूची ९ (संघ,प्रदेश र स्थानीय तहको साझा अधिकार)को कार्यान्वयन प्रदेश तथा स्थानीय तहबाट गर्दा बढी प्रभावकारी हुने देखिएका बिषय क्षेत्रहरूमा शसर्त अनुदान उपलब्ध गराउने।

च. सशर्त अनुदान हस्तान्तरण र व्यवस्थापन सम्वन्धी सुझावहरू

नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) देहाय (घ) ले गरेको व्यवस्था बमोजिम नेपाल सरकारलाई निम्न बमोजिमका सुझावहरू दिइएको छः

१. सङ्घीय सरकारले स्थानीय सरकारमा हस्तान्तरण गर्ने सशर्त अनुदानका लागि **निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक क्षेत्र तोकी एकमुष्ट विनियोजन गर्ने** र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय सरकारले नै गर्ने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने प्रवन्ध गरिनु उपयुक्त हुन्छ।

२. नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई प्रदान गर्ने सशर्त अनुदानको सम्बन्धमा यस आयोगले तयार गरी कार्यान्वयनका लागि सिफारिस गरिएका आधारहरू कार्यान्वयनको अवस्था कमजोर देखिएको हुँदा कार्यान्वयनको प्रभावकारिता अभिवृद्धीका लागि **आयोगले सिफारिस गरेका आधारहरू नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरी** कार्यान्वयनका लागि सबै मन्त्रालयहरू एवम् सरोकारवाला निकायहरूलाई सञ्चार गरिनु आवश्यक देखिन्छ।

३. नेपाल सरकारले बजेट तथा कार्यक्रम तयारीको चरणदेखि नै सशर्त अनुदान अन्तर्गत **प्रस्तावित कुनै पनि आयोजना वा कार्यक्रम आयोगले सिफारिस गरेको कुन आधार अनुरूपको हो** भनी अध्ययन विश्लेषण गरेको विवरण सहित खातामा प्रविष्टि, अभिलेख र प्रतिवेदनको प्रणाली सुनिश्चित गर्ने पद्धतीको बिकास गरी सशर्त अनुदान हस्तान्तरणको क्षेत्रगत र स्रोतगत विवरण नियमित रुपमा (भौतिक तथा विद्युतीय स्वरुपमा) आयोगमा उपलब्ध गराउने पद्दतीको बिकास गरिनु उपयुक्त हुन्छ।

४. प्रदेश तथा स्थानीय सरकारको वित्तीय स्वायत्तता र व्यवस्थापकीय क्षमतालाई बलियो बनाउँदै लैजान कुल अनुदानमा सशर्त अनुदानको हिस्सा क्रमशः कम गर्दै र वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउँदै लैजानु उपयुक्त हुने देखिन्छ।

५. प्रदेश वा स्थानीय सरकारले सालबसाली रूपमा खर्च गर्नुपर्ने, चालु प्रकृतिका वा विद्यमान पूर्वाधारको मर्मत सम्भार र सञ्चालनसँग सम्बन्धित तथा उपभोक्ता समितिको सहभागिता वा लागत साझेदारीमा निरन्तर रूपमा सञ्चालन हुने परियोजना वा कार्यक्रमको हकमा सशर्त अनुदान विनियोजन नगरी सम्बन्धित प्रदेश वा स्थानीय सरकारको आन्तरिक स्रोत परिचालनलाई प्रश्रय दिनु उपयुक्त हुन्छ।

६. नेपाल सरकारले बजेट तर्जुमा गर्दा मन्त्रालयगत रुपमा अबण्डा राखी आर्थिक वर्षको बीचमा रकम बाँड्ने प्रवृत्तिले प्रदेश र स्थानीय सरकारको बजेटमा समावेश नगरी खर्च हुने अवस्था सृजना भएको हुँदा आर्थिक वर्षको बीचमा रकम बाँड्ने प्रवृत्तिको अन्त्य गरी सशर्त अनुदानको सबै रकम बजेट तर्जुमाकै बखत विनियोजन गरिनु अत्यावश्यक देखिन्छ।

७. वैदेशिक सहयोगबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरू वैदेशिक सहायता सझौता एंव आयोजना तर्जुमा (Project Design) गर्दा कै अवस्थामा सङ्घीयताको अवधारणा र तहगत सरकारको कार्य जिम्मेवारी अनुसार परिचालन हुने परिपाटी अबलम्वन गर्ने पद्दती बिकास गर्नु उपयुक्त हुन्छ।

८. सशर्त, समपूरक र विशेष अनुदानको फरक वा पृथकता कानूनमा स्पष्ट किटान गरी क्षेत्रगत र तहगत दोहोरोपना नहुने गरी ती अनुदान प्रदान गर्ने व्यवस्था मिलाउँने एवम् ती अनुदानबाट वित्तीय समानीकरण अनुदान हस्तान्तरणमा पर्नसक्ने प्रभावको विश्लेषण गरी आयोगले समानीकरण अनुदानको परिमाण सिफारिस गर्नु अगावै आयोगमा विवरण पठाउने प्रणाली बिकास गरिनु आवश्यक देखिन्छ।

९. आर्थिक कार्यविधि तथा वितीय उत्तरदायीत्व ऐन, २०७६ को दफा १७ मा भएको आयोजना वर्गीकरण र आयोजना बैंक सम्बन्धी व्यवस्था तथा आयोजनाको वर्गीकरणका आधार र मापदण्ड सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको वि.सं. २०८० मङ्सिर ११ गतेको निर्णयको पूर्ण पालना गर्नुपर्ने देखिन्छ।

१०. नेपालको संविधानको अनुसूचीमा रहेका तीनै तहका सरकारका अधिकार क्षेत्रहरू अन्तर्गतका एवम् अनिवार्य दायित्वको रुपमा रहेका सेवाहरूको गुणस्तर र लागतको अध्ययन तथा अनुगमन गरी त्यस्ता सेवाहरूको दक्षता अभिवृद्धी गर्ने तर्फ ध्यानाकर्षण हुनु आवश्यक छ।

अनुसूची-६

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी नेपाल सरकारलाई गरिएको सिफारिस

अ. आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट संकलित रोयल्टी बाँडफाँटका लागि आयोगको सिफारिसमा नपरेका आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गर्न नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०८१/१०/१० र २०८१/१०/२५

क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको संघ, प्रदेश र स्थानीय सरकार बीचमा समन्यायिक ढंगले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। तीन तहका सरकारबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगमा रहेको छ।

आयोगले सिफारिस गर्ने विभिन्न किसिमका वित्तीय हस्तान्तरणहरू मध्ये प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट पनि एक हो। विश्वका अधिकांश मुलुकहरूले प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतहरूले ओगट्ने क्षेत्रफल, प्राकृतिक स्रोतको परिचालनबाट पर्ने प्रभाव, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित जनसङ्ख्या जस्ता विषयहरूको अध्ययन तथा विश्लेषण गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तहगत सरकारका बीच बाँडफाँट र वितरण गर्ने प्रचलन रहेको छ।

प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँट र वितरण गर्दा प्राकृतिक स्रोत उपर राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने, जुन स्थानमा प्राकृतिक स्रोत छ उक्त स्थानका समुदायलाई सो स्रोतको परिचालनबाट बढी लाभ उपलब्ध गराउनुपर्ने तथा प्राकृतिक स्रोतको उपयोगबाट वातावरणीय जोखिमको व्यवस्थापनमा लाग्ने लागतको विवेकपूर्ण बाँडफाँट गरिनुपर्ने हुन्छ। आयोगले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिस गर्दा दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक विश्वासको सिद्धान्त (Public Trust Doctrine), प्रदूषकले दायित्व बहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Permanent Sovereignty Over Natural Resources) र लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefit) का मर्मलाई आत्मसात गरेको छ।

प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरुप आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसै सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भए अनुरूप आयोगले आर्थिक वर्ष २०८०/८१ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थ र दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त भएको रोयल्टी प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई मिति २०८१।१।२५ मा सिफारिस गरिसकेको छ। सोही आर्थिक वर्षमा रोयल्टी सङ्कलन

भएका तर आयोगको उक्त सिफारिफमा नपरेका महालेखा नियन्त्रकको कार्यालयको च. नं. ५३ मिति २०८१।०९।०८ को पत्रानुसार पर्वतारोहण, विद्युत, वन, खानी सम्बन्धी आयोजनाको रोयल्टी सम्बन्धित सरकारमा बाँडफाँट गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ।

ख. संवैधानिक तथा कानूनी व्यवस्था

१. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताका लागि निम्न बमोजिम व्यवस्था गरेको छ:

१.१ प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जस अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले लिएको छ। साथै जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति पनि अवलम्बन गरिएको छ।

जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति राज्यले अवलम्बन गर्ने समेत उल्लेख छ।

१.२ प्राकृतिक स्रोत सम्बन्धी आर्थिक अधिकार

नेपालको संविधानको धारा ५९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ। संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्ने व्यवस्था छ।

१.३ प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका

संविधानको धारा २५१ बमोजिम प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव

मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रहेको छ।

१.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

२. कानूनी व्यवस्था

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छ:

२.१ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

२.२ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छ:

(१) **दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

(२) **दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

(३) **दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेश सरकारले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

(४) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४:

प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)

क्र.सं.	रोयल्टी शीर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

ग. प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगले लिएका आधारहरू देहाय बमोजिम रहेका छन्:

क) प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ अनुरूप प्रभावित सम्वन्धित प्रदेश र स्थानीय तहलाई प्रभावका आधारमा समन्यायिक रुपमा रोयल्टी बाँडफाँट गर्नुपर्ने व्यवस्थालाई रोयल्टी बाँडफाँटको मुख्य आधारको रुपमा लिइएको छ। प्राकृतिक स्रोत रहेका स्थानलाई विशेष प्राथमिकतामा राखी रोयल्टी बाँडफाँट गरिएको छ। परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र (Main Location), मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र (Affected Area) र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसङ्ख्या (Affected Population) लाई प्रमुख आधार मानी सो अनुरूप सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहका लागि रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।

ख) प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटका लागि आयोगबाट गरिएका अध्ययन, सरोकारवाला निकायहरू (उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन विभाग, विद्युत विकास विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पर्वतारोहण संघ लगायत) का पदाधिकारी एवम् प्रतिनिधिका साथै सातवटै प्रदेश सरकार र केही स्थानीय सरकारसँग समेत प्राकृतिक स्रोतको परिचालन एवम् रोयल्टी बाँडफाँट सम्बन्धमा छलफल एवम् अन्तरक्रिया मार्फत राय सुझाव सङ्कलन गरी प्राप्त सुझावहरूलाई समेत समेटिएको छ।

ग) परिचालित प्राकृतिक स्रोत अवस्थित स्थानको तथ्याङ्क एवम् अन्य आवश्यक विवरण समेत अद्यावधिक गरी रोयल्टी बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ।

घ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विष्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार रोयल्टी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या तथा विष्लेषण यस प्रकार छः

१. पर्वतारोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

पर्यटन ऐन, २०३५ ले पर्वतारोहणलाई नेपाली हिमश्रृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ। यसका साथै पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोही दलले बुझाउनु पर्ने तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकमलाई पर्वतारोहण रोयल्टी मानिएको छ। नेपाल सरकारले ४१९ वटा हिमालचुलीहरू आरोहणका लागि खुला गरेको अवस्थामा हिमालचुलीबाट आरोहण गरे वापतको रोयल्टी पर्यटन विभाग र नेपाल पर्वतारोहण संघबाट सङ्कलन भएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा बाँडफाँट तथा वितरण गरिने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न बिभिन्न सूचकहरू निर्माण गरिएको र ती सूचकहरूले बहन गर्ने भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न

लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

क्र. सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
क.	भौगोलिक अवस्थिति १. हिमालचुली रहेको स्थानीय तह २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	 ६०% ४०%	४०%
ख.	आधार शिविर रहेको स्थानीय तह		१० %
ग.	प्रभावित क्षेत्रको क्षेत्रफल १. हिमालचुली रहेको स्थानीय तह २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	 ६०% ४०%	२५ %
घ.	प्रभावित क्षेत्रको जनसङ्ख्या १. हिमालचुली रहेको स्थानीय तह २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	 ६०% ४०%	२५%
जम्मा			१००%

१.१ भौगोलिक अवस्थिति

हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहलाई समेटी पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि एउटा मुख्य आधारको रुपमा भौगोलिक अवस्थितिलाई लिइएको छ। भौगोलिक अवस्थितिलाई एकमुष्ट रुपमा ४० प्रतिशत भार दिई सो भारलाई शत प्रतिशत मानी हिमालचुली रहेको स्थानीय तहलाई ६० प्रतिशत भार र सो स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई ४० प्रतिशत भार दिई मापन गरिएको छ। प्रभावित मुख्य स्थानको रुपमा रहेको सम्बन्धित भौगोलिक अवस्थितिलाई बिशेष महत्व दिई हिमालचुली रहेको स्थानीय तहलाई अधिक भार दिइएको छ।

१.२ आधार शिविर रहेको स्थानीय तह

पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधि आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। हिमालचुली एक वा सो भन्दा बढी स्थानीय तहमा फैलिएको हुन्छ। तर पर्वतारोहण गर्ने क्रममा आधार शिविर रहेको स्थानीय तहमा आरोहण सम्बन्धी विभिन्न क्रियाकलाप हुने र सोबाट उक्त तहमा बढी असर पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई एउटा सूचकको रुपमा लिइएको छ। यसर्थ पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आधार शिविरलाई १० प्रतिशत भार दिइएको छ।

१.३ प्रभावित क्षेत्रको क्षेत्रफल

हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई पर्वतारोहणबाट प्रभावित क्षेत्रको रूपमा लिइएको छ। पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलका लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रुपमा लिई बढी भार दिइएको छ। त्यस्तै हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। यसै प्रयोजनार्थ पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत भार दिइएको छ। जसको ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको क्षेत्रफलको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

१.४ प्रभावित क्षेत्रको जनसङ्ख्या

हिमालचुली आरोहणको क्रममा सो आरोहण सम्बन्धी क्रियाकलापबाट वातावरणमा पर्ने प्रभावका कारण त्यहाँ अवस्थित जनसङ्ख्या प्रत्यक्ष रुपमा प्रभावित हुने गर्दछ। प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसङ्ख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्रको रूपमा कायम गरिएको छ। यस प्रयोजनका लागि प्रभावित क्षेत्रको जनसङ्ख्यालाई एउटा आधार मानी २५ प्रतिशत भार दिइएको छ। उक्त भारलाई शत प्रतिशत मानी सो को ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको जनसङ्ख्याको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

२. विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानमा जलविद्युतलाई तीनै तहको साझा अधिकार सूचीका साथै संघ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ। विद्युत ऐन, २०४९ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेपछि नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था रहेको छ भने विद्युत विकास विभागबाट उक्त रोयल्टी सङ्कलन हुँदै आइरहेको छ।

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसङ्ख्यालाई मुख्य सूचकहरूको रुपमा लिइएको छ। विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय बमोजिम रहेको छ :

क्र. सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
१.	भौगोलिक अवस्थिति		५०%
	क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र)	५०%	
	ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र)	३०%	
	ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	२०%	
२.	प्रभावित क्षेत्रको क्षेत्रफल		२५%
	क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र)	५०%	
	ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र)	३०%	
	ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	२०%	
३.	प्रभावित क्षेत्रको जनसङ्ख्या		२५%
	क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र)	५०%	
	ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र)	३०%	
	ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	२०%	
जम्मा			१००%

नोटः माथि उल्लिखित क्षेत्र कायम गर्दा सम्बन्धित स्थानीय तहको वडाहरूको आधारमा गरिएको छ।

२.१ भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिभित्र आयोजनाको सम्पूर्ण भौतिक पूर्वाधारहरू, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। विद्युत आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण घरजग्गा डुवानमा परी स्थानीयवासीहरू विस्थापित हुने अवस्था समेत सिर्जना हुन्छ भने बाँध तथा इन्टेकदेखि टेलरेससम्मको क्षेत्रमा जनताले युगौंदेखि प्रयोग गरिरहेको पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि, वालीनालीको उत्पादनमा ह्रास, पानी घट्ट माछापालन तथा तरकारी खेती जस्ता जीविकोपार्जनका गतिविधिबाट विस्थापन हुन सक्ने समस्याको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। विद्युतका भौतिक संरचनाहरू निर्माण गर्दा, खोलाको बहावलाई परिवर्तन गर्दा आयोजना क्षेत्रभित्र पर्यावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको पाईन्छ। तसर्थ विद्युत आयोजनाबाट प्राप्त हुने

रोयल्टीको बाँडफाँट गर्दा अत्यन्तै महत्वपूर्ण रहेको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ। भौगोलिक अवस्थिति अन्तर्गतका उपसूचकहरूको व्याख्या देहाय बमोजिम रहेको छः

(क) **मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरू निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्। जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (Peaking Run of the River) आयोजना र रन अफ द रिभर (Run of the River) आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम राखिएको छः

(अ) **जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरू तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (बाँध, ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेस (Tailrace) ले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रुपमा लिइएको छ।

(आ) **रन अफ द रिभर आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रुपमा लिइएको छ।

(ख) **प्रभावित क्षेत्रः** प्रभावित क्षेत्र भित्र आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक वहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीयतहका सम्बन्धित वडाहरू पर्दछन्। यस किसिमका प्रभावित क्षेत्रमा एकै वेसिन (जुन खोला वा नदीबाट आयोजनाका लागि पानी लिई विद्युत उत्पादन पश्चात सोही खोला वा नदीमा पानी मिसाइएको हुन्छ) र अन्तरवेसीन (एक खोला वा नदीबाट आयोजनाका लागि पानी लिई विद्युत उत्पादन पश्चात अर्को खोला वा नदीमा पानी मिसाइएको हुन्छ) आयोजनाका हकमा देहाय बमोजिमको आधार लिई मापन गरिएको छ।

(अ) एकै वेसीन प्रकृतिका जलविद्युत आयोजनाका सम्बन्धमा बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी किनारामा जोडिने वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रुपमा गणना गरिएको छ।

(आ) अन्तरवेसीन प्रकृतिका जलविद्युत आयोजनाको हकमा बाँधदेखि तल सो भन्दा ठुलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रुपमा लिइएको छ।

(ग) **वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र):** वरिपरिको क्षेत्र भित्र आयोजनाको सम्बन्धित नदी किनारामा मुख्य क्षेत्रसँग जोडिएको उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिइएको छ।

(अ) उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाका हकमा जलाशयले छोएका वडाहरूसंग जोडिने नदी किनारका वारीपारीका वडाहरूलाई लिइएको छ।

(आ) तल्लो तटीय क्षेत्रमा आयोजनाको टेलरेस भन्दा पारिपट्टिको वडा र टेलरेसले छोएको भन्दा तल्लो वडालाई लिइएको छ।

२.२ प्रभावित क्षेत्रको क्षेत्रफल

विद्युत आयोजनाको निर्माण तथा संचालन हुँदा उक्त आयोजनाले पारेको प्रभाव स्थानीय तहको निश्चित भूगोलको क्षेत्रफलमा रहेको बस्ती, कृषिजन्य भूमि र वातावरणमा पर्ने भएको हुँदा स्थानीय तहको क्षेत्रफलको आधारमा विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा समन्यायिक हुने देखिन्छ। आयोजनाबाट प्रभावित क्षेत्रफलको तथ्याङ्क लिँदा स्थानीय तहको वडालाई प्रभावित मानिएको हुँदा प्रभाव आधारको मूल्याङ्कन बढी स्पष्ट र वस्तुनिष्ठ हुने अपेक्षा गरिएको छ। यस सूचकका लागि प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

२.३ प्रभावित क्षेत्रको जनसङ्ख्या

जलविद्युत आयोजनाको भौतिक, आर्थिक, सामाजिक र वातावरणीय प्रभावबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बन्धित स्थानीय तहका जनताहरू प्रभावित भएका हुन्छन्। सोबाट कति जनसङ्ख्या प्रभावित भएका हुन् त्यसको आधारमा प्रभावको मूल्याङ्कन गरी रोयल्टीको हिस्सा बाँडफाँट गर्न उपयुक्त हुने हुँदा प्रभावित तहको वडाको जनसङ्ख्यालाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई जनसङ्ख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

३. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

खानी तथा खनिज पदार्थ ऐन, २०४२ मा जमिनको सतह वा भूगर्भ भित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक समिश्रणयुक्त अप्राङ्गारिक पदार्थलाई खनिज पदार्थ भनी परिभाषित गरिएको छ। उक्त ऐनले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई मात्र खनिजको वर्गमा राखेको छ। त्यसैगरी नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाईएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने र अनुमति प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था गरेको छ।

नेपालमा खनिज पदार्थका सम्बन्धमा सरकारी तथा निजी दुवै स्तरबाट खोजतलास, उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य हुँदै आएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा नेपाल सरकारले रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न विभिन्न सूचकहरू तयार गरिएको छ। ती सूचकहरूलाई प्रदान गरिएको भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले खानी तथा खनिजबाट प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छ:

क्र. सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
क.	भौगोलिक अवस्थिति १. खानी उत्खनन् क्षेत्र रहेको स्थानीय तह (Quarry Area) २. खानी उत्खननका लागि अनुमति दिइएको खनिज क्षेत्र (Lease Area)	 ६०% ४०%	५०%
ख.	प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area)		३०%
ग.	प्रभावित क्षेत्रको जनसङ्ख्या (Affected Population)		२०%
	जम्मा		१००%

३.१ भौगोलिक अवस्थिति

खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा खनिज क्षेत्रको भौगोलिक अवस्थितिलाई प्रमुख आधारको रुपमा लिई यसलाई ५० प्रतिशत भार दिइएको छ। खानी तथा भूगर्भ विभागबाट खानी उत्खनन् अनुमतिपत्र उपलब्ध गराउँदा खनिज पदार्थ उत्खनन् कार्य गर्नका लागि खनिज क्षेत्रको चार किल्ला छुट्याईएको हुन्छ। अनुमतिपत्रमा खानी सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि अनुमति प्रदान गरिएको खनिज क्षेत्र (Lease Area) र सो भित्र खनिज पदार्थ उत्खनन् गर्नका लागि उत्खनन् क्षेत्र (Quarry Area) तोकिएको हुन्छ। उत्खनन् क्षेत्र (Quarry Area) बाट खनिज पदार्थ उत्खनन् गर्ने कार्य गर्दा सो क्षेत्रमा त्यसको प्रभाव बढी पर्ने हुँदा भौगोलिक

अवस्थितिलाई दिइएको ५० प्रतिशत भारलाई शत प्रतिशत मानी सो मध्ये ६० प्रतिशत भार खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्रलाई प्रदान गरिएको छ। त्यसैगरी उत्खनन् अनुमति प्रदान भएको खनिज क्षेत्रमा सो खनिज पदार्थ उत्खनन् अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले भोग चलन गर्ने र त्यस क्षेत्रमा रहेको खनिज पदार्थ अन्य व्यक्ति वा संस्थाले उत्खनन् गर्न नपाउने हुँदा त्यहाँबाट प्राप्त हुने प्रतिफलबाट सम्बन्धित स्थानीय तह बञ्चित हुने भएकोले खनिज उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) को अवस्थितिलाई पनि आधार लिइएको छ। तर उत्खनन् अनुमति दिइएको सम्पूर्ण खनिज क्षेत्र (Lease Area) मा उत्खनन् कार्य नहुने र सोको प्रभाव समेत कम हुने भएकोले यसलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

३.२ प्रभावित क्षेत्रको क्षेत्रफल

खानी तथा भूगर्भ विभागले खानी उत्खनन् अनुमतिपत्र प्रदान गर्दा चार किल्ला तोकेर खनिज पदार्थको उत्खनन् अनुमति दिएको हुन्छ। अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) मा पर्ने सम्बन्धित स्थानीय तहको क्षेत्रको अनुपातलाई प्रभावित क्षेत्रको क्षेत्रफलको रुपमा लिइएको छ। खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्र (Quarry Area) अनुमति प्रदान गरिएको खनिज क्षेत्र भित्र पर्ने भएकोले खनिज क्षेत्र (Lease Area) को क्षेत्रफललाई मात्र सूचकमा राखिएको छ। तसर्थ खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफलको अनुपातलाई ३० प्रतिशत भार दिई गणना गरिएको छ।

३.३ प्रभावित जनसङ्ख्या

खानी तथा खनिज पदार्थको उत्खनन् कार्यबाट प्रभावित हुने सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई एउटा सूचकको रुपमा लिई खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। प्रभावित जनसङ्ख्याको मूल्याङ्कन गर्दा उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) रहेको स्थानीय तहको वडाको जनसङ्ख्याको अनुपातलाई आधार लिइएको छ। यस प्रयोजनका लागि कूल भार मध्येमा प्रभावित जनसङ्ख्यालाई २० प्रतिशत भार दिई मूल्याङ्कन गरिएको छ।

ङ. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सिफारिस

सम्बन्धित प्राकृतिक स्रोत परिचालनमा जिम्मेवार स्रोतगत निकायहरूले प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने रोयल्टी सङ्कलन गरी महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन गरेको सङ्घीय विभाज्य कोषमा दाखिला गरेका हुन्छन्। सो विवरणका आधारमा आयोगको बाँडफाँट सिफारिस बमोजिमको रोयल्टीको हिस्साबाट निर्धारित रकम नेपाल सरकारको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा रोयल्टी वितरण गर्ने समयमा आर्थिक वर्ष २०८०/८१ को वास्तविक संकलित रोयल्टीले अनुसूचीमा संलग्न सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी हुन आउने रकम सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकारले वितरण गर्नुपर्नेछ।

द्रष्टव्यः

१. चालु आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतको रोयल्टीबाट सङ्घीय विभाज्य कोषमा जम्मा भएको कूल रोयल्टी मध्ये कानून बमोजिम ५० प्रतिशत रकमको हिस्सा स्वत: नेपाल सरकारलाई जाने हुँदा बाँकी ५० प्रतिशत रोयल्टीमा सम्बन्धित प्रदेशले प्राप्त गर्ने २५ प्रतिशत रोयल्टीको हिस्सा र सम्बन्धित स्थानीय सरकारले प्राप्त गर्ने २५ प्रतिशत रोयल्टीको हिस्सा निर्धारण गरिएको विवरण तालिकामा समावेश गरिएको छ।

तालिका

आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट संकलित रोयल्टी बाँडफाँटको लागि आयोगको सिफारिसमा नपरेका आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गर्न नेपाल सरकारलाई मिति २०८१/१०/१० मा गरिएको सिफारिस

(१) खानी तथा खनिज

१.१ स्थानीय तहहरूबीच हुने रोयल्टीको हिस्सा बाँडफाँट

खानी क्र.सं.	उत्खनन् अनुमति पत्र	खनिज पदार्थ	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
१	१५५/०७८/७९	खरी	बैतडी	डीलासैनी गाउँपालिका	७०४०१	०.७४१०
१	१५५/०७८/७९	खरी	बैतडी	पुचौंडी नगरपालिका	७०४०३	०.२५९०

१.२ प्रदेश तहहरूबीच हुने रोयल्टी हिस्सा बाँडफाँट

खानी क्र.सं.	उत्खनन् अनुमति पत्र	खनिज पदार्थ	प्रदेश	रोयल्टीको हिस्सा
१	१५५/०७८/७९	खरी	सुदूरपश्चिम प्रदेश	१

तालिका

आर्थिक वर्ष २०८०/८१ मा प्राकृतिक स्रोतबाट संकलित रोयल्टी बाँडफाँटको लागि आयोगको सिफारिसमा नपरेका आयोजनाको रोयल्टी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गर्न नेपाल सरकारलाई मिति २०८१/१०/२५ मा गरिएको सिफारिस

(१) खानी तथा खनिज

१.१ स्थानीय तहहरू बीच हुने रोयल्टीको हिस्सा बाँडफाँट

क्र.सं.	उत्खनन् अनुमति पत्र	खनिज पदार्थ	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
१	०७/०७१/७२	खरी	बैतडी	डीलासैनी गाउँपालिका	७०४०१	०.३५६९
१	०७/०७१/७२	खरी	बैतडी	पुचौंडी नगरपालिका	७०४०३	०.६४३१
२	५९/०७४/७५	खरी	दार्चुला	दुहुँ गाउँपालिका	७०३०२	१

१.२ प्रदेश तहहरूबीच हुने रोयल्टी हिस्सा बाँडफाँट

क्र.सं.	उत्खनन् अनुमति पत्र	खनिज पदार्थ	प्रदेश	रोयल्टीको हिस्सा
१	०७/०७१/७२	खरी	सुदूरपश्चिम प्रदेश	१
२	५९/०७४/७५	खरी	सुदूरपश्चिम प्रदेश	१

आ. आर्थिक वर्ष २०८२/८३ का लागि सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय सरकारबीच प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०८२/०१/३१

क. पृष्ठभूमि

नेपालको संविधानको धारा २५० बमोजिम गठित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई राज्यमा उपलब्ध हुने प्राकृतिक एवम् वित्तीय स्रोतको संघ, प्रदेश र स्थानीय सरकार बीचमा समन्यायिक ढंगले परिचालन, बाँडफाँट र वितरण गर्नका लागि सिफारिस गर्ने जिम्मेवारी प्रदान गरिएको छ। यसै सन्दर्भमा तीनै तहका सरकारले प्राकृतिक स्रोतको परिचालन वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरण गर्नका लागि त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा प्रभावित क्षेत्र र स्थानीय समुदायलाई वितरण गर्नुपर्ने हुन्छ। सरकारका तीन तहबीच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने र प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न सुझाव दिने एवम् प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ।

आयोगले सिफारिस गर्ने विभिन्न किसिमका वित्तीय हस्तान्तरणहरू मध्ये प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट पनि एक हो। विश्वका अधिकांश मुलुकहरूले प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतहरूले ओगट्ने क्षेत्रफल, प्राकृतिक स्रोतको परिचालनबाट पर्ने प्रभाव, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित जनसङ्ख्या जस्ता विषयहरूको अध्ययन तथा विश्लेषण गरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी तहगत सरकारका बीच बाँडफाँट र वितरण गर्ने प्रचलन रहेको छ।

प्राकृतिक स्रोतबाट प्राप्त लाभको बाँडफाँट र वितरण गर्दा प्राकृतिक स्रोत उपर राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने, जुन स्थानमा प्राकृतिक स्रोत छ उक्त स्थानका समुदायलाई सो स्रोतको परिचालनबाट बढी लाभ उपलब्ध गराउनुपर्ने तथा प्राकृतिक स्रोतको उपयोगबाट वातावरणीय जोखिमको व्यवस्थापनमा लाग्ने लागतको विवेकपूर्ण बाँडफाँट गरिनुपर्ने हुन्छ। आयोगले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सिफारिस गर्दा दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development), पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle), सार्वजनिक विश्वासको सिद्धान्त (Public Trust Doctrine), प्रदूषकले दायित्व बहन गर्ने सिद्धान्त (Polluter's Pay Principle), प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Sovereignty Over Natural Resources) र लाभको समन्यायिक बाँडफाँटको सिद्धान्त (Principle of Equitable Sharing of Benefit) का मर्मलाई आत्मसात गरेको छ।

प्राकृतिक स्रोत माथिको सार्वभौम अधिकार मुलुकभरिको हुने र सोही मान्यताका आधारमा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त लाभको हिस्सा मुलुकभर बाँडफाँट र वितरण गर्नु पर्दछ भन्ने आम धारणा रहेको पाइन्छ। सोही अनुसार प्राकृतिक स्रोतको परिचालन र बाँडफाँट सम्बन्धी विद्यमान संवैधानिक तथा कानूनी प्रावधान अनुरुप आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गरेको छ। यसै सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था भए अनुरूप पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पदार्थ र दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त भएको रोयल्टी प्रदेश र स्थानीय सरकारबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ। पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सङ्कलन सम्बन्धी कानूनको अभावले सिफारिसमा समावेश गर्न सकिएको छैन।

ख. संवैधानिक तथा कानूनी व्यवस्था

१. संवैधानिक व्यवस्था

नेपालको संविधानले प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, उपयोग, परिचालन, बाँडफाँट तथा यसबाट प्राप्त हुने प्रतिफलको न्यायोचित वितरणको सुनिश्चितताका लागि निम्न बमोजिम व्यवस्था गरेको छ:

१.१ प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जस अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले लिएको छ।

साथै जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति पनि अवलम्बन गरिएको छ।

जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने, वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति राज्यले अवलम्बन गर्ने समेत उल्लेख छ।

१.२ प्राकृतिक स्रोत सम्बन्धी आर्थिक अधिकार

नेपालको संविधानको धारा ५९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ। संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्ने व्यवस्था छ।

१.३ प्राकृतिक स्रोत सम्बन्धी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका

संविधानको धारा २५१ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय सरकार तथा स्थानीय सरकारबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने र प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने भूमिका आयोगको रहेको छ।

१.४ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको अधिकार

नेपालको संविधानको अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ।

२. कानूनी व्यवस्था

प्राकृतिक स्रोतको परिचालन तथा बाँडफाँट सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छ:

२.१ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

आयोगले प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक सुझाव दिने लगायतका व्यवस्था यस ऐनले गरेको छ।

२.२ अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छ:

१. **दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ।

२. **दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ।

३. **दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

४. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४:

प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)

क्र.सं.	रोयल्टी शीर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को द्रष्टव्य १: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ।

ग. प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका आधार

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आयोगले लिएका आधारहरू देहाय बमोजिम रहेका छन्:

क) प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ अनुरूप प्रभावित सम्वन्धित प्रदेश र स्थानीय तहलाई प्रभावका आधारमा समन्यायिक रुपमा रोयल्टी बाँडफाँट गर्नुपर्ने व्यवस्थालाई रोयल्टी बाँडफाँटको मुख्य आधारको रुपमा लिइएको छ। प्राकृतिक स्रोत रहेका स्थानलाई विशेष प्राथमिकतामा राखी रोयल्टी बाँडफाँट गरिएको छ। परिचालित प्राकृतिक स्रोतको अवस्थिति रहेको मुख्य क्षेत्र (Main Location), मुख्य क्षेत्रसँग जोडिएको प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र (Affected Area) र परिचालित प्राकृतिक स्रोतबाट प्रभावित जनसङ्ख्या (Affected Population) लाई प्रमुख आधार मानी सो अनुरूप सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहका लागि रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।

ख) प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँटका लागि आयोगबाट गरिएका अध्ययन, सरोकारवाला निकायहरू (उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन विभाग, विद्युत विकास विभाग, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, खानी तथा भूगर्भ विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पर्वतारोहण संघ लगायत) का पदाधिकारी एवम् प्रतिनिधिका साथै सातवटै प्रदेश सरकार र केही स्थानीय सरकारसँग समेत प्राकृतिक स्रोतको परिचालन एवम् रोयल्टी बाँडफाँट सम्बन्धमा छलफल एवम् अन्तरक्रिया मार्फत राय सुझाव सङ्कलन गरी प्राप्त सुझावहरूलाई समेत समेटिएको छ।

ग) परिचालित प्राकृतिक स्रोत अवस्थित स्थानको तथ्याङ्क एवम् अन्य आवश्यक विवरण समेत अद्यावधिक गरी रोयल्टी बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको छ।

घ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त भएको रोयल्टीको हिस्सा सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई बाँडफाँट गरी नेपाल सरकारलाई सिफारिस गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोतको विवरण यसप्रकार रहेको छ।

क्र.सं.	सूचक/तथ्याङ्क	स्रोत	प्रयोग
१.	भौगोलिक अवस्थिति	नापी विभाग र सम्वन्धित विभागहरू।	सम्बन्धित प्रदेश तथा स्थानीय सरकार।
२.	क्षेत्रफल	• नेपाल राजपत्र • नापी विभाग र सम्वन्धित विभागहरू • गाँउपालिका नगरपालिका तथा विशेष संरक्षित क्षेत्रको संख्या तथा सीमा निर्धारण आयोगको प्रतिवेदन	
३.	जनसङ्ख्या	राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग।	
४.	वनको क्षेत्रफल र अवस्थिति	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र।	
५.	संरक्षित क्षेत्रका मध्यवर्ती क्षेत्रको क्षेत्रफल तथा अवस्थिति	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग।	
६.	हिमालचुली र सोको आधार शिविर रहेको स्थान	पर्यटन विभाग।	
७.	विद्युत गृह रहेको स्थान र प्रभावित क्षेत्र	विद्युत विकास विभाग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन।	
८.	पर्वतारोहणको अनुमानित रोयल्टी	पर्यटन विभाग।	
९.	विद्युतको अनुमानित रोयल्टी	विद्युत विकास विभाग।	

क्र.सं.	सूचक/तथ्याङ्क	स्रोत	प्रयोग
१०.	वन तथा संरक्षित क्षेत्रको अनुमानित रोयल्टी	वन तथा भू-संक्षरण विभाग, डिभिजन वन कार्यालयहरू, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र म.ले.नि.का.।	
११.	खानी तथा खनिजको अनुमानित रोयल्टी	खानी तथा भूगर्भ विभाग।	
१२	दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीको अनुमानित रोयल्टी	नेपाल दूरसञ्चार प्राधिकरण।	
१३	प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को संख्या	नेपाल दूरसञ्चार प्राधिकरण।	
१४	प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको संख्या	राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग।	

ङ. प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा बाँडफाँट गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार रोयल्टी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या तथा विश्लेषण यस प्रकार छः

१. पर्वतारोहणबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

पर्यटन ऐन, २०३५ ले पर्वतारोहणलाई नेपाली हिमश्रृङ्खलाको कुनै निश्चित चुलीमा पुग्ने उद्देश्य लिई कुनै दलले त्यस्तो चुलीको आरोहण गर्ने कार्य भनी परिभाषित गरेको छ। यसका साथै पर्वतारोहण गर्न अनुमति प्राप्त गर्ने पर्वतारोही दलले बुझाउनु पर्ने तोकिएको उचाईको हिमालचुलीका लागि तोकिएको सलामी रकमलाई पर्वतारोहण रोयल्टी मानिएको छ। नेपाल सरकारले ४१९ वटा हिमालचुलीहरू आरोहणका लागि खुला गरेको अवस्थामा चालु आर्थिक बर्षको हालसम्मको अवधिमा जम्मा ७१ वटा हिमालचुलीबाट आरोहण गरे वापतको रोयल्टी पर्यटन विभाग र नेपाल पर्वतारोहण संघबाट सङ्कलन भएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा बाँडफाँट तथा वितरण गरिने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न बिभिन्न सूचकहरू निर्माण गरिएको र ती सूचकहरूले बहन गर्ने भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटका लागि सम्बन्धित प्रदेश तथा स्थानीय सरकारले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यस प्रकार रहेको छः

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
क.	भौगोलिक अवस्थिति १. हिमालचुली रहेको स्थानीय तह २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	 ६०% ४०%	४०%
ख.	आधार शिविर रहेको स्थानीय तह		१० %
ग.	प्रभावित क्षेत्रको क्षेत्रफल १. हिमालचुली रहेको स्थानीय तह २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	 ६०% ४०%	२५ %

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
घ.	प्रभावित क्षेत्रको जनसङ्ख्या १. हिमालचुली रहेको स्थानीय तह २. हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तह	 ६०% ४०%	२५%
	जम्मा		१००%

१.१ भौगोलिक अवस्थिति

हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहलाई समेटी पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि एउटा मुख्य आधारको रुपमा भौगोलिक अवस्थितिलाई लिइएको छ। भौगोलिक अवस्थितिलाई एकमुष्ट रुपमा ४० प्रतिशत भार दिई सो भारलाई शत प्रतिशत मानी हिमालचुली रहेको स्थानीय तहलाई ६० प्रतिशत भार र सो स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई ४० प्रतिशत भार दिई मापन गरिएको छ। प्रभावित मुख्य स्थानको रुपमा रहेको सम्बन्धित भौगोलिक अवस्थितिलाई बिशेष महत्व दिई हिमालचुली रहेको स्थानीय तहलाई अधिक भार दिइएको छ।

१.२ आधार शिविर रहेको स्थानीय तह

पर्यटन ऐन, २०३५ ले सम्बन्धित पर्वत आरोहण गर्न प्रयोगमा ल्याइने मालसामान, खाद्य सामग्री, औषधि आदि राखी अग्रीम शिविरलाई आवश्यक पर्ने त्यस्ता मालसामान आपूर्ति गर्न वा पर्वतारोहण सम्बन्धी कुराको निर्देशन दिन खडा गरिएको पर्वतारोहण सम्बन्धी खास प्रविधि विना पुग्न सकिने सवभन्दा तल्लो उचाईमा रहेको शिविरलाई आधार शिविर भनी परिभाषित गरेको छ। हिमालचुली एक वा सो भन्दा बढी स्थानीय तहहरूमा फैलिएको हुन्छ। तर पर्वतारोहण गर्ने क्रममा आधार शिविर रहेको स्थानीय तहमा आरोहण सम्बन्धी विभिन्न क्रियाकलापहरू हुने र सोबाट उक्त तहमा बढी असर पर्ने हुँदा आधार शिविर रहेको स्थानीय तहलाई एउटा सूचकको रुपमा लिइएको छ। यसर्थ पर्वतारोहणबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा आधार शिविरलाई १० प्रतिशत भार दिइएको छ।

१.३ प्रभावित क्षेत्रको क्षेत्रफल

हिमालचुली रहेको स्थानीय तह र हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूलाई पर्वतारोहणबाट प्रभावित क्षेत्रको रूपमा लिइएको छ। पर्वतारोहणबाट प्रभावित क्षेत्रको क्षेत्रफलका लागि हिमालचुली रहेको सम्बन्धित तहलाई मुख्य प्रभाव क्षेत्र मानी सो स्थानीय तहको क्षेत्रफललाई मुख्य आधारको रुपमा लिई बढी भार दिइएको छ। त्यस्तै हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका अन्य स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्र मानी सोही बमोजिम भार प्रदान गरिएको छ। यसै प्रयोजनार्थ पर्वतारोहणबाट प्राप्त रोयल्टीको बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफललाई २५ प्रतिशत भार दिइएको छ। जसको ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको क्षेत्रफलको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

१.४ प्रभावित क्षेत्रको जनसङ्ख्या

हिमालचुली आरोहणको क्रममा सो आरोहण सम्बन्धी क्रियाकलापबाट वातावरणमा पर्ने प्रभावका कारण त्यहाँ अवस्थित जनसङ्ख्या प्रत्यक्ष रुपमा प्रभावित हुने गर्दछ। प्रभावित क्षेत्रको प्रभाव मूल्याङ्कनका आधारमा हिमालचुली रहेको तहलाई नै मुख्य प्रभावित क्षेत्र मानी सो तहमा रहेको जनसङ्ख्यालाई बढी प्रभावित र सो तहसँग जोडिएका वरिपरिका स्थानीय तहहरूलाई कम प्रभावित क्षेत्रको रूपमा कायम गरिएको छ। यस प्रयोजनका लागि प्रभावित क्षेत्रको जनसङ्ख्यालाई एउटा आधार मानी २५ प्रतिशत भार दिइएको छ। उक्त भारलाई शत प्रतिशत मानी सो को ६० प्रतिशत हिमालचुली रहेको स्थानीय तह र ४० प्रतिशत हिमालचुली रहेको स्थानीय तहसँग जोडिएका स्थानीय तहहरूको जनसङ्ख्याको अनुपातका आधारमा भार प्रदान गरिएको छ।

२. विद्युतबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानमा जलविद्युतलाई तीनै तहको साझा अधिकार सूचीका साथै संघ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ। हाल नीजि क्षेत्र र नेपाल विद्युत प्राधिकरणले निर्माण गरेका १ मेगाबाट क्षमता भन्दा ठूला १६३ वटा आयोजनाहरू संचालनमा रहेका छन्। विद्युत ऐन, २०४९ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेपछि नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्ने व्यवस्था रहेको छ भने विद्युत विकास विभागबाट उक्त रोयल्टी सङ्कलन हुँदै आइरहेको छ।

विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्न विद्युत आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसङ्ख्यालाई मुख्य सूचकहरूको रुपमा लिइएको छ। विद्युत रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या देहाय बमोजिम रहेको छ :

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
१.	भौगोलिक अवस्थिति क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	५०%
२.	प्रभावित क्षेत्रको क्षेत्रफल क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	२५%
३.	प्रभावित क्षेत्रको जनसङ्ख्या क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको क्षेत्र) ख. प्रभावित क्षेत्र (आयोजनाबाट प्रभावित क्षेत्र) ग. वरिपरिको क्षेत्र (आयोजनास्थल वरपरको उपल्लो र तल्लो तटीय क्षेत्र)	 ५०% ३०% २०%	२५%
जम्मा			**१००%**

नोटः माथि उल्लिखित क्षेत्र कायम गर्दा सम्बन्धित स्थानीय तहको वडाहरूको आधारमा गरिएको छ।

२.१ भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिभित्र आयोजनाको सम्पूर्ण भौतिक पूर्वाधारहरू, सुख्खा क्षेत्र र तल्लो एवम् उपल्लो तटीय क्षेत्र पर्दछ। विद्युत आयोजना निर्माणबाट उपल्लो तटीय क्षेत्रमा बाँधको कारण घरजग्गा डुवानमा परी स्थानीयवासीहरू विस्थापित हुने अवस्था समेत सिर्जना हुन्छ भने बाँध तथा इन्टेकदेखि टेलरेससम्मको क्षेत्रमा जनताले युगौंदेखि प्रयोग गरिरहेको पानीको स्रोत घट्न गई सुख्खा क्षेत्रमा बृद्धि, वालीनालीको उत्पादनमा ह्रास, पानी घट्ट माछापालन तथा तरकारी खेती जस्ता जीविकोपार्जनका गतिविधिबाट विस्थापन हुन सक्ने समस्याको सामना गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। विद्युतका भौतिक संरचनाहरू निर्माण गर्दा, खोलाको बहावलाई परिवर्तन गर्दा आयोजना क्षेत्रभित्र पर्यावरणमा समेत नकारात्मक प्रभाव पर्ने गरेको पाईन्छ। तसर्थ विद्युत आयोजनाबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्दा अत्यन्तै महत्वपूर्ण रहेको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई हिस्सा निर्धारण गरिएको छ। भौगोलिक अवस्थिति अन्तर्गतका उपसूचकहरूको व्याख्या देहाय बमोजिम रहेको छः

(क) **मुख्य क्षेत्रः** मुख्य क्षेत्रमा जलविद्युत आयोजनाका भौतिक संरचनाहरू निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरू पर्दछन्।

जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर (Peaking Run of the River) आयोजना र रन अफ द रिभर (Run of the River) आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र देहाय बमोजिम राखिएको छ:

(अ) **जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाः** जलाशयले छोएका सम्पूर्ण वडाहरू तथा विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (बाँध, ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेस (Tailrace) ले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रुपमा लिइएको छ।

(आ) **रन अफ द रिभर आयोजनाः** विद्युत गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचनाहरू (ईन्टेक, डिस्याण्डिङ्ग वेसिन, नहर, पाईप वा सुरुङ्ग), विद्युत गृह र टेलरेसले छोएका सम्पूर्ण वडाहरूलाई मुख्य क्षेत्रको रुपमा लिइएको छ।

(ख) **प्रभावित क्षेत्रः** प्रभावित क्षेत्र भित्र आयोजनाका कारण नदी वा खोलाको प्राकृतिक वहाव घट्न गई सुख्खा क्षेत्र सिर्जना हुन सक्ने स्थानीयतहका सम्बन्धित वडाहरू पर्दछन्। यस किसिमका प्रभावित क्षेत्रमा एकै वेसिन (जुन खोला वा नदीबाट आयोजनाका लागि पानी लिई विद्युत उत्पादन पश्चात सोही खोला वा नदीमा पानी मिसाइएको हुन्छ) र अन्तरवेसीन (एक खोला वा नदीबाट आयोजनाका लागि पानी लिई विद्युत उत्पादन पश्चात अर्को खोला वा नदीमा पानी मिसाइएको हुन्छ) आयोजनाका हकमा देहाय बमोजिमको आधार लिई मापन गरिएको छ।

(अ) एकै वेसीन प्रकृतिका जलविद्युत आयोजनाका सम्बन्धमा बाँधदेखि विद्युत गृहसम्म नदीका वारी र पारी किनारामा जोडिने वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रुपमा गणना गरिएको छ।

(आ) अन्तरवेसीन प्रकृतिका जलविद्युत आयोजनाको हकमा बाँधदेखि तल सो भन्दा ठुलो नदी जोडिने स्थानसम्मका नदीका वारी र पारी किनाराका वडाहरू प्रभावित क्षेत्र (सुख्खा क्षेत्र) को रुपमा लिइएको छ।

(ग) **वरिपरिका क्षेत्र (उपल्लो र तल्लो तटीय क्षेत्र):** वरिपरिको क्षेत्र भित्र आयोजनाको सम्बन्धित नदी किनारामा मुख्य क्षेत्रसँग जोडिएको उपल्लो र तल्लो तटीय क्षेत्रलाई लिइएको छ।

(अ) उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना तथा पिकिङ्ग रन अफ द रिभर आयोजनाका हकमा जलाशयले छोएका वडाहरूसंग जोडिने नदी किनारका वारीपारीका वडाहरूलाई लिइएको छ।

(आ) तल्लो तटीय क्षेत्रमा आयोजनाको टेलरेस भन्दा पारिपट्टिको वडा र टेलरेसले छोएको भन्दा तल्लो वडालाई लिइएको छ।

२.२ प्रभावित क्षेत्रको क्षेत्रफल

विद्युत आयोजनाको निर्माण तथा संचालन हुँदा उक्त आयोजनाले पारेको प्रभाव स्थानीय तहको निश्चित भूगोलको क्षेत्रफलमा रहेको बस्ती, कृषिजन्य भूमि र वातावरणमा पर्ने भएको हुँदा स्थानीय तहको क्षेत्रफलको आधारमा विद्युतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा समन्यायिक हुने देखिन्छ। आयोजनाबाट प्रभावित क्षेत्रफलको तथ्याङ्क लिँदा स्थानीय तहको वडालाई प्रभावित मानिएको हुँदा प्रभाव आधारको मूल्याङ्कन बढी स्पष्ट र वस्तुनिष्ट हुने अपेक्षा गरिएको छ। यस सूचकका लागि प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ प्रभावित स्थानीय तहको क्षेत्रफललाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई क्षेत्रफलको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

२.३ प्रभावित क्षेत्रको जनसङ्ख्या

जलविद्युत आयोजनाको भौतिक, आर्थिक, सामाजिक र वातावरणीय प्रभावबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बन्धित स्थानीय तहका जनताहरू प्रभावित भएका हुन्छन्। सोबाट कति जनसङ्ख्या प्रभावित भएका हुन् त्यसको आधारमा प्रभावको मूल्याङ्कन गरी रोयल्टीको हिस्सा बाँडफाँट गर्न उपयुक्त हुने हुँदा प्रभावित तहको वडाको जनसङ्ख्यालाई २५ प्रतिशत भार दिई त्यसलाई शत प्रतिशत मानी त्यसको उपसूचकको रुपमा मुख्य क्षेत्रलाई ५० प्रतिशत, प्रभावित क्षेत्रलाई ३० प्रतिशत र वरिपरिको क्षेत्रलाई २० प्रतिशत भार दिई

जनसङ्ख्याको अनुपातको आधारमा हिस्सा निर्धारण गरिएको छ।

३. वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

नेपालको संविधानको अनुसूची-७ मा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र संघ र प्रदेशको साझा अधिकारको सूची र अनुसूची-९ मा वन, जंगल, पर्यावरण तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको छ। वन क्षेत्रको रोयल्टी राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने गर्दछ। यसै सन्दर्भमा राष्ट्रिय वनलाई सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कवुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्ने उद्देश्यले वर्गीकरण गरिएको छ। साथै निजी, सार्वजनिक र शहरी वनको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार, जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय सम्बृद्धिमा योगदान गर्ने राष्ट्रिय वन नीति रहेको छ। संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण सम्बर्द्धन र दिगो विकास गर्ने नीति रहेको छ। संविधानत: राष्ट्रिय वनको परिचालन तथा व्यवस्थापन प्रदेश सरकार र संरक्षित क्षेत्रको संचालन एवम् व्यवस्थापन नेपाल सरकारबाट हुने व्यवस्था रहेको छ। प्राकृतिक स्रोतको परिचालन गर्दा राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी प्रदेश सरकार र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टी संघ सरकारबाट सङ्कलन भई सङ्घीय बिभाज्य कोषमा जम्मा हुँदै आईरहेको छ। राष्ट्रिय वन र संरक्षित क्षेत्रबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट वनको प्रकृति अनुसार गर्नुपर्ने हुँदा यसका लागि छुट्टाछुट्टै सूचकहरू निर्माण गरी रोयल्टीको हिस्सा बाँडफाँटको सिफारिस गरिएको छ।

३.१ राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

वन ऐन, २०७६ मा प्रदेश भित्रको राष्ट्रिय वन तथा अन्तरप्रादेशिक राष्ट्रिय वनलाई परिभाषित गरिएको छ। राष्ट्रिय वनको व्यवस्थापन गर्ने सन्दर्भमा सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन र कबुलियती वनको रुपमा व्यवस्थापन हुँदै आइरहेको छ भने सोको व्यवस्थापन र परिचालन प्रदेश सरकारबाट गर्ने व्यवस्था रहेको छ।

राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी सम्वन्धी तथ्याङ्क प्रदेश तथा प्रदेश अन्तरगतका डिभिजन वन कार्यालयहरू, वन तथा भू-संरक्षण विभाग र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट प्राप्त हुँदै आएको छ। यसरी प्राप्त तथ्याङ्क बमोजिम राष्ट्रिय वनको रोयल्टीको हिस्सा बाँडफाँटका लागि लिइएका आधारहरू, भार र सोको व्याख्या निम्नानुसार रहेको छ:-

क्र.सं.	आधार (सूचक)	ढाँचा (भार)
क	वनको अवस्थिति (वन रहेको स्थानीय तह)	२०%
ख	वनको क्षेत्रफल (स्थानीय तहमा रहेको वनको क्षेत्रफल)	४०%
ग	स्थानीय तहको जनसङ्ख्या	२०%
घ	वनमा आश्रित जनसङ्ख्या	१०%
ङ	वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता	१०%
जम्मा		१००%

३.१.१ वनको अवस्थिति

वनको अवस्थितिले कुनै स्थानीय तहमा वन क्षेत्र रहेको वा नरहेको स्थितिलाई जनाउँदछ। वनको भौगोलिक अवस्थितिबाट वन वरिपरि रहेका कृषि बाली घरपालुवा जनावर तथा स्थानीयवासीलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने हुँदा वनको अवस्थितिलाई एउटा महत्वपूर्ण आधारको रुपमा लिई कुल भारको २० प्रतिशत भार दिई रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ।

३.१.२ वनको क्षेत्रफल

स्थानीय तहमा रहेको वनको संरक्षण, व्यवस्थापन र वातावरणीय एवम् पारिस्थितिक प्रणालीलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने हुँदा स्थानीय तहले पाउने रोयल्टीको हिस्सा निर्धारण गर्दा वनको क्षेत्रफललाई प्रमुख आधार मानी ४० प्रतिशत भार दिइएको छ।

३.१.३ स्थानीय तहको जनसङ्ख्या

वनको व्यवस्थापन, संरक्षण तथा उपयोगमा स्थानीयवासीहरूको महत्वपूर्ण योगदान हुने र वनको स्रोत परिचालनबाट सम्वन्धित तथा वरपरका स्थानका जनतालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पर्ने हुँदा रोयल्टी बाँडफाँटको सिफारिस गर्दा सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई अर्को आधारको रुपमा लिई यसलाई २० प्रतिशत भार दिइएको छ।

३.१.४ वनमा आश्रित जनसङ्ख्या

वन ऐन, २०७६ को दफा २६ बमोजिम डिभिजन वन कार्यालयले गरिवीको रेखामुनी रहेका जनताको गरिवी न्यूनिकरणका लागि कार्ययोजना वनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम संचालन गरी जीविकोपार्जन गर्न त्यस्ता जनताको समूहलाई कबुलियती वनको रुपमा राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउने व्यवस्था रहेको छ। त्यस्ता कबुलियती वन समूहहरू ४४ जिल्लामा रहेको देखिन्छ। उक्त समूहहरूले डिभिजन वन कार्यालयहरूमा दर्ता भई स्वीकृत कार्ययोजना बमोजिम वनको संरक्षण, व्यवस्थापन र आय आर्जनका कार्यक्रमहरू कबुलियती वनमा संचालन गर्दै आएका छन। कबुलियती वन कार्यक्रमबाट हैसियत बिग्रेको वनको सुधार, गरिवीको रेखामुनीका समुदायको आर्थिक र सामाजिक अवस्थामा समेत सुधार ल्याउने हुँदा वनमा आश्रित जनसङ्ख्यालाई सूचकको रुपमा लिइ कूल भारको १० प्रतिशत भार प्रदान गरिएको छ।

३.१.५ वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता

वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवम् जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरू संचालन गर्न सम्वन्धित स्थानीय तहले पुऱ्याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सूचकलाई १० प्रतिशत भार दिइएको छ। यस सूचक सम्बन्धी तथ्यांक सम्बन्धित निकायबाट प्राप्त नभएको हुँदा सबै स्थानीय तह तथा प्रदेशलाई समान अंक प्रदान गरिएको छ।

३.२ संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन्यजन्तु र वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाँउहरूको संरक्षण, सम्वर्द्धन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी जनताको सदाचार र सुविधा कायम राख्दै प्रकृतिको संरक्षण प्रवर्द्धन गर्नका लागि संरक्षित क्षेत्र अन्तरगत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्रहरू र मध्यवर्ती क्षेत्र (Buffer Zone) स्थापना भएका छन्। संरक्षित क्षेत्रको संरक्षणको राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वलाई मध्यनजर गर्दै संरक्षण क्षेत्रलाई विभिन्न किसिमबाट देहाय बमोजिम बर्गीकरण गरी व्यवस्थापन गरिएको छ:

- "राष्ट्रिय निकुञ्ज" भन्नाले प्राकृतिक वातावरणको साथै वन्यजन्तु, वनस्पति र भू-दृश्यको संरक्षण, व्यवस्थापन र उपयोगका लागि छुट्याइएको क्षेत्र।
- "संनियमित प्राकृतिक आरक्ष" भन्नाले वैज्ञानिक अध्ययनको निमित्त छुट्याइएको, पारिस्थिकीय महत्वको वा अन्यथा महत्व राख्ने क्षेत्र।
- "वन्यजन्तु आरक्ष" भन्नाले वन्यजन्तु सम्पदा र तिनीहरूको वासस्थानको संरक्षण तथा व्यवस्था गर्न छुट्याइएको क्षेत्र।

- "शिकार आरक्ष" भन्नाले शिकारीहरूलाई शिकार गर्न दिनको निमित्त वन्यजन्तु सम्पदाको व्यवस्थापनका लागि छुट्याइएको क्षेत्रलाई सम्झनु पर्छ।
- "संरक्षण क्षेत्र" भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगका लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र।
- "मध्यवर्ती क्षेत्र" (Buffer Zone) भन्नाले स्थानीय जनताहरूलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नका लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्र।

हाल नेपालमा जम्मा २० वटा संरक्षित क्षेत्रहरू रहेका छन्, जसमध्ये १२ वटा राष्ट्रिय निकुञ्ज, एक वटा वन्यजन्तु आरक्ष, एक वटा शिकार आरक्ष र ६ वटा संरक्षण क्षेत्रहरू रहेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष अन्तर्गत १३ वटा मध्यवर्ती क्षेत्र तोकिएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापनमा सम्वद्ध समुदायको प्रत्यक्ष संलग्नतामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष व्यवस्थापन गरिएको छ। यसबाट निकुञ्ज तथा वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्रहरूको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा सहयोग पुगेको छ।

नेपालमा उल्लिखित संरक्षित क्षेत्रहरू मध्ये संनियमित प्राकृतिक आरक्ष हाल सम्म स्थापना भएको छैन। तर विशेष गरी पर्यापर्यटन र जडिबुटी सङ्कलन लगायतका विभिन्न क्रियाकलापबाट रोयल्टी सङ्कलन हुने गरेको छ। संविधान बमोजिम उल्लिखित संरक्षित क्षेत्रहरू संघको अधिकार क्षेत्रभित्र पर्ने र संरक्षित क्षेत्रहरू कुनै पनि स्थानीय तहहरूको क्षेत्रभित्र नपरी स्थानीय तहको सीमाबाट अलग संरक्षित क्षेत्रको रूपमा रहेको हुनाले यी संरक्षित क्षेत्रहरूबाट संकलित रोयल्टी बाँडफाँट गर्दा मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरूको हकमा मध्यवर्ती क्षेत्रको क्षेत्रफल र जनसङ्ख्यालाई आधार लिनुका अतिरिक्त मध्यवर्ती क्षेत्र घोषणा नभएको ढोरपाटन शिकार आरक्षको हकमा आरक्षलाई छुने वरिपरिका स्थानीय तहका वडाहरू र संरक्षण क्षेत्रहरू (अपिनप्पा, कृष्णसार, मनास्लु, अन्नपूर्ण, कन्चनजङ्घा, गौरीशंकर) भित्र पर्ने स्थानीय तहका वडाहरूलाई आधार मानी रोयल्टीको हिस्सा बाँडफाँट गरिएको छ। संरक्षित क्षेत्रको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छ:-

क्र.सं.	**आधार (सूचक)**	**ढाँचा (भार)**
क	स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थिति	१०%
ख	मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा पर्ने स्थानीय तहको क्षेत्रफल	४०%
ग	मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रमा रहेको स्थानीय तहको जनसङ्ख्या	३५%
घ	मध्यवर्ती क्षेत्र/संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता	१५%
जम्मा		१००%

३.२.१ स्थानीय तहमा मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको अवस्थितिः

संरक्षित क्षेत्रको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहको भूमिका उक्त क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण रहेको हुन्छ। तसर्थ उक्त क्षेत्रहरूबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा सम्वन्धित क्षेत्रभित्र रहेका मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रले समेटेका स्थानीय तहका वडाहरूलाई ती क्षेत्रहरूको अवस्थितिको रुपमा लिई कुल भारको १० प्रतिशत भार दिइएको छ।

३.२.२ स्थानीय तहमा मध्यवर्ति क्षेत्र/संरक्षण क्षेत्रको क्षेत्रफलः

संरक्षित क्षेत्रहरूको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरूको क्षेत्रफलमा उक्त क्षेत्रहरूबाट पर्ने प्रभावलाई महत्वपूर्ण सूचकको रुपमा लिइएको छ। संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रहरूले समेटेको स्थानीय तहहरूको वडाहरूको क्षेत्रफललाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

३.२.३ स्थानीय तहमा मध्यवर्ती क्षेत्रको जनसंख्याः

संरक्षित क्षेत्रहरूको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका स्थानीय तहका वडाहरूमा बसोबासगर्ने वासिन्दाहरूले उक्त क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। साथै उनीहरूले उक्त क्षेत्रबाट पर्न सक्ने नकारात्मक प्रभाव समेत ब्यहोर्नु पर्ने हुन्छ। यस्तो नकारात्मक प्रभावको न्यूनीकरणका लागि संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा उक्त क्षेत्रको वडाहरूमा बसोबास गर्ने जनसङ्ख्यालाई एक महत्वपूर्ण आधारको रुपमा लिई ३५ प्रतिशत भार प्रदान गरिएको छ।

३.२.४ संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिताः

संरक्षित क्षेत्रहरूको मध्यबर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन एवम् प्राकृतिक वातावरण र जैविक विविधता समेतको संरक्षण र दिगो व्यवस्थापनमा टेवा पुग्ने कार्यक्रमहरू संचालन गर्न सम्वन्धित स्थानीय तहले पुऱ्याउने योगदानलाई अर्को एक आधारको रुपमा लिइएको छ। वन तथा संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन, उपयोग, सदुपयोग, वातावरण एवम् जैविक विविधता संरक्षण तथा दिगो व्यवस्थापन र सो कार्यमा संलग्न क्षमता अभिवृद्धि लगायतमा टेवा पुग्ने कार्यक्रमहरू संचालन गर्न सम्वन्धित स्थानीय तहले पुऱ्याएको योगदानलाई आधार मानी वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता सुचकलाई १५ प्रतिशत भार दिइएको छ। यस सूचक गणनाका लागि सम्बन्धित निकायबाट तथ्यांक प्राप्त नभएको हुँदा सबै स्थानीय तहलाई समान अंकभार दिइएको छ।

४. खानी तथा खनिजबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

खानी तथा खनिज पदार्थ ऐन, २०४२ मा जमिनको सतह वा भूगर्भ भित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक समिश्रणयुक्त अप्राङ्गारिक पदार्थलाई खनिज पदार्थ भनी परिभाषित गरिएको छ। उक्त ऐनले भौगर्भिक प्रक्रियाबाट बनेको ठोस पदार्थलाई मात्र खनिजको वर्गमा राखेको छ। त्यसैगरी नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाईएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने र अनुमति प्राप्त व्यक्तिले खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था गरेको छ।

नेपालमा खनिज पदार्थका सम्बन्धमा सरकारी तथा निजी दुवै स्तरबाट खोजतलास, उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, संचय वा बिक्री वितरण गर्ने कार्य हुँदै आएको छ। खानी तथा भू-गर्भ विभागबाट हालसम्म चुनढुंगा, कोइला, खरी, शिसा, मार्वल, रातोमाटो लगायत विभिन्न १७ प्रकारका खनिजहरू उत्खनन् कार्यका लागि १६७ अनुमतिपत्र जारी गरिएका मध्ये चालु आर्थिक वर्ष को हालसम्मको अवधिमा ५० वटा खानीबाट ७ प्रकारका खनिज पदार्थ उत्खनन् हुदै आएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीको बाँडफाँट गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा नेपाल सरकारले रोयल्टी बाँडफाँट तथा वितरण गर्ने व्यवस्था भए बमोजिम प्रभावित क्षेत्रका प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने रोयल्टीको हिस्सा निर्धारण गर्न विभिन्न सूचकहरू तयार गरिएको छ। ती सूचकहरूलाई प्रदान गरिएको भारको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले खानी तथा खनिजबाट प्राप्त गर्ने रोयल्टीको हिस्सा सिफारिस गरिएको छ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छः

क्र.सं.	आधार (सूचक)	आन्तरिक ढाँचा (उपसूचकको भार)	ढाँचा (जम्मा भार)
क.	भौगोलिक अवस्थिति १. खानी उत्खनन् क्षेत्र रहेको स्थानीय तह (Quarry Area) २. खानी उत्खननका लागि अनुमति दिइएको खनिज क्षेत्र (Lease Area)	 ६०% ४०%	५०%
ख.	प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area)		३०%
ग.	प्रभावित क्षेत्रको जनसङ्ख्या (Affected Population)		२०%
	जम्मा		१००%

४.१ भौगोलिक अवस्थिति

खानी तथा खनिजबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्दा खनिज क्षेत्रको भौगोलिक अवस्थितिलाई प्रमुख आधारको रुपमा लिई यसलाई ५० प्रतिशत भार दिइएको छ। खानी तथा भूगर्भ विभागबाट खानी उत्खनन् अनुमतिपत्र उपलब्ध गराउँदा खनिज पदार्थ उत्खनन् कार्य गर्नका लागि खनिज क्षेत्रको चार किल्ला छुट्याईएको हुन्छ। अनुमतिपत्रमा खानी सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि अनुमति प्रदान गरिएको खनिज क्षेत्र (Lease Area) र सो भित्र खनिज पदार्थ उत्खनन् गर्नका लागि उत्खनन् क्षेत्र (Quarry Area) तोकिएको हुन्छ। उत्खनन् क्षेत्र (Quarry Area) बाट खनिज पदार्थ उत्खनन् गर्ने कार्य गर्दा सो क्षेत्रमा त्यसको प्रभाव बढी पर्ने हुँदा भौगोलिक अवस्थितिलाई दिइएको ५० प्रतिशत भारलाई शत प्रतिशत मानी सो मध्ये ६० प्रतिशत भार खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्रलाई प्रदान गरिएको छ। त्यसैगरी उत्खनन् अनुमति प्रदान भएको खनिज क्षेत्रमा सो खनिज पदार्थ उत्खनन् अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले भोग चलन गर्ने र त्यस क्षेत्रमा रहेको खनिज पदार्थ अन्य व्यक्ति वा संस्थाले उत्खनन् गर्न नपाउने हुँदा त्यहाँबाट प्राप्त हुने प्रतिफलबाट सम्बन्धित स्थानीय तह बञ्चित हुने भएकोले खनिज उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) को अवस्थितिलाई पनि आधार लिइएको छ। तर उत्खनन् अनुमति दिइएको सम्पूर्ण खनिज क्षेत्र (Lease Area) मा उत्खनन् कार्य नहुने र सोको प्रभाव समेत कम हुने भएकोले यसलाई ४० प्रतिशत भार प्रदान गरिएको छ।

४.२ प्रभावित क्षेत्रको क्षेत्रफल

खानी तथा भूगर्भ विभागले खानी उत्खनन् अनुमतिपत्र प्रदान गर्दा चार किल्ला तोकेर खनिज पदार्थको उत्खनन् अनुमति दिएको हुन्छ। अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) मा पर्ने सम्बन्धित स्थानीय तहको क्षेत्रको अनुपातलाई प्रभावित क्षेत्रको क्षेत्रफलको रुपमा लिइएको छ। खनिज पदार्थ उत्खनन् गर्नका लागि तोकिएको उत्खनन् क्षेत्र (Quarry Area) अनुमति प्रदान गरिएको खनिज क्षेत्र भित्र पर्ने भएकोले खनिज क्षेत्र (Lease Area) को क्षेत्रफललाई मात्र सूचकमा राखिएको छ। तसर्थ खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्रभावित क्षेत्रको क्षेत्रफलको अनुपातलाई ३० प्रतिशत भार दिई गणना गरिएको छ।

४.३ प्रभावित जनसङ्ख्या

खानी तथा खनिज पदार्थको उत्खनन् कार्यबाट प्रभावित हुने सम्बन्धित स्थानीय तहको जनसङ्ख्यालाई एउटा सूचकको रुपमा लिई खानी तथा खनिजबाट प्राप्त रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ। प्रभावित जनसङ्ख्याको मूल्याङ्कन गर्दा उत्खनन् अनुमति दिइएको खनिज क्षेत्र (Lease Area) रहेको स्थानीय तहको वडाको जनसङ्ख्याको अनुपातलाई आधार लिइएको छ। यस प्रयोजनका लागि कूल भार मध्येमा प्रभावित जनसङ्ख्यालाई २० प्रतिशत भार दिई मूल्याङ्कन गरिएको छ।

५. दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट

संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम यस आयोगले मिति २०७९।०३।०८ मा दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई समेत नेपालमा पानीजन्य एवम् अन्य प्राकृतिक स्रोतको क्षेत्रबाट रोयल्टीको संभावना सम्बन्धी अध्ययनले अन्य प्राकृतिक स्रोत अन्तर्गत

दूरसञ्चार क्षेत्र पहिचान गरेको तथा अन्तराष्ट्रिय अभ्यासमा समेत दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई प्राकृतिक स्रोतको रुपमा उल्लेख गरेको आधारमा प्राकृतिक स्रोतको रुपमा उल्लेख गरी पानीजन्य तथा अन्य प्राकृतिक स्रोतको रुपमा पहिचान गरी दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई लेखी पठाइएको छ।

नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ बमोजिम बाँडफाँट तथा वितरण गर्नुपर्ने हुन्छ। सो अनुसार पाँच प्रकारका रोयल्टी शीर्षक रहेकोमा क्रम संख्या ५ मा रहेको पानी तथा अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी शीर्षकबाट सङ्घीय विभाज्य कोषमा सङ्कलन भएको रोयल्टी बाँडफाँट सिफारिस गर्न लिइएका सूचक र भार तथा सोको व्याख्या तथा विष्लेषण यस प्रकार छ।

दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट सङ्कलन भएको रोयल्टी बाँडफाँटको हिस्सा निर्धारणका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार एवम् व्याख्या यसप्रकार रहेको छ:

क्र.सं.	सूचक	भार
१.	प्रदेश तथा स्थानीय तहको क्षेत्रफल	३०%
२.	प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को संख्या	३०%
३.	प्रदेश तथा स्थानीय तहको कूल जनसङ्ख्या	२५%
४.	प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको संख्या	१५%
जम्मा		१००%

५.१ प्रदेश तथा स्थानीय तहको क्षेत्रफल

देशका सबै प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलमा दूरसञ्चार सेवा रेडियो फ्रिक्वेन्सीको प्रभाव समान रुपमा पर्ने भएको हुँदा सबै प्रदेश तथा स्थानीय तहको क्षेत्रफलको आधारमा दूरसञ्चार फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टी सबै स्थानीय तहलाई संरक्षित क्षेत्रको भूगोल समावेश नगरी बाँडफाँट गरिएको छ। देशको कुल क्षेत्रफलमा प्रदेश तथा स्थानीय तहले ओगटेको क्षेत्रफलको अनुपातलाई क्षेत्रफलको सूचकको रुपमा लिइएको छ। यसर्थ प्रदेश तथा स्थानीय तहको भूगोललाई महत्वपूर्ण सूचककारुपमा लिई ३० प्रतिशत भार दिइएको छ।

५.२ प्रदेश तथा स्थानीय तह रहेको BTS-Tower को संख्या

दूरसञ्चार सेवा प्रवाहका लागि ठूलो संख्यामा BTS-Tower राख्नुपर्ने हुन्छ। उक्त टावर स्थापना गर्दा पाले घर, टावर, व्याट्री लगायतका सामाग्री भण्डारण गर्नुपर्ने हुँदा धेरै जमिन प्रयोग हुन्छ। साथै BTS-Tower को क्षेत्र वरपर चट्याङ्ग पर्ने सम्भावना पनि बढी हुने र वन क्षेत्रमा टावर भएमा जंगली जनावरको घुमफिरमा समेत अवरोध हुने हुँदा प्रत्येक प्रदेश र स्थानीय तहमा रहेका BTS-Tower को संख्यालाई दुरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्ने महन्वपूर्ण सूचकको रुपमा लिइ ३० प्रतिशत भार दिइएको छ। उक्त सूचकको गणना गर्दा संरक्षित क्षेत्र भित्र रहेका BTS-Tower को संख्यालाई समावेश गरिएको छैन।

५.३ प्रदेश तथा स्थानीय तहको कूल जनसङ्ख्या

नेपालको संविधानले प्रदेश तथा स्थानीय तहका सम्बन्धमा अनुसूचीमा व्यवस्था गरिएको कार्य जिम्मेवारी अनुसार प्रदेश तथा स्थानीय तहले आ-आफ्नो जनसङ्ख्यालाई सेवा प्रवाह गर्नुपर्ने हुन्छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्यामा दूरसञ्चार सेवाको प्रयोगबाट सकारात्मक र नकारात्मक असर/प्रभाव समेत पर्ने गरेको हुन्छ। साथै दुरसञ्चार उपकरणको प्रयोगबाट सिर्जना हुने विद्युतीय फोहोर

व्यवस्थापनको असर समेत जनसङ्ख्यामा पर्ने हुँदा रोयल्टी बाँडफाँटको हिस्सा निर्धारण गर्दा जनसङ्ख्यालाई २५ प्रतिशत भार दिइएको छ। प्रत्येक प्रदेश र स्थानीय तहको जनसङ्ख्याको विवरण राष्ट्रिय जनगणना, २०७८ बाट लिइएको छ भने जनसङ्ख्याको विवरण लिदा संस्थागत जनसङ्ख्या गणना गरिएको छैन।

५.४ प्रदेश तथा स्थानीय तहमा रहेका मोबाईल प्रयोग गर्ने परिवारको संख्या

दूरसञ्चार सेवा प्राप्तीका लागि मोबाइल लगायतका विद्युतीय सामाग्री प्रयोगमा परिवारको धेरै लगानी हुन्छ। यसको प्रयोगबाट घरपरिवारका सदस्यमा आर्थिक सामाजिक रुपमा सकारात्मक प्रभाव परे पनि ध्वनी प्रदुषण, रेडियसन प्रभाव जस्ता केही नकारात्मक प्रभाव समेत घरपरिवारमा पर्ने हुँदा दुरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी बाँडफाँटका लागि प्रत्येक प्रदेश तथा स्थानीय तहमा मोबाइल प्रयोग गर्ने परिवारलाई सूचकको रुपमा लिइ १५ प्रतिशत भार दिइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार मोबाईल प्रयोगकर्ता घरपरिवारको संख्या ९३.२ प्रतिशत हुन आउछ। स्थानीय तहअनुसार मोबाइल प्रयोगकर्ता घरपरिवारको संख्या १२६ देखि २ लाख ३८ हजार ९ सय ६६ छ भने प्रतिशतमा ५८ देखी ९८ सम्म रहेको छ। स्थानीय तहमा रहेको जनसङ्ख्याको वितरण अनुसार नै मोबाईल प्रयोगकर्ताको घरपरिवार संख्या रहेको तथा स्थानीय तहमा रहेको जनसङ्ख्यालाई सूचकको रुपमा अलग्गै लिइएको र रोयल्टी बाँडफाँट समन्यायिक समेत हुने भएकोले मोबाईल प्रयोगकर्ता घरपरिवार संख्याको प्रतिशतलाई सूचकको रुपमा लिई गणना गरिएको छ।

च. प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टीको हिस्सा बाँडफाँट सिफारिस

सम्बन्धित प्राकृतिक स्रोत परिचालनमा जिम्मेवार स्रोतगत निकायहरूले प्राकृतिक स्रोत परिचालनबाट प्राप्त हुने रोयल्टी सङ्कलन गरी महालेखा नियन्त्रक कार्यालयले व्यवस्थापन गरेको सङ्घीय विभाज्य कोषमा दाखिला गरेका हुन्छन्। सो विवरणका आधारमा आयोगको बाँडफाँट सिफारिस बमोजिमको रोयल्टीको हिस्साबाट निर्धारित रकम नेपाल सरकारको निर्णयानुसार महालेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित प्रदेश तथा स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने गर्दछ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुसार आयोगले विस्तृत आधार र ढाँचा तय गरी सम्बन्धित प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहलाई प्रभावको अनुपातमा रोयल्टी बाँडफाँटको हिस्सा सिफारिस गर्दछ।

सम्बन्धित प्रदेश तथा सम्बन्धित स्थानीय सरकारलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा वास्तविक संकलित रोयल्टीले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी हुन आउने रकम सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकारले वितरण गर्नुपर्नेछ।

छ. प्राकृतिक स्रोतको परिचालन तथा सोबाट प्राप्त हुने रोयल्टीको उपयोग सम्बन्धी सुझावहरू:

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सो सम्बन्धी विषय तथा क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासमा उपयोग तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ। आयोगको सिफारिस बमोजिम नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट तथा वितरण गरेको रोयल्टी प्राकृतिक स्रोतको परिचालन स्थल र सो वरिपरिको प्रभावित क्षेत्र तथा जनसङ्ख्यालाई हित हुने गरी उपयोग गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा तीनै तहका सरकारले कार्यान्वयन गर्नुपर्ने विषयहरू निम्न अनुसार सुझावको रुपमा सिफारिस गरिएको छ।

१. प्राकृतिक स्रोतको परिचालनका लागि तीन तहका सरकार बीच लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र प्राप्त हुने रोयल्टीको बाँडफाँटका साथै प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा उठ्न सक्ने सम्भावित विवाद निवारण र सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्राकृतिक स्रोतको परिचालन सम्बन्धी एकीकृत कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को द्रस्टव्य (१) मा स्थानीय तहमा जिल्ला समन्वय समितिलाई समेत उल्लेख गरिएको भएता पनि संविधानतः सञ्चित कोष सञ्चालन नगर्ने, कार्यकारिणीको भूमिका

निर्वाह नगर्ने एवम् अनुगमनकारी र समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था गरेको देखिएकोले जिल्ला समन्वय समितिलाई प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको सिफारिसमा समेटिएको छैन। तसर्थ उक्त ऐन संसोधन गरी अनुसूची-४ बाट जिल्ला समन्वय समिति शब्द हटाउनु पर्ने।

३. पर्यटन ऐन, २०३५ को दफा ३७ को उपदफा (२) बमोजिम नेपाल पर्वतारोहण संघलाई नेपाल सरकारले तोकिएको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने काम सुम्पन सक्ने व्यवस्थाको अधिनमा रही नेपाल सरकारको निर्णयानुसार २७ वटा हिमालचुलीको व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण संघलाई सुम्पिएकोमा संघले व्यवस्थापन गर्ने हिमालचुलीबाट सङ्कलन हुने रोयल्टी नियमित रूपमा सङ्घीय विभाज्य कोषमा दाखिला हुनु पर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र संघको व्यवस्थापन खर्चका लागि नेपाल सरकारले बार्षिक रूपमा बजेट विनियोजन गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची -४ को क्रम संख्या १ को व्यवस्था कार्यान्वयन गर्नुपर्ने।

४. पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन बाँडफाँटको आधारमा लश्कर मार्ग सम्बन्धी सूचक समावेश गर्न महत्वपूर्ण देखिएकोले पर्वतारोहणको क्रममा आधार शिविरसम्म पुग्ने लश्कर मार्गको लम्बाई र सो मार्गमा पर्ने स्थानीय सरकार सहितको विवरण संस्कृति, पयर्टन तथा नागरिक उड्डयन मन्त्रालयबाट तयार गर्नुपर्ने।

५. अधिकांश निजी क्षेत्रबाट संचालित जलविद्युत केन्द्रहरूबाट आर्थिक वर्ष अनुसार सङ्कलन हुनुपर्ने रोयल्टी नियमित रूपमा सङ्घीय विभाज्य कोषमा जम्मा नभएको कारणले तथ्याङ्क विश्लेषण गर्न तथा प्रभावित क्षेत्रलाई रोयल्टी बाँडफाँट गर्नका साथै तीनै तहका सरकारलाई बार्षिक बजेट अनुमान गर्न कठीन हुन जाने देखिँदा विद्युत उत्पादन गर्ने संस्था वा कम्पनीहरूले नियमित रूपमा रोयल्टी जम्मा गर्नुपर्ने र सो जम्मा नगरेमा नेपाल विद्युत प्राधिकरणबाट हुने विद्युत खरिद वापत भुक्तानी गरिने रकमबाट रोयल्टी रकम कट्टा गरी सोझै सङ्घीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

६. वन पैदावारबाट प्राप्त हुने रोयल्टी विवरण सम्वन्धि अभिलेख राख्दा वनको प्रकार अनुसार स्थानीय तहगत रुपमा राख्ने व्यवस्था गर्नु पर्ने र सबै किसिमका तथ्याङ्कहरू व्यवस्थित तथा अध्यावधिक रुपमा सम्बन्धित मन्त्रालय, विभाग तथा प्रदेश सरकार मातहत रहेका कार्यालयहरूबाट आवधिक रूपमा आयोगलाई उपलब्ध गराउनु पर्ने।

७. विकास निर्माणका लागि अपरिहार्य सामग्रीहरू ढुंगा, गिटी तथा बालुवा सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन र नियमन सम्बन्धमा प्रदेश तथा स्थानीय सरकार समेतसँग छलफल हुँदा विभिन्न प्रकारका राय सुझाव एवम् प्रतिक्रियाहरू प्राप्त भएको परिप्रेक्ष्यमा सङ्घीय संरचना बमोजिमका तीनवटै तहका सरकारको संलग्नतामा यसको संचालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोवस्त गरी कार्यान्वयनमा ल्याउनु पर्ने।

८. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची-४ को क्रम संख्या ५ को पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्था अन्तरगत भविष्यमा रोयल्टी प्राप्त गर्न सकिने संभावित स्रोतहरूमा अन्तरबेसीन खानेपानी, अन्तरबेसीन सिंचाई, पानीको बोटलिङ प्रयोग, पानीको औद्योगिक उपयोग, भूमिगत जलस्रोत, जल यातायात, जल मनोरन्जन, माछापालन, हाईड्रोजन ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, भूतापीय ऊर्जा, तापीय ऊर्जा, जिवाश्म ऊर्जा, आणविक ऊर्जा, पेट्रोल, कोईला र दूरसञ्चार (फ्रिक्वेन्सी) रहेको अध्ययनबाट देखिएको हुँदा यस किसिमका स्रोतबाट प्राप्त हुने रोयल्टीको व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने।

९. अन्य प्राकृतिक स्रोत अन्तर्गत दूरसञ्चार र फ्रिक्वेन्सीबाट प्राप्त हुने रोयल्टी तथा दस्तुर नेपाल सरकारको राजश्व खातामा जम्मा हुदै आएकोमा उक्त आम्दानीलाई सङ्घीय विभाज्य कोषमा जम्मा गर्न स्पष्ट कानूनी तथा नीतिगत व्यवस्था गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सोही ऐनको अनुसूची ४ बमोजिम बाँडफाँट गर्नुपर्ने।

१०. पर्वतारोहणबाट प्राप्त रोयल्टी हिमालचुली रहेको स्थानीय सरकार, त्यसको वरिपरिको स्थानीय सरकार, आधार शिविर रहेको स्थान, लश्कर मार्ग लगायत हिमालचुली आरोहणबाट प्रभावित हुने क्षेत्रमा हिमालचुली संरक्षण तथा सम्बर्द्धनमा उपयोग गर्नुपर्ने।

११. विद्युतबाट प्राप्त रोयल्टी विद्युत आयोजना सञ्चालनमा दिगोपन ल्याउने एवम् विद्युत आयोजना रहेको मुख्य क्षेत्र, वरिपरिका प्रभावित क्षेत्र र उपल्लो तथा तल्लो तटीय प्रभावित क्षेत्रको जनसङ्ख्यालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने।

१२. आयोगबाट रोयल्टी बाँडफाँट सम्बन्धी सिफारिस गर्दा कानूनमा भएको व्यवस्था बमोजिम परिचालित प्राकृतिक स्रोतको निकटतम् प्रभावको अनुपातका आधारमा सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई रोयल्टीको हिस्सा प्राप्त हुने गरी सिफारिस गरिएको भएतापनि यस प्रकारको रोयल्टीको हिस्सा नै प्राप्त गर्न नसकेका प्रदेश तथा स्थानीय सरकारलाई नेपाल सरकार तथा प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्साबाट समन्यायिकताका आधारमा सम्बोधन गर्न संघ तथा प्रदेश सरकारले आफूले प्राप्त गरेको रोयल्टीबाट सम्बन्धित प्राकृतिक स्रोत रहेको स्थानीय सरकार बाहेकका प्राकृतिक स्रोत कम रहेका वा नरहेका स्थानीय सरकारमा समेत वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयोग गर्नु पर्ने।

१३. तीनै तहका सरकारले विद्युत आयोजनाको मुहान क्षेत्र वरिपरि सडक निर्माण तथा सुधार लगायतका कार्य गर्दा भू-क्षयबाट रूख, ढुङ्गा, माटो, बालुवा जलाशय तथा मुहानमा पस्नबाट जोगाउन सडकको नाली व्यवस्थापन गर्ने, खनेको माटो खोलामा जान नदिन छेका पर्खाल (Check wall) हरू लगाउने, खनेको माटो सुरक्षित स्थानमा व्यवस्थापन गर्ने, पहिरो नियन्त्रणका लागि वायो-इन्जिनियरिङ्गका कार्यहरू गर्नुपर्ने।

१४. वन क्षेत्रबाट प्राप्त रोयल्टीको हकमा वनको अवस्थिति, वनमा आश्रित जनसङ्ख्या, सो वनको परिचालन गर्दा पर्ने प्रभाव क्षेत्रका प्रभावित जनतालाई लाभ पुग्ने, वन तथा संरक्षित क्षेत्रको संरक्षण एवम् संवर्द्धन र मध्यवर्ती क्षेत्रमा आयआर्जनका क्रियाकलाप र हरियाली प्रवर्द्धन गर्ने कार्यमा उपयोग गर्नुपर्ने।

१५. खानी तथा खनिज पदार्थबाट प्राप्त रोयल्टी उत्खनन्का लागि अनुमति दिएको खनिज क्षेत्र (Lease Area), खानीका कारण प्रभावित स्थान र सोका कारण प्रभावित जनसङ्ख्याका लागि लाभ पुग्ने, खानी क्षेत्र वरिपरिको प्रदुषण नियन्त्रण र वातावरण संरक्षण तथा प्रबर्द्धन गर्ने गरी स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा उल्लेख नभएका कार्यमा मात्र उपयोग गर्नुपर्ने। स्वीकृत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन सम्बन्धित खानी संचालनकर्ताबाट गर्ने व्यवस्था मिलाउनुपर्ने।

१६. प्राकृतिक स्रोतको परिचालन पूर्व गरिने आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा नै आयोगबाट निर्धारण गरिए बमोजिमको आयोजना प्रभावित क्षेत्र आयोजनास्थल वरिपरिको क्षेत्र स्पष्ट खुल्ने गरी विवरण समावेश गर्ने व्यवस्था गर्ने।

१७. आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरिए बमोजिम प्राकृतिक स्रोतको परिचालन मार्फत संचालित आयोजना क्षेत्रमा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम संचालन भए नभएको विषयमा अध्ययन गर्ने।

१८. तीनै तहका सरकारले प्राकृतिक स्रोतको रोयल्टीबाट प्राप्त रकम खर्च गर्दा वार्षिक कार्ययोजना बनाएर मात्र कार्यक्रम संचालन गर्ने।

१९. संरक्षण क्षेत्र मध्यवर्ती क्षेत्र भित्र पर्ने एवम् निकुञ्ज परिवेष्ठित परिवेशमा रहेका स्थानीय तह वन पैदावार लगायत अन्य प्राकृतिक स्रोतको उपयोगबाट वञ्चित रहने हुँदा त्यस्ता स्थानीय तहको आर्थिक समाजिक विकासमा सम्बन्धित प्रदेश तथा सङ्घीय सरकारले प्राप्त गरेको रोयल्टी रकम विशेष कार्यक्रम बनाई खर्च गर्ने।

२०. प्राकृतिक स्रोतबाट प्राप्त राजस्व (दस्तुर रोयल्टी शुल्क तथा अन्य कर) एकद्धार प्रणालीमार्फत सङ्कलन गरी कानून बमोजिम सम्बन्धित निकायमा जम्मा हुने गरी कर प्रणालीमा सुधार गर्ने।

२१. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आयोगको सिफारिसमा नेपाल सरकारद्वारा संघ, प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट तथा वितरण गरेको प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी प्राकृतिक स्रोतको अवस्थिति र सो वरिपरिका प्रभावित क्षेत्र तथा जनसङ्ख्यालाई हित हुने गरी उपयोग गर्नुपर्ने। माथि सुझावको बुँदा नं. १३, १४ र २१ को सम्बन्धमा विभिन्न प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटबाट प्राप्त भएको रकम सम्बन्धित प्रस्तावकको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा नपरेका देहायका संभावित क्षेत्रहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सम्बन्धित सञ्चित कोषबाट विनियोजन गरी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्ने।

सि. नं.	रोयल्टी शीर्षक	प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी उपयोगका संभावित क्षेत्रहरू
१.	पर्वतारोहण	• लश्कर मार्ग वा आधार शिविर पहुँच मार्ग निर्माण/मर्मत सुधार कार्य, • पर्यटन पदमार्ग निर्माण/मर्मत सुधार कार्य, • आधार शिविर स्थलमा पूर्वाधार निर्माण/मर्मत सुधार कार्य, • आरोहीका लागि क्याम्पिङ्ग साइट निर्माण/मर्मत सुधार कार्य, • आरोही र कामदारका लागि विश्राम स्थल (Porter shelter) निर्माण/मर्मत सुधार कार्य, • हिमालचुलीमा एङ्कर रोप जडान गर्ने (Anchor rope fixing) कार्य, • आरोहणका क्रममा उत्सर्जित फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सहितका सरसफाई सम्बन्धी कार्य, • आरोहण सम्बन्धी सूचना तथा सञ्चार केन्द्र निर्माण र संचालन (इन्टरनेट, सूचनामूलक सामग्री, संकेत चिन्ह समेत) सम्बन्धी कार्य, • पर्यटक प्रहरीका लागि प्रहरी विट निर्माण/मर्मत सुधार कार्य, • लश्कर मार्ग वा आधार शिविर पहुँच मार्गमा पर्ने स्वास्थ्य संस्थाको सुधार तथा स्तरोन्नति कार्य, • पर्वतारोहण सेवा सम्बन्धी जनशक्तिका लागि आधारभूत एवम् उच्चस्तरीय तालिम तथा सीप विकास एवम् चेतनामूलक कार्यक्रम, • आरोहण दल र भरिया/ पोर्टरको खोज तथा उद्दार सम्बन्धी कार्य, • पर्वतीय संग्रहालय निर्माण/मर्मत सुधार कार्य, • पर्वतारोहण आचरण सम्बन्धी आचारसंहिता एवम् जानकारी पुस्तिका प्रकाशन तथा वितरण सम्बन्धी कार्य, आदि। • पर्वतारोहण सम्बन्धी विपद् व्यवस्थापनका कार्यहरू जस्तै हिमपहिरो, हिमताल विष्फोटन लगातएका विषयमा पूर्व सूचना प्रणाली सम्बन्धी कार्यहरू • पर्वतारोहीको उद्धार सम्बन्धी कार्यका लागि शीघ्र सूचना प्राप्ती सम्बन्धी कार्यहरू
२.	विद्युत	• जलाधार क्षेत्रको संरक्षण (नाली व्यवस्थापन, छेका पर्खाल निर्माण, हरित सडक निर्माण, वायो-इन्जिनियरिङ्ग प्रविधि अवलम्वन, जलाशय संरक्षण तथा नदी नियन्त्रण) सम्वन्धी कार्य • संरचना रहेको क्षेत्र वरिपरि पुनर्भरण वा रिचार्ज पोखरी निर्माण तथा संरक्षण/मर्मत सुधार कार्य, • जलस्रोतको दिगो उपयोग, जलाधार व्यवस्थापन (Water-shed Management) र जलविद्युत संरचना संरक्षण सम्बन्धी स्थानीय जनतालाई सचेतनामूलक कार्यक्रम, • तल्लो तटीय सुख्खा क्षेत्रमा सिंचाई तथा खानेपानी संरचना निर्माण तथा मर्मत संभार कार्य, • ग्रामीण विद्युतीकरण सम्बन्धी कार्य, • तल्लो तटीय क्षेत्रमा नदी नियन्त्रण र संरक्षण सम्बन्धी कार्य, • बाँध/इन्टेक वरिपरिको जलाशयमा माछापालन कार्य, • विस्थापन भै पुनःस्थापित परिवार तथा नदीको पानीमा आश्रित समुदायका लागि सीप विकास कार्यक्रम, • प्राकृतिक विपद पूर्व सावधानी तथा उद्दार कार्य, • जलाशयमा आधरित पर्या-पर्यटन र अन्य उद्यम संचालन गर्ने, आदि। • जलविद्धुत आयोजना निर्माणका क्रममा आयोजना प्रभावित क्षेत्रमा भएको पूर्वाधार सम्बन्धी कार्यले विद्धुत

सि. नं.	रोयल्टी शीर्षक	प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी उपयोगका संभावित क्षेत्रहरू
		उत्पादन तथा जलाधार क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन कार्य • जलविद्धुत आयोजना निर्माणको कार्यबाट स्थानीय क्षेत्रको कृषि उत्पादन लगायत अन्य क्षेत्रमा परेको असर सम्बन्धी अध्ययन कार्य, • विद्धुत प्रशारण लाईनलाई थप सरक्षित बनाई सम्भावित क्षति न्यूनीकरण गर्ने कार्यहरू
३.	वन	• नाङ्गोस्थान/खाली डाँडा/खुला जमिन तथा आगलागी एवम् पहिरोबाट क्षति पुगेको वनमा वृक्षारोपण र हरियाली प्रर्वद्धन सम्वन्धी कार्य, • अग्नी नियन्त्रण रेखा निर्माण/व्यवस्थापन सम्बन्धी कार्य, • प्रकोप तथा पहिरो नियन्त्रण एवम् जलाधार क्षेत्र संरक्षण कार्य, • वन्यजन्तु र मानव बीचको द्वन्द्व व्यवस्थापनका लागि पूर्वाधार निर्माण तथा राहत वितरण कार्य, • मनोरन्जन पार्क, उद्यान निर्माण तथा संरक्षण कार्य, • संरक्षित क्षेत्रभित्र आवश्यक पूर्वाधार (मचान, पोखरी, बाटो, पुल) निर्माण/मर्मत संभार कार्य, • ताल तलैया तथा पोखरीहरूको संरक्षण, सम्वर्द्धन तथा निर्माण कार्य, • जैविक विविधता, वन्यजन्तु र तिनको वासस्थान तथा दूर्लभ वन्यजन्तु र वनस्पतिको संरक्षण तथा व्यवस्थापन कार्य, • जडिवुटी खेती तथा हरित एवम् गैरकाष्ठ उद्यम प्रवर्द्धन कार्य, • वन पैदावारको संरक्षण तथा दिगो उपयोग सम्बन्धी सचेतनामूलक कार्यक्रम र पर्यापर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम, • संरक्षित क्षेत्रहरूबाट प्रभावित समुदायका लागि आयमूलक कार्यक्रम, • प्राकृतिक सम्पदाको अभिलेख (Information about natural heritage) • वन तथा वातावरण सम्बन्धी आचारसंहिता निर्माण, • प्राकृतिक पुनर्उत्पादन कार्यक्रम (Natural regeneration program), • दिगो वन व्यवस्थापन सम्बन्धी कार्य, • संरक्षण शिक्षा कार्यक्रम, • लोपोन्मुख प्रजातिहरूको संरक्षण एवम् व्यवस्थापन, • अवैध वनजन्य नियन्त्रण एवम् रोकथाम कार्य, आदि । • वन्यजन्तुमैत्री पूर्वाधार निर्माणजन्य कार्य जस्तै सडक क्षेत्रमा अन्डरपास ओभरपास निर्माण • वन क्षेत्रमा पानी पुनर्भरण पोखरी निर्माण • वन क्षेत्रको आगलागी नियन्त्रण सम्बन्धी जनचेतना • कृषि बालीनालीमा वन्यजन्तुको अतिक्रमण नियन्त्रण गर्ने कार्य
४.	खानी तथा खनिज	• खनिज पदार्थको उत्खनन्, उत्पादन, संरक्षण, प्रवर्द्धन, सम्वर्द्धन र विकास सम्बन्धी कार्य, • खनिज पदार्थ ढुवानी सडकपेटी निर्माण कार्य, • खनिज क्षेत्र वरिपरि स्थानीय बासिन्दाहरूका लागि वैकल्पिक पैदलमार्ग निर्माण कार्य, • खानी संचालनका समयमा विद्यालय एवम् बस्ती क्षेत्रमा आवतजावतका लागि सडक पार गर्न आकाशे पुल (Overhead bridge) निर्माण कार्य, • उत्खनन् क्षेत्रमा छेकवार (Barricade) निर्माण तथा व्यवस्थापन कार्य, • खानीबाट निष्कासित विकार (Wastage) व्यवस्थापन सम्बन्धी कार्य, • खनिज क्षेत्रको सहजीकरण सम्बन्धी कार्य, • खनिज उत्खनन् स्थलदेखि उत्पादन स्थलसम्मको वातावरणीय संरक्षण एवम् प्रवर्द्धन तथा सो क्षेत्रमा पर्न सक्ने जोखिम न्यूनीकरण कार्यक्रम, • खनिज क्षेत्रबाट प्रभावित समुदायका लागि सचेतना एवम् रोजगार प्रवर्द्धन सम्वन्धी कार्यक्रम, • खनिज पदार्थको अभिलेख व्यवस्थापन कार्य, आदि ।

सि. नं.	रोयल्टी शीर्षक	प्राकृतिक स्रोत परिचालनबाट प्राप्त रोयल्टी उपयोगका संभावित क्षेत्रहरू
		• खानी तथा खनिज उद्योगबाट निस्कने ध्वनी तथा वायु प्रदुषण नियन्त्रण सम्बन्धी कार्य • खानी तथा खनिज उत्खनन क्षेत्रबाट हुन सक्ने वन्यजन्तु वा अन्य वन पैदावारको तस्करी नियन्त्रण सम्बन्धी कार्य
५.	दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी	• रेडियो फ्रिक्वेन्सीको प्रयोगको क्षेत्रमा विकसित भएका नविनत प्रविधि तथा अभ्यासहरूको अध्ययन अनुसन्धान तथा तथ्यांक व्यवस्थापन • डिजिटल साक्षरता बढाउने • IT पार्क निर्माण • सूचना प्रविधिको प्रयोगबाट हुन सक्ने नकारात्मक प्रभाव कम गर्ने कार्य तथा जनचेतनामूलक कार्यक्रम संचालन • विद्युतीय उपकरण सम्बन्धी फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य • दूरसञ्चार सेवाको उपभोक्तालाई रेडियो फ्रिक्वेन्सीमा आधारित नविनतम प्रविधिहरूको प्रयोगमा भरपर्दो तथा गुणस्तरीय दूरसञ्चार सेवाहरूमा पहुँच पुऱ्याउने कार्य • दूरसञ्चार सेवाको नविनतम प्रविधिहरू आम उपभोक्ता समक्ष सहज र प्रतिस्पर्धात्मक रुपमा पुऱ्याउन प्रविधिमा लगानी गर्ने

द्रष्टव्य:

१. चालु आर्थिक वर्ष २०८१/८२ मा प्राकृतिक स्रोतको रोयल्टीबाट सङ्घीय विभाज्य कोषमा जम्मा भएको कूल रोयल्टी मध्ये आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कानून बमोजिम ५० प्रतिशत रकमको हिस्सा स्वत: नेपाल सरकारलाई जाने हुँदा बाँकी २५ प्रतिशत सम्बन्धित प्रदेशले प्राप्त गर्ने रोयल्टीको हिस्सा बाँडफाँट र २५ प्रतिशत सम्बन्धित स्थानीय सरकारले प्राप्त गर्ने गरी रोयल्टीको हिस्सा बाँडफाँट तालिकामा समावेश गरिएको छ।

२. सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई आयोगबाट सिफारिस गरिएको रोयल्टीको हिस्साका आधारमा संकलित रोयल्टीले सम्बन्धित प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई गुणन (हिस्सा × संकलित रोयल्टी = बाँडफाँट गरिने रोयल्टी) गरी वास्तविक रोयल्टी सम्बन्धित प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँट एवम् वितरण गर्नुपर्नेछ।

तालिका

आर्थिक वर्ष २०८२/८३ का लागि सम्बन्धित प्रदेश सरकारबीच प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

१. पर्वतारोहण

हिमचुलिको क्र. सं.	हिमचुलिको नाम	प्रदेश	रोयल्टीको हिस्सा बाँडफाँट
१	Api (7132m)	सुदूरपश्चिम प्रदेश	१.०००००
२	Lhayul Peak (6397m.)	सुदूरपश्चिम प्रदेश	१.०००००
३	Mt. Chandi Himal (6142m.)	सुदूरपश्चिम प्रदेश	०.०९०१४
४	Takphu North(6142m.)	सुदूरपश्चिम प्रदेश	०.२३३१९
५	Yoko Pahad Nampa VII(6423m.)	सुदूरपश्चिम प्रदेश	०.९३४८३

२. विद्युत

आयोजनाको सि. नं.	आयोजनाको नाम	क्षमता (मेगावाट)	प्रदेश	रोयल्टीको हिस्सा
१	Chameliya Khola	३०	सुदूरपश्चिम प्रदेश	१.०००००
२	Kalanga	१५.३३	सुदूरपश्चिम प्रदेश	१.०००००
३	Kapadigad HPP	३.३३	सुदूरपश्चिम प्रदेश	१.०००००

आयोजनाको सि. नं.	आयोजनाको नाम	क्षमता (मेगावाट)	प्रदेश	रोयल्टीको हिस्सा
४	Makarigad	१०	सुदूरपश्चिम प्रदेश	१.०००००
५	Nau Gad Khola	८.५	सुदूरपश्चिम प्रदेश	१.०००००
६	Upper Chameliya	४०	सुदूरपश्चिम प्रदेश	१.०००००
७	Upper Kalangad	३८.४६	सुदूरपश्चिम प्रदेश	१.०००००
८	Upper Naugad Gad	८	सुदूरपश्चिम प्रदेश	१.०००००
९	Upper Sanigad	१०.७	सुदूरपश्चिम प्रदेश	१.०००००

३. वन

- **राष्ट्रिय वनः** आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय वनबाट प्राप्त रोयल्टीको हिस्सा प्रदेशमा बाँडफाँट गर्दा सम्बन्धित प्रदेश अन्तरगतका जिल्लाबाट प्राप्त रोयल्टीको २५% हिस्सा सोही प्रदेशले प्राप्त गर्ने।

- **संरक्षित क्षेत्र**

संरक्षित क्षेत्रको क्र.सं.	संरक्षित क्षेत्रको नाम	प्रदेश	रोयल्टीको हिस्सा
१	API NAMPA CA	सुदूरपश्चिम प्रदेश	१.००००००
२	KHAPTAD NP	सुदूरपश्चिम प्रदेश	१.००००००
३	SHUKLAPHANTA NP	सुदूरपश्चिम प्रदेश	१.००००००

४. खानी तथा खनीज

खानी क्र.सं.	उत्खनन् अनुमति पत्र	कम्पनी/व्यक्ति	खनिज पदार्थ	प्रदेश	रोयल्टीको हिस्सा
१	१५५/०७८/७९	सांग्रिला मिनरल्स प्रा.लि	खरी	सुदूरपश्चिम प्रदेश	१.००००००
२	२६/०७५/७६	जे.बि. माइन्स एण्ड मिनरल्स	खरी	सुदूरपश्चिम प्रदेश	१.००००००
३	५९/०७४/७५	जियोमिनरल रिजर्भ प्रा.लि.	खरी	सुदूरपश्चिम प्रदेश	१.००००००

५. दूरसञ्सार सेवाको रेडियो फ्रिक्वेन्सी

क्रम संख्या	प्रदेशको नाम	रोयल्टीको हिस्सा
१	सुदूरपश्चिम प्रदेश	०.१०९८०४

तालिका

आर्थिक वर्ष २०८२/८३ का लागि सम्बन्धित स्थानीय सरकारबीच प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटको सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

१. पर्वतारोहण

हिमचुलिको क्र. सं.	हिमचुलिको नाम	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा बाँडफाँट
१	Api (7132m)	बझाङ	साइपाल गाउँपालिका	७०२०१	०.११०६०
१	Api (7132m)	दार्चुला	ब्याँस गाउँपालिका	७०३०१	०.६४०००
१	Api (7132m)	दार्चुला	दुहुँ गाउँपालिका	७०३०२	०.०७११०
१	Api (7132m)	दार्चुला	नौगाड गाउँपालिका	७०३०४	०.०९२३८
१	Api (7132m)	दार्चुला	अपिहिमाल गाउँपालिका	७०३०५	०.०८५९२
२	Lhayul Peak (6397m.)	बझाङ	साईपाल गाउँपालिका	७०२०१	०.०९७३६
२	Lhayul Peak (6397m.)	बझाङ	बुङ्गल नगरपालिका	७०२०२	०.०९४८५
२	Lhayul Peak (6397m.)	दार्चुला	ब्याँस गाउँपालिका	७०३०१	०.३४४७०

हिमचुलिको क्र. सं.	हिमचुलिको नाम	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा बाँडफाँट
२	Lhayul Peak (6397m.)	दार्चुला	दुन्हु गाउँपालिका	७०३०२	०.०४७५५
२	Lhayul Peak (6397m.)	दार्चुला	नौगाड गाउँपालिका	७०३०४	०.०५९८०
२	Lhayul Peak (6397m.)	दार्चुला	अपिहिमाल गाउँपालिका	७०३०५	०.२९५३०
२	Lhayul Peak (6397m.)	दार्चुला	मार्मा गाउँपालिका	७०३०६	०.०६०४४
३	Mt. Chandi Himal (6142m.)	बाजुरा	हिमाली गाउँपालिका	७०१०१	०.०९०१४
४	Takphu North(6142m.)	बाजुरा	हिमाली गाउँपालिका	७०१०१	०.१२१७१
४	Takphu North(6142m.)	बझाङ	साइपाल गाउँपालिका	७०२०१	०.१११४७
५	Yoko Pahad Nampa VII(6423m.)	बाजुरा	हिमाली गाउँपालिका	७०१०१	०.०४२१७
५	Yoko Pahad Nampa VII(6423m.)	बाजुरा	गौमुल गाउँपालिका	७०१०२	०.०३१५१
५	Yoko Pahad Nampa VII(6423m.)	बझाङ	काडा/ साइपाल गाउँपालिका	७०२०१	०.२९७४५
५	Yoko Pahad Nampa VII(6423m.)	बझाङ	बुङगल नगरपालिका	७०२०२	०.०५६२५
५	Yoko Pahad Nampa VII(6423m.)	बझाङ	सुर्मा गाउँपालिका	७०२०३	०.०३२६५
५	Yoko Pahad Nampa VII(6423m.)	बझाङ	तालकोट गाउँपालिका	७०२०४	०.०३४४०
५	Yoko Pahad Nampa VII(6423m.)	दार्चुला	व्याँस गाउँपालिका	७०३०१	०.३४२५५
५	Yoko Pahad Nampa VII(6423m.)	दार्चुला	दुहुँ गाउँपालिका	७०३०२	०.०२७७९
५	Yoko Pahad Nampa VII(6423m.)	दार्चुला	नौगाड गाउँपालिका	७०३०४	०.०३४९८
५	Yoko Pahad Nampa VII(6423m.)	दार्चुला	अपिहिमाल गाउँपालिका	७०३०५	०.०३५०८

२. विद्युत

आयोजनाको सि. नं.	आयोजनाको नाम	क्षमता (मेगावाट)	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
१	Chameliya Khola	३०	७०३०६	मार्मा गाउँपालिका	दार्चुला	०.३५७२८
१	Chameliya Khola	३०	७०३०७	शैल्यशिखर नगरपालिका	दार्चुला	०.४३९६९
१	Chameliya Khola	३०	७०४०१	डीलासैनी गाउँपालिका	बैतडी	०.२०३०३
२	Kalanga	१५.३३	७०२०२	बुंगल नगरपालिका	बझाङ	०.३८०६५
२	Kalanga	१५.३३	७०२०९	केदारस्युँ गाउँपालिका	बझाङ	०.१८७४३
२	Kalanga	१५.३३	७०२१०	बित्थडचिर गाउँपालिका	बझाङ	०.४३१९२
३	Kapadigad HPP	३.३३	७०६०८	बडीकेदार गाउँपालिका	डोटी	०.८९०६०
३	Kapadigad HPP	३.३३	७०८०२	चुरे गाउँपालिका	कैलाली	०.१०९४०
४	Makarigad	१०	७०३०५	अपिहिमाल गाउँपालिका	दार्चुला	०.८२३५९
४	Makarigad	१०	७०३०६	मार्मा गाउँपालिका	दार्चुला	०.१७६४१
५	Nau Gad Khola	८.५	७०३०४	नौगाड गाउँपालिका	दार्चुला	०.३७२९१
५	Nau Gad Khola	८.५	७०३०७	शैल्यशिखर नगरपालिका	दार्चुला	०.४९६३८
५	Nau Gad Khola	८.५	७०४०१	डीलासैनी गाउँपालिका	बैतडी	०.१३०७१
६	Upper Chameliya	४०	७०३०५	अपिहिमाल गाउँपालिका	दार्चुला	०.४०१८२
६	Upper Chameliya	४०	७०३०६	मार्मा गाउँपालिका	दार्चुला	०.५९८१८
७	Upper Kalangad	३८.४६	७०२०२	बुंगल नगरपालिका	बझाङ	१.०००००
८	Upper Naugad Gad	८	७०३०४	नौगाड गाउँपालिका	दार्चुला	०.६०५३१
८	Upper Naugad Gad	८	७०३०७	शैल्यशिखर नगरपालिका	दार्चुला	०.३९४६९
९	Upper Sanigad	१०.७	७०२०२	बुंगल नगरपालिका	बझाङ	१.०००००

३. वन

- **राष्ट्रिय वन**

क्र.स.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
१	७०१०१	हिमाली गाउँपालिका	बाजुरा	०.१३८३९
२	७०१०२	गौमुल गाउँपालिका	बाजुरा	०.११६५८
३	७०१०३	बुढीनन्दा नगरपालिका	बाजुरा	०.१२३८७
४	७०१०४	स्वामीकार्तिक खापर गाउँपालिका	बाजुरा	०.०९६५२
५	७०१०५	जगन्नाथ गाउँपालिका	बाजुरा	०.१०१२५
६	७०१०६	बडिमालिका नगरपालिका	बाजुरा	०.११४५९
७	७०१०७	खप्तड छेडेदह गाउँपालिका	बाजुरा	०.१०१९१
८	७०१०८	बुढीगंगा नगरपालिका	बाजुरा	०.०९५०५
९	७०१०९	त्रिवेणी नगरपालिका	बाजुरा	०.१११८४
१०	७०२०१	साइपाल गाउँपालिका	बझाङ	०.०९२१०
११	७०२०२	बुंगल नगरपालिका	बझाङ	०.०९८२५
१२	७०२०३	सूर्मा गाउँपालिका	बझाङ	०.०८१०९
१३	७०२०४	तालकोट गाउँपालिका	बझाङ	०.०९७१२
१४	७०२०५	मष्टा गाउँपालिका	बझाङ	०.०७६९८
१५	७०२०६	जयपृथ्वी नगरपालिका	बझाङ	०.०८३२०
१६	७०२०७	छबिस पाथिभरा गाउँपालिका	बझाङ	०.०७७८६
१७	७०२०८	दुर्गाथली गाउँपालिका	बझाङ	०.०७४३०
१८	७०२०९	केदारस्युँ गाउँपालिका	बझाङ	०.०७८१०
१९	७०२१०	बित्थडचिर गाउँपालिका	बझाङ	०.०७६९९
२०	७०२११	थलारा गाउँपालिका	बझाङ	०.०७८१४
२१	७०२१२	खप्तडछान्ना गाउँपालिका	बझाङ	०.०८५८७
२२	७०३०१	ब्याँस गाउँपालिका	दार्चुला	०.११८४९
२३	७०३०२	दुहुँ गाउँपालिका	दार्चुला	०.०९६६०
२४	७०३०३	महाकाली नगरपालिका	दार्चुला	०.११२९२
२५	७०३०४	नौगाड गाउँपालिका	दार्चुला	०.११२९७
२६	७०३०५	अपिहिमाल गाउँपालिका	दार्चुला	०.१२९१८
२७	७०३०६	मार्मा गाउँपालिका	दार्चुला	०.११३४९
२८	७०३०७	शैल्यशिखर नगरपालिका	दार्चुला	०.१०८७१
२९	७०३०८	मालिकार्जुन गाउँपालिका	दार्चुला	०.१०४९४
३०	७०३०९	लेकम गाउँपालिका	दार्चुला	०.१०२७०
३१	७०४०१	डीलासैनी गाउँपालिका	बैतडी	०.०९६९८
३२	७०४०२	दोगडाकेदार गाउँपालिका	बैतडी	०.०९९०१
३३	७०४०३	पुर्चौडी नगरपालिका	बैतडी	०.१०७३१
३४	७०४०४	सुर्नया गाउँपालिका	बैतडी	०.०९६७९
३५	७०४०५	दशरथचन्द नगरपालिका	बैतडी	०.१०६१४
३६	७०४०६	पन्चेश्वर गाउँपालिका	बैतडी	०.०९१९५
३७	७०४०७	शिवनाथ गाउँपालिका	बैतडी	०.०८७१५
३८	७०४०८	मेलौली नगरपालिका	बैतडी	०.०९६६६
३९	७०४०९	पाटन नगरपालिका	बैतडी	०.११२२३
४०	७०४१०	सिगास गाउँपालिका	बैतडी	०.१०५७८
४१	७०५०१	नवदुर्गा गाउँपालिका	डँडेलधुरा	०.१३१८७
४२	७०५०२	अमरगढी नगरपालिका	डँडेलधुरा	०.१३५११
४३	७०५०३	अजयमेरु गाउँपालिका	डँडेलधुरा	०.१३२४८

क्र.स.	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
४४	७०५०४	भागेश्वर गाउँपालिका	डँडेलधुरा	०.१३८९४
४५	७०५०५	परशुराम नगरपालिका	डँडेलधुरा	०.१७६७९
४६	७०५०६	आलिताल गाउँपालिका	डँडेलधुरा	०.१५९३१
४७	७०५०७	गन्यापधुरा गाउँपालिका	डँडेलधुरा	०.१२५५०
४८	७०६०१	पुर्विचौकी गाउँपालिका	डोटी	०.१०२२६
४९	७०६०२	सायल गाउँपालिका	डोटी	०.०९८९३
५०	७०६०३	आदर्श गाउँपालिका	डोटी	०.०९६९६
५१	७०६०४	शिखर नगरपालिका	डोटी	०.११८५०
५२	७०६०५	दिपायल सिलगढी नगरपालिका	डोटी	०.१०८७२
५३	७०६०६	के.आई.सिं. गाउँपालिका	डोटी	०.१०२८०
५४	७०६०७	बोगटान फुड्सिल गाउँपालिका	डोटी	०.११३८८
५५	७०६०८	बडीकेदार गाउँपालिका	डोटी	०.१२५९५
५६	७०६०९	जोरायल गाउँपालिका	डोटी	०.१३२००
५७	७०७०१	पंचदेवल बिनायक नगरपालिका	अछाम	०.१०१०८
५८	७०७०२	रामारोशन गाउँपालिका	अछाम	०.१०११४
५९	७०७०३	मेल्लेख गाउँपालिका	अछाम	०.०९४७३
६०	७०७०४	साँफेबगर नगरपालिका	अछाम	०.०९८२४
६१	७०७०५	चौरपाटी गाउँपालिका	अछाम	०.०९९०३
६२	७०७०६	मंगलसेन नगरपालिका	अछाम	०.११२७५
६३	७०७०७	बान्नीगढी जयगढ गाउँपालिका	अछाम	०.०८३०३
६४	७०७०८	कमलबजार नगरपालिका	अछाम	०.०९३८१
६५	७०७०९	ढकारी गाउँपालिका	अछाम	०.११३९२
६६	७०७१०	तुर्माखाँद गाउँपालिका	अछाम	०.१०२२७
६७	७०८०१	मोहन्याल गाउँपालिका	कैलाली	०.०९७०७
६८	७०८०२	चुरे गाउँपालिका	कैलाली	०.०८९८०
६९	७०८०३	गोदावरी नगरपालिका	कैलाली	०.०८१५७
७०	७०८०४	गौरीगंगा नगरपालिका	कैलाली	०.०७६५१
७१	७०८०५	घोडाघोडी नगरपालिका	कैलाली	०.०८२२१
७२	७०८०६	बर्दगोरिया गाउँपालिका	कैलाली	०.०६७३३
७३	७०८०७	लम्कि चुहा नगरपालिका	कैलाली	०.०७७४३
७४	७०८०८	जानकी गाउँपालिका	कैलाली	०.०६७४०
७५	७०८०९	जोशीपुर गाउँपालिका	कैलाली	०.०६५५४
७६	७०८१०	टिकापुर नगरपालिका	कैलाली	०.०६९८८
७७	७०८११	भजनी नगरपालिका	कैलाली	०.०७०१७
७८	७०८१२	कैलारी गाउँपालिका	कैलाली	०.०७३३९
७९	७०८१३	धनगढी उपमहानगरपालिका	कैलाली	०.०८१७०
८०	७०९०१	कृष्णपुर नगरपालिका	कञ्चनपुर	०.१४५२२
८१	७०९०२	शुक्लाफाँटा नगरपालिका	कञ्चनपुर	०.११९८५
८२	७०९०३	बेदकोट नगरपालिका	कञ्चनपुर	०.१२०५६
८३	७०९०४	भिमदत्त नगरपालिका	कञ्चनपुर	०.१२०९२
८४	७०९०५	चाँदनी-दोधारा नगरपालिका	कञ्चनपुर	०.०९२०९
८५	७०९०६	लालझाडी गाउँपालिका	कञ्चनपुर	०.११८६१
८६	७०९०७	पुनर्वास नगरपालिका	कञ्चनपुर	०.०९७७६
८७	७०९०८	बेलौरी नगरपालिका	कञ्चनपुर	०.०९७०९
८८	७०९०९	बेलडाँडी गाउँपालिका	कञ्चनपुर	०.०८७९०

- **संरक्षित क्षेत्र**

संरक्षित क्षेत्रको क्र.सं.	संरक्षित क्षेत्रको नाम	स्थानीय तहको कोड	स्थानीय तहको नाम	जिल्ला	रोयल्टीको हिस्सा
१	API NAMPA CA	७०३०१	ब्याँस गाउँपालिका	दार्चुला	०.२७५०९२
१	API NAMPA CA	७०३०२	दुहुँ गाउँपालिका	दार्चुला	०.११३४५२
१	API NAMPA CA	७०३०३	महाकाली नगरपालिका	दार्चुला	०.०८५६३०
१	API NAMPA CA	७०३०४	नौगाड गाउँपालिका	दार्चुला	०.१४०४१९
१	API NAMPA CA	७०३०५	अपिहिमाल गाउँपालिका	दार्चुला	०.२१०८०८
१	API NAMPA CA	७०३०६	मार्मा गाउँपालिका	दार्चुला	०.१७४५९९
२	KHAPTAD NP	७०१०७	खप्तड छेडेदह गाउँपालिका	बाजुरा	०.११०१९२
२	KHAPTAD NP	७०२११	थलारा गाउँपालिका	बझाङ	०.१२७१७४
२	KHAPTAD NP	७०२१२	खप्तडछान्ना गाउँपालिका	बझाङ	०.१८१२६६
२	KHAPTAD NP	७०६०१	पुर्विचौकी गाउँपालिका	डोटी	०.१७८०८८
२	KHAPTAD NP	७०६०२	सायल गाउँपालिका	डोटी	०.१४४९१९
२	KHAPTAD NP	७०७०४	सँफेबगर नगरपालिका	अछाम	०.१९०५८२
२	KHAPTAD NP	७०७०५	चौरपाटी गाउँपालिका	अछाम	०.०६७७७९
३	SHUKLAPHANTA NP	७०९०२	शुक्लाफाँटा नगरपालिका	कञ्चनपुर	०.२३२८४२
३	SHUKLAPHANTA NP	७०९०३	बेदकोट नगरपालिका	कञ्चनपुर	०.१२७७५३
३	SHUKLAPHANTA NP	७०९०४	भिमदत्त नगरपालिका	कञ्चनपुर	०.१६७१३२
३	SHUKLAPHANTA NP	७०९०५	महाकाली नगरपालिका	कञ्चनपुर	०.१९७१७८
३	SHUKLAPHANTA NP	७०९०६	लालझाडी गाउँपालिका	कञ्चनपुर	०.१०८६२३
३	SHUKLAPHANTA NP	७०९०८	बेलौरी नगरपालिका	कञ्चनपुर	०.०५७९७२
३	SHUKLAPHANTA NP	७०९०९	बेलडाँडी गाउँपालिका	कञ्चनपुर	०.१०८५००

४. खानी तथा खनीज

खानी क्र.सं.	उत्खनन् अनुमति पत्र	कम्पनी/व्यक्ति	खनिज पदार्थ	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
१	१५५/०७८/७९	सांग्रिला मिनरल्स प्रा.लि	खरी	बैतडी	डीलासैनी गाउँपालिका	७०४०१	०.६६२२०४
१	१५५/०७८/७९	सांग्रिला मिनरल्स प्रा.लि	खरी	बैतडी	पुचौंडी नगरपालिका	७०४०३	०.३३७७९६
२	२६/०७५/७६	जे.बि. माइन्स एण्ड मिनरल्स	खरी	बैतडी	डीलासैनी गाउँपालिका	७०४०१	१.००००००
३	५९/०७४/७५	जियोमिनरल रिजर्भ प्रा.लि.	खरी	दार्चुला	दुहुँ गाउँपालिका	७०३०२	१.००००००

५. दूरसञ्सार सेवाको रेडियो फ्रिक्वेन्सी

क्र.सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
१	बाजुरा	हिमाली गाउँपालिका	७०१०१	०.००२२३
२	बाजुरा	गौमुल गाउँपालिका	७०१०२	०.००१०७
३	बाजुरा	बुढीनन्दा नगरपालिका	७०१०३	०.००१०१
४	बाजुरा	स्वामीकार्तिक खापर गाउँपालिका	७०१०४	०.०००५८
५	वाजुरा	जगन्नाथ गाउँपालिका	७०१०५	०.०००६७
६	बाजुरा	बडिमालिका नगरपालिका	७०१०६	०.००१२१

क्र.सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
७	बाजुरा	खप्तड छेडेदह गाउँपालिका	७०१०७	०.०००७५
८	बाजुरा	बुढीगंगा नगरपालिका	७०१०८	०.०००८३
९	बाजुरा	त्रिवेणी नगरपालिका	७०१०९	०.०००७७
१०	बझाङ	साइपाल गाउँपालिका	७०२०१	०.००३४२
११	बझाङ	बुंगल नगरपालिका	७०२०२	०.००१६४
१२	बझाङ	सूर्मा गाउँपालिका	७०२०३	०.०००८९
१३	बझाङ	तालकोट गाउँपालिका	७०२०४	०.००१०३
१४	बझाङ	मष्टा गाउँपालिका	७०२०५	०.०००६५
१५	बझाङ	जयपृथ्वी नगरपालिका	७०२०६	०.०००९६
१६	बझाङ	छबिस पाथिभरा गाउँपालिका	७०२०७	०.०००६३
१७	बझाङ	दुर्गाथली गाउँपालिका	७०२०८	०.०००४९
१८	बझाङ	केदारस्युँ गाउँपालिका	७०२०९	०.०००६६
१९	बझाङ	बित्थडचिर गाउँपालिका	७०२१०	०.०००६८
२०	बझाङ	थलारा गाउँपालिका	७०२११	०.०००६७
२१	बझाङ	खप्तडछान्ना गाउँपालिका	७०२१२	०.०००६६
२२	दार्चुला	ब्याँस गाउँपालिका	७०३०१	०.००२२४
२३	दार्चुला	दुहुँ गाउँपालिका	७०३०२	०.००१०५
२४	दार्चुला	महाकाली नगरपालिका	७०३०३	०.०००९५
२५	दार्चुला	नौगाड गाउँपालिका	७०३०४	०.०००८५
२६	दार्चुला	अपिहिमाल गाउँपालिका	७०३०५	०.००१७४
२७	दार्चुला	मार्मा गाउँपालिका	७०३०६	०.०००८९
२८	दार्चुला	शैल्यशिखर नगरपालिका	७०३०७	०.०००९९
२९	दार्चुला	मालिकार्जुन गाउँपालिका	७०३०८	०.०००७७
३०	दार्चुला	लेकम गाउँपालिका	७०३०९	०.०००६०
३१	बैतडी	डीलासैनी गाउँपालिका	७०४०१	०.०००७६
३२	बैतडी	दोगडाकेदार गाउँपालिका	७०४०२	०.०००८४
३३	बैतडी	पुचौंडी नगरपालिका	७०४०३	०.००१०५
३४	बैतडी	सुर्नया गाउँपालिका	७०४०४	०.०००७६
३५	बैतडी	दशरथचन्द नगरपालिका	७०४०५	०.००१२६
३६	बैतडी	पन्चेश्वर गाउँपालिका	७०४०६	०.०००७२
३७	बैतडी	शिवनाथ गाउँपालिका	७०४०७	०.०००६४
३८	बैतडी	मेलौली नगरपालिका	७०४०८	०.०००७८
३९	बैतडी	पाटन नगरपालिका	७०४०९	०.००१३१
४०	बैतडी	सिगास गाउँपालिका	७०४१०	०.००११५
४१	डँडेलधुरा	नवदुर्गा गाउँपालिका	७०५०१	०.०००७७
४२	डँडेलधुरा	अमरगढी नगरपालिका	७०५०२	०.००१०७
४३	डँडेलधुरा	अजयमेरु गाउँपालिका	७०५०३	०.०००८३
४४	डँडेलधुरा	भागेश्वर गाउँपालिका	७०५०४	०.०००९९
४५	डँडेलधुरा	परशुराम नगरपालिका	७०५०५	०.००१७२
४६	डँडेलधुरा	आलिताल गाउँपालिका	७०५०६	०.००१२८
४७	डँडेलधुरा	गन्यापधुरा गाउँपालिका	७०५०७	०.०००८२
४८	डोटी	पुर्विचौकी गाउँपालिका	७०६०१	०.०००७४
४९	डोटी	सायल गाउँपालिका	७०६०२	०.०००७१
५०	डोटी	आदर्श गाउँपालिका	७०६०३	०.०००८५
५१	डोटी	शिखर नगरपालिका	७०६०४	०.००१२८

क्र.सं.	जिल्ला	स्थानीय तहको नाम	स्थानीय तहको कोड	रोयल्टीको हिस्सा
५२	डोटी	दिपायल सिलगढी नगरपालिका	७०६०५	०.००१२१
५३	डोटी	के.आई.सिं. गाउँपालिका	७०६०६	०.०००७८
५४	डोटी	बोगटान फुड्सिल गाउँपालिका	७०६०७	०.००१०६
५५	डोटी	बडीकेदार गाउँपालिका	७०६०८	०.००१२६
५६	डोटी	जोरायल गाउँपालिका	७०६०९	०.००१६४
५७	अछाम	पंचदेवल बिनायक नगरपालिका	७०७०१	०.०००८८
५८	अछाम	रामारोशन गाउँपालिका	७०७०२	०.०००९०
५९	अछाम	मेल्लेख गाउँपालिका	७०७०३	०.००१००
६०	अछाम	सँफैबगर नगरपालिका	७०७०४	०.००१०३
६१	अछाम	चौरपाटी गाउँपालिका	७०७०५	०.०००९४
६२	अछाम	मंगलसेन नगरपालिका	७०७०६	०.०००८७
६३	अछाम	बान्नीगढी जयगढ गाउँपालिका	७०७०७	०.०००५४
६४	अछाम	कमलबजार नगरपालिका	७०७०८	०.०००८०
६५	अछाम	ढकारी गाउँपालिका	७०७०९	०.००१०१
६६	अछाम	तुर्माखाँद गाउँपालिका	७०७१०	०.००१०६
६७	कैलाली	मोहन्याल गाउँपालिका	७०८०१	०.००२०५
६८	कैलाली	चुरे गाउँपालिका	७०८०२	०.००१७७
६९	कैलाली	गोदावरी नगरपालिका	७०८०३	०.००३२२
७०	कैलाली	गौरीगंगा नगरपालिका	७०८०४	०.००१९९
७१	कैलाली	घोडाघोडी नगरपालिका	७०८०५	०.००२५५
७२	कैलाली	बर्दगोरिया गाउँपालिका	७०८०६	०.०००९८
७३	कैलाली	लम्कि चुहा नगरपालिका	७०८०७	०.००२३५
७४	कैलाली	जानकी गाउँपालिका	७०८०८	०.००१३६
७५	कैलाली	जोशीपुर गाउँपालिका	७०८०९	०.०००९८
७६	कैलाली	टिकापुर नगरपालिका	७०८१०	०.००२२१
७७	कैलाली	भजनी नगरपालिका	७०८११	०.००१६४
७८	कैलाली	कैलारी गाउँपालिका	७०८१२	०.००१८१
७९	कैलाली	धनगढी उपमहानगरपालिका	७०८१३	०.००५३३
८०	कञ्चनपुर	कृष्णपुर नगरपालिका	७०९०१	०.००२१०
८१	कञ्चनपुर	शुक्लाफाँटा नगरपालिका	७०९०२	०.००१३४
८२	कञ्चनपुर	बेदकोट नगरपालिका	७०९०३	०.००१६८
८३	कञ्चनपुर	भिमदत्त नगरपालिका	७०९०४	०.००३५४
८४	कञ्चनपुर	चाँदनी-दोधारा नगरपालिका	७०९०५	०.००११८
८५	कञ्चनपुर	लालझाडी गाउँपालिका	७०९०६	०.०००९७
८६	कञ्चनपुर	पुनर्वास नगरपालिका	७०९०७	०.००१६२
८७	कञ्चनपुर	बेलौरी नगरपालिका	७०९०८	०.००१५७
८८	कञ्चनपुर	बेलडाँडी गाउँपालिका	७०९०९	०.०००६९

इ. प्राकृतिक स्रोतको रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट गर्ने विद्यमान संरचना पुनरावलोकन गर्न नेपाल सरकारलाई गरिएको सिफारिस

सिफारिस मिति: २०८१/११/०२

क. पृष्ठभूमि

नेपालको संविधानको धारा ५१ को खण्ड (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ। जस अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने नीति राज्यले लिने उल्लेख छ।

संविधानको धारा ५९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्ने र त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था छ भने अनुसूची-९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखिएको छ। त्यसैगरी, धारा २५१ को उपधारा (१) को खण्ड (ज) ले प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने अधिकार तथा जिम्मेवारी आयोगलाई प्रदान गरेको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमशः ५०, २५ र २५ प्रतिशत रहेको छ। रोयल्टी बाँडफाँटको उक्त अनुपात यस आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा नेपाल सरकारले पुनरावलोकन गर्नसक्ने प्रावधान छ।

ख. विद्यमान कानूनी व्यवस्था

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा (१) ले नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच सङ्घीय कानुन बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने र उपदफा (२) ले उपदफा (१) बमोजिम कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रुपमा गर्ने व्यवस्था गरेको छ। त्यसै गरी दफा ७ को उपदफा (३) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच बाँडफाँट भएको रोयल्टी रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम सङ्घीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराउने व्यवस्था छ।

त्यसैगरी ऐनको अनुसूची-४ मा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट सम्बन्धमा विभिन्न पाँच प्रकारका रोयल्टीको शीर्षक अन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत उल्लेख गरी सो बाट सङ्कलन भएको रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहलाई क्रमशः ५० प्रतिशत, २५ प्रतिशत र २५ प्रतिशत बाँडफाँट गर्ने व्यवस्था रहेको छ।सो अनुसूचीको द्रष्टव्य २ मा "यस अनुसूची बमोजिम नेपाल सरकार,प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने छ" व्यवस्था रहेको छ।

ग. सिफारिस गर्नुपर्नाको कारण

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ मा विभिन्न पाँच प्रकारका रोयल्टीको शीर्षक (पर्वतारोहण,

विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) अन्तर्गत सङ्कलन भएको रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहलाई क्रमशः ५० प्रतिशत २५ प्रतिशत र २५ प्रतिशत बाँडफाँट गर्ने प्रावधान हुनुका साथै उक्त अनुसूचीको द्रष्टव्यमा उल्लिखित अनुसारको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा नेपाल सरकारले पुनरावलोकन गर्नसक्ने उल्लेख छ। उक्त कानूनी व्यवस्था बमोजिम आयोगले मिति २०७६।०२।२९ देखि विभिन्न शीर्षकका प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी हिस्सा नेपाल सरकारलाई सिफारिस गर्दै आएको ५ (पाँच) वर्ष पूरा भएको अवस्था छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम रणनीतिक योजना (२०७९/८०-२०८३/८४) को रणनीति १६ को कार्यनीति १६.५ ले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको तीन तहका सरकारबीच र प्रभावित प्रदेश र स्थानीय तहबीच हुने बाँडफाँटको विद्यमान संरचना, विस्तृत आधार र ढाँचाको परिमार्जनको निम्ति अध्ययन गर्ने र परिमार्जित संरचनाको स्वरूप सहित रोयल्टी बाँडफाँटको प्रणालीको पुनरावलोकनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने नीति लिएको छ।

उक्त सन्दर्भमा तीन तहका सरकारबीच रोयल्टी बाँडफाँटको अनुपात पुनरावलोकनका लागि आयोगबाट अध्ययन समेत भएको र सो अध्ययन समेतका आधार नेपाल सरकारलाई प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी तीन तहका सरकारबीच बाँडफाँट गर्ने सम्बन्धी संरचना/ अनुपात सिफारिस गर्नु पर्ने अवस्था छ।

घ. विद्यमान संरचनाको पुनरावलोकनका निम्ति लिईएका आधार (सूचक)

प्राकृतिक स्रोतलाई केवल रोयल्टी प्राप्तिको माध्यमको रुपमा मात्र नहेरी यसको वातावरणमैत्री उपयोग मार्फत हुने/आउनसक्ने नकारात्मक प्रभावलाई कम गरी दिगो संरक्षण एवम् व्यवस्थापन गर्न तीन तहका सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन समेत आवश्यक हुन्छ। यस विषयलाई तहगत सरकारलाई संवैधानिक र कानुनी जिम्मेवारीको परिधिभित्र अन्तरआबद्धित बनाउँदै निश्चित आधार/सूचकमा लाभ र अवसरको समन्यायिक वितरणलाई शुत्रबद्ध गर्ने प्रणालीको विकास र प्रयोग गर्नु आवश्यक हुन्छ।

आयोगबाट गरिएको अध्ययन, सरोकारवालासँगको छलफल, अन्तरक्रिया र परामर्श समेतको आधारमा विद्यमान संरचनाको परिमार्जनका लागि प्राकृतिक स्रोत रोयल्टी बाँडफाँटको उद्देश्य, अन्तर्राष्ट्रिय सिद्धान्त, मान्यता र अभ्यास, र विद्यमान संरचनाको अभ्यासबाट प्राप्त सिकाइमा आधारित रहेर रोयल्टीको स्रोतको रुपमा रहेको प्राकृतिक स्रोत, त्यसको परिचालन र रोयल्टी सङ्कलन तथा उपयोगमा संविधान र कानूनले तोकेको तहगत (संघ, प्रदेश र स्थानीय तहको) अधिकार एवम् जिम्मेवारी, त्यस अनुरुपको भूमिका एवम् खर्च जिम्मेवारीको आयामलाई मुख्य मापदण्डका रुपमा आत्मसात गर्दै देहाय अनुसारका पाँच वटा सूचकहरू पहिचान गरी निर्धारण गरिएको छ। यस सन्दर्भमा अध्ययन प्रतिवेदनमा पाँच आधार/सूचकको विकास गर्नुका साथै त्यसको पुष्ट्याई एवम् कारण समेत उल्लेख छ।

क्र.स.	सूचक	सूचकको भार (%)	पुष्ट्याई (कारण)
१	संवैधानिक तथा कानूनी अधिकार र दायित्व	१५	संवैधानिक तथा कानूनी प्रावधान अनुसार सम्बन्धित प्राकृतिक स्रोत माथिको अधिकार र दायित्व मार्फत् स्वामित्वको मात्र प्रतिनिधित्व गर्ने,
२	रोयल्टी व्यवस्थापन	१०	व्यवस्थापनको प्रशासनिक खर्चको मात्र सम्बोधन गर्ने,
३	आयोजनाको प्रभाव व्यवस्थापन	४०	रोयल्टी वितरणको एक प्रमुख उद्देश्य भएको र प्रभावको आयाम धेरै हुने हुँदा खर्च जिम्मेवारी पनि धेरै हुने,
४	स्रोतको संरक्षण र आयोजनाको व्यवस्थापन	३०	रोयल्टी वितरणको एक प्रमुख उद्देश्य भएको र विस्तृत कार्यक्षेत्र सहितको कार्यजिम्मेवारीको कारण धेरै खर्च जिम्मेवारीको माग गर्ने,

क्र.स.	सूचक	सूचकको भार (%)	पुष्ट्याई (कारण)
५	गुनासो सम्बोधन/ विवाद व्यवस्थापन	५	तुलनात्मक हिसाबले कम कार्यभारको रुपमा रहेको र कम खर्च जिम्मेवारीको माग गर्ने,
	जम्मा	१००	

ङ. विद्यमान एवम् प्रस्तावित व्यवस्थाका प्रमुख विषय र पुनरावलोकनका कारण

क्र सं	विद्यमान व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधनका कारण
१.	रोयल्टी बाँडफाँटको अनुपातको विद्यमान व्यवस्थाको सम्बन्धमा स्पष्ट आधार खुलेको नदेखिएको।	प्राकृतिक स्रोत, त्यसको परिचालन र रोयल्टी सङ्कलन तथा उपयोगमा संविधान र कानूनले तोकेको तहगत (संघ, प्रदेश र स्थानीय तहको) अधिकार एवम् जिम्मेवारी, त्यस अनुरुपको भूमिका एवम् खर्च जिम्मेवारीको आयामलाई मुख्य मापदण्डका रुपमा आत्मसात गर्दै रोयल्टी बाँडफाँटको अनुपात विभिन्न ५ वटा सूचकको आधारमा निर्धारण।	नेपालको संविधान र कानून बमोजिम सम्बन्धित तहको कार्यजिम्मेवारी यकिन गरेर भार निर्धारण गरेकोले प्रस्तावित अनुपातलाई समन्यायिक बनाउने प्रयास।
२.	प्राकृतिक स्रोत (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत) बाट प्राप्त हुने रोयल्टी तीन तहको सरकार संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ५०, २५ र २५ प्रतिशत हिस्सा रहेको।	प्राकृतिक स्रोतको प्रकृति र प्रकार अनुसार संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरिने रोयल्टीको अनुपात फरक फरक रहेको।	प्राकृतिक स्रोतको प्रकार अनुसार तहगत सरकारको संवैधानिक तथा कानूनी अधिकारक्षेत्र एवम् स्वामित्व, प्राकृतिक स्रोत परिचालनबाट हुन सक्ने प्रभाव व्यवस्थापन र संरक्षण, रोयल्टी व्यवस्थापन र गुनासो व्यवस्थापनमा फरक फरक भूमिका, उत्तरदायित्व र जवाफदेहिता बहन गर्नुपर्ने भएकोले प्रत्येक प्राकृतिक स्रोत अनुसारका फरक फरक संरचना कायम गर्नु बढी न्यायोचित देखिने।

क्र सं	विद्यमान व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधनका कारण
३.	वन क्षेत्रबाट प्राप्त रोयल्टी संघ प्रदेश र स्थानीय तहमा क्रमशः ५०, २५ र २५ प्रतिशत बाँडफाँट गर्नु पर्ने व्यवस्था रहेको।	वन क्षेत्रलाई राष्ट्रिय वन र संरक्षित क्षेत्रमा वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरिने रोयल्टीको अनुपात फरक फरक गरिएको।	वन क्षेत्रभित्र संरक्षित क्षेत्र र राष्ट्रिय वन दुवै पर्ने तर संविधान तथा कानून अनुसार संरक्षित क्षेत्र संघ अन्तर्गत र राष्ट्रिय वन प्रदेश अन्तर्गत पर्ने र सो बमोजिम रोयल्टी सङ्कलन हुने गरेको साथै आयोगले समेत वन क्षेत्रको रोयल्टी सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँटका लागि नेपाल सरकारलाई सिफारिस गर्दा संरक्षित क्षेत्र र राष्ट्रिय वनको सूचक फरक फरक निर्धारण गरी बाँडफाँटका लागि हिस्सा निर्धारण गर्ने गरेको।
४.	विद्युत प्रसारण लाइनको प्रभाव व्यवस्थापन सम्बन्धमा विद्यमान रोयल्टी बाँडफाँट व्यवस्थाले सम्बोधन नगरेको। तर विद्युत प्रसारण लाइनको क्षमता अनुसार परिभाषित राइट अफ वे (Right of Way) मा पर्ने जमिनको क्षतिपूर्ति स्वरुप एक पटकको निम्ति न्यून रकम दिने गरिएको छ।	विद्युत प्रसारण लाइनको प्रभाव व्यवस्थापनका लागि छुट्टै कोषको प्रस्ताव गरिएको। यसका लागि विद्युत क्षेत्रबाट प्राप्त रोयल्टीको हिस्सा मध्येबाट २० प्रतिशत रकम विद्युत प्रसारण लाइन प्रभाव व्यवस्थापन गर्न छुट्याई प्रसारण लाइनबाट प्रभावित हुने स्थानीय तहलाई प्रभावित भएको अनुपातमा बाँडफाँट र वितरण गर्न प्रस्ताव गरिएको।	विद्युत क्षेत्रको रोयल्टी बाँडफाँटका विद्यमान संरचना, आधार र ढाँचामा विद्युत प्रसारण (ट्रान्समिसन) लाइनबाट समुदायमा पर्न जाने वातावरणीय, सामाजिक तथा आर्थिक प्रभावलाई सम्बोधन गर्न सकेको छैन। यो मुद्दा सरोकारवाला प्रदेश तथा स्थानीय तहका साथै स्वतन्त्र विज्ञहरू र नागरिक तहबाट समेत उठाउने गरिएको। प्रसारण लाइनको कारण नजिकका क्षेत्रमा खेतीपाती, आवास निर्माण र जग्गाको मुल्यांकन जस्ता विषयमा प्रतिकूल असर पर्नुका साथै उच्च भोल्टेजका कारण निकटवर्ती स्थानीय समुदायले सदाका लागि जनधनको क्षतिको जोखिमको सामना गरिरहनु पर्ने भएकोले रोयल्टी बाँडफाँटमा विद्युत प्रसारण (ट्रान्समिसन) लाइनको प्रभावको सम्बोधन गर्नु न्यायोचित हुने। विद्युत प्रसारण (ट्रान्समिसन) लाइनको प्रत्यक्ष प्रभाव भएका कतिपय स्थानीय तहमा विद्यमान विद्युत रोयल्टी प्राप्त गर्न नसकेको अवस्थालाई सम्बोधन गर्न समेत प्रस्तावित अनुपात थप समन्यायिक हुने देखिएको।

क्र सं	विद्यमान व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधनका कारण
५.	अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ रोयल्टी शीर्षक नं ५ मा पानी तथा अन्य प्रकृतिको प्राकृतिक स्रोतको उल्लेख गरिएको।	प्रस्तावित अनुपातको अनुसूचीमा रोयल्टी शीर्षक नं ५ मा पानी तथा अन्य को वर्गीकरण गरी दुरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई रोयल्टीको स्रोतको रुपमा उल्लेख गरिएको।	दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीलाई आयोगले अध्ययन गरेर पानी तथा अन्य प्राकृतिक स्रोत अन्तर्गतको प्राकृतिक स्रोत हो भन्ने पहिचान गरी सो बाट प्राप्त रोयल्टी बाँडफाँटका लागि नेपाल सरकारलाई सिफारिस गर्दै आएको। नेपाल सरकारको दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८० (साविकको नीति २०६९ समेतमा) ले "**रेडियो फ्रिक्वेन्सी र खास गरी दुरसञ्चार सेवामा प्रयोग हुने रेडियो फ्रिक्वेन्सीलाई सीमित र उच्च महत्वको प्राकृतिक स्रोत भएको**" उल्लेख समेत रहेको। नेपालको संविधानको अनुसूची-९ ले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाइ तिनै तहको साझा अधिकारमा उल्लेख गरेको र नेपाल सरकार को नीति एवम् अन्तर्राष्ट्रिय अभ्यास साथै अध्ययन अनुसन्धानको निष्कर्ष समेत समान भएकोले यस सम्बन्धी रोयल्टीलाई कानूनमा स्पष्ट खुलाएर सो को समेत अनुपात सिफारिस हुनु आवश्यक देखिएको।

च. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गरिने रोयल्टीको प्रस्तावित अनुपातः

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ मा रहेको रोयल्टी बाँडफाँटको संरचना देहाय बमोजिम हुने गरी पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गर्नेः

तालिका

प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको संरचना पुनरावलोकन गर्ने सम्बन्धी सिफारिस

क्र.सं.	रोयल्टीको स्रोत	नेपाल सरकार (प्रतिशत)	सम्बन्धित प्रदेश (प्रतिशत)	सम्बन्धित स्थानीय तह (प्रतिशत)	जम्मा (प्रतिशत)
१.	पर्वतारोहण	५०	२३	२७	१००
२.	विद्युत				
	प्रसारण लाइन प्रभाव व्यवस्थापनतर्फ (विद्युत रोयल्टीको २०% अंश)*	०	०	१००	१००
	प्रसारण लाइन बाहेकका अन्य प्रभाव व्यवस्थापनतर्फ (विद्युत रोयल्टीको ८०% अंश)*	४६	२४	३०	१००
३.	वन				
	(क) राष्ट्रिय वन	२३	४८	२९	१००
	(ख) संरक्षित क्षेत्र **	४८	२२	३०	१००
४.	खानी तथा खनिज	४१	२७	३२	१००
५.	पानी तथा अन्य प्राकृतिक स्रोत				
	(क) रेडियो फ्रिक्वेन्सी	५५	२१	२४	१००
	(ख) अन्य (माथि उल्लिखित बाहेकका प्राकृतिक स्रोतको हकमा)	५०	२५	२५	१००

** उल्लिखित अंशलाई शत प्रतिशत मानी बाँडफाँट गरिएको।*

*** स्पष्टीकरण: यस ऐन बमोजिम रोयल्टी बाँडफाँटको प्रयोजनका लागि "संरक्षित क्षेत्र" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ अन्तर्गत व्यवस्था गरिएका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र समेतलाई सम्झनुपर्छ।*

अनुसूची-७

आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण

१.१ पदाधिकारीको विवरण

सि.नं.	पद	पदाधिकारीको नाम, थर
१.	अध्यक्ष	माननीय बालानन्द पौडेल (मिति २०८१ चैत्र ६ सम्म)
२.	कार्यबाहक अध्यक्ष / सदस्य	माननीय जुद्ध बहादुर गुरुङ (मिति २०८१ चैत्र ७ देखि कार्यबाहक अध्यक्ष)
३.	सदस्य	माननीय अमर राज मिश्र (हाल राजिनामा)
४.	सदस्य	माननीय विपिन राज निरौला

१.२ कार्यरत कर्मचारीहरूको विवरण

सि.नं.	पद	कर्मचारीको नाम, थर
१.	सचिव	दिनेश कुमार घिमिरे
२.	सचिव	भरतमणि सुवेदी
३.	सचिव	माहादेव पन्थ
४.	सचिव	किरणराज शर्मा
५.	सहसचिव	रामहरि ज्ञवाली
६.	सहसचिव	ई. होमनाथ पौडेल
७.	सहसचिव	सेवन्तराज दाहाल
८.	सहसचिव	केशवराज ढकाल
९.	सहसचिव	नीता शर्मा
१०.	उपसचिव	आत्माराम सत्याल
११.	उपसचिव	विश्वरुप दाहाल
१२.	उपसचिव	राजु बस्नेत
१३.	उपसचिव	तिलक बहादुर खड्का
१४.	उपसचिव	गजेन्द्र प्रसाद यादव
१५.	उपसचिव	राजेश्वरी खत्री सापकोटा
१६.	वरिष्ठ तथ्याङ्क अधिकृत	गौरी जोशी
१७.	वन अधिकृत	शिला ज्ञवाली
१८.	शाखा अधिकृत	राजन कुमार रेग्मी
१९.	शाखा अधिकृत	प्रमिला भण्डारी
२०.	शाखा अधिकृत	शोभा अधिकारी
२१.	शाखा अधिकृत	जीवन बहादुर आले मगर
२२.	शाखा अधिकृत	शर्मिला लामिछाने
२३.	शाखा अधिकृत	माधव सुवेदी
२४.	शाखा अधिकृत	सावित्री पन्त
२५.	शाखा अधिकृत	गणेश घिमिरे
२६.	शाखा अधिकृत	मदन बहादुर श्रेष्ठ
२७.	शाखा अधिकृत	गोविन्द प्रसाद भण्डारी
२८.	शाखा अधिकृत	शिवराज कोइराला
२९.	भूगर्भविद	प्रमोद सिम्खडा

सि.नं.	पद	कर्मचारीको नाम, थर
३०.	शाखा अधिकृत	गंगा पाण्डेय
३१.	शाखा अधिकृत	सीता गुरुङ्ग
३२.	तथ्याङ्क अधिकृत	बिन्दु ढकाल
३३.	लेखा अधिकृत	विपुल भुसाल
३४.	कम्प्युटर इन्जिनियर	ई. निरज ठगुन्ना
३५.	कम्प्युटर अपरेटर	दिवस भट्टराई
३६.	नायव सुब्बा	बीरेन्द्र अधिकारी
३७.	कम्प्युटर अपरेटर	सविता राई
३८.	लेखापाल	समीर खाँड
३९.	नायव सुब्बा	गीता चपाईं
४०.	नायव सुब्बा	सामना सुवेदी
४१.	कम्प्युटर अपरेटर	रमा गोतामे
४२.	कम्प्युटर अपरेटर	दिल कुमार श्रेष्ठ
४३.	कम्प्युटर अपरेटर	सुरेश चौधरी
४४.	नायव सुब्बा	यामप्रकाश सापकोटा
४५.	नायव सुब्बा	साधना पोखरेल
४६.	कम्प्युटर अपरेटर	राधा लामा
४७.	नायब सुब्बा	सबिता रावत
४८.	नायव सुब्बा	सरस्वती पोखरेल
४९.	हलुका सवारी चालक	विमलप्रसाद आचार्य
५०.	हलुका सवारी चालक	राजु थापा मगर
५१.	हलुका सवारी चालक	राजु महर्जन
५२.	हलुका सवारी चालक	सरोज खत्री
५३.	हलुका सवारी चालक	सनम राजभण्डारी
५४.	हलुका सवारी चालक	केदार थापा
५५.	हलुका सवारी चालक	अच्युतराज ढुङ्गाना
५६.	हलुका सवारी चालक	जीवन कुमार राई
५७.	हलुका सवारी चालक	राजु मानन्धर
५८.	कार्यालय सहयोगी	नमिता अर्याल
५९.	कार्यालय सहयोगी	अनुजा गैरे
६०.	कार्यालय सहयोगी	दुर्गा दास श्रेष्ठ
६१.	कार्यालय सहयोगी	राजेन्द्र ढुङ्गेल
६२.	कार्यालय सहयोगी	नवराज धमला
६३.	कार्यालय सहयोगी	धनेश्वर पोखरेल
६४.	कार्यालय सहयोगी	दुर्गा चौधरी
६५.	कार्यालय सहयोगी	रमा घिमिरे
६६.	कार्यालय सहयोगी	हरिचन्द्र गिरी
६७.	कार्यालय सहयोगी	कमला तिवारी
६८.	कार्यालय सहयोगी	प्रमिला उप्रेती

अनुसूची-८

आयोगका केही गतिविधिहरू तस्विरमा

सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको छैटौं वार्षिक प्रतिवेदन पेस हुँदै

सुदूरपश्चिम प्रदेशका माननीय प्रमुखज्यू समक्ष आयोगको छैटौं प्रदेशगत प्रतिवेदन पेस गर्नुहुँदै आयोगका माननीय अध्यक्ष

आयोगको प्रकाशन "स्मारिका – २०८१" विमोचन गर्नुहुँदै प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू

आयोगका तत्कालीन अध्यक्ष बालानन्द पौडेलज्यूको विदाइ

आयोगको भूमिका तथा काम कारवाही सम्बन्धमा सञ्चालित बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम

सुदूरपश्चिम प्रदेश (धनगढी)

दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर

दशरथचन्द नगरपालिका, बैतडी

खप्तडछन्ना गाउँपालिका, बझाङ

डडेल्धुरा जिल्ला

दिपायल सिलगढी नगरपालिका, डोटी